बालअधिकार शिक्षा

बालअधिकार शिक्षा

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np
वेभसाइट: www.insec.org.np, www.inseconline.org

बालअधिकार शिक्षा

पाँचौं संस्करण प्रकाशन मितिः २०६९ पुस

सङ्ख्या : दुई हजार पाँच सय प्रति

प्रकाशकः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
(यस किताबका विषयवस्तुहरू स्रोत खुलाई उद्धरण गर्न सकिनेछ।)

सम्पादन
योगीशकृष्ण खरेल

आवरण/लेआउट
गीता माली

चित्र
इन्सेकबाट प्रकाशित फ्लिप चार्टबाट साभार

मुद्रक
ड्रिम ग्राफिक प्रेस, थापाथली, काठमाडौँ
फोन ४१०२०८७/८८

भूमिका

बालअधिकार शिक्षाको पाँचौं संस्करण प्रकाशन भएको छ। बालबालिकासँग सम्बन्धित धेरै मुद्दाहरू उठिरहेको वर्तमान अवस्थामा यो पुस्तकले बालबालिकाको अधिकारको क्षेत्रमा क्रियाशील सबैलाई गतिलो सन्दर्भसामग्रीको भूमिका निर्वाह गर्न सक्षम हुनेछ भन्ने विश्वास हामीले लिएका छौं।

स्वभावैले बालबालिकाका रूचीहरू अन्य उमेर समूहका मानिसहरूको जस्तो हुँदैनन्। उनीहरू आफ्नो अधिकारका बारेमा कतिपय अवस्थामा अनविज्ञ हुनसक्दछन्।। बालबालिकालाई हिंसा, सशस्त्र सङ्घर्षजस्ता कुराहरू थाहा नहुन पनि सक्दछ। यति हुँदाहुँदै पनि कतिपय अवस्थामा उनीहरूलाई आफ्नो स्वार्थ पूर्तिका लागि विभिन्न रूपमा प्रयोग गरिन्छ।

जीवनको सुनौलो भविष्य निर्माणमा तल्लीन हुनुपर्ने समयमा उनीहरूमा हिंसामोह जगाइदिने जस्ता अमानवीय कृत्यहरूका कारण कयौं बालबालिकाको भविष्य अन्यौलपूर्ण भएको हामीले विगतमा देखेका छौं, त्यसको परिणाम सिङ्गो मुलुकले व्यहोरिरहेको यथार्थ हामीसामु छ। बालबालिकाका मुद्दाहरूप्रति सम्पूर्ण समाजको ध्यान केन्द्रित गराउन, ती मुद्दाप्रति संवेदनशील बनाउन र व्यवहारमा बालअधिकार सुनिश्चित गराउन यो पुस्तक सानो अंशमा भए पनि उपयोगी हुनेछ।

बालबालिकालाई शिक्षण गर्नका लागि शिक्षकहरूमा हुनुपर्ने बालमनोविज्ञानको ज्ञान, बालमैत्री विद्यालय निर्माणका लागि आवश्यक पक्षहरू, बालबालिकाप्रति अभिभावक तथा शिक्षकको दायित्व लगायतका विषयहरू अभिभावक एवम् शिक्षकवर्गका लागि बढी उपयोगी हुनेछन्। यो पुस्तक अध्ययनका लागि बालबालिकालाई सहयोग गर्ने शिक्षकहरूले विषयवस्तुको गहिराइअनुसार कक्षागत रूपमा भिन्न-भिन्न पाठहरू अध्यापन गराइयो भने सबै बालबालिकाले सहजै बुझ्न सक्नेछन् भन्ने अपेक्षा हामीले राखेका छौं।

हाम्रो समाजमा आफ्ना अधिकारका मुद्दा उठाउँदा अरूको अधिकारप्रति सचेत नहुने नागरिकको सङ्ख्या पनि कम छैन। अधिकार र कर्तव्य एक अर्काका परिपूरक हुन्। यस पुस्तकले बालबालिकालाई आफ्नो अधिकार प्राप्तिमा अघि बढ्न प्रेरित गर्दै कर्तव्य पालनाका लागि पनि सचेत गराउने विश्वास हामीले लिएका छौं। त्यसैले यो पुस्तक बालबालिका, शिक्षक र अभिभावकलगायतका लागि पनि उत्तिकै उपयोगी सिद्ध हुनेछ।

अन्त्यमा, यो पुस्तक परिमार्जनका क्रममा संयोजकको भूमिका निर्वाह गर्ने मानवअधिकार शिक्षा कार्यक्रम प्रमुख गीता गौतम, पुस्तकलाई आवश्यक पुर्नलेखन गर्ने सोही विभागका विवेशिका भूर्तेल र विनोद गौतम, लेखनमा आवश्यक सहयोग गर्ने सुभेच्छा कार्की, साजसज्जा तथा आवरण तयार गर्ने गीता माली र सम्पादकको भूमिका निर्वाह गर्ने योगीशकृष्ण खरेललाई धन्यवाद दिन चाहन्छु।

सुबोधराज प्याकुरेल
अध्यक्ष

विषयसूची

१. मानवअधिकार र बालअधिकार १
२. बालअधिकारको ऐतिहासिक विकासक्रम ५
३. संयुक्त राष्ट्रसङ्घीय प्रणाली र बालअधिकार ८
४. बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन १८
५. बालअधिकारसम्बन्धी राष्ट्रिय कानुन २३
६. बालबालिका शान्तिक्षेत्र-राष्ट्रिय अभियान ३१
७. बालमनोविज्ञान र शिक्षा ३६
८. बालमैत्री र दण्डरहित शिक्षा ४५
९. बालबालिकाप्रति शिक्षक र अभिभावक ५०
१०. बाल दुर्व्यवहार ५३
११. बालविज्याइँ र बालन्याय ५८
१२. बालअधिकार प्रवर्धनमा स्थानीय निकायको भूमिका ६४
१३. अधिकार र कर्तव्य ६९
१४. अनुसूची १ ७२
१५. अनुसूची २ ९१
१६. अनुसूची ३ ९९
१७. अनुसूची ४ ११७
१८. अनुसूची ५ १२६
१९. अनुसूची ६ १३५
२०. अनुसूची ७ १४६
२१. शब्दार्थ १७२
२२. सन्दर्भ सामग्री १७४

१ एकाइ

मानवअधिकार र बालअधिकार

मानवअधिकार शब्द "मानव" र "अधिकार" दुई शब्दहरू मिलेर बनेको छ। जन्मदेखि नमरूञ्जेलसम्म मानिसले जीवनयापनका क्रममा पाउनुपर्ने सबै नैसर्गिक अधिकारहरू मानवअधिकारभित्र पर्छन्। मानवअधिकार मानिसको जन्मसिद्ध अधिकार हो। मानव भएको आधारमा कुनै पनि व्यक्ति वा समूहमा अन्तरनिहित अधिकारहरूको समष्टी नै मानवअधिकार हो।

मानवअधिकारअर्न्तगत के, कस्ता र कति अधिकारहरू प्राप्त हुनुपर्ने हो भन्ने बारेमा कुनै निश्चित सूत्र वा ढाँचा छैन। मानव सभ्यता जति-जति उच्चतातर्फ अघि बढ्छ, उति-उति मानवअधिकारको क्षेत्र पनि व्यापक एवम् सुदृढ हुँदै जान्छ। मानवअधिकार भन्ने अवधारणाको विकास मानव सभ्यताको विकास सँगसँगै अगाडि बढेको देखिन्छ। यसको आधुनिक अवधारणा भने संयुक्त राष्ट्रसङ्घको स्थापनासँगै विकास भएको हो। मानवअधिकार भन्नाले त्यस्ता अधिकारहरूलाई जनाउँछ, जुन अधिकारहरू विश्वको मानव समुदायका प्रत्येक सदस्यको दाबी रहन्छ। मानवअधिकारको प्रत्याभूतिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा विभिन्न कानुनहरूको निर्माण गरिएको छ।

दोस्रो विश्वयुद्धमा ठूलो धन-जनको क्षति र जनसंहारकारी घटनाको चपेटामा परी त्रसित भएको मानवसमुदायले भविष्यमा त्यस्ता घटनाहरू दोहोरिन नपाऊन् भनेर विश्व शान्ति, स्थायित्व र

मानवअधिकारको संरक्षणको लागि एउटा सशक्त विश्वव्यापी सङ्गठनको आवश्यकता महसुस गऱ्यो। फलस्वरूप स्न १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भयो। विश्वभरिका सबै मानिसले उपभोग गर्न पाउने गरी विभिन्न अधिकारहरूलाई समेटेर सन् १९४८ डिसेम्बर १० मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र संयुक्त राष्ट्रसङ्घको साधारणसभाले जारी गऱ्यो। मानिसका जन्मजात र जीवनयापनका निम्ति आवश्यक अधिकारहरू प्रत्याभूत हुन नसकेसम्म विश्वमा शान्ति कायम रहन सक्दैन भन्ने अवधारणालाई प्रस्तावनामा समेटेर उक्त घोषणापत्र जारी गरिएको हो। सो घोषणापत्रको धारा २६ मा बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरिएको छ।

घोषणापत्रमा उल्लेखित प्रत्येक अधिकारसम्बन्धी विस्तृत सन्धि, अभिसन्धिहरू समय क्रममा जारी गरिँदै गए। मानवअधिकारको अवधारणालाई व्यवहारिकता प्रदान गर्नमा अन्तर्राष्ट्रिय कानुनहरूको महत्वपूर्ण भूमिका रहँदै आएको छ। मानवअधिकारभित्र विभिन्न किसिमका अधिकारहरू पर्छन्। ती अधिकारहरूका बारेमा तल छोटकरीमा चर्चा गरिएको छ।

नागरिक तथा राजनीतिक अधिकार

नागरिक तथा राजनीतिक अधिकारको बढी चर्चा भएको सुन्ने गरिन्छ। नागरिक तथा राजनीतिक अधिकार भन्नाले राष्ट्रको एक असल नागरिक भएर सम्मानपूर्वक उपभोग गर्न पाउने अधिकारहरू पर्छन्। चुनावमा सहभागी हुन पाउने, मत हाल्न पाउने, कुनै पनि विचारमाथि आस्था राख्न पाउने, कुनै पनि मतको विरोध गर्न पाउने, पार्टी या सङ्घ-संस्था खोल्न पाउने, सभा-सम्मेलन गर्न पाउने, बोलेर वा छापेर आफ्नो मतको प्रचार गर्न पाउने, छिटो-छरितो र सस्तो न्याय पाउने, आन्दोलन गर्न पाउने आदि सबै मानिसका नागरिक तथा राजनीतिक अधिकारहरू हुन्। कसैलाई पनि जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था आदिका आधारमा भेदभाव गरिनु हुँदैन। साथै आफूलाई मन लागेको धर्म मान्न पाउने अधिकार र आफूले चाहेको मत वा सम्प्रदायमा संलग्न हुन पाउने अधिकारहरू पनि नागरिक अधिकारभित्रै पर्छन्।

आर्थिक अधिकार

जनताको आर्थिक अधिकारअन्तर्गत गाँस-बासको अधिकार पर्छ। जीवन गुजाराको लागि रोजगारीको व्यवस्था हुनु, विरामी हुँदा स्वास्थ्य उपचार गर्न पाउनु, काम अनुसारको उचित ज्याला पाउनु, समान कामका लागि महिला र पुरूषमा भेदभाव नगरिनु आदि सबै आर्थिक अधिकारभित्र पर्छन्। प्रत्येक मानिसले सम्पत्तिको हक पाउनुपर्छ। प्रत्येक व्यक्तिलाई एक्लै वा अरूसँग मिलेर सम्पत्ति राख्ने अधिकार हुन्छ। कुनै व्यक्तिको सम्पत्ति मनोमानी ढङ्गले हरण गर्न पाइँदैन। राष्ट्रको सम्पत्तिको उपयोग गर्न पाउनु, ट्रेड यूनियन खोल्न र त्यसमा सामेल हुन पाउनु पनि आर्थिक अधिकारभित्र पर्ने कुरा हुन्।

सामाजिक अधिकार

कुनै पनि व्यक्तिले समाजप्रति असल नागरिक भएर गर्नुपर्ने सामाजिक दायित्वहरू र पाउनुपर्ने सामाजिक प्रतिष्ठाहरू सामाजिक अधिकार हुन्। यसअन्तर्गत उसलाई आत्मनिर्णयको अधिकार हुन्छ।

उसले स्वतन्त्रतार्पूवक आफ्ना क्रियाकलापहरूलाई अगाडि बढाउन पाउनुपर्छ। प्रत्येक व्यक्तिले शिक्षा आर्जन गर्न पाउनु, समाजमा जातीय समानता पाउनु, सुविधाको उपभोग गर्न पाउनु, व्यक्तित्व विकासको अवसर पाउनु, स्वास्थ्य सुरक्षा, विरामी सुविधा, प्रसुति सेवा, बाँच्नका लागि चाहिने आधारहरू, काम गर्दा घाइते भएको अवस्थामा पाउनुपर्ने सुविधाजस्ता सामाजिक सुरक्षाहरू पाउनु सबै सामाजिक अधिकारभित्र पर्ने कुराहरू हुन्। विवाहयोग्य उमेर पुगेका केटाकेटीलाई उनीहरूको मञ्जुरीमा विवाह गर्ने तथा परिवार सञ्चालन गर्ने अधिकार हुन्छ। यस्तै बालबालिकाको सुरक्षाको अधिकार, महिला पुरूषबीच समानताको अधिकार हुनुपर्ने जस्ता अधिकारहरू पनि सामाजिक अधिकार भित्रै पर्छन्।

सांस्कृतिक अधिकार

सांस्कृतिक अधिकार भन्नाले सांस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार हो। प्रत्येक व्यक्ति तथा समुदायले आ-आफ्ना परम्परा, रितिथिति, चालचलनअनुसार विभिन्न सँस्कारहरू गर्न, विवाह, व्रतबन्ध, आफन्तको मृत्युपछिको अन्तिम संस्कार आदि गर्न पाउने, जातीय परम्परा अनुसारको संस्कार गर्न पाउने, आफ्नो संस्कृतिअनुरूप भेषभुषा ग्रहण गर्न पाउने आदि अधिकारहरू सांस्कृतिक अधिकारभित्र पर्छन्। साथै प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समुदायको सांस्कृतिक जीवनमा भाग लिने, कलाको आनन्द लिने तथा विज्ञानको क्षेत्रमा भएको प्रगति र त्यसबाट भएको फाइदामा सहभागी हुने अधिकार छ। प्रत्येक व्यक्तिले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक अथवा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक तथा भौतिक लाभको संरक्षणको अधिकार पनि छ। त्यस्तै आफूलाई मन लागेको धर्म मान्न पाउने अधिकार र आफूले चाहेको मत वा सम्प्रदायमा संलग्न हुन पाउने अधिकारहरू यसैअन्तर्गत समेटिएका छन्।

नागरिक अधिकार, राजनीतिक अधिकार, आर्थिक अधिकार, सामाजिक अधिकार र सांस्कृतिक अधिकार, सबै अधिकार मानिसका लागि अपरिहार्य छन्। मानिसले सम्मानपूर्वक बाँच्नका लागि यी सबै अधिकारहरू पाउनुपर्छ। यीमध्ये कुनै पनि अधिकारको कटौती गरिनु हुँदैन।

विश्वको जुनसुकै कुनाका, जुनसुकै जाति वा वर्गका, जुनसुकै धर्म मान्ने मानिसहरूले मानवअधिकारको समानरूपमा उपभोग गर्न पाउनु पर्छ। हरेक मानिस जन्मैदेखि सबै बराबर हुन्छन्। कसैलाई पनि जातजातिका आधारमा, ठूलो मान्छे/सानो मान्छे, उँच/नीच, कालो/गोरो, पुरुष/महिला आदिका आधारमा भेदभाव गर्नु हुँदैन।

आफ्ना अधिकारहरूको माग गर्दा आफ्ना कर्तव्य र दायित्वहरूका बारेमा पनि सजग हुनुपर्छ। हामीले हाम्रा अधिकारहरूको प्रयोग गर्दा अरूको अधिकारको उल्लङ्घन नहोस् भन्ने कुरामा सचेत हुनु पर्छ।

मानवअधिकारको बृहत् अवधारणलाई बालबालिकाका सन्दर्भमा अझै सुस्पष्ट तवरले प्रत्याभूत गर्न सकियोस् भन्ने उद्देश्यले बालअधिकारको अवधारणाको विकास भएको हो। बालबालिकाले उमेर तथा शारीरिक/मानसिक अपरिपक्वताका कारण विभिन्न अधिकारबाट वञ्चित हुन नपरोस् भनेर

संयुक्त राष्ट्रसङ्घबाट बालअधिकार महासन्धिसमेत पारित गरिएको छ।

बालबालिकाको भविष्यसँग राष्ट्रको भविष्य जोडिएको हुन्छ। आज बालबालिकालाई संरक्षण गर्न सकिएन भने भोलिको देशको मेरूदण्ड कमजोर हुने निश्चित छ। समाजको भविष्य उज्वल बनाउन बालबालिकाको भविष्य उज्वल नबनाई सम्भव छैन। वास्तवमा शान्तिपूर्ण समाजमा उचित प्रबन्धसहित हुर्किएका बालबालिका नै भोलिका सक्षम कर्णधार बन्न सफल हुन्छन्। यसरी बालबालिकासँग समाजको भविष्यसमेत गाँसिएको हुनाले नै उनीहरूका अधिकारका बारेमा विशेष सरोकार राख्नु परेको हो।

बालबालिका जन्मेपछि बाँच्न पाउने र आफ्नो विकास गर्न पाउने जन्मसिद्ध अधिकारहरू नै बालअधिकार हुन्। बालबालिकाका अधिकारलाई सरल किसिमले बुझ्न संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धिमा व्यवस्था गरिएअनुरूप यिनलाई चार भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ। ती हुन्:

बाल बचावटको अधिकार

जन्मेपछि बाँच्नको लागि नभई नहुने आधारभूत अधिकारलाई बाल बचावटको अधिकार भनिन्छ। जस्तै: सबै बालबालिकाले खान, बस्न र लाउन पाउनु पर्छ। जन्मेपछि विभिन्न रोगहरूबाट बच्न पोलियो, डिपीटीजस्ता विभिन्न किसिमका खोपहरू बालबालिकाले लगाउन पाउनु पर्छ।

बाल संरक्षणको अधिकार

कानुनले परिभाषा गरेर प्रदान गरिने अधिकारलाई बाल संरक्षणको अधिकार भनिन्छ। यस्ता अधिकारभित्र १४ वर्षभन्दा मुनिका बालबालिकालाई काममा लगाउन नपाइने प्रावधान पनि पर्दछ। बालबालिकालाई कामका लागि न्यूनतम उमेर, समय, अवधि र स्वस्थ वातावरणलगायत रोजगारीका आवश्यक सर्तहरू तय गर्ने काम पनि यसैअन्तर्गत पर्दछन्। अपहरण, यौन शोषण, देहव्यापार, लागु पदार्थको सेवन, यातना, मुत्युदण्ड, आजीवन कारावास आदि विरुद्ध बालबालिकाले संरक्षण पाउनु पनि यसै अधिकारभित्र पर्छन्।

बाल विकासको अधिकार

बालबालिकालाई जन्मेपछि आफ्नो शारीरिक तथा मानसिक विकास गर्नको लागि आवश्यक पर्ने अधिकार बाल विकासको अधिकारअन्तर्गत पर्छन्। यसअन्तर्गत शिक्षा, खेलकूद, मनोरञ्जन, सरसफाइ आदि विषयमा सबै बालबालिकाले समान अवसर पाउनुपर्छ।

बाल सहभागिताको अधिकार

बालबालिकाका निम्ति उनीहरूको बुद्धि, विवेक, क्षमता र उमेरअनुसारको आफ्नो विकासका लागि सहभागी हुन आवश्यक पर्ने अधिकारलाई बाल सहभागिताको अधिकार भनिन्छ। यसअन्तर्गत उनीहरूले आफ्नो विचार अभिव्यक्त गर्न, धार्मिक तथा सांस्कृतिक गतिविधिमा भाग लिन, सूचनाहरूको प्रकाशन गर्न र सङ्घसंस्था आदि खोल्न पाउनुपर्छ।

२ एकाइ

बालअधिकारको ऐतिहासिक विकासक्रम

बालअधिकारकासम्बन्धी अवधारणाको बारेमा १९ औँ शताब्दीको मध्यदेखि नै फ्रान्समा व्यापक बहस चलेको थियो। फ्रान्समा सन् १८४१ मा बालबालिकाको अग्रगामी विकासका लागि उनीहरूलाई कानुनी संरक्षण दिनु आवश्यक छ भन्ने कुरा उठेपछि सन् १८८१ मा त्यहाँको सरकारले बालबालिकाका लागि शिक्षाको अधिकारको कानुनी व्यवस्था गऱ्यो। २० औँ शताब्दीको आरम्भमा नै अस्पताललगायत विभिन्न सामाजिक तथा न्यायिक क्षेत्रहरूमा बालसंरक्षणको व्यवस्था गर्न सुरू भयो। बालअधिकारको ऐतिहासिक विकास क्रम हेर्दा यो अवधारणा फ्रान्समा सुरू भएर विस्तारै अन्य युरोपियन देशहरूमा फैलिएको पाइन्छ।

बालअधिकारको बारेमा बहस चलिरहेकै बेला विश्वले दुई ठूला युद्धहरूको सामना गर्नुपऱ्यो। हरेक युद्धहरू आफैमा अमानवीय हुन्छन् र, स्वभावैले विनाशकारी पनि हुन्छन्। युद्धले समाजका सबै क्षेत्रमा प्रत्यक्ष असर पार्छ तापनि यसको असर बालबालिकामा बढी पर्ने गर्छ, किनभने बालबालिकाहरू युद्धको बारेमा अनविज्ञ र निर्दोष हुन्छन्। विश्वले सामना गरेका ती दुई ठूला युद्धलाई प्रथम र दोस्रो विश्वयुद्ध भनी विभाजन गरिएको छ। तीमध्ये सन् १९१४ देखि सन् १९१८ सम्म विश्वले प्रथम विश्वयुद्धको सामना गऱ्यो। त्यस विश्वयुद्धमा ठूलो जनधनको क्षति हुनुका साथै असङ्ख्य बालबालिका

अपाङ्ग र अनाथ भए। युद्धग्रस्त क्षेत्रका लाखौँ बालबालिका भोका र नाङ्गा बन्न पुगे।

युद्धका कारणले निर्दोष बालबालिका पीडित भएपछि बेलायतकी महिला फोटोग्राफर एग्लान्टाइन जेवलाई अत्यन्त दु:खी बनायो। उनले युद्धग्रस्त क्षेत्रका नाङ्गा बालबालिकाको फोटा खिचेर तिनीहरूको निक्कै प्रचारप्रचार गरिन्। त्यति बेलाको बेलायती समाजमा केटीहरूले कुर्कच्चा देखाउनुसमेत अपराध मानिन्थ्यो। त्यस्तो समाजमा नाङ्गा बालबालिकाका फोटाहरू खिचेकोमा आरोपमा उनलाई जेल सजाय समेत दिइयो। तर जेवले युद्धविरोधी आफ्नो सोचलाई अझ अगाडि बढाइरहिन् भने जेलमा रहेकै अवस्थामा उनले "सबै युद्धहरू बालबालिका र महिला विरुद्धका युद्ध हुन्" भनेर आवाज उठाइन्।

जेवले उनकी बहिनी डोरोथी बक्सटनसँग मिलेर बालबालिका बचाऊ अभियानका लागि सन् १९१९ अप्रिल ५ मा "सेभ द चिल्ड्रेन फण्ड" को स्थापना गरिन् र जेलबाटै सन् १९२१ मा उनले बालअधिकार घोषणापत्रको मस्यौदा तयार पारिन्। उनले तयार पारेको सो घोषणापत्रलाई सन् १९२४ को जेनेभा घोषणापत्रमा समावेश गरिएपछि बालअधिकारको अवधारणाले अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त गऱ्यो।

प्रथम विश्वयुद्धको समाप्त भएको झण्डै २० वर्षपछि सन् १९३९ देखि १९४५ सम्म विश्वले अर्को विनाशकारी दोस्रो विश्वयुद्धको सामना गर्नुपऱ्यो। युद्ध प्रयोजनका लागि आविष्कार भएका नयाँ-नयाँ प्रविधिले यस युद्धलाई झन् त्रासदीपूर्ण बनायो। अघिल्लो युद्धमा जस्तै यो युद्धमा पनि थुप्रै बालबालिका पीडित भए। त्यति छोटो समयमा नै विश्वले विनाशकारी युद्धको सामना गर्नु परेकाले दोस्रो विश्वयुद्धको समाप्तिसँगै मानव समुदायलाई भविष्यमा स्थायी शान्तिका लागि कुनै एउटा शक्तिशाली संयन्त्र चाहिने आवाज जोडदाररूपमा उठ्यो र सन् १९४५ अक्टोबर २४ मा संयुक्त

सन् १९२३ मा एग्लानटाइन जेवद्वारा तयार गरिएका बालअधिकारसम्बन्धी सातवटा सन्देशहरू

१. कुनै पनि जातजाति, वर्ण, धर्मका घेरा पार गरेर बालबालिकाको संरक्षण गर्नुपर्छ।
२. परिवारलाई उचित सम्मान दिँदै परिवारभित्रका बालबालिकालाई उचित स्याहारसुसार पुऱ्याउनुपर्छ।
३. नैतिक, आध्यात्मिक, शारीरिक, मानसिक र वस्तुगत आधारमा उचित तथा सम्पूर्ण विकासका लागि बालबालिकाले सबै सुविधाहरू पाउनुपर्छ।
४. सामाजिक सेवाबाट बालबालिकाले पूर्ण लाभ पाउनु पर्दछ। उचित समयमा आफ्नो जीवन धान्नको लागि कमाउन सक्ने गरी उचित तालिम समयमै पाउनु पर्दछ र हरेक किसिमका शोषणबाट संरक्षण पाउनुपर्छ।
५. बालबालिकालाई उनीहरूको प्रतिभा मानवसेवामा समर्पित होस् भन्ने अभिप्रायका साथ समझदारीमा हुर्काउनुपर्छ।
६. भोको बच्चाले खान पाउनु पर्दछ, विरामी बच्चाले स्याहार र उपचार पाउनु पर्छ, मानसिक र शारीरिकरूपले अपाङ्ग, अशक्त भएका बालबालिकाले उचित तालिम तथा शिक्षा पाउनु पर्छ र अनाथ, परिवारविहीन बालबालिकाले आश्रय पाउनु पर्छ।
७. दुःख, सङ्कट, प्रकोपमा परेका बेलामा सबभन्दा पहिले बालबालिकाले उद्धार कार्यको सेवा पाउनुपर्छ।

राष्ट्रसङ्घको स्थापना भयो।

मानवअधिकारको अवधारणाको विकासमा संयुक्त राष्ट्रसङ्घको अहम् भूमिका रहेको छ। यसै विश्वसंस्थाद्वारा सन् १९४८ डिसेम्बर १० मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भयो। उक्त घेषणापत्रमा सबै मानिसको अधिकारको बारेमा उल्लेख गरिए तापनि बालबालिकाका सन्दर्भमा अझै सुस्पष्ट तवरले आवश्यक अधिकारको प्रत्याभूत गर्न बालअधिकारमै केन्द्रित प्रावधान अगाडि सार्नुपर्ने आवश्यकताको महसुस भयो। फलस्वरूप सन् १९४७ मा बालबालिकाका लागि संयुक्त राष्ट्रसङ्घीय आपतकालीन कोषको स्थापना गरियो जसलाई सन् १९५३ मा युनिसेफको नाम दिई स्थायी अन्तर्राष्ट्रिय संस्थाको मान्यता दिइयो।

यसैगरी सन् १९५९ मा संयुक्त राष्ट्रसङ्घको महासभाबाट बालबालिकाको उच्चतम् हितलाई ध्यान दिँदै बालअधिकारसम्बन्धी घोषणापत्र जारी गरियो। उक्त घोषणापत्रमा १० सिद्धान्तहरू छन्। सन् १९५९ देखि सन् १९७९ सम्मको २० वर्से अन्तरालसम्म यो घोषणापत्रको रूपमा मात्र रह्यो जसले गर्दा बालअधिकारका प्रावधानलाई लागु गर्नुपर्ने बाध्यात्मक स्थिति भएन। बालबालिकाको अधिकारप्रति संयुक्त राष्ट्रसङ्घको संवेदनशीलता भने बढिरहेकै थियो। जसको फलस्वरूप सन् १९७९ लाई संयुक्त राष्ट्रसङ्घले बाल वर्षको रूपमा मनाउने निर्णय गऱ्यो।

अन्तर्राष्ट्रिय बाल वर्षलाई सन्दर्भ पारेर पोल्याण्ड सरकार बालअधिकार महसन्धिको **मस्यौदा** बनाउन सफल भयो। त्यो मस्यौदामाथि दस वर्षसम्म छलफल भयो र त्यसलाई परिमार्जन गर्दै सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसङ्घको **महासभाले** सो मस्यौदालाई केही **परिमार्जन** गरेर बालअधिकार **महासन्धि**को रूपमा **पारित** गऱ्यो। सो महासन्धि लागु हुनका लागि कम्तिमा २० राष्ट्रले अनिवार्यरूपमा अनुमोदन गर्नुपर्ने प्रावधान रहेकाले सन् १९९० सेप्टेम्बर २ मा सो महासन्धि अन्तर्राष्ट्रिय कानुनको रूपमा लागु भयो। हालसम्म यो महासन्धिलाई १ सय ९३ वटा राष्ट्रले **अनुमोदन** गरिसकेका छन् भने संयुक्त राज्य अमेरिका र सोमालियाले यो महासन्धिमा **हस्ताक्षर** गरे पनि अहिलेसम्म अनुमोदन गरेका छैनन्। कुनै पनि सन्धि, महासन्धिलाई अनुमोदन गरिसकेपछि अनुमोदन गर्ने देशले आफ्नो राष्ट्रिय कानुनमा त्यहाँ उल्लेखित **प्रावधान**हरूलाई समावेश गर्नुपर्छ। सोही प्रावधानको आधारमा बालअधिकार महासन्धिमा हस्ताक्षर गरिसकेपछि नेपालले "बालअधिकारसम्बन्धी ऐन, २०४८" जारी गऱ्यो। नेपालमा यो नै बालअधिकारका सन्दर्भमा बनेको पहिलो कानुनी **दस्ताबेज** हो।

यसरी १९ औँ शताब्दीको मध्यदेखि चलेको बालअधिकारसम्बन्धी बहस दुई ठूला विश्वयुद्धसँगै बालबालिकामा परेको असरबाट विश्वसमुदाय नै त्रसित भई एउटा आन्दोलनको रूपमा विश्वव्यापी बन्यो। एग्लानटाइन जेवको महत्वपूर्ण अवधारणालाई बालअधिकारको क्षेत्रमा भएको सबैभन्दा ठूलो उपलब्धिका रूपमा लिन सकिन्छ। यही अभियानको परिणामस्वरूप बालअधिकार महासन्धि जारी भई अनुमोदन गरेका हरेक देशले आफ्ना राष्ट्रिय कानुनमा बालबालिकाकासम्बन्धी कानुनको निर्माण गरी त्यसको को कार्यान्वयन गरेका छन्। सो महासन्धिमा मान्यता दिइएका अधिकारहरूबाट बालबालिकालाई उनीहरूका अधिकारबाट वञ्चित हुन नदिन आमा-बुवा वा अन्य अभिभावकहरूलाई दायित्वबोध गराउँदै उचित कदम चाल्नुपर्ने पक्षराष्ट्रको जिम्मेवारी रहन्छ।

३ एकाइ

संयुक्त राष्ट्रसङ्घीय प्रणाली र बालअधिकार

संयुक्त राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घ विश्वमा रहेका विभिन्न राष्ट्रहरूको साझा सङ्गठन हो। जसको मूल उद्देश्य अन्तर्राष्ट्रिय कानुन, अन्तर्राष्ट्रिय सुरक्षा, सामाजिक तथा आर्थिक विकास, मानवअधिकार, मानवीय मामिला तथा शान्तिका क्षेत्रहरूमा सहजीकरण तथा सहयोग गर्नु हो। सन् २०१२ सम्ममा विश्वका १ सय ९३ राष्ट्रहरू यसको सदस्य भइसकेका छन्।

पहिलो तथा दोस्रो विश्व युद्धका कारण विश्वमा ठूलो धनजनको क्षति भयो। करोडौँ मानिसहरू मारिए। फेरि तेस्रो युद्ध नहोस् भन्ने मनसायका साथ अन्तर्राष्ट्रिय शान्ति कायम राख्न तथा सामाजिक, आर्थिक तथा मानवीय समस्याहरूको निराकरण गर्दै मानवअधिकारको प्रवर्धन गर्नका लागि सन् १८४५ अक्टोबर २४ मा ५० देशहरूको उपस्थितिमा संयुक्त राष्ट्रसङ्घको स्थापना भयो। यस संस्थाले आफ्नो वडापत्रको प्रस्तावनामा नै मानवअधिकार र मानवीय मूल्य र मर्यादालाई विशेष महत्व दिएको छ।

संयुक्त राष्ट्रसङ्घका कार्यहरू विभिन्न निकाय, कोष तथा कार्यक्रमहरूमार्फत सञ्चालन भएका छन्। संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय कानुन, सुरक्षा, सामाजिक तथा आर्थिक विकास, मानवअधिकार, मानवीय मामिला तथा शान्तिका क्षेत्रहरूमा बाहेक अन्य थुप्रै आधारभूत मुद्दाहरू जस्तै: दिगो

विकास, वातावरण, शरणार्थी सुरक्षा, प्रकोपमा परेकाको उद्धार, आतङ्कवाद विरुद्ध, निशस्त्रीकरण, मानवअधिकार, लोकतन्त्र, लैङ्गिक समानता, महिलाहरूको विकास, सुशासन, स्वास्थ्य, खाद्य उत्पादन आदि जस्ता विषयहरूमा सुरक्षित बनाउने लक्ष्यका साथ काम गरिरहेको छ।

संयुक्त राष्ट्रसङ्घका उद्देश्यहरू

१. अन्तर्राष्ट्रिय शान्ति, सुरक्षा कायम राख्नु।
२. राष्ट्रहरूका बीचमा समान अधिकारको सिद्धान्त र जनताको आत्मनिर्णयको अधिकारको सम्मानमा आधारित मैत्रीपूर्ण सम्बन्ध विकसित गर्नु तथा विश्व शान्ति बलियो बनाउन अन्य समुचित कदमहरू चाल्नु।
३. आर्थिक, सामाजिक, सांस्कृतिक वा मानवीय प्रकृतिका अन्तर्राष्ट्रिय समस्या समाधान गर्न सबै देशहरूको सहयोग प्राप्त गर्नु, सबैका लागि मानवअधिकार र मौलिक स्वतन्त्रताहरूप्रति सम्मानको भाव प्रोत्सान र विकास गर्न अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्नु।
४. उपरोक्त उद्देश्यहरू प्राप्त गर्नका लागि राष्ट्रहरूका क्रियाकलापहरूमा एकरूपता ल्याउन केन्द्रीय भूमिका निर्वाह गर्नु।

संयुक्त राष्ट्रसङ्घका प्रमुख अङ्गहरू

संयुक्त राष्ट्रसङ्घका पाँचवटा मुख्य अङ्गहरू छन्।

१. महासभा (General Assembly)
२. सुरक्षा परिषद् (Security Council)
३. आर्थिक तथा सामाजिक परिषद् (Economic and Social Council)
४. अन्तर्राष्ट्रिय न्यायालय (International Court of Justice)
५. सचिवालय (The Secretariat)

१. **महासभा** (General Assembly)

यो संयुक्त राष्ट्रसङ्घको व्यवस्थापिकासभा हो, जसमा संयुक्त राष्ट्रसङ्घका हरेक सदस्य राष्ट्रको समान प्रतिनिधित्व रहेको हुन्छ। महासभाको बैठक हरेक वर्ष सेप्टेम्बरदेखि डिसेम्बर महिनासम्म बस्छ। सो बैठकमा महत्वपूर्ण विषयहरूमा छलफल भई छलफलबाट आएका निर्णयहरूलाई दुई-तिहाइ मतले पारित गरिन्छ। महासभाले संयुक्त राष्ट्रसङ्घको बजेट पारित गर्ने, सुरक्षा परिषद्को अस्थायी सदस्यहरू नियुक्त गर्ने, संयुक्त राष्ट्रसङ्घका अन्य निकायबाट प्रतिवेदन लिएर सुझाव दिने आदि कार्यहरू गर्छ। ५१ राष्ट्रहरूको सहभागितामा संयुक्त राष्ट्रसङ्घको पहिलो महासभा १० जनवरी १९४६ मा बेलायतको वेस्टमिनिस्टर सेन्ट्रल हलमा बसेको थियो।

२. **सुरक्षा परिषद्** (Security Council)

सुरक्षा परिषद्को मुख्य दायित्व भनेको अन्तर्राष्ट्रिय शान्ति र सुव्यवस्था कायम राख्नु हो जसका लागि सुरक्षा परिषद्लाई कुनै राष्ट्रमाथि प्रतिबन्ध लगाउने, निषेध गर्ने लगायतका अधिकारहरू हुन्छन्। संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा पाँच स्थायी र १० अस्थायी गरी जम्मा १५ सदस्य राष्ट्रहरू हुन्छन्। अमेरिका, रूस, संयुक्त अधिराज्य (बेलायत), फ्रान्स र चीन सुरक्षा परिषद्का स्थायी सदस्य हुन्। यी पाँच देशलाई **भीटो पावर**को अधिकार रहेको हुन्छ। अन्य अस्थायी सदस्यहरू प्रत्येक दुई वर्षका लागि महासभाद्वारा चुनिन्छन्।

३. **आर्थिक तथा सामाजिक परिषद्** (Economic and Social Council-ECOSOC)

आर्थिक तथा सामाजिक परिषद्मा ५४ राष्ट्रहरू तीन-तीन वर्षका लागि सदस्यका रूपमा महासभाद्वारा चुनिन्छन्। मानवअधिकारको प्रवर्धन, सम्मान र पालनाका लागि तथा अन्तर्राष्ट्रियरूपमा सामाजिक तथा आर्थिक विकास तथा सहयोगका लागि आर्थिक तथा सामाजिक परिषद्ले महासभासमक्ष सुझावहरू प्रस्तुत गर्ने गर्छ। त्यसैगरी महासन्धिहरूको प्रारूप तयार गरी महासभामा प्रस्तुत गर्ने काम पनि यही परिषद्ले गर्छ।

संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्अन्तर्गत विभिन्न नौ वटा आयोगहरू गठन गरिएका छन्:

(क) सामाजिक विकासका लागि आयोग
(ख) लागूपदार्थ विरुद्ध आयोग
(ग) विकासका लागि विज्ञान तथा प्रविधि आयोग
(घ) दिगो विकासका लागि आयोग
(ङ) महिलाको अवस्थासम्बन्धी आयोग
(च) जनसङ्ख्या तथा विकासका लागि आयोग
(छ) तथ्याङ्कीय आयोग
(ज) वनका लागि संयुक्त राष्ट्रसङ्घीय मञ्च
(झ) मानवअधिकार परिषद्

४. **अन्तर्राष्ट्रिय न्यायालय** (International Court of Justice)

यो संयुक्त राष्ट्रसङ्घको प्रमुख न्यायिक अङ्ग हो जसको स्थापना सन् १९४५ मा भएको हो भने सन् १९४६ देखि यसले विधिवत्रूपमा कार्य सञ्चालन गर्न सुरू गरेको हो। यसमा १५ जना न्यायाधीशहरू नौ वर्षका लागि सुरक्षा परिषद्को सिफारिशमा महासभाद्वारा चुनिन्छन् भने प्रत्येक तीन वर्षमा पाँचजना न्यायाधीशहरूको पदावधि समाप्त हुन्छ। संयुक्त राष्ट्रसङ्घको बडापत्रको धारा ९३ अनुसार संयुक्त राष्ट्रसङ्घमा आबद्ध सबै राष्ट्रहरू स्वत: अन्तर्राष्ट्रिय न्यायालयका सदस्य रहन्छन्। यसको मुख्यालय नेदरल्याण्डको हेग सहरमा छ।

अन्तर्राष्ट्रिय न्यायालयको प्रमुख दायित्व भनेको विभिन्न राष्ट्रहरूले पेश गरेका खास कानुनी विवादका विषयमा निर्णय गर्नु वा समाधान गर्नु, अन्तर्राष्ट्रिय कानुनी मान्यतालाई स्पष्ट पार्नु, सन्धि सम्झौताको व्याख्या गर्नु, अन्तर्राष्ट्रिय निकाय तथा संयुक्त राष्ट्रसङ्घको महासभाले पेश गरेका कानुनी विषयहरूमा सल्लाह र सुझाव दिनु रहेको छ।

५. **सचिवालय** (the Secretariat)

संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण कार्यहरूको प्रबन्ध सचिवालयद्वारा गरिन्छ। यसले महासभा, सुरक्षा परिषद्, आर्थिक तथा सामाजिक परिषद् तथा अन्य संयुक्त राष्ट्रसङ्घीय निकायहरूको आदेशअनुसार काम गर्छ।

यी सबै काम गर्नका लागि सचिवालयका प्रमुख महासचिव हुन्छन् भने प्रशासकीय सचिवालय सञ्चालनका लागि आवश्यकताअनुसार कर्मचारीहरू राखिएका हुन्छन्। महासचिवको नियुक्ति सुरक्षा परिषद्को सिफारिसमा महासभाद्वारा पाँच वर्षका लागि गरिन्छ। तर, एक कार्यकाल महासचिव भएको व्यक्ति पुनः अर्को पटक पनि सो पदमा चुनिन पाउँछ। निर्वाचित महासचिवले अन्तर्राष्ट्रिय विवाद समाधानमा सहयोग गर्ने, अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गर्ने, सुरक्षा परिषद्का निर्णयहरू कार्यान्वयनसम्बन्धी सूचना सङ्कलन गर्ने लगायतका कार्यहरू गर्नुपर्छ भने अन्तर्राष्ट्रिय शान्ति सुरक्षाका विभिन्न विषयमा सुरक्षा परिषद्को ध्यानाकर्षण गर्ने काम पनि महासचिवले गर्नसक्छ।

कोफी अन्नानको १० वर्से कार्यकालपश्चात् सन् २००७ देखि हालसम्म वान कि मून संयुक्त राष्ट्रसङ्घका महासचिवको रूपमा कार्यरत रहेका छन्। उनको कार्यकाल सन् २०१६ सम्म रहनेछ भने उनी पुनः निर्वाचित हुन चाहेमा सो पदको निर्वाचनमा सहभागी हुन पाउने छन्।

संयुक्त राष्ट्रसङ्घीय विशेष निकायहरू

संयुक्त राष्ट्रसङ्घद्वारा संयुक्त राष्ट्रसङ्घीय विशेष निकायहरू सिर्जना गर्नैपर्छ भन्ने बाध्यकारी व्यवस्था रहेको छैन। यी निकायहरू संयुक्त राष्ट्रसङ्घले आवश्यकताअनुसार गठन गर्न सक्छ। तर, ती निकायहरू आर्थिक तथा सामाजिक परिषद्द्वारा संयुक्त राष्ट्रसङ्घीय प्रणालीमा भने संयोजित गरिएका हुन्छन्। यी विशेष निकायहरू संयुक्त राष्ट्रसङ्घअन्तर्गत काम गर्ने **स्वायत्त** निकायहरू हुन्। हाल संयुक्त राष्ट्रसङ्घमा १७ वटा विशेष निकायहरू रहेका छन्, जुन यसप्रकार छन्।

१. संयुक्त राष्ट्रसङ्घीय बाल कोष (United Nations Children Fund, UNICEF)
२. खाद्य तथा कृषि सङ्गठन (Food and Agriculture Organization, FAO)
३. अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (International Civil Aviation Organization, ICAO)
४. कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agricultural Development, IFAD)
५. अन्तर्राष्ट्रिय श्रम सङ्गठन (International Labour Organization, ILO)
६. अन्तर्राष्ट्रिय समुद्री सङ्गठन (International Maritime Organization, IMO)

७. अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund, IMF)
८. अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ (International Telecommunication Union, ITU)
९. संयुक्त राष्ट्रसङ्घ शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (United Nations Educational, Scientific and Cultural Organization, UNESCO)
१०. संयुक्त राष्ट्रसङ्घ औद्योगिक विकास सङ्गठन (United Nations Industrial Development Organization, UNIDO)
११. विश्व हुलाक सङ्घ (Universal Postal Union, UPU)
१२. विश्व बैङ्क (World Bank Group, WB)
१३. विश्व स्वास्थ्य सङ्गठन (World Health Organization, WHO)
१४. विश्व बौद्धिक सम्पत्ति सङ्गठन (World Intellectual Property Organization, WIPO)
१५. जलवायुसम्बन्धी विश्व संङ्गठन (World Meterological Organization, WMO)
१६. संयुक्त राष्ट्रसङ्घ विश्व पर्यटन सङ्गठन (World Tourism Organization, UNWTO)
१७. पूर्व विशेष निकायहरू (Former Specialized Agencies)

१. **संयुक्त राष्ट्रसङ्घीय बालकोष** (**युनिसेफ**) (United Nations Children Fund, UNICEF)

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले विकासोन्मुख देशका बालबालिकाका लागि दीर्घकालीन परोपकार तथा विकासका लागि सहयोग गर्छ। सन् १९४६ को डिसेम्बर ११ मा संयुक्त राष्ट्रसङ्घको महासभाले यो कोष दोस्रो विश्वयुद्धको चपेटामा परेका देशहरूका बालबालिकालाई आपतकालीन खाद्य तथा स्वास्थ्यको हेरचाहमा सहयोग गर्नका लागि स्थापना गरेको थियो। सन् १९५४ मा युनिसेफ संयुक्त राष्ट्रसङ्घीय प्रणालीको स्थायी अङ्ग बनेपछि यसको नाम संयुक्त राष्ट्रसङ्घ अन्तर्राष्ट्रिय बालबालिका आपतकालीन कोष (United Nations International Children's Emergency Fund)बाट संयुक्त राष्ट्रसङ्घ बालबालिका कोष (United Nations Children's Fund) मा परिवर्तन गरियो।

विश्वका ३६ वटा औद्योगिक देशहरूमा युनिसेफको राष्ट्रिय समितिहरू रहेका छन्। यी समितिहरूले निजी क्षेत्रबाट कोषका लागि आवश्यक सहयोग रकम जुटाउने काम गर्छन्। सो सहयोग रकम विभिन्न निगमहरू, नागरिक समाज तथा व्यक्तिहरूद्वारा स्वेच्छिकरूपमा गरिएको हुन्छ।

युनिसेफलाई सन् २००७ मा नोबेल शान्ति पुरस्कार (Nobel Peace Award)बाट सम्मानित गरिएको थियो। यसको हेडक्वार्टर अमेरिकाको न्यूयोर्क सहरमा अवस्थित छ।

२. **खाद्य तथा कृषि सङ्गठन** (Food and Agriculture Organization, FAO)

खाद्य तथा कृषि सङ्गठनले अर्न्तराष्ट्रियरूपमा विकसित तथा विकासोन्मुख देशहरूमा भोकमरी विरुद्धका कार्यहरू जस्तै: कृषि उत्पादन बढाउने तथा खाद्यान्न अभाव भएका क्षेत्रहरूमा आपूर्ति गर्ने लगायतका कामहरू गर्छ। यो सङ्गठन कृषि तथा खाद्यान्नसम्बन्धी नयाँ प्रविधिहरूका बारेमा विकासोन्मुख तथा सङ्क्रमणमा रहेका देशहरूका लागि कृषि, वन, मत्स्यपालन, उचित षोषण,

सुनिश्चित र खाद्य सुरक्षा जस्ता विषयहरूमा सुधार तथा आधुनिकीकरण गर्नका लागि ज्ञान र सूचनाको स्रोतकेन्द्र पनि हो। यसले सबै देशका विवादित नीतिहरूमा सहमति कायम गर्नका निमित्त ती देशहरूका विवादित विषय तथा नीतिहरूमा तटस्थ भूमिका निर्वाह गर्छ। यसको मुख्यालय इटलीको रोममा रहेको छ।

३. **अन्तर्राष्ट्रिय नागरिक उड्ययन सङ्गठन** (International Civil Aviation Organization, ICAO)

यसले अन्तर्राष्ट्रिय हवाइ मार्गका नीति तथा प्रविधिहरूलाई नियमबद्ध गर्नुका साथै अन्तर्राष्ट्रिय हवाइ यातायातको सुरक्षा र बृद्धिको सुनिश्चितताका लागि योजना र विकासलाई गतिशील बनाउने काम गर्छ। यसको मुख्यालय क्यानाडामा रहेको छ।

४. **कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष** (International Fund for Agricultural Development, IFAD)

यो अर्न्तराष्ट्रिय वित्तीय संस्था हो जसले विकासोन्मुख देशहरूमा गरिबी निवारणका लागि काम गर्छ। यसको मुख्य लक्ष्य भनेको विकासोन्मुख देशहरूमा ग्रामीण भेगमा रहेका गरिब महिला तथा पुरूषहरूको प्राकृतिक स्रोत साधनहरूमा पहुँचमा बृद्धि गर्ने, आधुनिक कृषि प्रणाली, वित्तीय सेवा, उचित बजार, स्थानीय नीति लगायतका विषयमा काम गरी ग्रामीण क्षेत्रका गरिब मानिसहरूको आयआर्जनमा बृद्धि तथा खाद्य सुरक्षा सुधार्नु हो। यसको मुख्यालय इटलीको रोममा रहेको छ।

५. **अन्तर्राष्ट्रिय श्रम सङ्गठन** (International Labour Organization, ILO)

यो अन्तर्राष्ट्रियरूपमा श्रम सम्बन्धित विषयहरू जस्तै समान ज्याला, श्रमिकहरूको सुरक्षा, सम्मानित काम आदिमा श्रमिकहरूको हितको लागि स्थापना भएको सङ्गठन हो। यसको मुख्यालय स्वीजरल्याण्डको जेनेभामा रहेको छ।

६. **अन्तर्राष्ट्रिय मुद्रा कोष** (International Monetary Fund, IMF)

यसले सदस्य राष्ट्रहरूको अर्थतन्त्र सुदृढीकरण गर्न, वित्तीय स्थायित्व प्राप्त गरी अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गर्न, उच्च रोजगारी तथा दिगो आर्थिक विकासलाई बृद्धि गरी गरिबी न्यूनीकरण गर्नका लागि विकासशील देशहरूलाई सहयोग गर्छ। यसले मौद्रिक विनिमय व्यवस्थापन तथा मुद्रासम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थापनको काम समेत गर्छ। यसको मुख्यालय अमेरिकाको वासिङ्गटन डिसीमा छ।

८. **अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ** (International Telecommunication Union, ITU)

यस अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घको माध्यमबाट विश्वभरका खबरको आदानप्रदानमा मद्दत पुगेको छ। यसको प्रमुख कार्य भनेको दूरसञ्चारको माध्यमबाट विश्वभरीका देशहरूमा अन्तर्राष्ट्रिय फोन सेवाका लागि अन्तर सम्बन्धित व्यवस्था मिलाउनु हो।

९. **संयुक्त राष्ट्रसङ्घ शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन** (United Nations Educational, Scientific and Cultural Organization UNESCO)

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले विभिन्न राष्ट्रहरूसँग मिलेर शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्य गरी विश्व शान्ति र सुरक्षा, कानुनी शासन, मानवअधिकार तथा आधारभूत स्वतन्त्रता जस्ता संयुक्त राष्ट्रसङ्घ बडापत्रमा घोषणा गरिएका विषयहरूमा योगदान पुऱ्याउँछ। यसले विभिन्न पाँचवटा विषयहरू शिक्षा, प्राकृतिक विज्ञान, सामाजिक तथा मानव विज्ञान, संस्कृति र सूचना तथा सञ्चारका माध्यमबाट आफ्नो उद्देश्य अनुरूपको कार्य गर्छ। यसको मुख्यालय फ्रान्सको पेरिसमा छ।

१०. **संयुक्त राष्ट्रसङ्घ औद्योगिक विकास सङ्गठन** (United Nations Industrial Development Organization, UNIDO)

विकासोन्मुख तथा सङ्क्रमणमा रहेका देशहरूमा औद्योगिक विकासलाई उत्थान गर्नु साथै अन्तर्राष्ट्रिय औद्योगिक साझेदारीको संरक्षण गर्नु संयुक्त राष्ट्रसङ्घ औद्योगिक विकास सङ्गठनको प्रमुख उद्देश्य हो। यसले उत्पादनमूलक गतिविधिद्वारा गरिबी न्यूनीकरण, व्यापार क्षमता बृद्धि तथा उर्जा र वातावरणका जस्ता तीन अन्तर्सम्बन्धित विषयगत क्षेत्रमा काम गर्छ। यसको मुख्यालय अष्ट्रियाको भियना सहरमा रहेको छ।

११. **विश्व हुलाक सङ्घ** (Universal Postal Union, UPU)

विश्व हुलाक सङ्घले हुलाकसम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थापनको काम गर्नुका साथै सबै राष्ट्रहरूबीच हुलाकका काममा समन्वय गर्ने काम गर्छ। यसको मुख्यालय स्वीजरल्याण्डको वर्न सहरमा रहेको छ।

१२. **विश्व बैङ्क** (World Bank Group, WB)

विश्व बैङ्कले विकासोन्मुख राष्ट्रहरूलाई गरिबी न्यूनीकरणका लागि सार्वजनिक तथा निजी क्षेत्रहरूको साझेदारीमा ऋण तथा प्राविधिक सहयोग गरी ती क्षेत्रहरूको क्षमता बृद्धिमा सहयोग गर्छ। विश्व बैङ्कसँग विभिन्न पाँचवटा संस्थाहरू आबद्ध रहेका छन्, जसमार्फत यसको कार्य सञ्चालन हुन्छ। वैदेशिक लगानी, अन्तर्राष्ट्रिय व्यापार, तथा पूँजी लगानीमा यसले सहयोग गर्छ।

१३. **विश्व स्वास्थ्य सङ्गठन** (World Health Organization, WHO)

विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य सेवासम्बन्धी कार्यहरूलाई सुदृढ बनाउनका लागि डाक्टर, नर्स तथा अन्य स्वास्थ्यकर्मीहरूको ज्ञान र सीपमा अभिबृद्धि गर्न मद्दत गर्नुका साथै स्वास्थ्य सङ्घमा समेत सहयोग गर्छ। यस संस्थाले स्वास्थ्य हेरचाहका लागि अति महत्वपूर्ण औषधिहरूको अभाव भएमा आपूर्ति गर्न मद्दत गर्छ। फोहरमैला व्यवस्थापन गर्न, सुरक्षित पिउने पानी प्रदान गर्न र

बालबालिकालाई रोग प्रतिरोधकात्मक खोपहरू दिनका लागि समेत यसले सहयोग पुऱ्याउँछ। यसको मुख्यालय स्वीजरल्याण्डको जेनेभामा छ।

१४. **विश्व बौद्धिक सम्पत्ति सङ्गठन** (World Intellectual Property Organization, WIPO)

यसले विश्वभरी नै बौद्धिक सम्पत्तिको संरक्षण तथा सम्बर्द्धनका र रचनात्मक गतिविधि सञ्चालन गर्नका लागि प्रोत्साहन गर्छ। यसको मुख्यालय स्वीजरल्याण्डको जेनेभामा रहेको छ।

१५. **जलवायुसम्बन्धी विश्व सङ्गठन** (World Meterological Organization, WMO)

जलवायुसम्बन्धी विश्व सङ्गठन जलवायु तथा वातावरणसम्बन्धी विशिष्टिकृत संस्था हो। यसले जलवायु विज्ञानको विकासका लागि सदस्य राष्ट्रहरूलाई सहयोग गर्छ। विश्व जलवायु अध्ययन तथा अनुसन्धानका लागि मद्दत पऱ्याउँछ। यसको मुख्यालय स्वीजरल्याण्डको जेनेभामा रहेको छ।

१६. **संयुक्त राष्ट्रसङ्घ विश्व पर्यटन सङ्गठन** (United Nations World Tourism Organization, UNWTO)

विश्वभरी नै पर्यटनको विकासका लागि सदस्य राष्ट्रहरूलाई सहयोग गर्ने काम यो सङ्गठनको हो। यसले विश्वभरी पर्यटनको श्रेणी विभाजन गर्ने काम गर्छ। यसलाई विश्व पर्यटनको अभिलेख पनि भनिन्छ। अन्तर्राष्ट्रियरूपमा पर्यटनका विषयमा तथ्याङ्कीय सूचना सङ्कलन गर्ने काम पनि यसले गर्छ जसका कारण विश्वभरीको पर्यटनको अवस्था र यसको बृद्धि र गतिशिलताका बारेमा थाहा पाउन सजिलो हुन्छ। यसले विशेषत: विकासोन्मुख देशहरूका हकमा दिगो र पहुँचयुक्त पर्यटन विकासका लागि विशेष महत्व तथा चासो राख्छ। यसको मुख्यालय स्पेनको म्याड्रिड सहरमा रहेको छ।

१७. **पूर्व विशेष निकायहरू** (Former Specialized Agencies)

संयुक्त राष्ट्रसङ्घीय विशेष निकायअन्तर्गत यसका पूर्व विशेष निकायहरू पनि पर्दछन्। संयुक्त राष्ट्रसङ्घीय विशेष निकायअन्तर्गत शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चआयोग (United Nations High Commissioner for Refugees, UNHCR) रहेको छ। यो आयोग सन् १९५२ मा अन्तर्राष्ट्रिय शरणार्थी सङ्गठनलाई प्रतिस्थापन गरेर गठन गरिएको हो। सन् १९४६ देखि सन् १९५२ सम्म शरणार्थीसम्बन्धी काम गरिरहेको अन्तर्राष्ट्रिय शरणार्थी सङ्गठन (International Refugee Organization)को ठाउँ यसले लिएको हो। यो संयुक्त राष्ट्रसङ्घको सहायक अङ्ग हो।

मानवअधिकार निकायहरू (Human Rights Bodies)

संयुक्त राष्ट्रसङ्घीय प्रणालीअन्तर्गत मानवअधिकारका विषयमा निम्नलिखित दुईवटा संरचना पर्छन्:

१. **बडापत्रमा आधारित** (Charter Based)

यसअर्न्तगत संयुक्त राष्ट्रसङ्घका मानवअधिकार परिषद् र विशेष कार्यविधि पर्छन्। मानवअधिकार परिषद्मा ४७ जना चुनिएका सदस्य राष्ट्रहरू सदस्य रहेका हुन्छन् जसमा हरेकको कार्यकाल तीन वर्षको हुन्छ। कुनै पनि सदस्य दुई कार्यकालभन्दा बढी चुनिन पाउँदैन। मानवअधिकार परिषद् यस्तो मञ्च हो जसले मानवअधिकारका उल्लङ्घन तथा ज्यादती, असमानता र विभेद रोक्न, दयनीय अवस्थामा रहेकाको संरक्षण गर्न तथा पीडकलाई सार्वजनिक गर्ने लगायतका कार्यहरू गर्छ। विशेष कार्यविधि भनेको यस्तो संयन्त्र हो जसले हरेक राष्ट्रको मानवअधिकार अवस्थाका विषयगत मुद्दाहरूलाई सम्बोधन गर्ने काम गर्छ। ती दुवै संयन्त्रहरूले केवल एक व्यक्ति, विशेष समाधिक्षक वा प्रतिनिधि, स्वतन्त्र विशेषज्ञ, कार्यदल समूह आदि जुनसुकैरूपमा पनि काम गर्न सक्छन्। तिनीहरू मानवअधिकार परिषद्ले छानेका स्वतन्त्र विशेषज्ञहरू हुन् जसले स्वयम्सेवकका रूपमा काम गर्छन्।

२. **सन्धिमा आधारित** (Treaty Based)

यो निकायअर्न्तगत संयुक्त राष्ट्रसङ्घका नौ (९) ठूला महासन्धिहरूलाई अनुमोदन गरेर त्यसको पक्षराष्ट्र भएका राष्ट्रहरूले कार्यान्वयनका पक्षमा के-के गरेका छन् भनेर हेर्न सोहीअर्न्तगतका नौवटा सन्धिमा आधारित स्वतन्त्र अङ्गहरू रहेका छन् जसलाई सन्धिमा आधारित निकायहरू (Treaty Based Bodies)भनिन्छ। बालअधिकार समिति पनि यही निकायअर्न्तगत पर्दछ।

बालअधिकार समिति (Committee on the Rights of the Child)

संयुक्त राष्ट्रसङ्घले बालअधिकार महासन्धि, १९८९ पारित गरेपछि हालसम्म विश्वका १ सय ९३ राष्ट्रले यसको अनुमोदन गरिसकेका छन्। यसरी अनुमोदन गर्नुको अर्थ ती राष्ट्रहरूले बालअधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपालनामा समर्थन जनाई आफ्नो देशको राष्ट्रिय कानुनमा समेत त्यहाँ उल्लेख गरिएका प्रावधानहरूलाई समावेश गरी कार्यान्वयन गर्नु/गराउनु हो। कुनै पनि देशले यो महासन्धिमा हस्ताक्षर गरेर अनुमोदन गरेपछि आफ्नो देशको बालअधिकारको स्थिति, त्यो देशले बालअधिकारका पक्षमा गरेका प्रतिबद्धताहरू र तिनीहरूको कार्यान्वयनको अवस्थाका बारेमा संयुक्त राष्ट्रसङ्घको बालअधिकार समितिमा प्रतिवेदन पठाउनुपर्छ। संयुक्त राष्ट्रसङ्घको बालअधिकार समितिले यो महासन्धि र यसका आलेखहरूको कार्यान्वयनको अनुगमन गर्छ। यो समितिमा बालअधिकार तथा कानुनी प्रणालीका बारेमा विशेषज्ञता हासिल गरेका विभिन्न देशका १८ जना विशेषज्ञहरू रहेका हुन्छन्, जो बालअधिकार पक्षराष्ट्र भएका देशहरूबाट मनोनित भई चुनिएका हुन्छन्। कुनै पनि देश पक्षराष्ट्र भएको दुई वर्षभित्रमा पहिलो प्रतिवेदन र त्यसपछि हरेक पाँच वर्षमा अर्को प्रतिवेदन समितिमा पठाउनुपर्छ। राज्यको प्रतिवेदनमा बालअधिकार महासन्धिमा व्यवस्था गरिएका बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि राज्य कति अग्रसर रहेको छ वा छैन भनेर समीक्षा गरिन्छ। सरकारले यस्तो प्रतिवेदन बनाउँदा आफ्नो देशका गैरसरकारी संस्थाहरू तथा नागरिक समाजलाई पनि सहभागी गराई प्रतिवेदन तयार गर्नुपर्छ। तर, धेरैजसो देशहरूले यसको कार्यान्वयन गरेको पाइँदैन। अर्को स्मरणीय

कुरा के छ भने नागरिक समाजको तर्फबाट गैरसरकारी सङ्घ संस्थाले पनि बालअधिकार समितिमा छाँया प्रतिवेदन (Shadow Report) पठाउन सक्छन्। नेपाल सरकारले सन् १९९४ अप्रिल १० मा बालअधिकार समितिमा पहिलो प्रतिवेदन पठाएको थियो भने ४ मार्च २००३ मा दोस्रो आवधिक प्रतिवेदन पठाएको थियो।

राज्यका प्रतिवेदनहरूको समीक्षा गरी समितिले सरकारहरूलाई बालअधिकारसम्बन्धी अन्य कानुन तथा नीतिहरू बनाउँदा र ती नीतिहरूको कार्यान्वयनका लागि बालअधिकार महासन्धि र यसका आलेखहरूलाई आफ्ना देशहरूका विभिन्न प्रक्रियाहरूमा निर्देशिकाका रूपमा प्रयोग गर्न अनुरोध गर्छ। जस्तै:

- बालअधिकारका विस्तृत राष्ट्रिय कार्यतालिका बनाउन,
- बालअधिकारको सम्बर्द्धनका लागि सरकारका हरेक क्षेत्रको अनुगमन, मूल्याङ्कन गर्न स्थायी संयन्त्र बनाउन,
- सम्पूर्ण कानुनहरू महासन्धिअनरूप छन् वा छैनन् भनी सुनिश्चित गर्न,
- बालअधिकारसम्बन्धी कार्यान्वयनका प्रतिफलहरू मापन गर्दा राष्ट्रिय नीतिहरूमा बालअधिकारलाई समावेश गर्न,
- बालबालिकाको क्षेत्रमा छुट्याइएका सरकारी खर्चहरूको विश्लेषण गर्न तथा ती खर्चहरू उपयुक्त भएको वा नभएको हेर्न,
- न्याय प्रशासनमा बालअधिकारको स्थिति उजागर गर्न सूचना सङ्कलन गर्ने र बालबालिकाको अवस्थाको सुदृढीकरण गर्न सुनिश्चित गर्न,
- बालअधिकार नीति बनाउने तथा बालअधिकारको क्षेत्रमा काम गर्नेलाई बालअधिकार महासन्धि तथा यसका आलेखसम्बन्धी सचेतना फैलाउन सूचना प्रवाह गर्न,
- नागरिक समाज तथा बालबालिका स्वयम्लाई बालअधिकारका विभिन्न अभियानहरूमा सहभागिता गराउन,
- बालअधिकार सम्बर्द्धन तथा संरक्षण गर्न राष्ट्रिय कार्यालय स्थापना गर्न।

यसरी बालअधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि संयुक्त राष्ट्रसङ्घीय प्रणालीमा विभिन्न विशिष्टीकृत निकायहरू रहेका छन्।

४ एकाइ

बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन

बालअधिकारको संरक्षण गर्नका लागि अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय स्तरमा विभिन्न कानुनी प्रावधानहरू छन्। आधुनिक विश्वमा विधिको शासनलाई प्राय: सर्वत्र मान्यता दिइएको छ, जसअनुसार कानुनभन्दा माथि कोही हुँदैन र कानुनको परिपालना गर्नु सबैको कर्तव्य हुन्छ। त्यसैले कुनै अधिकारलाई कानुनीस्वरूप दिनुको अर्थ त्यसको प्रत्याभूतिको सुदृढ व्यवस्था गर्नु पनि हो। बालअधिकारको अवधारणा फगत् सैद्धान्तिक अवधारणाका रूपमा मात्र सीमित नरहोस्, व्यवहारमा लागु हुन सकोस् भनेर नै यसलाई विभिन्न अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय कानुनद्वारा संरक्षण गरिएको हुन्छ।

अन्तर्राष्ट्रिय कानुनहरू संसारका विभिन्न राष्ट्रका व्यक्तिहरूले, सरकारका प्रतिनिधिहरूले मिलेर बनाउँछन्। त्यसपछि यो कानुन हाम्रो देशमा पनि लागु गर्छौं भनेर विश्वका विभिन्न राष्ट्रका सरकारहरूलाई वाचा गराउँदै हस्ताक्षर गराइएको हुन्छ। हस्ताक्षर गर्ने राष्ट्र वा **पक्षराष्ट्र**ले सो कानुनका प्रावधानहरू आफ्नो देशमा घरेलु कानुनसरह पालना गर्नुपर्छ। आफू पक्षराष्ट्र भएमा अन्तर्राष्ट्रिय कानुनलाई पालना गर्नु कुनै पनि राष्ट्रको सरकारको दायित्व र कर्तव्य हुन्छ।

बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको चर्चा गर्दा मानवअधिकारसम्बन्धी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ र आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी

अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ लाई पनि लिन सकिन्छ। यी प्रतिज्ञापत्रमा पनि बालअधिकारसँग सम्बन्धित कानुनी प्रावधानहरूको व्यवस्था गरिएको छ।

(क) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

यो प्रतिज्ञापत्रको धारा ६ ले १८ वर्षमुनिका बालबालिका र गर्भवती महिलाको हकमा जुनसुकै अपराधिक कार्य गरेमा पनि मृत्युदण्ड दिन नपाइने व्यवस्था गरिएको छ। त्यसैगरी धारा २४ को उपधारा १ ले बालबालिकालाई कुनै पनि आधारमा (जात, भाषा, लिङ्ग, धर्म, राष्ट्रिय वा सामाजिक उत्पत्ति आदि) भेदभाव गर्न नपाइने र उनीहरूले आवश्यक संरक्षण पाउने अधिकारको व्यवस्था गरेको छ भने सोही धाराको उपधारा २ र ३ मा क्रमश: बालबालिकाको जन्मदर्ता तथा नाम राख्न पाउने अधिकार र बालबालिकाको राष्ट्रियताको अधिकारको व्यवस्था गरिएको छ।

(ख) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

यो प्रतिज्ञापत्रको धारा १० को उपधारा २ मा शिशु जन्मनुअघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण गरिने र सो अवधिमा तलबी विदा तथा सामाजिक सुरक्षा प्रदान गरिने कुराको उल्लेख गरिएको छ।

सोही धाराको उपधारा ३ ले पितृत्व वा अन्य अवस्थाहरूका कारणबाट बिनाभेदभाव बालबालिका तथा युवाहरूको पक्षमा संरक्षण एवम् सहायताका विशेष उपायहरू अपनाइनुपर्ने प्रावधानको व्यवस्था गरेको छ। यसैगरी धारा ११ को उपधारा १ ले खाना, कपडा र आवासको अधिकार सोही धाराको उपधारा २ ले भोकबाट मुक्त हुने अधिकार, धारा १२ को उपधारा १ र २ ले स्वास्थ्यको अधिकार र धारा १३ को उपधारा १ ले बालबालिकाको प्राथमिक शिक्षा नि:शुल्क र अनिवार्य हुने प्रावधान राखी बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गरेको छ।

(ग) बालअधिकार महासन्धि, १९८९

मानवअधिकारसम्बन्धी अन्य विविध कानुनहरूको निर्माण भए तापनि बालबालिकाका पक्षमा छुट्टै कानुनको निर्माण हुनुपर्ने आवाज अन्तर्राष्ट्रिय क्षेत्रबाटै उठेपछि सन् १९८९ नोभेम्बर २० मा बालअधिकार महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित गरी हस्ताक्षर र अनुमोदनका लागि खुला गरियो। आवश्यक देशहरूले अनुमोदन गरेपछि यो महासन्धिलाई सन् १९९० सेप्टेम्बर २ देखि लागु गरिएको थियो।

अहिलेसम्म विश्वका सबैभन्दा बढी राष्ट्रले एकैपटक अनुमोदन गरेको महासन्धि बालअधिकार महासन्धि नै हो। यो महासन्धिमा तीन खण्ड र ५४ वटा धाराहरू छन्। समाजको मूलभूत समूह तथा यसका सबै सदस्यहरू, विशेषत: बालबालिकाको विकास तथा कल्याणका लागि प्राकृतिक वातावरणका रूपमा रहेको परिवारलाई आवश्यक संरक्षण तथा सहयोग प्रदान गरिनुपर्छ भन्ने कुरालाई प्रस्तावनामा जोड दिइएको छ। आफ्नो व्यक्तित्वको पूर्ण तथा सामञ्जस्यपूर्ण विकासका लागि बालबालिका पारिवारिक वातावरण तथा समझदारीपूर्ण परिवेशमा हुर्कनुपर्छ भन्ने मान्यता यसले राखेको छ।

यस महासन्धिले प्रत्येक बालबालिकाले बिना कुनै भेदभाव नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पाउनुपर्ने र ती सबै अधिकार अविभाज्य रहनुपर्ने कुरालाई स्थापित गरेको छ। १८ वर्षमुनिका प्रत्येकलाई बालबालिकाको रूपमा स्वीकारी उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व राज्यको हो भन्ने कुरा प्रष्ट शब्दमा उल्लेख गरिएको छ। बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिताको अधिकारको प्रत्याभूति पनि यो महासन्धिले गरेको छ।

प्रत्येक बालबालिकाको राष्ट्रियता, अभिभावकत्व, शिक्षा, स्वास्थ्यलगायत सर्वाङ्गीण विकासको दायित्व राज्यलाई यस महासन्धिको कार्यान्वयनको अवलोकन गर्न बालअधिकार समितिको निर्माणको व्यवस्था पनि गरिएको छ। उक्त समितिमा १८ जना विशेषज्ञ हुन्छन्। सबै पक्षराष्ट्रले पाँच-पाँच वर्षको अन्तरालमा बालअधिकारको क्षेत्रमा महासन्धिको मर्मबमोजिम के कति काम भएका छन् भन्ने विषयमा प्रतिवेदन बुझाउनु पर्छ। नेपालले पनि पक्षराष्ट्रको हैसियतले त्यस्तो आवद्यिक प्रतिवेदन प्रत्येक पाँच वर्षमा संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत बालअधिकारसम्बन्धी समितिमा बुझाउनु पर्छ।

बालअधिकार महासन्धिका ४० वटा धारामा बालबालिकाको हक अधिकारका बारेमा उल्लेख गरिएको छ भने अन्य १४ धारामा महासन्धि कार्यान्वयन आदिसँग सम्बन्धित कुराहरू लेखिएका छन्। यस महासन्धि अनुसार १८ वर्षमुनिका सबै व्यक्ति बालबालिका हुन्। तर यसलाई आफ्नो देशको कानुनअनुसार थपघट गर्न सकिने प्रावधानअनुरूप नेपालमा १६ वर्ष र त्यसभन्दा कम उमेरकालाई मात्र बालबालिका मानिने कानुनी व्यवस्था रहेको छ। महासन्धिमा भएका मुख्य प्रावधानहरूलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ:

- बालबालिकालाई जाति, वर्ण, लिङ्ग क्षेत्र, पारिवारिक, आर्थिक, सामाजिक तथा राजनीतिक विचार अथवा कुनै पनि आधारमा भेदभाव गर्न पाइँदैन।
- कुनै पनि बालबालिका जन्मेपछि स्वस्थ जीवन बाँच्न, शिक्षा आर्जन गर्न र आफ्नो व्यक्तिगत विकास गर्न पाउनुपर्छ।
- कुनै पनि बालबालिका जन्मेपछि आफ्नो नाम राख्न, आफ्नो देशको चिनारी गराउँदै राष्ट्रियता चिनाउन तथा आफूलाई मन परेको धर्म ग्रहण गर्न वा छोड्न अधिकार प्राप्त गर्छ।
- कुनै पनि बालबालिका जन्मेपछि आमा-बुवासँग बस्न, बुवा-आमा छुट्टाछुट्टै बसेका भए भेटघाट गर्न, पारिवारिक पुनर्मिलन गर्न, अन्य देशमै जानुपर्ने भएमा पनि जान आउन पाउँछन्।
- बालबालिकाले आफूलाई लागेको विचार व्यक्त गर्न, जुनसुकै विचार लिन वा छोड्न र आफूलाई मन परेको सङ्गठनमा सङ्गठित हुन स्वतन्त्रता पाउँछन्।
- बालबालिकालाई अवैधरूपमा अपहरण गर्न र विदेशमा हस्तान्तरण गर्न पाइँदैन। कसैले त्यसो गरेमा सरकारले फर्काउन सक्दो प्रयास गर्नुपर्छ। बालबालिकालाई यौनशोषणबाट जोगाउन र लागूपदार्थको दुरूपयोगबाट बचाउन परिवार तथा सरकारबाट सक्दो संरक्षण गर्नुपर्छ। बालबालिकालाई बेचबिखन र अपहरणबाट बचाउन सरकारले सक्दो प्रयास गर्नुपर्छ।
- आमा-बुवा वा परिवारमा कोही पनि नभएमा बालबालिकालाई संरक्षण गर्ने दायित्व त्यस देशको सरकारको हो। तिनलाई पारिवारिक वातावरणमा राख्न सरकारले सक्दो सहयोग गर्नुपर्छ। यसैगरी

अपाङ्ग बालबालिकालाई अन्यसरह योग्य व्यक्ति बनाउन सरकारले नि:शुल्क, विशेष स्याहार तथा तालिमहरू दिने व्यवस्था गर्नुपर्छ।

- बालबालिकालाई सामाजिक सुरक्षा प्रदान गर्नु त्यस देशको सरकारको दायित्व हो। उनीहरूको जीवन विमा गरिदिनु पर्छ तथा सम्भव भएसम्मका सेवाहरू बालबालिकालाई सरकारले उपलब्ध गराउनुपर्छ।
- बालबालिकालाई काममा लगाउँदा उनीहरूको पढाइ, स्वास्थ्य र व्यक्तिगत विकासमा असर पर्नेगरी लगाउनु हुँदैन। काममा लगाए पनि काम अनुसारको पारिश्रमिक दिनुपर्छ। काममा लगाउँदा सरकारले उमेर, कामको समयावधि र पारिश्रमिक तथा स्वास्थ्यको वातावरण समेत तोकिदिनुपर्छ।
- कुनै पनि बालबालिकालाई कडा सजाय, दु:ख दिने वा डरलाग्दो किसिमको निर्दयी व्यवहार गर्नु हुँदैन। बालबालिकालाई १५ वर्ष उमेर नपुगी सेनामा भर्ती हुन दिनु हुँदैन। सशस्त्र सङ्घर्षबाट असर परेका बालबालिकालाई सरकारले विशेष संरक्षण प्रदान गर्नुपर्छ।
- कुनै पनि बालबालिकाले अपराध गरेको छ भने बालबालिकाको तर्फबाट कानुनव्यवसायी राख्ने तथा अन्य सहयोग उपलब्ध गराउने काममा सरकारले सहयोग गर्नुपर्छ। दोष प्रमाणित नभएसम्म निर्दोष नै मानेर व्यवहार गर्नुपर्छ। मुद्दाको फैसला र बहस गर्दा पनि उनीहरूले बुझ्ने गरी सरल भाषामा गर्नुपर्छ।

बालअधिकार महासन्धिमा बालबालिकामध्ये पनि केही विशेष समूहका बालबालिकालाई विशेष स्याहार प्रदान गर्ने गरी व्यवस्था गर्नुपर्ने दायित्व सरकारको हो भन्ने उल्लेख छ। त्यस्ता विशेष समूहमा अपाङ्ग, शरणार्थी, अल्पसङ्ख्यक जनजाति, उपेक्षा, हेला, यातना तथा लडाइका शिकार भएका तथा परिवारविहीन वा कठिन परिस्थितिमा बाँचेका बालबालिका पर्छन्। बालबालिकालाई श्रमशोषण, यौनशोषण तथा देहव्यापार, ओसारपसार तथा अपहरण, परिवारभित्र हुने हेला र तिरष्कार, लागूपदार्थको ओसारपसार, गैरकानुनी बन्धन, यातना दुर्व्यवहार, मत्युदण्ड तथा आजीवन कारावास, परिवारबाट अनुपयुक्त ढङ्गले छुट्याउने प्रक्रिया र स्वास्थ्यमा प्रतिकूल असर पर्ने खालका परम्परागत विधिहरूजस्ता विभिन्न प्रकारका जोखिमबाट संरक्षण प्रदान गर्नेगरी कानुनी व्यवस्था गर्नुपर्ने कुरा पनि उक्त महासन्धिले उल्लेख गरेको छ।

बालअधिकार महासन्धिद्वारा प्रत्याभूत गरिएका अधिकारहरू

- प्रत्येक बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकार (धारा २)
- स्वास्थ्यको अधिकार (धारा २)
- राष्ट्रियताको अधिकार (धारा ७)
- राष्ट्रियता, नाम र परिवारलगायतको परिचय यथावत राख्न पाउने अधिकार (धारा ८)
- आमा बुवासँग बसोबास गर्ने अधिकार (धारा ९)
- पारिवारिक पुनर्मिलनको अधिकार (धारा १०)
- आफ्नो हकमा विचार राख्ने अधिकार (धारा ११)

- अभिव्यक्ति स्वतन्त्रताको अधिकार (धारा १३)
- विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार (धारा १४)
- सङ्गठनको अधिकार (धारा १५)
- गोपनीयताको अधिकार (धारा १६)
- दुर्व्यवहार र हिंसाविरुद्धको अधिकार (धारा १७)
- यौनदुर्व्यवहार वा शोषण विरुद्धको अधिकार (धारा १९)
- राज्यद्वारा टुहुरा र उपेक्षित बालबालिकाका लागि सुहाउँदो हेरचाह वा संरक्षणको अधिकार (धारा २०, २१)
- अपाङ्ग बालबालिकाको विशेष उपचार, शिक्षा र हेरचाह पाउने अधिकार (धारा २३)
- प्रत्येक बालबालिकाले कुनै पनि प्रकारको भेदभाव वा पक्षपातबिना सबै अधिकारहरू उपभोग गर्न पाउने अधिकार (धारा २४)
- सामाजिक सुरक्षाको अधिकार (धारा २६)
- शिक्षाको अधिकार (धारा २८)
- अल्पसङ्ख्यक वा आदिवासी बालबालिकाले भाषा, धर्म तथा संस्कृतिको अभ्यास गर्न पाउने अधिकार (धारा ३०)
- फूर्सद आराम तथा मनोरञ्जनको अधिकार (धारा ३१)
- आर्थिक शोषण विरुद्धको अधिकार (धारा ३२)
- लागूपदार्थको दुरूपयोगबाट बच्ने अधिकार (धारा ३३)
- यौनशोषण तथा दुरूपयोगबाट जोगिन पाउने अधिकार (धारा ३४)
- अन्य किसिमको शोषणबाट बच्ने अधिकार (धारा ३६)
- न्यायिक निकायमा पहुँच तथा न्यायिक कारबाही पाउने विशेष अधिकार (धारा ४०)

दक्षिण एशियामा बालबालिकाको हित प्रवर्धन गर्ने क्षेत्रीय प्रावधानको निम्ति सार्क महासन्धि (सन् २००२) पनि अन्तर्राष्ट्रिय कानुनको सन्दर्भमा स्मरणीय छ। विश्वको जम्मा बालबालिकाको सङ्ख्यामध्ये एक चौथाइ जनसङ्ख्या दक्षिण एसियाली क्षेत्रमा बसोबास गर्छन्। उक्त महासन्धिमार्फत दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का सदस्य राष्ट्रहरूले बालअधिकारको पक्षमा आफ्नो प्रतिबद्धतालाई थप स्पष्ट पारेका छन्।

उल्लेखित कानुनहरूका अतिरिक्त बालअधिकारसम्बन्धी महासन्धिका उद्देश्यहरू तथा यसका व्यवस्थाहरू खासगरी धाराहरू १, ११, २१, ३२, ३५ र ३६ का व्यवस्थाहरूको कार्यान्वयन अझ राम्ररी हासिल गर्नका लागि संयुक्त राष्ट्रसङ्घद्वारा जनवरी १८, २००२ मा बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख जारी गऱ्यो। सो ऐच्छिक प्रलेखलाई नेपालले सन् २००६ जनवरी २० (२०६२ माघ ७)मा अनुमोदन गऱ्यो। यो प्रलेख मूलत: बालबालिका ओसारपसार, बाल वेश्यावृत्ति तथा अश्लील चित्रण विरुद्धमा जारी गरिएको हो।

५ एकाइ

बालअधिकारसम्बन्धी राष्ट्रिय कानुन

१. नेपालको अन्तरिम संविधान, २०६३

विगतको संविधानलाई खारेज गरी जनआन्दोलन २०६२/६३ पछि नेपाल सरकारले २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी गऱ्यो। यो संविधानले विगतको संविधानमा रहेका बालअधिकारका प्रावधानहरूलाई अझ व्यापक बनाई बालअधिकारको दायरालाई मूल कानुनबाटै फराकिलो बनायो। यो संविधानमा बालबालिकाका सम्बन्धमा देहायबमोजिमका अधिकारहरू सुनिश्चित गरिएको छ।

(क) धारा–१३ समानताको हक

सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन। तर बालबालिकाको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ।

(ख) शिक्षा तथा संस्कृतिसम्बन्धी हक

१. प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ।

२. प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुनेछ।

(ग) बालबालिकाको हक (धारा २२)

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ।

२. प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ।

३. प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुनेछ। यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ।

४. असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित विस्थापित एवम् जोखिममा परेका, सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ।

५. कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन।

२. बालअधिकारसम्बन्धी ऐन, २०४८

वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि मानवअधिकार लगायत बालहित र संरक्षणलाई संवैधानिक व्यवस्था गरिएकाले राष्ट्रियस्तरमा बालअधिकारको संरक्षण र सम्बर्द्धनको विषयले प्राथमिकता पाएको हो। नेपालले बालअधिकार महासन्धि, १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गऱ्यो। यसले राज्यको बालअधिकार संरक्षणप्रतिको जिम्मेवारी बृद्धि गरेको छ। फलस्वरूप बालअधिकारलाई राष्ट्रिय कानुनमा समावेश गराउने क्रममा २०४९ जेठ ७ गते लालमोहर लागी मिति २०५० वैशाख १ गतेदेखि लागु हुने गरी बालबालिकासम्बन्धी ऐन, २०४८ जारी गरियो। बालबालिकासम्बन्धी महासन्धिको अनुमोदन गरे लगत्तै आएको यस ऐनमा उक्त महासन्धिका केही कानुनी प्रावधानहरू समाविष्ट भएका छन्।

बालबालिकासम्बन्धी ऐन, २०४८ ले बालबालिकाको समानताको अधिकार, पोषण, हेरचाह, मनोरञ्जन जस्ता अधिकार, अपराधिक दायित्वको अवस्थामा प्राप्त अधिकारहरू र बालश्रम निषेध लगायतका विषयमा खास व्यवस्था गरेको छ।

यसबाहेक कार्यविधिगत कुरामा बालबालिकालाई प्राथमिकता दिने, यातना दिन नपाइने समेतको व्यवस्था उक्त ऐनमा समेटिएको छ।

यस ऐनले १६ वर्षको उमेर पूरा नगरेका व्यक्तिलाई बालबालिका भनेर परिभाषा गर्दै बालबालिकाका लागि निम्नलिखित अधिकारहरू प्रत्याभूत गरेको छ:

- नाम राख्ने र जन्ममिति कायम गर्ने अधिकार (दफा ३)
- पालनपोषण, शिक्षा, स्वास्थ्योपचारको अधिकार (दफा ४)
- पालनपोषण आदिमा छोरा वा छोरी तथा छोरा छोरा वा छोरी-छोरीमा भेदभाव गर्न नहुने (दफा ५)
- वैवाहिक सम्बन्ध हुनुअघि वा पछि जन्मेका बालक वा धर्मपुत्र वा आफूले जन्माएको बालकका बीच भेदभाव गर्न नहुन (दफा ६)
- क्रुर वा यातनापूर्ण व्यवहार गर्न नहुने (दफा ७)
- बुवा र आमा छुट्टाछुट्टै बसेको अवस्थामा उनीहरूसँग समय-समयमा भेटघाट गर्न वा केही समयको निमित्त साथ बस्न दिनुपर्ने (दफा ८)
- धर्मपुत्र र धर्मपुत्रीले आफ्नो बुवा आमासँग भेटघाट, पत्राचार गर्न पाउने (दफा ९)
- कानुनबमोजिम बुवा र बाजेको नाम खुलाउनुपर्ने अवस्थामा बुवाको पत्ता नलागेसम्म बालकले आमा र आमाको बुवाको नाम उल्लेख गर्न पाउने (दफा १०)
- बालकले कुनै पनि अपराध गरेमा ठूलो मान्छेको भन्दा कम सजाय हुने र कसैले बालकलाई अपराध गर्न लगाएमा सिकाउने व्यक्तिलाई नै निज आफैले अपराध गरेसरह कानुनबमोजिम पूरा सजाय हुने (दफा ११)
- बाल्यावस्थामा गरेको अपराधको कारण आयोग्यता वा पटक कायम नहुने (दफा १२)
- बालबालिकालाई माग्ने काममा लगाउनु वा मुड्न नहुने (दफा १३)
- देवीदेवताको नाममा बालकलाई चढाउनु नहुने (दफा १४)
- बालबालिकालाई नेल, हतकडी लगाउन, एकान्त काराबासमा राख्न वा कुनै अपराध गरेवापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न नहुने (दफा १५)
- बालबालिकालाई अनैतिक पेशामा संलग्न गराउन नहुने (दफा १६)
- कलिलो उमेरका बालबालिकालाई काममा लगाउन नहुने (दफा १७)
- बालबालिकालाई उनीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने वा जीउ ज्यानमा खतरा पुग्न सक्ने किसिमका खतरनाक काममा लगाउन नहुने (दफा १८)
- कानुनव्यवसायी नभएमा बालकको मुद्दाको कारबाही किनारा नहुने तथा त्यस्तो अवस्थामा सम्बन्धित अदालतले नै कानुनव्यवसायीको सेवाको प्रबन्ध गरिदिनुपर्ने (दफा १९)
- न्यायालयले मनासिब आज्ञा आदेश वा पुर्जी जारी यस परिच्छेदमा उल्लेख भएको हकको प्रचलन गराइदिन तथा अधिकारमा आघात पुगेको अवस्थामा क्षतिपूर्ति भराउन सक्ने (दफा २०)

बालबालिकासम्बन्धी ऐन, २०४८ ले बालबालिकाको संरक्षण र संरक्षकको व्यवस्था पनि गर्दै एकाघरका कोही आफन्त नहुने बालबालिकाको हेरचाह र निजको सम्पत्तिको जिम्मा, संरक्षकको

बालबालिकासँग सम्बन्धित प्रमुख राष्ट्रिय कानुनहरू

- **नेपालको अन्तरिम संविधान, २०६३**
- **बालबालिकासम्बन्धी ऐन, २०४८**
- **बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६**
- **बालश्रम (निषेधित तथा नियमित) गर्ने नियमावली, २०६२**
- **बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६८**

नियुक्ति, बालबालिकाको हित तथा सम्पत्तिको संरक्षणलगायतको व्यवस्था गरेको छ। यस ऐनमा बालबालिकाको संरक्षण बन्न कसैले मञ्जुर नगरेमा वा संरक्षक हुन सक्ने उपयुक्त व्यक्ति फेला नपरेमा त्यस्तो बालकलाई बालकल्याण अधिकारीले कुनै बाल कल्याणगृहमा पठाइदिने व्यवस्था गर्नुपर्ने प्रावधानसमेत रहेको छ।

बालबालिकाको सुरक्षा र संरक्षणका लागि केन्द्रीय तहदेखि स्थानीय तहसम्म विभिन्न समितिहरू निर्माण गर्न सकिने व्यवस्था पनि यस ऐनले गरेको छ। केन्द्रीय र जिल्लास्तरमा बालकल्याण समिति बनाउने, बाल कल्याणगृह, सुस्त मनस्थिति केन्द्र, अनाथालयजस्ता संस्थाको स्थापना तथा विभिन्न आपत-विपतमा परेका र सबैखाले बालबालिकाको संरक्षण र विकास ती संस्थामार्फत गर्नका लागि कल्याणकारी व्यवस्थाहरू यसभित्र पर्छन्। यिनका अतिरिक्त यस ऐनले बालबालिकासम्बन्धी मुद्दा मामिला र उनीहरूको दण्ड सजाय सम्बन्धमा पनि व्यवस्था गरेको छ।

३. बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६

बालबालिकासम्बन्धी ऐन लागु भए तापनि बालबालिकालाई व्यापकरूपमा विभिन्न कलकारखानालगायत अन्य ठाउँहरूमा विभिन्न काममा लगाइएको कारणले २०५७ असार ७ गते बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ लागु गरियो। यो ऐनले बालबालिकाका पक्षमा देहायबमोजिमका व्यवस्था गरेको छ।

- यस ऐनले पनि "बालक" भन्नाले १६ वर्ष उमेर पूरा नगरेको मानवलाई बालबालिका सम्झनुपर्ने (दफा २)
- १४ वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउन नहुने (दफा ३)
- बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु नहुने तथा कसैले पनि बालबालिकालाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरुद्ध श्रमिकको रूपमा काममा लगाउन नहुने (दफा ४) आदि

जोखिमपूर्ण व्यवसाय वा कामहरू

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ मा निम्नलिखित व्यवसाय वा कामलाई जोखिमपूर्ण भनी उल्लेख गरिएको छ:

(क) पर्यटन, आवास, मोटेल, होटेल, जुवाघर, रेष्टुराँ, बार, पव, रिसोर्ट स्किइङ्ग, ग्लाईडिङ्ग, वाटर ऱ्याफ्टिङ्ग, केबल कार कम्प्लेक्स, पोनी ट्रेकिङ्ग, पदयात्रा, पर्वतारोहण, हट एयर ब्यालुनिङ्ग, प्यारासेलिङ्ग, गल्फ कोर्स, पोलो, अश्वरोहण आदि पर्यटनसँग सम्बन्धित व्यवसायहरू,

(ख) कार्यशाला, प्रयोगशाला, पशु वधशाला, शीत भण्डार आदि सेवामूलक व्यवसायहरू,

(ग) सार्वजनिक परिवहन र निर्माण व्यवसायहरू,

(घ) चुरोट, बिडी बनाउने, गलैँचा बुन्ने तथा रङ्गाउने, ऊन सफा गर्ने, कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने, छाला प्रशोधन गर्ने, सिमेन्ट उत्पादन तथा प्याकिङ्ग, सलाई, विस्फोटक तथा अन्य आगजन्य पदार्थहरूको उत्पादन र बिक्री वितरण, बियर, मदिरा तथा अन्य पेय पदार्थहरूको उत्पादन, साबुन उत्पादन, बिटुमिन उत्पादन, पल्प र पेपर उत्पादन, स्लेट, पेन्सिल उत्पादन, कीटनाशक औषधि उत्पादन, लुब्रिकेटिङ्ग तेल उत्पादन, फोहोर मैला सङ्कलन, प्रशोधन तथा इलेक्ट्रोप्लेटिङ्ग, फोटो प्रोसेसिङ्ग, रबर, सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरू,

(ङ) जलस्रोत, वायु, शौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्याँस, बायोग्याँस तथा त्यस्तै अन्य स्रोतबाट उर्जा पैदा गर्ने र त्यसको प्रसारण वा वितरणसँग सम्बन्धित कार्यहरू,

(च) खानी, खनिजपदार्थ, प्राकृतिक तेल वा ग्याँसको उत्खनन्, प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरू,

(छ) रिक्सा वा ठेलागाडा,

(ज) कटिङ्ग मेसीनजस्ता कार्यहरू

(झ) जमिनमुनि, पानीमुनि र धेरै उचाइँमा चढेर गर्नुपर्ने कार्यहरू,

(ञ) रसायनिक पदार्थहरूसँग सम्पर्क हुने कार्यहरू र

(ट) प्रचलित कानुनबमोजिम तोकिएका अन्य जोखिमपूर्ण कार्यहरू।

कुनै प्रतिष्ठानले बालबालिकालाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालबालिकको बुवा, आमा वा संरक्षकको स्वीकृति लिनुपर्ने व्यवस्था छ। श्रमिकको रूपमा काममा लगाउनुअघि त्यस्तो बालकले श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनुपर्ने व्यवस्था छ।

बालबालिकालाई बेलुका छ बजेपछि बिहान छ बजेसम्मको अवधिभर काममा लगाउनु हुँदैन। बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउँदा दिनमा छ घण्टा र एक सप्ताहमा ३६ घण्टाभन्दा बढी काममा लगाउनु हुँदैन भने प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको बिदा दिनुपर्छ। यसरी प्रत्येक दिन दिइएको आधा घण्टाको विश्राम तथा प्रत्येक सप्ताहमा एक दिनको बिदालाई पनि काम गरेको अवधि मानिने प्रवधान रहेको छ। एकै दिन एउटा प्रतिष्ठानमा काम गरिसकेका बालबालिकालाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउन नहुने तथा समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने व्यवस्था पनि व्यवस्था गरेको छ।

४. बालश्रम (निषेधित तथा नियमित) गर्ने नियमावली, २०६२

यो नियमावली बालश्रम (निषेध तथा नियमित गर्ने) ऐनको दफा २७ को अधिकार प्रयोग गरी नेपाल सरकारद्वारा २०६२ माघ ७ गतेदेखि लागु भएको हो।

यो नियमावलीमा निम्न कुराहरू समावेश गरिएका छन्:

- श्रम कार्यालयलाई जानकारी दिँदा बालबालिकाले काम गर्ने प्रतिष्ठानको नाम, ठेगाना, काम गर्ने समय, काम गर्ने कामदारको सङ्ख्या, कामदारलाई दिइने पारिश्रमिक आदि स्पष्टरूपमा खुलाउनु पर्ने। (दफा ३)
- बालबालिकालाई काममा लगाउनु अघि उनीहरूले सो काम गर्न सक्ने नसक्ने विषयमा उनीहरूको स्वास्थ्य परीक्षण गर्न प्रतिष्ठानले कामको प्रकृति र बालबालिकाको उमेरसमेत उल्लेख गरी श्रम कार्यालयमा बुझाउनुपर्ने (दफा ४)
- पारिश्रमिक पाउने अधिकार (दफा ६)
- बिदाको अधिकार (दफा ७)
- स्वास्थ्य सुरक्षासम्बन्धी अधिकार (दफा २५) आदि

५. बालन्याय कार्यविधि नियमावली, २०६३

यो नियमावली बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले २०६३ भदौ २० गते जारी गरेको हो।

यो नियमावलीले बालबालिकासम्बन्धी निम्नलिखित प्रावधानहरूको व्यवस्था गरेको छ:

- बालबालिकाले गरेका **कसुर**को अनुसन्धान गर्न प्रत्येक प्रहरी कार्यालयमा छुट्टै एकाईको व्यवस्था गर्ने। (दफा ३)
- बालबालिकाकाले गरेका आपराधिक क्रियाकलापहरूबारे उनीहरूलाई सोधपुछ गर्दा सोधपुछ गर्ने वातावरण बालमैत्री हुनुपर्ने। (दफा ५)
- प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीश समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई समावेश गरी बाल इजलाश गठन गर्ने। (दफा ६) आदि

६. बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९

बालबालिकाका पक्षमा जारी भएका अगाडिका कानुनहरूले नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धता अनुकूलका सम्पूर्ण प्रावधानहरूलाई पूर्णत: समेट्न नसकेका कारण र ती कानुनहरूको सन्तोषजनक कार्यान्वयनका लागि यो नीति जारी गरिएको हो। यो नीतिमा बालबालिकाका पक्षमा निम्नलिखित प्रावधानहरू समावेश गरिएका छन्:

- बालबालिकाको पहिचानको अधिकारलाई सुनिश्चित गर्ने आधारको रूपमा जन्मदर्तालाई लिने। (दफा ८.१)
- बालबालिकालाई सशस्त्र द्वन्द्वमा सहभागी गराउन नपाइने। (दफा ८.२)

- उद्योग, कलकारखानामा बालबालिकालाई श्रममा लगाइएको नलगाइएको बारे बुझ्न अनुगमन प्रणालीको व्यवस्था गर्ने। (दफा ९.१६)
- भूकम्प, बाढीजस्ता प्राकृतिक प्रकोप र त्यसको असरबाट बालबालिकालाई बचाउन आवश्यक बासस्थानको व्यवस्था गर्ने। (दफा ९.१८)
- गाविस, नगरपालिका, जिल्ला विकास समितिको आफ्नो स्थानीय स्रोतबाट र सरकारी अनुदानबाट वार्षिक कम्तिमा १० प्रतिशत बजेट वा रकम बालबालिकाका हकहितका लागि परिचालन गर्ने। (दफा ९.२)
- विद्यालय बाहिरका बालबालिकालाई शिक्षाको मूलप्रवाहमा ल्याउन सरकारले विशेष कार्यक्रमहरू ल्याउने। (दफा ९.२४)
- शिक्षण संस्थाहरूका पाठ्यक्रमहरूमा बालबालिकासँग सम्बन्धित विषयवस्तुको समावेश गरिने। (दफा ९.३२)
- विभेदमा परेका बालबालिकालाई जोगाउन विद्यमान कानुनमा आवश्यक सुधार गर्ने। (दफा ९.३८) आदि।

यीबाहेक बालश्रम निर्मूलसम्बन्धी राष्ट्रिय गुरूयोजना र सबैका लागि शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०-२०७५ लागु भएका छन्। यी कानुन तथा योजनाहरूमा बालबालिकाका पक्षमा नि:शुल्क शिक्षाको व्यवस्था, सहिदका छोराछोरी र छात्राको शिक्षामा पहुँच बढाउनका लागि छात्रवृत्तिको व्यवस्थालगायतका प्रावधानहरू समावेश गरिएका छन्।

७. सहस्राब्दी विकास लक्ष्यहरू

सन् २००० को सेप्टेम्बरमा १ सय ८९ राष्ट्र तथा सरकार प्रमुखहरूद्वारा संयुक्त राष्ट्रसङ्घको **तत्वावधान**मा सहस्राब्दी विकास लक्ष्य जारी गरियो। जसमा आठ लक्ष्य, १८ गन्तव्य र ४८ सूचकहरू रहेका छन्। ती सहस्राब्दी विकास लक्ष्यहरूमध्ये अधिकांश लक्ष्यहरू बालबालिकासँग सम्बन्धित छन्। ती सहस्राब्दी विकास लक्ष्य जारी गर्ने देशहरूले आफ्नो देशका राष्ट्रिय योजनाहरूमा पनि ती विकास लक्ष्यले रखेका लक्ष्यहरू हासिल गर्ने खालका कार्यक्रमहरू राख्नुपर्ने मान्यताअनुरूप नेपालको योजनामा पनि ती लक्ष्यहरूलाई समावेश गरिएको छ। ती सहस्राब्दी विकास लक्ष्यमा बालबालिकाको हितसँग प्रत्यक्ष तथा अप्रत्यक्ष सम्बन्ध राख्ने निम्नानुसार व्यवस्था गरिएको छ।

लक्ष्य १: अति गरिबी तथा भोकमरी उन्मूलन गर्ने

- गन्तव्य १: सन् २०१५ सम्ममा दिनमा १ डलरभन्दा कम आम्दानी हुने जनताको प्रतिशत आधा पार्ने।
- गन्तव्य २: सन् २०१५ सम्ममा भोकमरीबाट पीडित जनताको अनुपात आधा पार्ने।

लक्ष्य २: विश्वव्यापी प्राथमिक शिक्षा प्राप्ति

- गन्तव्य ३: सन् २०१५ सम्ममा सबै बालबालिकाले प्राथमिक शिक्षा पाएका हुनेछन्।

लक्ष्य ३: लैङ्गिक समता तथा महिला सशक्तिकरण

- गन्तव्य ४: सन् २०१५ सम्ममा सबै तहमा लैङ्गिक विभेद अन्त्य भएको हुनेछ।

लक्ष्य ४: बाल मृत्युदर न्यूनीकरण

- गन्तव्य ५: सन् १९९० को तुलनामा सन् २०१५ सम्ममा पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले कम भएको हुनेछ।

लक्ष्य ५: मातृस्वास्थ्य सुधार

- गन्तव्य ६: सन् १९९० को तुलनामा मातृमृत्युदर तीन चौथाइले घटेको हुनेछ।

लक्ष्य ६: एचआईभी एड्स, औलो तथा अन्य रोगविरुद्धको सङ्घर्ष

- गन्तव्य ७: सन् २०१५ सम्ममा एचआईभी रोक्ने र यसलाई पूर्ववत् अवस्थामा फर्काउन सुरू गरिएको हुनेछ।

लक्ष्य ७: वातावरणीय दिगोपनाको सुनिश्चितता

- गन्तव्य १०: सन् २०१५ सम्ममा सुरक्षित खानेपानी तथा आधारभूत सरसफाइमा दिगो पहुँचबाट वञ्चित जनसङ्ख्याको अनुपात आधा घटेको हुनेछ।

लक्ष्य ८: विकासका लागि विश्वव्यापी साझेदारी निर्माण

विभेदरहित आर्थिक व्यापार तथा आर्थिक व्यवस्थाको विकास, अति कम विकसित तथा स-साना टापुहरूका विकासोन्मुख देशहरूका समस्यालाई सम्बोधन गर्ने आदि रहेका छन्।

यीबाहेक बालबालिकाका पक्षमा बालबालिकासम्बन्धी १० वर्षीय राष्ट्रिय कार्ययोजना (२०६१/६२-२०७१/७२) लागु भइरहेको छ भने गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि: २०६७ पनि लागु भइरहेको छ।

नोट: बालबालिकासम्बन्धी कानुनी प्रावधानहरूको विस्तृत विवरण अनुसूची दण्डमा समावेश गरिएको छ।

६ एकाइ

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान

युद्धरत् पक्षहरूले कुनै पनि बहानामा बालबालिकाको हक-हितलाई बेवास्ता गर्ने वा उनीहरूमाथि हिंसा थोपर्ने काम नगरून् भनेर "बालबालिका शान्ति क्षेत्र हुन्" भन्ने अवधारणाको विकास भएको हो। यो अवधारणा एउटा अभियानको महत्वपूर्ण कदम पनि हो, जसको उद्देश्य जस्तोसुकै परिस्थितिमा पनि बालअधिकारको संरक्षण गर्नु हो।

"बालबालिका शान्तिक्षेत्र हुन्" भन्नुको अर्थ सशस्त्र द्वन्द्वका सन्दर्भमा कुनै पनि परिस्थितिमा जुनसुकै पक्षबाट पनि बालबालिकालाई कुनै पनि ढङ्गले प्रयोग नगर्नु, पीडित नबनाउनु तथा पीडित हुनबाट हरसम्भव जोगाउनु हो। यस अभियानले बालबालिकालाई सशस्त्र द्वन्द्वसँग सम्बन्धित कुनै पनि क्षेत्रमा नलगाउनु, बालबालिका तथा उनीहरूका हकहित र उपयोगका निम्ति प्रयोग हुने ठाउँ, सेवा, सुविधा आदिलाई आक्रमणको निशाना नबनाउन दबाब दिन्छ। बालबालिकाको हित र उपयोगका निम्ति प्रयोग हुने त्यस्ता ठाउँ वा सेवाको स्वाभाविक सञ्चालनमा अवरोध सिर्जना नगर्न सम्बन्धित पक्षहरूलाई यस अभियानले सचेत पारिरहन्छ। यसका साथै पीडित भइसकेकाहरूका लागि प्राथमिकताका साथ उचित राहत तथा पुनर्स्थापनाको सहयोग उपलब्ध गराउनुजस्ता कार्यलाई पनि यस अवधारणाले समेट्छ।

बालअधिकारका क्षेत्रमा काम गर्ने मानवअधिकार रक्षकहरूको कार्य बालबालिकाको हकहितसँगै जोडिएको हुन्छ। त्यसैले "बालबालिका शान्ति क्षेत्र" हुन् भन्ने अवधारणा अर्न्तगत बालबालिकाको अधिकारका लागि कार्यरत मानवअधिकार रक्षक एवम् मानवअधिकार सङ्घसंस्थाहरूका गतिविधिमाथि कुनै द्वन्द्वरत पक्षले बाधा नपुऱ्याउनु पनि एक **अत्यावश्यक** सर्त हो।

शान्ति सबैका लागि अत्यावश्यक हुन्छ। हत्या, हिंसा, युद्ध विकासका लागि प्रतिकूल हुन्छन्। युद्ध मानवताविरोधी कार्य भएकोले यसले समाजको अहित गर्छ भन्ने तथ्य मानव सभ्यताको इतिहासमा बारम्बार प्रमाणित भइसकेको छ। मानव समाजको विकास एवम् खुशीयालीका निमित्त शान्तिको विकल्प छैन। शान्ति बालबालिकाका लागि त झन् अपरिहार्य हुन्छ। शानीतिबना उनीहरूको विकास सम्भव छैन। बालबालिकाका लागि न्याय शान्तिबाट मात्रै सम्भव हुन्छ।

सामान्य अवस्थाको तुलनामा द्वन्द्व वा युद्धका अवस्थामा बालअधिकारको हनन हुने सम्भावना बढी रहन्छ। त्यसैले युद्धकालमा बालबालिकाको अधिकारको रक्षा गर्नु चुनौतीपूर्ण कार्य हो। तर यो अत्यावश्यक हुन्छ। कतिपय अवस्थामा युद्ध रोक्न नसकिने भए तापनि त्यसका कारणले बालबालिकामा पर्ने प्रत्यक्ष वा अप्रत्यक्ष असरलाई भने रोक्नैपर्छ। अर्को शब्दमा भन्नुपर्दा, युद्ध हुँदै नहुनु वा हुन नदिनु राम्रो हो, भइहालेमा पनि बालबालिकाको संरक्षण भने गर्नैपर्छ।

बालबालिका शारीरिक तथा मानसिक दुवै तवरले अपरिपक्व हुन्छन्। उनीहरू आफ्नो स्याहार तथा सुरक्षा आफैँ गर्न सक्दैनन्। सानोभन्दा सानो घटना-दुर्घटनाले पनि उनीहरूमाथि वयस्कहरूको तुलनामा बढी गम्भीर असर पार्छ। त्यसैले सामान्य अवस्थामा पनि बालबालिकाको उचित स्याहार र सुरक्षा अरूकै कर्तव्यका रूपमा रहेको हुन्छ। हिंसात्मक युद्ध चर्केको समय त बालबालिकाका लागि अझ पीडादायी हुने गर्छ। घरपरिवार, समुदाय वा देशमा कुनै प्रकारको हिंसा वा सशस्त्र सङ्घर्ष हुन गयो भने त्यसको सबैभन्दा ठूलो असर बालबालिकालाई नै पर्ने गर्छ। यसबाट उनीहरूलाई बचाउन "बालबालिका शान्ति क्षेत्र हुन्" भन्ने अवधारणा सबैले स्वीकार गर्नु जरूरी छ।

बालबालिकामाथि प्रतिकूल असर परेमा त्यसको असर दुरगामी हुन्छ। उनीहरूलाई उपयुक्त वातावरणमा हुर्काउन सकिएमा मात्र भोलि उनीहरू देश विकासका मेरूदण्ड बन्न सक्छन्। त्यसैले समग्र देशको भविष्य बालबालिकाको भविष्यसँग गाँसिएको हुन्छ। बालबालिकाको वर्तमान सुरक्षित भए मात्र उनीहरूको भविष्य उज्ज्वल हुन सक्छ। बालबालिकाको वर्तमान सुरक्षित बनाउने भन्नुको अर्थ उनीहरूको अधिकारको रक्षा हो। उनीहरूको अधिकारको सुरक्षा शान्तिबिना असम्भव भएकाले बालबालिकालाई शान्तिक्षेत्रका रूपमा ग्रहण गरिन अपरिहार्य भएको हो।

शान्ति बालबालिकाको नैसर्गिक अधिकार हो, त्यसैले जस्तोसुकै सङ्कटको बेलामा पनि यो सुनिश्चित हुनुपर्छ। त्यसैले बालअधिकारको संरक्षण गर्नुपर्ने दायित्व भएका जिम्मेवार पक्षहरूको भूमिका यस्तो बेलामा झनै महत्वपूर्ण हुन्छ। शान्ति बालबालिकाका लागि अपरिहार्य एवम् आधारभूत अधिकार भएकाले युद्धकालमा पनि उनीहरूलाई युद्धबाट कसरी जोगाउने भन्ने विषयमा जिम्मेवार पक्षहरू क्रियाशील हुनैपर्छ।

बालबालिकालाई शान्तिपूर्ण वातावरणमा हुर्काउनमा समाज, समुदाय, परिवार सबैको भूमिका महत्वपूर्ण हुन्छ। बालबालिकाको सरोकार, रेखदेख एउटा घरपरिवार र समूहले मात्र गर्न सक्दैन किनभने समाज शान्तिपूर्ण बनाइराख्नु कुनै एकपक्षको क्षमताले मात्र भ्याउने कुरा होइन। खासगरी सशस्त्र द्वन्द्वको सन्दर्भमा कुरा गर्ने हो भने द्वन्द्वरत् पक्षहरू बालबालिकालाई शान्तिक्षेत्रका रूपमा मान्न सहमत नभई शान्तिसँग बाँच्न पाउने बालबालिकाको नैसर्गिक अधिकारले मूर्तरूप लिन सक्दैन।

बालबालिकामा आफ्नो अधिकार के कति हो भन्ने ज्ञान र स्वयम् उपभोग गर्ने सामर्थ्य हुँदैन। बालबालिका आफ्ना अधिकारका लागि स्वयम् लड्न असमर्थ हुने भएकाले पनि समाजमा बालअधिकारको प्रत्याभूति सजिलो छैन। त्यसैले बालअधिकारका सन्दर्भमा राज्य, समाज, समुदाय, परिवार आदिको भूमिका जहिले पनि महत्वपूर्ण हुने गर्छ। बालबालिका तथा उनीहरूका हकहित र उपयोगका लागि प्रयोग हुने ठाउँ सेवा, सुविधा आदिलाई शान्तिको छत्रछायामा राख्नु सिङ्गो समाज एवम् राज्यको कर्तव्य हो। बालबालिकाका अधिकारको संरक्षण गर्ने दायित्वबाट जिम्मेवार पक्षहरू विमुख नहोऊन् भनी सचेतकको भूमिका मानवअधिकार रक्षकहरूले निर्वाह गर्नुपर्छ।

राज्य, समाज, समुदाय, परिवार तथा मानवअधिकार रक्षकहरू मात्र होइनन्, द्वन्द्वरत् पक्षहरूसमेतको सकारात्मक भूमिकाले मात्र बालबालिका शान्तिक्षेत्रका रूपमा मान्यता दिइनुपर्ने, बालबालिकालाई युद्धबाट पृथक् राखिनुपर्ने तथा उनीहरूमाथि युद्धको असर परि नै हाल्यो भने पनि राहत तथा पुनर्स्थापनामा विशेष ध्यान पुऱ्याउनु पर्ने मागहरू "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने अवधारणालाई सुदृढ बनाउन उठेका हुन्।

नेपालमा "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने अभियानको पृष्ठभूमिका रूपमा हामी सन् २००१ मा सेभ द चिल्ड्रेन नर्वे- नेपाल कार्यक्रमले अगाडि सारेको "विद्यालय शान्ति क्षेत्र हो" भन्ने अवधारणालाई लिन सक्छौँ। यसैको अनुकरण गर्दै सन् २००२ मा केही मानवअधिकार संस्थाहरूले "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने **पैरवी** अभियानलाई अगाडि बढाए। बालबालिकालाई शान्तिक्षेत्रका रूपमा घोषणा गर्न सन् २००२ मा चारवटा प्रमुख राजनीतिक दलहरू नेकपा (एमाले), नेपाली काङ्ग्रेस, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) र राष्ट्रिय प्रजातन्त्र पार्टी सहमत भए। यसैक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको संलग्नतामा बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियानको थालनी भयो। यो राष्ट्रिय अभियानमा बालबालिकाका साथमा उनीहरूका लागि प्रत्यक्षरूपमा काम गर्दै आएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी, मानवअधिकार तथा मानवतावादी संस्था वा क्लबहरू समेतको सहभागिता रहेको छ।

यिनै विभिन्न सङ्घसंस्थाको पहलमा नेपाल सरकारले मिति २०६८ जेठ ११ गते विद्यालय शान्तिक्षेत्र घोषणा गरी विद्यालय शान्तिक्षेत्र घोषणा निर्देशिका, २०६८ जारी गऱ्यो। सो निर्देशिकाले विद्यालयभित्र कुनैपनि राजनीतिक गतिविधिहरू गर्न नपाइने, राजनीतिक कारणले विद्यालय बन्द नगर्ने, विद्यालय गइरहेका स्कूल बसहरूलाई बन्दको निशाना नबनाउने तथा आक्रमण नगर्ने आदि प्रावधानहरूको व्यवस्था गऱ्यो। सरकारले विद्यालय शान्तिक्षेत्र घोषणा गरे तापनि त्यसको पूर्णत: कार्यान्वयन हुन सकिरहेको छैन। विभिन्न राजनीतिक दल, तिनीहरूका भातृसङ्गठनका कार्यकर्ता

लगायतले मात्र नभई कतिपय अवस्थामा बालबालिकालाई शिक्षकहरू स्वयम्ले विभिन्न मागहरू राखी गरिएका आन्दोलनबाट विद्यालयहरू बन्द भई धेरै बालबालिकाको पठनपाठन अबरूद्ध भइरहेको छ।

बालबालिका शान्तिक्षेत्र घोषणा भए तापनि त्यसको पूर्णत: कार्यान्वयनका लागि बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको निरन्तरता अपरिहार्य छ भने सो अभियानको कार्यान्वयनका लागि यो अभियानले के के कार्य गर्छ भन्ने बारेमा जानकारी हासिल गर्नुपनि आवश्यक छ।

"बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान" ले गर्ने कार्यहरू

- "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने अभियानलाई हरेक तहमा सबै माध्यमबाट प्रवर्धन गर्नु।
- बालबालिकामाथि सशस्त्र द्वन्द्वको प्रभावबारे सहकर्मीहरूको सहयोगमार्फत सूचना तथा जानकारी सङ्ग्रह गर्नु।
- राष्ट्रिय अभियानका गतिविधिसम्बन्धी प्रकाशन तयार पारी वितरण गर्नु तथा सशस्त्र द्वन्द्व प्रभावित बालबालिकासम्बन्धी कार्यरत संस्थाहरूको सूची बनाउनु।
- सशस्त्र द्वन्द्वमा संलग्न पक्षहरूसमक्ष मानवअधिकार सम्झौता तथा आचारसंहिताका लागि पैरवी गर्नु।
- बालबालिकाको पर्याप्त संरक्षण भइरहेको छ/छैन तथा द्वन्द्वरत पक्षहरूले आचारसंहिता पालना गरिरहेका छन्/छैनन् भन्ने हेर्न मानवअधिकार सुपरिवेक्षकहरूको क्षमता अभिबृद्धि गर्नु।
- राष्ट्रिय मानवअधिकार आयोगमा बालअधिकारका लागि सम्पर्क केन्द्र/समाधीक्षकको दरबन्दी सिर्जना गरी कार्य गर्नका लागि पैरवी गर्नु।

मानवीय सेवामा पहुँच

- शैक्षिक सामग्रीजस्ता आधारभूत सामग्रीको आपूर्ति सहज बनाउन पैरवी गर्ने।
- सशस्त्र द्वन्द्व प्रभावित क्षेत्रमा विकास कार्यकर्ता तथा संस्थाहरूको उपस्थितिका लागि पैरवी गर्ने

आन्तरिकरूपमा विस्थापित बालबालिका

- बालबालिकालाई उनीहरूको परिवारसहित उद्धार गर्न र पछि सम्भव भएसम्म उनीहरूलाई उनीहरूकै मूल थलोमा पुन:स्थापित गर्न जोड दिने।
- आन्तरिक रूपमा विस्थापित बालबालिकाको पढाइमा सम्भव भएसम्म छिटो औपचारिक वा अनौपचारिक कार्यक्रमबाट भए पनि निरन्तरता दिने।
- विस्थापित बालबालिकालाई उनीहरूका परिवारसँग पुन:एकीकरण गराउनका लागि परिवार खोजबिन कार्यलाई सुदृढ गर्ने।

स्वास्थ्य

- विशेषगरी बालबालिका, गर्भावस्थाका तथा स्तनपान गराइरहेका आमाहरूका लागि आधारभूत प्रतिरोधात्मक तथा उपचारात्मक स्वास्थ्य स्याहार सेवा प्रवर्धन गर्ने।
- खोप दिवसजस्ता अवसरहरूमा हतियार बिसाई सेवा प्रदान गर्न शान्ति दिवस घोषणा गर्न द्वन्द्वमा संलग्न पक्षहरूसमक्ष पैरवी गर्ने।

शिक्षा

- मानवीय सहयोगको अभिन्न अङ्गका रूपमा शिक्षालाई प्रवर्धन गर्ने।
- शिक्षकहरूका लागि "शिक्षा आचारसंहिता" तयार गर्न तथा त्यसलाई लागु गराउनका लागि सम्बन्धित सहकर्मीहरूसँग आग्रह गर्ने।
- हरेक विद्यालयमा "शान्ति शिक्षा" प्रारम्भ तथा प्रवर्धन गर्ने।
- अभिभावक गुमाएका बालबालिकाका लागि नि:शुल्क शिक्षा उपलब्ध गराउन पैरवी गर्ने।

मनोसामाजिक उपचार तथा सामाजिक पुन:एकीकरण

- सशस्त्र द्वन्द्वबाट पीडित भएका तथा आन्तरिकरूपमा विस्थापित भएका बालबालिकालाई उनीहरूकै समुदायमा पुन:एकीकरण गर्ने कार्यलाई प्रवर्धन गर्ने, सङ्कटमा परेका बालबालिकाका लागि मनोसामाजिक सेवाको प्रवर्धन गर्ने।

सशस्त्र द्वन्द्वका क्रियाकलापमा संलग्न बालबालिका

- सशस्त्र द्वन्द्व या यससम्बन्धी कार्यका लागि १८ वर्षभन्दा मुनिका बालबालिकालाई भर्ती गरे/नगरेको अनुगमन गरी उनीहरूको उद्धार तथा पुनर्स्थापना लागि पैरवी गर्ने।

क्षमता विकास

- द्वन्द्वप्रभावित बालबालिकाको क्षेत्रमा कार्यरत सङ्घसंस्था तथा यस अभियानका सदस्यहरूको क्षमता विकासका कार्यहरू गर्ने।
- द्वन्द्वमा संलग्न पक्षहरूलाई बालअधिकारसम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय मानवीय कानुनहरू तथा द्वन्द्व समाधानसम्बन्धी सवालहरूबारे चेतनशील बनाउने।

जमिनमा गाडिएका विस्फोटक पदार्थ तथा विस्फोट नभएका युद्धसामग्री

- द्वन्द्वमा संलग्न दुवै पक्षलाई विस्फोटक पदार्थ विछ्र्याइएका क्षेत्रमा चिह्न लगाउन तथा सफा गराउन पैरवी गर्ने

७ एकाइ

बाल मनोविज्ञान र शिक्षा

बालअधिकारको संरक्षण, संबर्द्धन तथा बालबालिकाद्वारा बालअधिकारको उपभोगमा शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ। बालबालिकाले आफ्नो परिवारपछि सबैभन्दा धेरै समय विद्यालयमा बिताउँछन्। उनीहरूको भविष्य निर्माणको मुख्य प्रयोगशाला विद्यालय नै हो। तसर्थ विद्यालयका शिक्षकहरू बालबालिकाकाका अभिभावक हुन् र उनीहरूले बालबालिकाको मनोविज्ञान बुझेर शिक्षण सिकाइ क्रियाकलापका साथै अन्य क्रियाकलापहरू पनि सम्पन्न गर्नुपर्छ। भनिन्छ, बालबालिका काँचो माटो हुन् भने शिक्षकहरू त्यो माटोबाट सुन्दर सामग्री तयार गर्ने मानिस हुन् अर्थात जसरी कुमालेले काँचो माटोबाट कस्तो सामग्री तयार गर्छ भन्ने कुरा उसैले निर्धारण गर्नुपर्छ त्यसरी नै शिक्षकले पनि बालबालिकालाई कसरी कस्तो जनशक्तिको रूपमा अघि बढाउने भन्ने कुराको निर्धारण गर्नुपर्छ। हरेक शिक्षकले बालबालिकाको रूची चाहना आदिलाई बुझ्नैपर्ने हुन्छ अर्थात बालबालिकाका भित्री कुराहरू शिक्षकले थाहा पाउनैपर्छ। तसर्थ शिक्षक एउटा मनोवैज्ञानिक पनि हो। यदि त्यसो हो भने मनोविज्ञान भनेको के हो त? मनोविज्ञान भनेको कुनै पनि व्यक्तिले वातावरणको सम्पर्कमा आएर देखाउने व्यवहारको अध्ययन हो। यसले कुनैपनि व्यक्तिले प्रदर्शन गर्ने समग्र व्यवहारलाई जनाउँछ। मनोविज्ञान दुई किसिमका हुन्छन्:

(क) सैद्धान्तिक मनोविज्ञान
(ख) व्यवहारिक मनोविज्ञान

सैद्धान्तिक मनोविज्ञान अन्तरगत सामान्य मनोविज्ञान, विकासात्मक मनोविज्ञान, बाल मनोविज्ञान, वयस्क मनोविज्ञान, असाधारण मनोविज्ञान आदि पर्छन् भने व्यवहारीक मनोविज्ञानअर्न्तगत शिक्षा मनोविज्ञान, चिकित्सा मनोविज्ञान, कानुनी मनोविज्ञान, औद्योगिक मनोविज्ञान, वाणिज्य मनोविज्ञान आदि पर्छन्। यी मध्ये औपचारिक या अनौपचारिक शिक्षाका क्षेत्रमा काम गर्ने व्यक्तिहरूले भने शिक्षा मनोविज्ञानको अध्ययन गर्नु आवश्यक हुन्छ।

शिक्षा मनोविज्ञान अन्तरगत बालबालिका, किशोर-किशोरी वा लक्षित समूहले शैक्षिक परिवेशमा प्रदर्शन गर्ने व्यवहारको अध्ययन गर्ने गरिन्छ। यसमा सामान्य मनोविज्ञान, विकासात्मक मनोविज्ञान, बाल तथा किशोरावस्थाको मनोविज्ञान लगायत सैद्धान्तिक कुराहरूलाई शिक्षण सिकाइमा व्यवहारिक ढङ्गले कसरी प्रयोग गर्ने भन्ने कुरामा जोड दिइएको हुन्छ। त्यसैले यहाँ बालबालिकाको मनोविज्ञानको कुरा गर्दा शैक्षिक परिवेशमा बालबालिकाले प्रदर्शन गर्ने व्यवहारका रूपमा शिक्षा मनोविज्ञानको चर्चा गरिन्छ।

शिक्षा मनोविज्ञानका क्षेत्रहरू

- मानव विकास
- सिकाई प्रक्रिया र सिद्धान्त
- मूल्याङ्कन प्रक्रिया
- उत्प्रेरणा
- बालअपराध आदि।

मानिसहरूले प्रदर्शन गर्ने व्यवहारहरू अवस्था अनुसार फरक फरक हुन्छन्। त्यसैले एउटा व्यक्तिले कुन कुन विषय कसरी सिक्दछ भन्ने कुरा उसको विकासात्मक ढाँचामा भर पर्छ। शिक्षा क्षेत्रमा काम गर्ने प्रत्येक व्यक्तिले व्यक्तिका विकासात्मक ढाँचा (मानव विकास) का बारेमा जानकारी राख्नु अति आवश्यक छ।

गर्भधारणदेखि जीवनको शुरूवात हुन्छ। यसरी जीवनको शुरूवात भएदेखि मृत्यु नहुँदासम्म व्यक्तिमा आउने क्रमबद्ध र प्रगतिशील परिवर्तनलाई नै मानव विकास भनिन्छ। यो परिवर्तन परिमाणात्मक र गुणात्मक दुवै हुन सक्छ। तर, परिमाणात्मकरूपमा भएको परिवर्तन विकास नभइकन बृद्धि मात्रै हो। एउटा शिक्षकले विद्यार्थीको मनोविज्ञान बुझ्नका लागि कुन उमेरमा मानिस कस्तो हुन्छ भन्ने कुरा बुझ्नु पर्छ। मानव जीवनमा उमेर अनुसारका भिन्न भिन्न अवस्थाहरू हुन्छन् भने ती अवस्थाहरू सँगसँगै मानवीय व्यवहारमा पनि विविध परिवर्तनहरू देखा पर्छन्।

मानव विकासका अवस्थाहरू

मानव विकासका अवस्थाहरूलाई जन्मपूर्वको अवस्था र जन्मपछिको अवस्था भनेर दुई भागमा बाँड्न सकिन्छ।

१. जन्मपूर्वको अवस्था

बालबालिका जन्मनुभन्दा अघिको अवस्थालाई जन्मपूर्वको अवस्था भनिन्छ। जन्मपूर्वको अवस्थालाई तीन भागमा विभाजन गर्न सकिन्छ:

क. जाइगोटको अवस्था- गर्भधारणदेखि १४ दिनसम्मको अवस्थालाई जाइगोटको अवस्था भनिन्छ।

ख. भ्रुणावस्था- गर्भाधारण भएको २ हप्तादेखि २ महिनासम्मको अवधिलाई भ्रुणावस्था भनिन्छ।

ग. फेटसको अवस्था- गर्भाधारणपछिको २ महिनादेखि बच्चा नजन्मेसम्मको अवस्थालाई फेटसको अवस्था भनिन्छ।

२. जन्मपछिको अवस्था

क. नवजात शिशु अवस्था

बालबालिका जन्मेदेखि दुई हप्तासम्मको अवस्थालाई नवजात शिशु अवस्था भनिन्छ। यो अवस्थालाई दुई भागमा विभाजन गरिएको छ।

- Pertunate (परच्युनेट) बालकजन्मेपछि सालनाल नकाटुञ्जेलसम्मको अवस्थालाई परच्युनेट अवस्था भनिन्छ। यो अवस्था बढीमा ३० मिनेटसम्मको अवस्था हो।
- Neonate (नियोनेट) यो अवस्था सालनाल काटिसकेपछि दुई हप्तासम्मको अवस्था हो।

नवजात शिशु अवस्थाका विशेषताहरू

- **समायोजन हुने अवस्था**

नवजात अवस्थामा बालबालिकाले सास फेर्न, खानेकुरा चुस्न, निल्न, दिसा-पिसाब गर्न र बाहिरी तापक्रमसँग समायोजन हुनुपर्छ।

- **मानवजीवनको सबैभन्दा छोटो अवस्था**

यो अवस्था बालबालिका जन्मेदेखि दुई हप्तासम्म मात्रै रहन्छ। मानव जीवनका अन्य अवस्थाहरूसँग तुलना गर्दा यो सबैभन्दा कम समयसम्म रहने अवस्था हो।

- **शारीरिक विकासको रोकावट (पठार) को अवस्था**

यो अवस्थामा कुनै पनि बालबालिकाका कुनै पनि विकासको गतिमा अवरोध आउँछ अर्थात कुनैपनि अङ्गहरूको विकास हुँदैन

- **भावी जीवनको प्रारम्भिक झलक देखाउने अवस्था**

यो अवस्थालाई हेरेर बालबालिका भविष्यमा कस्तो हुन्छ भनेर अनुमान गर्न सकिन्छ।

- **सङ्कटकालीन अवस्था**

जन्मपूर्व आमाकै अङ्गको सहाराबाट चुस्ने निल्ने तथा उत्सर्जन क्रिया गरिरहेका बालबालिकालाई बाहिरी वातावरणमा समायोजन हुनका लागि गाह्रो हुन्छ भने कतिपय बालबालिकाको मृत्यु समेत हुने गर्छ।

ख. शैशव अवस्था

बालबालिका जन्मेको दुई हप्तादेखि दुई वर्षसम्मको अवस्थालाई शैशव अवस्था भनिन्छ। यो अवस्थाका विशेषताहरू निम्नानुसार छन्:

- **आधारशीलाको अवस्था-** यो अवस्थामा बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, पारिवारिक, नैतिकतासम्बन्धी विकास हुन थाल्छ जसले गर्दा बालबालिका भविष्यमा कस्तो होला भनेर अनुमान लगाउन गर्न सकिन्छ।
- **तीव्र बृद्धि तथा परिवर्तनको अवस्था-** नवजात अवस्थामा अवरुद्ध भएको बालबालिकाका अङ्गहरूको विकास यो अवस्थामा तीव्र गतिमा सञ्चालन हुन्छ।
- **घट्दो निर्भरताको अवस्था-** नवजात अवस्थामा जस्तो यो अवस्थाका बालबालिका पूर्णरूपमा अरूमाथि भर पर्दैनन्। उनीहरूले बामे सर्ने, सामान्य हिड्ने आदि काम आफैँ पनि गर्न सक्छन्।
- **बढ्दो वैयत्तिकताको अवस्था-** यो अवस्थाका बालबालिका धेरै कुराहरू आफैँले गर्न सक्छु भन्ने ठान्दछन् भने केही कामहरू उनीहरूले गर्न शुरू गर्छन्।
- **सामाजिकीकरणको शुरुवातको अवस्था-** यो अवस्थाका बालबालिका विस्तारै समाजका अन्य सदस्यहरूसँग घुलमिल हुन थाल्छन्।
- **अवस्था यौन भूमिका निर्धारण गर्ने अवस्था-** यो अवस्थाका बालबालिकाले आफू केटा हो वा केटी के हो र के-के काम आफूले गर्ने भन्ने बारेमा सामान्य जानकारी प्राप्त गर्छन।
- **आकर्षक अवस्था-** यो अवस्थाका बालबालिकालाई सबैले मन पराउने काखमा लिने गर्छन्।
- **सिर्जनात्मकताको शुरुवातको अवस्था-** यो अवस्थाका बालबालिका विभिन्न सामग्रीहरू आफैँ बनाउन रूचाउने गर्छन्।
- **सङ्कटकालीन अवस्था-** बाहिरी वातावरणमा हिड्न चाहने र शारीरिक अङ्गहरू पूर्ण रूपमा परिपक्व भई नसक्ने भएकाले यो अवस्थाका बालबालिकामा चोटपटक लाग्नसक्छ।

ग. पूर्वबाल्यावस्था

बालबालिका जन्मेको दुई वर्षदेखि छ वर्षसम्मको अवस्थालाई पूर्वबाल्यावस्था भनिन्छ। यो अवस्थाका निम्न विशेषताहरू हुन्छन्

- **पूर्वबाल्यावस्था समस्यामूलक अवस्था-** यो अवस्थाका बालबालिका अनावश्यकरूपमा झगडा गर्ने तथा अरूलाई नटेर्ने गर्छन् जसको कारणले उनीहरूका आमबुवालाई धेरै समस्या हुनसक्छ।

- **खेलौनाको अवस्था-** यो अवस्थाका बालबालिका विभिन्न खेलहरू खेल्न मन पराउने र अधिकाङ्श समय खेलौना सँगै बिताउन चाहन्छन्।
- **पूर्वविद्यालयको अवस्था-** यो अवस्था विद्यालय भर्ना गर्ने उमेरभन्दा अघिको अवस्था हो। यो अवस्थाको अन्त्यतिर बालबालिका विद्यालयमा भर्ना हुन योग्य हुन्छन् अर्थात उनीहरू विद्यालय जान सुरू गर्छन्।
- **पूर्वबालसमूहको अवस्था-** यस अवस्थाको अन्त्यतिर बालबालिका समूहमा आबद्ध हुन सुरू गर्छन भने यो अवस्थाको प्रारम्भमा उनीहरू विस्तारै बालसमूहप्रति आकर्षित हुन्छन्।
- **अन्वेषणात्मक एवम् जिज्ञासु अवस्था–** यो अवस्थाका बालबालिका समाजमा हुने र देखिने हरेक कुराहरू किन र कसरी हुन्छन् होला भनेर खोजी गर्छन् भने ती खोजहरूलाई मेटाउनका लागि ठूला मानिसहरूसँग जिज्ञासा राख्ने गर्छन्।
- **अनुकरणात्मक अवस्था–** यो अवस्थाका बालबालिका घरपरिवारका सदस्यहरू जस्तै: आमा, बुवा, दाजु, काका आदिको बोली व्यवहारको अनुकरण अर्थात नक्कल गर्छन्।

घ. उत्तर बाल्यावस्था

मानव जीवनको छ वर्षदेखि बाह्र वर्षसम्मको अवस्थालाई उत्तर बाल्यावस्था भनिन्छ। यो अवस्थाका निम्न विशेषताहरू हुन्छन्:

- **उत्तर बाल्यावस्था दुःख दिने वा सताउने अवस्था हो-** यस अवस्थाका बालबालिका आफ्ना आमाबुवाले भनेको नमान्ने, सताउने गर्छन्।
- **यो फोहोरी अवस्था हो-** यो अवस्थाका बालबालिका आफ्ना लुगा, कापी, कलम, कोठालगायत कुनै चीजको पनि जतन गर्दैनन् भने उनीहरू ती वस्तुहरूलाई च्यात्ने जहाँ तहीँ फ्याँक्ने, धुलोमैलोमा खेल्ने आदि गर्छन।
- **यो झगडालु अवस्था हो-** यो अवस्थाका बालबालिका आफ्ना दाजुभाइ, दिदीबहिनी, साथीहरूसँग विभिन्न कारणले त कहिले बिना कारण पनि झगडा गर्ने गर्छन्।
- **यो नाजुक अवस्था हो-** विभिन्न खालका साथी तथा ठूला मान्छेहरूको सङ्गतको कारणले यो अवस्थाका बालबालिकाले खराब कुराहरू सिक्न सक्ने सम्भावनाहरू बढी हुन्छ।
- **यो अवस्था खेल खेल्न रूचाउने अवस्था हो-** यो अवस्थाका बालबालिका विभिन्न खेलहरू जस्तो विभिन्न कागजहरू सङ्कलन गरेर सामग्रीहरू बनाउने, गट्टी खेल्न रूचाउने आदि गर्छन्।

यो अवस्थाका बालबालिकाले खेल्ने खेलहरूलाई पाँच समूहमा विभाजन गर्न सकिन्छ।

१. **रचनात्मक खेल-** यो खेलसमूहमा माटो, काठ, ढुङ्गा, कागज आदिबाट वस्तुहरू निर्माण गर्ने, चित्रकोर्ने रङ्ग लगाउने, माटोको आकृति बनाउने, गीत गुनगुनाउने आदि पर्छन्।

२. **वस्तुहरू सङ्कलन गर्ने खेल–** यो खेलसमूहमा हुलाक टिकट, काठका टुक्रा, विभिन्न ढुङ्गाका टुक्रा आदि सामग्रीहरू भेला गरेर खेल्ने खेलहरू पर्छन्।

३. **शारीरिक परिश्रम पर्ने खेलहरू (खेलकुद)**–यो खेलसमूहमा फुटबल, भलिबल, टेनिस, रिङ आदि पर्छन्।

४. **मनोरञ्जनात्मक खेल–** यो खेल समूहमा बालपत्रिका, कार्टुन हेरेर तथा विभिन्न मनोरञ्जनात्मक विषयवस्तु पढेर सोही अनुसारका खेलहरू खेल्ने आदि पर्छन्।

५. **दिवास्वप्न देख्ने खालका खेलहरू–** यो खेलसमूहमा खेल खेल्ने साथीहरू नपाएको बेलामा आफ्नो मनमा नै विभिन्न खेलहरूको कल्पना गरी आफैँ एकान्तमा बसेर मख्ख पर्ने तथा मनमा नै हराउने खेलहरू पर्छन्।

ङ. प्रौढावस्था

यो अवस्था १०/११ वर्षको उमेरदेखि १२/१३ वर्षको उमेरसम्मको अवस्था हो। यसका विशेषताहरू निम्नानुसार छन्:

- **प्रौढावस्था छोटो अवस्था हो-** यो अवस्था नवजात अवस्थापछिको मानव जीवनको सबैभन्दा छोटो अवस्था हो। यो अवस्था बढीमा तीन वर्ष र कम्तिमा दुई वर्ष रहन्छ।
- **तीव्र बृद्धि तथा परिवर्तनको अवस्था हो-** यो अवस्थामा बालबालिकाको शारीरिक, मानसिक, यौन विशेषता आदिको बृद्धि तीव्र गतिमा हुन्छ।
- **यो खप्टिएको अवस्था हो-** यो अवस्थाको सुरूको अवस्था उत्तर बाल्यावस्था भित्र पर्छ भने अन्तिम अवस्था किशोरावस्थामा पर्छ।
- **यो अवस्था विभिन्न भागमा विभाजित हुने अवस्था हो-** यो अवस्थालाई पूर्वयौवन अवस्था, यौवन अवस्था र उत्तर यौवन अवस्था गरी तीन भागमा विभाजन गर्न सकिन्छ।
- **यो अवस्था नकारात्मक अवस्था हो-**यो अवस्थामा शारीरिक बृद्धि तथा विकास आकस्मिकरूपमा हुने हुँदा उनीहरूमा अधैर्यता आउने, मनोवैज्ञानिक सङ्कटहरू उत्पन्न हुने आदि हुन्छन्। जसले गर्दा उनीहरूमा भय, तनाव, दिक्दारी आदि उत्पन्न हुनसक्छ।

च. किशोरावस्था:

सामान्यतया: १३ वर्षदेखि १८ वर्षसम्मको अवस्थालाई किशोरावस्था भनिन्छ। यो अवस्था बालिकाहरूको तुलनामा बालकरूमा केहि ढिलो सुरू हुन्छ अर्थात बालिकाहरू १३ वर्षदेखि नै किशोरावस्थामा प्रवेश गर्छन् भने बालकहरू १४ वर्षदेखि प्रवेश गर्दछन्। यो अवस्थाका विशेषताहरूलाई निम्नानुसार देखाउन सकिन्छ:

- **यो अवस्था सङ्क्रमणकालीन अवस्था हो-** यो अवस्थाका बालबालिका पूर्णरूपमा वयस्क भइसकेका हुँदैनन भने उनीहरूले बाल्यावस्थाका बानी व्यवहारहरू पनि छोडिसकेका हुदैनन्। कतिपय बालबालिकामा बाल्यवस्थाकै बानी व्यवहारहरू पछिसम्म दोहोरिन सक्छ।
- **किशोरावस्था अनिश्चयको अवस्था हो-** यो अवस्थाका बालबालिका कतिपय अवस्थामा आफ्नो क्षमताको योजना नै नगरी ठूलाठूला काम गर्ने कल्पना गर्छन्।

- **यो अवस्था समस्याको अवस्था हो-** यो अवस्थाका बालबालिकाले कतिपय अवस्थामा आफ्नो समस्या आफैँ सुल्झाउने प्रयास गर्दा पुन: अर्को समस्या थप्न सक्छन्।
- **किशोरावस्था परिवर्तनको अवस्था हो-** यो अवस्थामा शारीरिक, मानसिक, संवेगात्मक, यौनिक परिवर्तनहरू देखा पर्छन्।
- **यो अवस्था आफ्नो परिचय आफैँ खोज्ने अवस्था हो-** यो अवस्थाका बालबालिका समाजमा म को हुँ? मेरो भूमिका के हो? आदि जस्ता विषयमा आफ्नो परिचय खोज्छन्।
- **यो दिवास्वप्नको अवस्था हो-** यो अवस्थाका बालबालिका आफू ठूलो मान्छे भएको, माथिमाथि उडेको जस्ता कल्पना गर्छन् र आफैँ भित्रभित्रै मख्ख पर्ने गर्छन्।
- **यो अवस्था वयस्क अवस्थाको सङ्घारको अवस्था हो-** यो अवस्थामा वयस्क अवस्था (जुन यो अवस्था पछिको अवस्था हो) मा देखापर्ने केही परिवर्तनहरू पनि देखा पर्न थाल्छन्।
- **किशोरावस्था महत्वपूर्ण अवस्था हो-** मानव जीवनका सबै अवस्थाहरू महत्वपूर्ण अवस्था भए तापनि यो अवस्थामा बालबालिका नराम्रो क्रियाकलापमा फस्ने, कुलतमा लाग्ने आदि सम्भावना भएका कारणले उनीहरूको विशेष ख्याल गर्नुपर्छ।

यी बाहेक मानव जीवनका अन्य अवस्थाहरू निम्न रहेका छन्:

- प्रारम्भिक किशोरावस्था
- उत्तर किशोरावस्था
- वयस्क अवस्था
- मध्यम अवस्था
- वृद्धावस्था

शिक्षकको दायित्व

शिक्षकले माथि उल्लेखित भिन्नभिन्न उमेर समूहका बालबालिकाका विशेषताहरूलाई बुझी उनीहरूका विशेषता, रूची, क्षमताअनुसारको व्यवहार गर्नुपर्छ। यदि बालबालिकाका उल्लेखित अवस्थाका विशेषताहरूको शिक्षकले जानकारी नराखिकन शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने प्रयास गर्ने हो भने बालबालिका र शिक्षककाबीचमा राम्रो सम्बन्ध हुनसक्दैन। यी उमेरगत विशेषताहरूका साथै बालबालिकाका उमेर अनुसार आउने विकासात्मक परिवर्तनहरू, उनीहरूका रूची आदिलाई पनि शिक्षकले ध्यान दिनु जरूरी हुन्छ। समग्रमा बालबालिकाका व्यवहारहरूलाई निम्नानुसार देखाउन सकिन्छ।

१) बालबालिका एकै ठाउँमा धेरै बेर बस्न रूचाउँदैनन्।
२) उनीहरू विभिन्न सामग्रीहरू सङ्कलन गरी सिर्जनात्मक कार्य गर्न उत्सुक हुन्छन्।
३) बालबालिका अरू व्यक्तिहरूको नक्कल गर्न मन पराउँछन्।
४) कुनै बालबालिका बढी बोल्ने र कुनै कम बोल्ने हुन्छन्।
५) बालबालिकामा प्रतिस्पर्धाको भावना बढी हुन्छ। आदि

माथि उल्लेखित व्यवहार र स्वभाव भएका बालबालिकालाई निम्न क्रियाकलाप गराउनुपर्ने हुन्छ:

१) शारीरिक अभ्यास गराउने, खेलको माध्यमबाट गीत गाउन र नाच्न सिकाउने।

२) सामग्री सङ्कलन गर्न लगाउने र सङ्कलित सामग्रीहरूलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्ने।

३) चित्र कोर्न, रङ्ग भर्न, नमुना बनाउन लगाउने।

४) अभिनय, सम्वाद तथा विभिन्न जनावर र चराचुरुङ्गीहरूको आवाज नक्कल गर्न लगाउने।

५) सोधेका प्रश्नहरूको उत्तर झर्को नमानी दिन र प्रश्न गर्न प्रोत्साहित गर्ने।

६) परीक्षा, अतिरिक्त क्रियाकलापहरू तथा अन्य कार्यक्रमहरू गराएर बालबालिकामा लुकेर रहेको प्रतिभालाई प्रस्फुटित गर्न सहयोग गर्ने।

बालबालिका शारीरिक तथा मानसिक दृष्टिले अपरिपक्व हुने भएकाले उनीहरूले आफैँ ज्ञानका कुराहरू जानिसकेका हुँदैनन्। उनीहरूलाई ती कुराहरूका बारेमा अरूले नै शिक्षा दिनुपर्छ। उनीहरूलाई दिइने शिक्षाका माध्यमहरू **औपचारिक** तथा **अनौपचारिक** हुनसक्छन्। बालबालिकाले आफ्नो समाज, अभिभावक, शिक्षक तथा वातावरणबाट पनि विभिन्न कुराहरू सिकिरहेका हुन्छन्।

बालबालिकालाई आफ्ना अधिकारका बारेमा पनि पूर्णरूपमा थाहा भइसकेको हुँदैन। भविष्यका राष्ट्रकबाहक मानिएका बालबालिकाको संरक्षण हुनु नितान्त जरूरी छ। त्यसका लागि शिक्षक, अभिभावक, समाज, परिवार तथा अन्य क्षेत्रले बालअधिकारसम्बन्धी सामान्य मान्यता, नियम, कानुन, बालअधिकार **सन्धि**, **महासन्धि**मा उल्लेख भएका कुराहरूलाई व्यवहारमा लागु गर्न सर्वप्रथम बालअधिकार के हो भन्ने कुरा बुझाउनुपर्छ। यसका लागि पाठ्यक्रममा बालअधिकारसम्बन्धी अध्ययन, अध्यापनको व्यवस्था हुनु जरूरी छ।

बालअधिकार शिक्षा दिने कामका लागि शिक्षक नै उपयुक्त माध्यम हो। शिक्षकले आफ्ना विद्यार्थीहरूलाई औपचारिक वा अनौपचारिक शिक्षाको माध्यमबाट यससम्बन्धी शिक्षा दिन सक्छ। त्यसैले बालअधिकारसम्बन्धी शिक्षाको चेतना फैलाउने काममा शिक्षकको भूमिका महत्वपूर्ण हुन आउँछ।

शिक्षकले बालबालिकाको मनोविज्ञानलाई ख्याल राखेर सोही अनुसारको व्यवहार गर्नुपर्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विद्यमान बालअधिकारसम्बन्धी कानुनी व्यवस्थाहरू बुझ्नका लागि बालबालिका आफैँ **परिपक्व** भइसकेका हुँदैनन्। त्यसकारण अभिभावक, समाज तथा शिक्षकहरूले उनीहरूको अधिकार र कर्तव्य दुवैको बोध गराउनु पर्छ। त्यसका लागि अभिभावकभन्दा पनि शिक्षकबाट सिकाइएका कुराहरू बालबालिकाले सजिलोसँग बुझ्न सक्ने भएकाले बालबालिकालाई बालअधिकारका बारेमा ज्ञान दिलाउने विशेष जिम्मेवारी शिक्षकले लिनु उपयुक्त हुन्छ। यसका लागि पहिले त शिक्षक स्वयम्ले बालअधिकारकासम्बन्धी ज्ञान हासिल गर्नुपर्ने हुन्छ।

मानवअधिकार अथवा बालअधिकार शिक्षा औपचारिकरूपमा मात्र नभएर अनौपचारिकरूपमा पनि समाजको हरेक वर्ग, क्षेत्रसम्म प्रत्यक्षरूपमा पुऱ्याउन सकिन्छ अझ साना बालबालिकालाई

अनौपचारिकरूपमा खेल, कथा, कविता आदिका माध्यमबाट उनीहरूको अधिकारका बारेमा दिइएको ज्ञान बढी प्रभावकारी हुन्छ।

बालबालिकालाई उनीहरूका अधिकारबारे पाठ्यसामग्रीका अतिरिक्त शिक्षकहरूले निम्न माध्यममबाट बालअधिकारबारे ज्ञान दिलाउन सक्छन्।

- **खेलः** स्वाभावैले बालबालिका खेलप्रति आकर्षित हुने भएकाले उनीहरूको उमेर सुहाउँदो खेलका माध्यमबाट बालअधिकारबारे जानकारी दिलाउन सकिन्छ।
- **कथाः** बालअधिकारसँग सम्बन्धित वास्तविक घटना तथा कानुनी व्यवस्थाहरूलाई कथाको रूपमा प्रस्तुत गरेर बालबालिकालाई पछिसम्म पनि उनीहरूका अधिकारबारे जानकारी दिलाउन सकिन्छ।
- **गीत**: गीत सबै उमेर समूहका मानिसहरूले सुन्ने गर्दछन्। विभिन्न बालगीतहरूमा बालअधिकारसम्बन्धी कुराहरू बालबालिकालाई सुनाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा उनीहरूले चाँडै नै बुझ्छन्।
- **हाजिरीजवाफः** विद्यालय भित्र तथा बाहिर हुने हाजिरीजबाफ प्रतियोगितामा बालअधिकारसम्बन्धी प्रश्नहरू चयन गरेर हाजिरीजबाफ प्रतियोगिता सञ्चालन गरी उनीहरूलाई आफ्ना अधिकारबारे जानकारी दिलाउन सकिन्छ।
- **प्रवचन/सेमिनार**: बालअधिकारका विषयमा कुनै प्रवचन कार्यक्रम तथा सेमिनार गरी बालबालिकालाई पनि त्यसमा सहभागी गराई उनीहरूलाई आफ्ना अधिकारबारे जानकारी दिलाउन सकिन्छ।
- **नाटकः** बालहिंसा, बालदुर्व्यवहार, सडक बालबालिकाको अवस्था आदि जस्ता विषयवस्तुमा आधारीत बालअधिकारसम्बन्धी विभिन्न विषय समावेश गरी नाटक प्रर्दशन गरेर बालबालिकालाई उनीहरूका अधिकारबारे जानकारी दिलाउन सकिन्छ।
- **प्रदर्शनीः** बालअधिकार उल्लङ्घन तथा बालदुर्व्यवहारका घटनाहरूसँग सम्बन्धित तस्वीर, फ्लिप चार्ट जस्ता सामग्रीहरू प्रदर्शन गरी त्यसबाट पर्ने असरहरूका बारेमा छलफल चलाएर बालबालिकालाई उनीहरूका अधिकारबारे जानकारी प्रदान गर्न सकिन्छ।
- **वक्तृत्वकलाः** बालअधिकारसम्बन्धी वक्तृत्वकला सञ्चालन गरी बालबालिकालाई नै बोल्न लगाई उनीहरूका विचारहरूको सङ्कलन गरी उनीहरूकै बीचमा प्रस्तुत गरेर बालअधिकारबारे जानकारी दिलाउन सकिन्छ।
- **निबन्ध तथा कविता लेखनः** बालअधिकारका विषयमा निबन्ध तथा कविताहरू लेखेर वा शिक्षक वा अन्य व्यक्तिहरूको सहयोगले बालबालिका स्वयम्लाई लेख्न लगाई उनीहरूलाई आफ्ना अधिकारबारे थप जानकारी प्रदान गर्न सकिन्छ।
- **सञ्चारमाध्यमः** विभिन्न सञ्चार माध्यम जस्तो रेडियो, टेलिभिजन, पत्रपत्रिका आदिमार्फत बालअधिकारसम्बन्धी कार्यक्रम र समाचार प्रस्तुत गरेर बालबालिकालाई उनीहरूका अधिकारबारे जानकारी दिलाउन सकिन्छ।

८ एकाइ

बालमैत्री र दण्डरहित शिक्षा

शिक्षा प्राप्त गर्न पाउनु कुनै पनि बालबालिकाको नैसर्गिक अधिकार हो। शिक्षाको हकलाई नेपालको अन्तरिम संविधान, २०६३ मा मौलिक हककोरूपमा राखिएको छ। त्यसैगरी मानवअधिकारसम्बन्धी पहिलो बृहत् भियना सम्मेलन, १९९३ ले पनि बालबालिकाका लागि आधारभूत शिक्षाको व्यवस्थाका निम्ति प्राथमिकता प्रदान गर्नुपर्ने कुरामा जोड दिएको छ भने मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २६ मा शिक्षाको अधिकार सुनिश्चित गरिएको छ। त्यसैगरी संयुक्त राष्ट्रसङ्घद्वारा सन् १९६६ डिसेम्बर १६ मा पारीत गरिएको मानवअधिकारसम्बन्धी आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रले पनि शिक्षाको अधिकारको सुनिश्चितता गरेको छ।

तर सबै बालबालिकालाई शिक्षाको अधिकार छ भन्दैमा केवल विद्यालय खोलेर र शिक्षकको व्यवस्था गरेर मात्र त्यो बालबालिकाको चाहना र रूची बमोजिमको शिक्षा हुनसक्दैन। शिक्षा बालमैत्री र दण्डरहितको भएमा मात्र यो बालबालिकाका लागि उपयुक्त हुन्छ र यसले राखेको उद्देश्य परा हुन्छ।

१. बालमैत्री शिक्षा

बालबालिकाको रूची, चाहना, भावना आवश्यकता अनुसार प्रदान गरिने शिक्षा नै बालमैत्री शिक्षा हो। बालबालिकालाई बालमैत्री शिक्षा प्रदान गर्नका लागि विद्यालय पनि बालमैत्री हुनुपर्छ। बालबालिकाले शिक्षा प्राप्त गर्ने प्रमुख थलो भनेको विद्यालय हो। विद्यालयको सिकाइ प्रक्रियादेखि लिएर सम्पूर्ण पक्षहरू आकर्षक र रमाइलो हुनु जरूरी छ। धेरैजसोले सिकाई प्रक्रियामा रमाइलो वातावरणभन्दा पनि केवल अनुशासित मात्र बन्नुपर्छ भन्ने मान्यता राख्छन्। तर यो मान्यता पूर्णरूपमा सहि होइन। बालबालिकाले रमाईलो वातावरणमा झन् बढी सिक्न सक्छन् भन्ने कुरा सिकाइसम्बन्धी गरेका धेरै अनुसन्धानहरूबाट पनि स्पष्ट भइसकेको छ। त्यसैले शिक्षालाई बालमैत्री बनाउन विद्यालयलाई बालबालिकाले लेखपढ गर्नसक्ने, आफ्नो विचार र भावना व्यक्त गर्न पाउने, मन परेको काम गर्न पाउने स्थानकारूपमा कायम राख्दै बालबालिकाको रमाइलोसँग र आफ्नो इच्छाअनुसार सिक्न पाउने थलोको रूपमा विकास गर्न विद्यालयमा गरिने सम्पूर्ण क्रियाकलापहरूलाई बालबालिकाको सर्वोतम हितमा केन्द्रित गर्नुपर्छ। यसका साथसाथै विद्यालयलाई बालबालिकाका लागि उपयुक्त पढ्ने, लेख्ने र समाजको मूल्य, मान्यता र संस्कृति सिक्ने तथा सामाजिकिकरणको विकास गर्ने थलोको रूपमा पनि विकास गर्नुपर्छ। त्यसो भए अब प्रश्न उठ्न सक्छ बालमैत्री विद्यालय कस्तो हुन्छ त? बालमैत्री विद्यालय त्यस्तो विद्यालय हो जसमा निम्न विशेषताहरू हुन्छन्:

- शिक्षक, विद्यार्थी र अभिभावकहरूबीच राम्रो सम्बन्ध भएको।
- विद्यालयले विद्यालयमा अध्ययनरत बालबालिका, उनीहरूका अभिभावक, विद्यालय व्यवस्थापन समितिसँग विद्यालयको चौतर्फी विकासका सम्बन्धमा बेलाबेलामा छलफल गर्ने गरेको।
- विद्यालयमा अध्ययनरत विद्यार्थीको प्रगति विवरण बारम्बार उनीहरूका अभिभावकलाई पठाउने गरेको।
- विद्यालयमा बालबालिका, अभिभावक, शिक्षकलगायतले आफ्ना विचार स्वतन्त्रतापूर्वक व्यक्त गर्नसक्ने अवसर प्राप्त भएको।
- सामुदायिक विकास कार्यमा समेत प्रत्यक्ष: सहभागी भई विद्यालयमा अध्ययनरत बालबालिकाका बारेमा बारम्बार छलफल गर्ने गरिएको। आदि

माथिका विशेषताहरू भएका विद्यालयहरू नै बालमैत्री विद्यालयहरू हुन्। माथिका विशेषताहरूका साथसाथै बालमैत्री विद्यालयमा निम्नानुसारका न्यूनतम कुराहरू समावेश हुनुपर्छ:

क. विद्यालयका भौतिक सामग्रीहरूको उपलब्धता

- विद्यालयमा घामपानी तथा बाहिरी प्रभावबाट सुरक्षा दिन सक्ने भवन तथा कक्षाकोठा हुनुपर्छ।
- विद्यालय सङ्ख्या अनुसार कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, पुस्तकालय, कार्यालय कोठा, सूचना पाटी, फूलबारी आदिको पर्याप्त व्यवस्था हुनुपर्छ।

ख. विद्यालयको राम्रो शैक्षिक वातावरण

- कतैबाट पनि आक्रमण हुने खालको नभई विद्यालय भौतिक पक्षबाट सुरक्षित हुनुपर्छ।

मानवअधिकार घोषणापत्र धारा २६

१. प्रत्येक व्यक्तिले शिक्षा आर्जन गर्न पाउनुपर्दछ। शिक्षा कमसेकम प्रारम्भिक अवस्थामा निःशुल्क हुनुपर्दछ। प्रारम्भिक शिक्षा अनिवार्य र प्राविधिक व्यवसायिक शिक्षा सर्वसुलभ हुनुपर्दछ। उच्चस्तरको शिक्षा योग्यताको आधारमा सबैले समानरूपले पाउनुपर्छ।

२. मानिसको व्यक्तित्वको पूर्ण विकास र मानवअधिकार तथा स्वतन्त्रतालाई बलियो पार्ने गरी शिक्षाको प्रसार गरिनुपर्छ। शिक्षा राष्ट्र, जाति र धार्मिक समूहहरूबीच आपसी सद्भावना, सहनशीलता र मित्रताको विकास गर्दै शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्र सङ्घका प्रयत्नहरूलाई अघि बढाउने किसिमको हुनपर्छ।

३. छोराछोरीलाई दिइने शिक्षाको छनौट गर्ने पहिलो अधिकार आमा बुवाको हुनेछ।

मानवअधिकारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा शिक्षासम्बन्धी निम्नलिखित व्यवस्था गरिएको छः

१. वर्तमान अनुबन्धका पक्षराष्ट्रहरू प्रत्येक व्यक्तिको शिक्षा आर्जन गर्ने अधिकारलाई मान्यता दिन्छन्। उनीहरू यस कुरामा सहमत हुन्छन् कि शिक्षा मानव व्यक्तित्व र प्रतिष्ठाको पूर्ण विकास गर्नप्रति लक्षित हुनेछ र यसले मानवअधिकारका मूलभूत स्वतन्त्रताहरूलाई सुदृढ पार्नेछ। उनीहरू अझै यस कुरामा पनि सहमत हुन्छन् कि शिक्षाले सबै व्यक्तिहरूलाई प्रभावकारी ढङ्गले स्वतन्त्र समाजमा सहभागी बन्न मद्दत गर्नेछ, सबै राष्ट्र, जातजाति र धार्मिक समुदायका बीचमा समझदारी, सहनशीलता र मित्रता बढाउने छ र शान्ति कायम राख्न संयुक्त राष्ट्रसङ्घका गतिविधिहरूलाई अगाडि लैजाने छ।

२. वर्तमान अनुबन्धका पक्षराष्ट्रहरू मान्छन् कि यो अधिकारको पूर्ण प्राप्तिका लागिः

(क) प्राथमिक शिक्षा अनिवार्य र सबैको लागि निःशुल्क बनाइने छ,

(ख) प्राविधिक र पेशागत माध्यमिक शिक्षालगायत विविधरूपको माध्यमिक शिक्षालाई प्रत्येक उपयुक्त उपायद्वारा र खासगरी निःशुल्क शिक्षा लागु गरेर सबैका निम्ति आमरूपले उपलब्ध र पहुँचयोग्य बनाइने छ,

(ग) हर उपयुक्त उपायद्वारा, खासगरी क्रमशः शिक्षा लागु गरेर उच्च शिक्षालाई क्षमताको आधारमा सबैका निम्ति समानरूपले पहुँचयोग्य बनाइने छ।

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका अथवा आफ्नो सम्पूर्ण प्राथमिक शिक्षा पूरा नगरेका मानिसहरूका लागि सम्भव भएसम्म आधारभूत शिक्षालाई प्रोत्साहन दिइनेछ, अथवा बढाइनेछ।

(ङ) सबै तहहरूमा विद्यालय व्यवस्थाको विकास गर्न सक्रियरूपले प्रयास गरिनेछ, पर्याप्त किसिमको छात्रबृत्ति व्यवस्था स्थापना गरिनेछ र शिक्षकहरूको भौतिक अवस्थामा निरन्तर सुधार गरिने छ।

- खेलमैदान, धारा, चर्पी तथा विद्यालय वरपरको वातावरण सफा हुनुपर्छ।
- सफा खानेपानीको व्यवस्था र उपयोगको पर्याप्त व्यवस्था हुनुपर्छ।
- छात्र तथा छात्राहरूलाई छुट्टा छुट्टै तथा आवश्यकतानुसार प्रयोग गर्न सकिने चर्पीको व्यवस्था हुनुपर्छ।

- विद्यालयमा भएका भौतिक सामग्री जस्तो डेक्स, बेञ्च, कालोपाटी आदिको प्रयोगमा सबैको पहुँच तथा समान अवसर हुनुपर्छ।
- विद्यालयका बालबालिका, शिक्षक, अभिभावकहरूले सम्पूर्ण नियमहरूको हु-बहु पालना गरेको हुनुपर्छ।

ग. विद्यालयका काममा विद्यार्थी सहभागिता

- शिक्षण सिकाइ क्रियाकलापहरूमा विद्यार्थीहरूको पूर्ण सहभागिता हुनुपर्छ।
- विद्यालय सुधार योजना निर्माणमा पनि विद्यार्थी सहभागिता हुनुपर्छ।
- विद्यार्थीहरूलाई विद्यालय मूल्याङ्कनमा सहभागी गराउनुपर्छ।
- विद्यालयका महत्वपूर्ण निर्णयमा विद्यार्थी सहभागिता हुनुपर्छ।
- विद्यालयले योजना गरेको अतिरिक्त क्रियाकलापहरूको योजना निर्माणदेखि कार्यक्रम सञ्चालनसम्म विद्यार्थी सहभागिता हुनुपर्छ।
- विद्यालयको, आचारसंहिता तथा अन्य नीति नियमहरूको निर्माणमा विद्यार्थीको पूर्ण सहभागिता हुनुपर्छ।

घ. विद्यालयमा उपयुक्त मनोसामाजिक व्यवस्था

- शिक्षक, विद्यार्थी तथा अभिभावकका सबैका बीचमा राम्रो चिनजान हुनुपर्छ।
- सबै विद्यार्थीहरूले आ-आफ्नो रूची, चाहना र क्षमता अनुसार विद्यालयका हरेक क्रियाकलापहरूमा संलग्न हुने अवसर पाउनुपर्छ।
- विद्यालयमा विद्यार्थीले आफ्नो समस्या खुलस्त राख्न पाउने र सम्बन्धित पक्षले उनीहरूको समस्या सुन्ने व्यवस्था हुनुपर्छ।
- विद्यालयको वातावरण सबै पक्षबाट डर, त्रास तथा भयमुक्त हुनुपर्छ।
- विद्यालयमा सूचना तथा सञ्चारको राम्रो प्रबन्ध हुनुपर्छ।
- विद्यार्थीहरूका सिर्जना तथा विचार आदानप्रदान गर्ने अवसर हुनुपर्छ।

ङ. पेसागतरूपमा प्रतिवद्ध र लगनशील शिक्षक

- शिक्षक आफूले अध्यापन गराउने विषयमा दक्ष हुनुपर्छ।
- ऊ सकारात्मक सोच भएको हुनुपर्छ।
- शिक्षक नियमित र जवाफदेहिताप्रति सचेत हुनुपर्छ।
- शिक्षकले आफूमा हुनुपर्ने व्यक्तिगत, सामाजिक र शैक्षिक गुणहरूको पालना गरेको हुनुपर्छ।

च. विद्यालयका प्राथमिक स्वास्थ्य सेवा तथा सुविधाहरू

- विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनुपर्दछ।
- शिक्षक तथा विद्यार्थीहरूलाई अस्पताल लानुपरेमा त्यस्को व्यवस्था हुनुपर्दछ।

२. दण्डरहित शिक्षा

हाम्रो परम्परागत शिक्षा प्रणालीलाई हेर्ने हो भने यो शिक्षा प्रणालीले अघि सारेको शिक्षण पद्धति घोकाउने, कण्ठ गर्न लगाउने खालको छ। यदि शिक्षकले कण्ठ गर भनेको कुरा विद्यार्थीले नसकेमा उसलाई पिट्ने, घुँडा टेकाउने, कान समातेर उठबस गर्न लगाउने, सबै साथीहरूको अगाडि लज्जित बनाउने आदि गरिन्छ। यसरी पिट्नु, दण्ड दिनु, उठबस गर्न लगाउनु भनेको मनोवैज्ञानिक दृष्टिले एकदमै जघन्य कार्य हो। यो दण्डरहितको शिक्षा नभएर दण्डसहितको शिक्षा हो। विद्यार्थीको मनोभावना नबुझी दण्ड सजाय दिएर सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापबाट दिगो शिक्षा हासिल गर्न सकिन्न। मनोविज्ञानले पनि बालबालिकाका रूची, चाहना, क्षमता बुझेर शिक्षण गर्नुपर्ने कुरामा जोड दिन्छ। बालबालिकालाई दण्ड, सजाय दिएर शिक्षा दिइयो भने उनीहरू मनोवैज्ञानिकरूपमा झन् कमजोर हुन्छन् र दण्ड सजाय दिने शिक्षकसँग सधैँ डराई शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुन मन गर्दैनन्। दण्डसहितको शिक्षाले शिक्षणसिकाइ क्रियाकलापका अपेक्षित उद्देश्यहरू पूरा गर्ने नभई झन् नकारात्मक असर पैदा गर्छ।

शिक्षणसिकाइ क्रियाकलाप कस्तो बनाउने भन्ने कुरा धेरैजसो शिक्षण गर्ने शिक्षकमा भर पर्छ। उदाहरणका लागि कुनै कक्षाको एउटा विद्यार्थी गणित विषयमा कमजोर छ भने उसमा के कारणले त्यस्तो भयो त? गणित शिक्षकसँग ऊ सधैँ डराउने गर्छ कि? उसलाई गणित विषय धेरै गाह्रो हुन्छ भनी घरपरिवारका सदस्यहरूले भनिदिएकाले ऊ सानैदेखि सो विषय पढ्न रूची राख्दैन कि? अरू साथीहरूभन्दा ऊ कमजोर भएको महसुस गरी त्यो विषयमा ध्यान नै दिदैन कि? यी सबै कुराहरू शिक्षकले पत्ता लगाउनुपर्छ र विद्यालय तथा विद्यालयभन्दा बाहिरी समयमा त्यो विद्यार्थीलाई आवश्यक परामर्श दिनुपर्छ। यदि त्यस्तो विद्यार्थीलाई गाली गर्ने, पिट्ने, साथीहरूको अघि लज्जित बनाउने आदि गरियो भने उस्ले त्यो विषय झन् पढ्न नै छोड्न सक्छ र समस्याको समाधान हुने नभइ झन् थपिन पुग्छ।

बालबालिकालाई अनुशासनमा राख्ने नाममा धेरै विद्यालयहरूका शिक्षकहरूले पिट्ने, गाली गर्ने, मनोवैज्ञानिक तनाव दिने आदि गरेका घटनाहरू अहिले पनि सुनिन्छन्। शिक्षकका यस्ता व्यवहारबाट विद्यार्थीहरूमा लामो समयसम्म मनोवैज्ञानिक असर देखिने, रोग लाग्ने, बेहोस हुने, टाउको दुखिरहने, जो सुकैसँग पनि डराउने, पढाइमा मन नजाने आदि समस्या देखिन्छन्। शिक्षकले बालबालिकालाई अनुशासनमा राख्नका लागि उल्लेखित विधिहरूको प्रयोग नगरी अनुशासन भङ्ग गर्ने बालबालिकालाई **मनोसामाजिक विमर्श**, छलफल, राम्रा राम्रा व्यक्तिका उदाहरण आदि विधिहरूको प्रयोग गर्नुपर्छ।

बालमैत्री वातावरण सिर्जना गरेर शिक्षण गर्नु भनेकै दण्डरहित र सजायरहित शिक्षाको कार्यान्वयन गर्नु हो। बालमैत्री शिक्षाका बारेमा माथि नै चर्चा गरिएकाले दण्डरहित शिक्षाका लागि बालमैत्री शिक्षाका विशेषताहरू र बालमैत्री शिक्षाका लागि आवश्यक न्यूनतम कुराहरूलाई व्यवहारमा अवलम्बन गर्नुपर्छ।

९ एकाइ

बालबालिकाप्रति शिक्षक र अभिभावकको दायित्व

बालक होस् वा बालिका दुवैको पहिलो पाठशाला भनेको ऊ जन्मेको घर हो भने उनीहरूकी आमा पहिलो शिक्षिका हुन्। किनकी सबैभन्दा पहिले बालबालिकाले आफूलाई जन्म दिने आमालाई देखेको हुन्छ र धेरैजसो समय आमाकै काखमा बिताएको हुन्छ। विद्यालय जानुपूर्व नै बालबालिकाले धेरै कुराहरू सिकिसकेका हुन्छन् जस्तो: घरपरिवारका मानिसहरू को सँग कस्तो व्यवहार गर्ने?, कसरी बोल्ने ? घरमा आफ्नो के भूमिका हुने? आदि। यस्ता व्यवहारहरू बालबालिकाले अरू कसैबाट सिकेको नभई आफ्ना घरपरिवारका सदस्यहरू विशेष गरी उसका आमाबुवाको घरपरिवारमा कस्तो भूमिका छ त्यही अनुसार सिकेका हुन्छन् भने उनीहरूले कतिपय कुराहरू अरूबाट नक्कल गरेर पनि सिकेका हुन्छन्। बालबालिकालाई उनीहरूका परिवारका सदस्यहरूले जस्तो कुरा सिकायो उनीहरूले त्यस्तै सिकिरहेका हुन्छन् र उनीहरूको कलिलो मष्तिष्कले एकपटक सिकेको कुरा परिवर्तन गर्न पछि धेरै गाह्रो हुन्छ। जस्तो: कुनैकुनै बालबालिकाले आफ्नी आमालाई दिदी, काकी वा अन्य नामले सम्बोधन गरिरहेका हुन्छन्। उनीहरूलाई सानै उमेरमा आमा भन्न सिकाइएन भने पछि आफ्नी आमालाई आमा भनेर सम्बोधन गर्न निक्कै गाह्रो हुन्छ। तसर्थ बालबालिकालाई जन्म दिने आमाबुवाबाट मात्र नभई घरपरिवारका अन्य सदस्यहरूबाट पनि शुरूदेखि नै राम्रा कुराहरू सिकाउनुपर्छ। घरपरिवारका

सदस्यहरूको बालबालिकाप्रति निम्नलिखित भूमिकाहरू हुन्छन्:

- बालबालिकाका कुरा र भावनालाई बुझिदिनुपर्छ।
- सबै बालबालिकालाई बिना भेदभाव घरमा पढ्ने वातावरण मिलाई दिनुपर्छ र विद्यालय पठाउनुपर्छ।
- बालबालिकालाई आवश्यकताअनुसार उचित समयमा खोप तथा स्वास्थ्य सेवाको व्यवस्था गर्नुपर्छ।
- उनीहरूलाई गाली गर्ने, हेला गर्ने, दुर्व्यवहार गर्ने आदि हुँदैन।
- अपाङ्ग बालबालिकालाई विशेष हेरचाह गर्नुपर्छ।
- घर वरपरको वातावरण सफासुग्घर राख्नुपर्छ।
- घरमा हुने छलफल, मनोरञ्जन तथा विभिन्न समारोहमा बालबालिकालाई पनि सहभागी गराउनुपर्छ।
- पढाईका अलवा बालबालिकालाई खेलका लागि पनि आवश्यक समय छुट्याइ दिनुपर्छ।
- हेला दुर्व्यवहार नगरी घरपरिवारमा माया ममतापूर्वक बालबालिकालाई राख्नुपर्छ।
- बालबालिकालाई लागूपदार्थ दुरूपयोग गर्नबाट जोगाउनु, त्यस्ता कुरामा सहभागी नगराउनु र बालबालिकाका अगाडि रक्सी, चुरोट आदि खानुहुँदैन।
- बालबालिकाका लागि उपयोगी हुने राम्रा र ज्ञानबर्द्धक सूचना थाहा पाउनका लागि रेडियो, टेलिभिजन र पत्रपत्रिका आदिको व्यवस्था गरिदिनुपर्छ।
- बालबालिकालाई डरत्रास देखाउनुहुँदैन र उनीहरूका अगाडि झैं-झगडा गर्नुहुँदैन।

पूर्वबाल्यावस्थाको अन्त्यमा र उत्तरबाल्यावस्थाको शुरूमा बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरिदिनुपर्छ। विद्यालय जान थालेपछि उनीहरू विस्तारै साथीभाइ, विद्यालयका शिक्षकहरूसँग घुलमिल हुन थाल्छन भने उनीहरूको महत्वपूर्ण समय विद्यालयमा नै बितिरहेको हुन्छ। विद्यालय जान थालेको शुरूका दिनदेखि उनीहरूलाई जुन शिक्षक वा शिक्षिकाले राम्रो व्यवहार गर्छन् उनीहरू त्यसैप्रति नजिक हुन थाल्छन् भने गाली गर्ने, उनीहरूले सोधेको कुरा नभन्ने, पिट्ने शिक्षक शिक्षिकाहरूबाट उनीहरू टाढा रहन चाहन्छन्। विद्यालयको शुरूको वातावरणले उच्च शिक्षामा समेत प्रभाव पार्छ अर्थात बालबालिका शुरूदेखि नै विद्यालय भन्नासाथ डराउने, जान मन नगर्ने गर्छन् भने उनीहरूको दिमागमा पछिसम्म विद्यालय वा विश्वविद्यालयप्रति नकारात्मक भावना उत्पन्न हुन्छ। माथि उल्लेख गरिएका बालबालिकाका अभिभावकले उनीहरूलाई गर्नुपर्ने व्यवहार र विद्यालयका शिक्षकले गर्नुपर्ने व्यवहारमा धेरै समानता हुन्छ। ती विशेषताहरूबाहेक शिक्षकहरूले बालबालिकालाई निम्न व्यवहार गर्नुपर्छ।

- बालबालिकालाई शारीरिक तथा मानसिक यातना जस्तो: कुट्ने, तर्साउने, गाली गर्ने, घृणा गर्ने आदि काम गर्नुहुँदैन।
- बालबालिकाको अगाडि जाँडरक्सी, चुरोट खानुहुँदैन।
- कुनै पनि आधारमा जस्तो जात, भाषा, धर्म, रङ्ग, रितिरिवाज आदिको आधारमा बालबालिकालाई भेदभाव गर्नुहुँदैन।

- बालबालिकालाई यौनशोषण, दुर्व्यवहार गर्नुहुँदैन।
- बालबालिकालाई अनावश्यकरूपमा जिस्क्याउनु हुँदैन।
- बालबालिकाका गल्तीमा कुटपिट गर्ने नभई मनोवैज्ञानिक रूपमा त्यस्ता गल्ती नगर्नका लागि उत्प्रेरित गर्नुपर्छ।
- बालबालिकाका विभिन्न अतिरिक्त क्रियाकलापहरूमा शिक्षकहरूले पनि सहभागी भई उनीहरूलाई आवश्यक पृष्ठपोषण दिनुपर्छ।
- बालबालिकालाई अध्ययन अध्यापनदेखि बाहेक समयानुसार खेल, मनोरञ्जन तथा रचनात्मक कार्यहरू गर्न उत्प्रेरित गर्नुपर्छ।
- बालबालिकाका अगाडि शिक्षक शिक्षिकाहरू झगडा गर्ने, बाझ्ने, एकले अर्कालाई गाली गर्ने, होच्याउनेजस्ता कार्यहरू गर्नुहुँदैन।
- आमाबुवा नभएका बालबालिकालाई उचित माया, ममता र संरक्षण दिनुपर्छ।

१० एकाइ

बाल दुर्व्यवहार

बालबालिकाको शारीरिक, मानसिक र भावनात्मक विकासमा दीर्घकालीन आघात पुऱ्याउने खालका कुनै पनि व्यक्तिको व्यवहारलाई बाल दुर्व्यवहार भनिन्छ। बालबालिका माथि गरिने दुर्व्यव्यवहारका कारण बालबालिकाको चौतर्फी विकासमा नकारात्मक असर पारिरहेको हुन्छ। यसले बालबालिकाको स्वास्थ्य, मनोविज्ञान, पठनपाठनका साथसाथै उनीहरूको चौतर्फी विकासमा दीर्घकालीन असर गर्न सक्छ। बाल दुर्व्यवहारका कारण बालबालिका घरबाट भाग्ने, कुलतमा लाग्नुका साथसाथै अझ बढी जोखिममा पर्न सक्छन्। उनीहरूलाई सम्झाई बुझाइ गर्नु बढी उपयुक्त हुन्छ।

बाल दुर्व्यवहारका किसिमहरू

बालदुर्व्यवहारअन्तर्गत शारीरिक दुर्व्यवहार, यौनदुर्व्यवहार, भावनात्मक दुर्व्यवहार, बेवास्ता र उपेक्षा र मौखिक दुर्व्यवहार जस्ता पाँचप्रकारका दुर्व्यवहारहरू पर्छन्। नेपालमा पनि बर्सेनी हजारौँको सङ्ख्यामा बालबालिका दुर्व्यवहारको चपेटामा परिरहेका छन्। यस्ता दुर्व्यवहारमध्ये पनि बालकहरूका तुलनामा बालिकाहरू बढी मात्रामा यौन दुर्व्यवहारको शिकार भएको पाइन्छ।

१) शारीरिक दुर्व्यवहार

बालबालिकालाई कुनै पनि बहानामा शारीरिक क्षति पुग्ने गरी गरिने कार्यहरू शारीरिक दुर्व्यवहार भित्र पर्छन्। जस्तै: कुट्नु, गह्रौँ भारी बोकाउनु, बालबालिकालाई शारीरिक, मानसिक र शैक्षिक विकासमा असर पर्ने काममा लगाउनु, उनीहरूलाई फुर्सदको र आरामको समय नदिई काममा लगाउनु विद्यालयमा बालबालिकालाई पिट्नु, सजाय दिनु तथा रक्सी, चुरोट नसालु पदार्थ खान सिकाउनु, उनीहरूलाई मनोरञ्जनको साधनको रूपमा प्रयोग गर्नु आदि पर्छन्। कतिपय अवस्थामा अनुशासन कायम गर्ने वा सुधार्ने भनी गरिएका क्रियाकलापले पनि शारीरिक दुर्व्यवहार भइरहेको हुन्छ। यस्ता कार्यले उनीहरूलाई सुधार्नेभन्दा शारीरिक पीडा दिन्छ। यसरी कुनै पनि व्यक्तिको उमेर, क्षमता तथा शारीरिक अवस्था अनुकूल नहुने गरी शरीरलाई असर पार्ने क्रियाकलाप गराई जसले बालबालिकालाई पीडा दिन्छ, ती सबै शारीरिक दुर्व्यवहार हुन्।

२) भावनात्मक दुर्व्यवहार

भावनात्मक दुर्व्यवहार भन्नाले बालबालिकाको भावनामा चोट पुग्ने गरी अर्थात मन दुख्ने गरी गरिएका क्रियाकलापहरू हुन्। यस्तो दुर्व्यवहारले बालबालिकाको दीर्घकालीन मानसिक स्वास्थ्य र सामजिक विकासमा असर पुग्छ। जस्तै: बालबालिकालाई चित्त दुख्ने गरी गाली गर्नु, बालबालिकाको आत्मविश्वास तोड्नु, उनीहरूको भावनालाई बेवास्ता गर्नु नकारात्मकरूपमा अरुसँग तुलना गर्नु उनीहरूका अगाडि हिंसात्मक गतिविधि गर्नु आदि।

३) मौखिक दुर्व्यवहार

बालबालिकालाई सराप्नु, अपशब्द बोल्नु, नराम्रो नाम राखेर बोलाउनु, बालबालिकालाई बिना कारण जिस्क्याउनु, हेप्नु, सराप्नु, गाली गलौज गर्नु, खिल्ली उडाउनु, आदि मौखिक दुर्व्यवहारअन्तर्गत पर्छन्। यसरी मौखिकरूपमा गरिएका दुव्यवहारले बालबालिकालाई मनोवैज्ञानिक असर पारिरहेको हुन्छ। जानेर वा नजानेर बालबालिकामाथि मौखिक दुर्व्यवहार भइरहेको हुन सक्छ।

४) बेवास्ता वा उपेक्षा

कतिपय अवस्थामा वयस्क व्यक्तिहरूले बालबालिकालाई बेवास्ता र उपेक्षा गरिरहेका हुन्छन्, जुन बाल दुर्व्यवहार हो। जस्तै: बालबालिकालाई आवश्यक खाना, लुगा, सरसफाई तथा उचित हेरविचारमा ध्यान नदिनु। यस्तो व्यवहार ठूला व्यक्तिहरूले जानेर वा कहिलेकाँही नजानी पनि गरिरहेका हुन्छन्। जस्तै: बालबालिकालाई रेखदेख नगर्नु, हेरचाह नगर्नु, नाङ्गो, भोको राख्नु, उनीहरूको शिक्षा, स्वास्थ्य, पोषणको ख्याल नराख्नु, उनीहरूको कुरा नसुन्नु एक्लै छोड्नु आदि। यस्तो व्यवहारले बालबालिकाको स्वभाविक विकासमा नकारात्मक असर पार्दछ।

५) बाल यौन दुर्व्यवहार

बालबालिकामाथि हुने दर्व्यवहारमध्ये सबैभन्दा गम्भीर दुर्व्यवहारका रूपमा बाल यौन दुर्व्यव्यवहार हो। बाल यौनदुर्व्यवहार भन्नाले १६ वर्ष मुनिका बालबालिकालाई ललाइफकाइ गरेर, डर देखाएर, धम्काएर वा कुनै पनि किसिमले उनीहरूका शरीरका संवेदनशील अङ्गहरू (अप्ठ्यारो लाग्ने) ठाउँमा छुनु, बालबालिकासँग अपशब्द तथा अश्लील कुराहरू गर्नु, बालबालिकासँग यौनसम्पर्क राख्नु, बालबालिकालाई अश्लील पत्रपत्रिका, तस्वीर देखाउनु र सिकाउनु, बालबालिकालाई बेचबिखन गर्नु, १८ वर्ष भन्दा मुनिका बालबालिकालाई देहव्यापारमा लगाउनु, बलात्कार गर्नु, बालविवाह गर्नु भन्ने बुझिन्छ। यस्ता किसिमका दुर्व्यवहारबाट पीडित बालबालिकामा लाज, घिन, डर र हिनताबोधको स्थिति सृजना हुनसक्छ जसका कारण उनीहरू आफूलाई दोषी मान्ने, पछुतो हुने, दोधारमा पर्ने, पढाइमा रूची नहुने, निन्द्रा नलाग्ने, आत्मविश्वास गुमाउने आदिको स्थितिमा पुग्न सक्छन्। त्यसकारण यस्ता किसिमका दुर्व्यवहारबाट पीडित बालबालिकालाई सहयोग, मनोसामाजिक विमर्श तथा अभिभावकलाई पनि उचित परामर्श दिनुपर्छ।

बाल यौनदुर्व्यवहार हाम्रा वरपर घरमा, विद्यालयमा, छरछिमेकमा, अस्पतालमा लगायत अन्य जुनसुकै ठाउँमा पनि हुनसक्छ। यस्तो दुर्व्यवहार गर्ने व्यक्ति घरकै सदस्य, छरछिमेक, शिक्षक, डाक्टर, प्रहरी, परिवारसँग राम्रो सम्बन्ध भएको व्यक्ति, संरक्षक, अभिभावक, तथा नचिनेका व्यक्तिहरू जो कोही पनि हुनसक्छन्।

बाल यौनदुर्व्यवहार बालबालिकाविरुद्ध लक्षित एक गम्भीर कानुनी (फौजदारी) अपराध हो। बालअधिकारको उल्लङ्घन हो। यो पीडितको दोष नभई पीडकको दोष हो। त्यसकारण बाल यौनदुर्व्यवहारका घटना भएमा त्यसलाई लुकाएर राख्नुहुँदैन, यस्ता घटनाविरुद्ध आवाज उठाउनु पर्छ। बालबालिकाले यस्तो दुर्व्यवहार आफूमा या आफना साथीहरूमाथि वा आफू सरहका बालबालिकामाथि भएमा भरपर्दो व्यक्तिलाई भन्नुपर्छ। जस्तै: आमा, बुवा, शिक्षक, शिक्षिका आदि बालबालिकाले आफ्ना कुराहरू बाल क्लबमा पनि राख्न सक्छन् भने बालक्लवले पनि पीडित बालबालिकालाई सहयोग गर्नुपर्छ। तसर्थ बाल यौनदुर्व्यवहारविरुद्ध सचेत हुँदै आवाज उठाउनुपर्छ।

नेपालमा धर्म र संस्कृतिको आडमा बालबालिकालाई वादी र देउकी प्रथामा जबरजस्ती लगाइएको देखिन्छ। त्यसैगरी कतिपय बालबालिका रोजगारीका नाममा यौन शोषणमा पनि परेका छन्। यी पनि बाल यौनदुर्व्यवहारका उदाहरणहरू हुन्। विभिन्न अध्ययनअनुसार बालबालिका माथि हुने यौनहिंसामा बालिकाहरू बढी पीडित भइरहेका छन् भने यस्ता हिंसाहरू आफन्तबाट बढी मात्रामा भएको देखिन्छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को नेपाल मानवअधिकार वर्ष पुस्तक, २०१२ को तथ्याङ्क अनुसार सन् २०११ मा बालबालिका बेचबिखनमा ४० जना बालबालिका पीडित भएको उल्लेख छ जसमध्ये ३८ बालिका र २ बालक रहेका छन्। त्यसैगरी, १६ जना बालिकाको बालविवाह गराइएको उल्लेख छ भने २ सय १७ जना बालिकाहरू बलात्कारबाट पीडित भएको देखिन्छ। उक्त वर्षपुस्तकमा उल्लेखित बालयौन दुर्व्यवहारका १ सय ५ घटनामध्ये ९२ बालिका र १३ जना बालक पीडित भएको

उल्लेख छ। बालदुर्व्यवहारसम्बन्धी तथ्याङ्क हेर्दा बालकको तुलनामा बालिका बढी पीडित भएको देखिन्छ।

बाल दुर्व्यवहारसम्बन्धी नीति तथा कानुनी प्रावधानहरू

बालअधिकार महासन्धि, १९८९

बालअधिकार महासन्धिको धारा ३४ मा बाल यौनशोषण तथा यौन दुर्व्यवहारबाट संरक्षणसम्बन्धी व्यवस्था, धारा ३५ मा बालबालिकाको बेचबिखन र ओसारप्रसारलाई रोक्ने तथा धारा ३६ मा बालबालिकालाई सबैप्रकारका शोषणबाट पक्ष राष्ट्रहरूले संरक्षण गर्ने भनिएको छ।

नेपाल पक्ष राष्ट्र भएको बालअधिकार महासन्धिको धारा १९ मा पक्षराष्ट्रहरूले बालबालिकालाई कुनै पनि किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा वा उपेक्षित व्यवहार, दुर्व्यवहार वा शोषण, यौन दुर्व्यवहार समेतबाट बालबालिकालाई संरक्षण गर्ने छन् भनिएको छ। त्यसैगरी महासन्धिको ऐच्छिक प्रलेख "बालबालिकाको बेचबिखन, बाल देहव्यापार तथा बालबालिकाको अश्लील चित्रण", ले पनि बालबालिका माथि हुने शोषणविरुद्ध महासन्धिका पक्ष राष्ट्रहरूलाई दबाब दिएको छ।

बालबालिकासम्बन्धी ऐन, २०४८

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १६ मा बालबालिकालाई अनैतिक पेशामा लगाउन नहुने प्रावधान राखिएको छ। जसमा, बालबालिकालाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न नहुने, अनैतिक पेशामा लगाउने उद्देश्यले फोटो खिच्ने, खिच्न दिने वा वितरण गर्न नहुने जस्ता प्रावधानहरू समावेश गरिएका छन्।

त्यसैगरी यस ऐनको दफा ७ मा बालबालिकाको हितका लागि अभिभावक, शिक्षक, संरक्षकले सामान्य हप्काएमा वा सामान्यरूपमा पिटेमा बालबालिका माथि यातना भएको मानिँदैन भनिएको छ। यसबाट के बुझिन्छ भने बालबालिकालाई कहिले काँही आफ्ना अभिभावक तथा शिक्षकहरूले उनीहरूका हितका लागि गरेका सामान्य हप्काइलाई भने दुर्व्यव्यवहार मानिँदैन।

नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्था गरिएको मौलिक हकको धारा २२ बालबालिकाका अधिकारसँग सम्बन्धित छ। धारा २२ को उपधारा २ मा प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षाको अधिकार हुनेछ भनिएको छ भने उपधारा ३ मा हरेक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै किसिमको शोषणविरुद्धको अधिकार हुनेछ र त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ भनिएकाले पनि बालअधिकारको संरक्षणमा राज्यले बालबालिकालाई पूर्ण संरक्षण दिनुपर्छ। अन्ततः बालबालिका माथि हुने कुनै पनि हिंसा वा दुर्व्यवहार कानुनी अपराध हो।

बालबालिकासम्बन्धी राष्ट्रिय निति, २०६९

बालबालिकासम्बन्धी राष्ट्रिय निति, २०६९ का विभिन्न उद्देश्यहरूमध्ये, सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने राष्ट्रिय नीतिको उद्देश्य रहेको छ। सो उद्देश्य पूरा गर्न बालबालिकासम्बन्धी राष्ट्रिय नीतिमा निम्न प्रावधानहरूको व्यवस्था गरिएको छ।

- बालबालिकाको यौनशोषण र दुर्व्यवहारलाई गम्भीर अपराधको रूपमा लिने, इन्टरनेट, इमेल, मोबाइल बिद्युतीय सेवा प्रदायकले बालयौन दुर्व्यवहार नहुने गरी मात्र सूचना प्रवाह गर्ने व्यवस्था गर्ने।
- आफ्ना वा आफ्ना संरक्षणमा रहेका बालबालिकालाई कुनै किसिमको अपहेलना गर्न नपाउने
- बालबालिका उपर हुने सबै प्रकारका शारीरिक र मानसिक दुर्व्यवहारलाई अपराध मानिने, परिवार, शिक्षण संस्था र बाल गृहले बालबालिकालाई शारीरिक र मानसिक दुर्व्यवहार गर्न नपाइने व्यवस्था गर्ने।
- बालविवाह विरूद्धको उजुरी लिने र दोषीलाई सक्रियताका साथ कारबाही गर्ने
- छाउपडी, देउकी, झुमा, कमलरी, वादी जस्ता परम्परातगत संस्कृति, जात, धर्मका आधारमा बालबालिकालाई हानी पुऱ्याउने सबै किसिमका चलनहरूलाई कानुन बनाई निषेध र दण्डनीय गर्ने व्यवस्था गर्ने।
- दुर्व्यवहार, हिंसा, वञ्चितीकरण, शोषण, अपहेलना लगायतका सबै प्रकारका हानीबाट बालबालिकालाई जोगाउन विद्यमान कानुनमा आवश्यक सुधार गर्ने।

बालअधिकार महासन्धिमा उल्लेख गरिएका बालअधिकारका चार समूहहरू बालसंरक्षण, बालबचावट, बालविकास र बाल सहभागिताका आधारमा हेर्ने हो भने पनि बालबालिकाविरुद्ध गरिने बालदुर्व्यवहारबाट बालबालिकालाई बचाउनु हरेकको दायित्व हो भने बालबालिका स्वयम् पनि यस्ता दुर्व्यवहारका बारेमा जानकार हुनुपर्छ।

११ एकाइ

बालविज्याइँ र बालन्याय

बालबालिका वयस्क मानिसभन्दा अपरिपक्व हुने भएकाले उनीहरूको मष्तिष्क र बाल मनोविज्ञानको विकास सोही अनुरूपमा हुन्छ। उनीहरूमा अपरिपक्वता वा बिस्तारै परिपक्व हुने हुनाले कुनै काम गर्दा वयस्क मानिसले जसरी सोचविचार पुऱ्याएर गर्न सक्तैनन्। उनीहरू आफूले गरेका कामहरूका परिणामहरू के हुन सक्छन भनेर छुट्याउन सक्ने अवस्थामा पुगिसकेका हुँदैनन्। बालबालिका जिज्ञासु हुने भएकाले कुनै काम गर्दा आफ्नो कौतुहलता मेटाउन बढी अग्रसर हुन्छन्। यस कारण कहिलेकाँही बालबालिकाले कानुनले गर्न नहुने भनी तोकिएका कामहरू पनि गर्न पूग्छन्, जसकारण उनीहरू कानुनी विवादमा पर्छन्। यसरी कानुनसँग विवादमा पर्ने किसिमले बालबालिकाले गरेका जुनसुकै क्रियाकलापहरूलाई पनि बालबिज्याँई भनिन्छ भने फौजदारी न्यायप्रणालीको सन्दर्भमा कानुनी विवादमा परेका बालबालिकालाई गरिने व्यवहार नै बालन्याय हो।

छोटकरीमा भन्नुपर्दा बालबालिकाले जानेर वा अन्जानमा गरेका अपराधिक क्रियाकलापहरूलाई बाल बिज्याँई भनिन्छ। यस्ता अपराधिक क्रियाकलापहरू सामान्यदेखि गम्भीर किसिमका हुनसक्छन् जसकारण सामाजिक तथा कानुनी नियमहरू नै उल्लङ्घन हुन पुग्छन्। यस्ता प्रकारका बालबिज्याइँ गर्ने बालबालिकाबाट पीडित हुनेहरू पनि समानान्तर उमेरका बालबालिकाहरू नै हुन्छन् भने पीडित

बालबालिका पनि बालबिज्याँईकर्तासँग परिचित नै हुन्छन्।

बालबिज्याँई एउटा सामाजिक समस्या हो। हाम्रो समाजमा बालबिज्याईं बढ्दो समस्याका रूपमा अगाडि आइरहेको छ। गरिबी, धनी, हुने र नहुने बीचको असमानता, बुवाआमाको वैदेशिक रोजगारीमा जाने प्रवृत्ति, बढ्दो शहरीकरण, अपराधीकरणको बृद्धि, सञ्चार माध्यम टि.भि, सिनेमाहरूमा देखाइने हिसांत्मक गतिविधि, घरपरिवारमा उचित सामाजिकिरणको अभाव, परिवारको न्यून आर्थिक अवस्था, साथीसङ्गीसँगको गलत सङ्गत, बेरोजगारी आदि बाल बिज्याँइ बढाउने केही प्रमुख कारणहरू हुन।

बालबालिकालाई उचित सामाजिकिरण र सही मार्ग पहिल्याउनमा सहयोग गर्नु, घरपरिवार, विद्यालय, शिक्षक, समाज र राज्य हरेकको जिम्मेवारी हुनजान्छ। बालबालिका हुर्कने क्रममा घरपरिवारमा गरिने व्यवहारले उनीहरूको भविष्यलाई नै प्रभाव पार्दछ। जस्तै: कुनै पनि बालबालिकाको घरमा परिवारका सदस्यहरूबीचमा दैनिकजसो झै-झगडा भइरहन्छ भने उनीहरूलाई भविष्यमा त्यो सामान्य लाग्न सक्छ र विस्तारै उनीहरूमा सो व्यवहार विकसित हुँदै जान्छ। विस्तारै उनीहरू ती नकारात्मक व्यवहारहरूलाई आफ्नो व्यवहारमा उतार्न थाल्दछन् र आफ्ना घरपरिवार, छरछिमेक, साथीभाईबाट सिकेका गलत व्यवहारहरूलाई आफ्नो व्यवहारमा उतार्ने क्रममा आपराधिक क्रियाकलापहरू गर्न पुग्दछन्, जसलाई बालबिज्याँई भनिन्छ।

बालबालिकाले आपराधिक क्रियाकलाप गरेमा उनीहरूलाई उमेर र अपराधको प्रकृति हेरेर न्याय दिनुपर्दछ। हाम्रो देशमा कतिपय बालबिज्याइकर्तालाई ठूला मानिस सरह समान बन्दी गृहमा राखिन्छ र सोही अनुसारको व्यवहार गरिन्छ जुन कानुनीरूपमा उचित होइन। बालबालिकाले आपराधिक क्रियाकलाप गरेमा उनीहरूलाई बाल सुधारगृहमा राख्नुपर्छ। विभिन्न अध्ययनअनुसार बालअपराधमा संलग्न बालबालिकालाई फौजदारी न्यायको प्रक्रिया (गिरफ्तार, नजरबन्द, प्रहरी अनुसन्धान, अभियोजन, पुर्पक्ष तथा थुना) बढी झेलेका बालबालिकामा भविष्यमा झन् बढी अपराध गर्ने तथा अपराधिक मानसिकता अझ बढ्ने सम्भावना रहेको हुन्छ।

त्यसकारण, बालबालिकाको पुर्नस्थापना, पुर्नवास तथा पुर्नएकीकरणमा जोड दिदै बालबालिकालाई आफूले गरेका कार्यहरूको परिणामका बारेमा बुझ्न योग्य बनाउनु नै बालन्यायको आधारभूत उद्देश्य हो।

बालन्यायसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू

नेपाल पक्ष राष्ट्र भएको **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र र बालअधिकारसम्बन्धी महासन्धिका** विभिन्न धाराहरूमा बालन्यायका विषयमा विभिन्न प्रावधानहरू समावेश गरिएका छन्। जुन यसप्रकार रहेका छन्।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र अर्न्तगत निम्न व्यवस्था गरिएको छ:

धारा १० को उपधारा २ (ख) मा बालअभियुक्तहरूलाई वयस्कहरूबाट अलग राखिनेछ र जतिसक्दो चाँडो तिनीहरूको मुद्दा छिन्न लगाइने छ।

धारा १० को उपधारा ३ मा बाल अपराधीहरूलाई वयस्कहरूबाट अलग राखिनेछ र उनीहरूको उमेर तथा कानुनी अवस्था सुहाउँदो व्यवहार गरिने छ।

धारा १४ को उपधारा १ मा बालबालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै फौजदारी मुद्दामा वा कानुनी मुद्दामा गरिएका फैसलाहरू सार्वजनिक गरिनेछ।

बालअधिकार महासन्धि अन्तर्गत

धारा ३७ को उपधारा १, २, ३ र ४, धारा ३९ र धारा ४० को उपधारा १, उपधारा २ (क) र (ख) को १, २, ३, ४, ५, ६, ७, उपधारा ३ (क), (ख) र उपधारा ४ मा बालन्यायसम्बन्धी व्यवस्था गरिएको छ। यी धाराहरूमा कुनै पनि बालबालिकालाई यातना दिन नपाइने, गैरकानुनी तवरले थुनामा राख्न नपाइने, यातना वा कुनै पनि अपमानजनक व्यवहारबाट पीडित बालबालिकाको सामाजिक पुर्नस्थापना गर्ने, फौजदारी अभियोग लागेका बालबालिकाको सिर्जनात्मक भूमिकाको सम्बर्द्धन हुनेगरी व्यवहार गर्ने, कानुनबमोजिमको स्वच्छ सुनवाइ गरिने, न्यायिक पुनरावलोकन गर्न पाउने, गोपनीयताको हक पाउने लगायतका बालविज्याईं सँग सम्बन्धित विभिन्न प्रावधानहरू बालअधिकार महासन्धिमा उल्लेख गरिएका छन्।

राष्ट्रिय कानुन, नीति तथा नियमहरू

नेपालमा बालबालिकाले गरेका अपराधको अनुसन्धानका लागि विशेष कानुनका रूपमा बालबालिकासम्बन्धी ऐन, २०४८ र बालन्याय कार्यविधि नियमावली, २०६३ रहेका छन् भने यी कानुनले नसमेटेका विषयमा यसका अतिरिक्त अपराध अनुसन्धानका लागि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९, सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५, मुलुकी ऐन जस्ता कानुनहरूको प्रयोग गरिन्छ।

बालबालिकासम्बन्धी ऐन, २०४८

बालबालिकासम्बन्धी ऐन, २०४८ का विभिन्न दफाहरूमा बालबिज्याइँ, कानुनी विवादमा परेका बालबालिका र बालन्याय प्रशासनसम्बन्धी व्यवस्थाहरू गरिएका छन्। जस्तै: बालअपराध नियन्त्रणका लागि गरिएका केही कानुनी व्यवस्थाहरूमा सो ऐनको दफा (११) बालक र आपराधिक दायित्व राखिएको छ जसमा बालबालिकाको उमेर र सजायका बारेमा निम्नानुसारका प्रावधानहरूको व्यवस्था गरिएको छ।

- १० वर्ष मुनिकालाई कुनै अपराधिक काम गरेमा सजाय नहुने।
- १०-१४ वर्ष सम्मकाले कानुनबमोजिम जरिवाना हुने कुनै अपराध गरेमा हप्काई तथा सम्झाई बुझाई गर्ने र कैद हुने अपराध गरेमा कसुर हेरी छ महिनासम्म कैद हुने।
- १४-१६ वर्ष उमेर पुगेकाले कुनै अपराध गरे निजलाई कानुनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने।
- बालकलाई सिकाइ कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरे सरह कानुनबमोजिम पूरा सजाय हुने।

दफा १५ मा कठोर सजाय दिन नहुने बारेमा व्यवस्था गरिएको छ जसमा बालकलाई नेल, हथकडी लगाउन, एकान्त कारावासमा राख्न नपाइने र उमेर पुगेका कैदीका साथमा राख्न नपाइने

व्यवस्था गरिएको छ। त्यस्तै दफा १९ मा कानुनव्यवसायी नभएमा बालकको मुद्दाको कारबाही किनारा नहुने व्यवस्था गरिएको छ भने दफा ४२ मा बालसुधार गृहको स्थापना र सञ्चालनसम्बन्धी प्रावधान रहेका छन्। ऐनको विवध शीर्षक अर्न्तगतको दफा ४९ मा बालकसम्बन्धी मुद्दामा खास व्यक्ति मात्र उपस्थित हुन पाउनेसम्बन्धी विभिन्न व्यवस्थाहरू रहेका छन्। त्यस्तै दफा ५१ मा बालकको तर्फबाट मुद्दा गर्न पाउने, दफा ५२ मा बालकसम्बन्धी तथ्याङ्क र त्यसको प्रयोगमा बन्देज, दफा ५३ मा दण्ड सजाय तथा दफा ५५ मा मुद्दा हेर्ने अधिकारी र मुद्दाको सम्बन्धमा अपनाइने कार्यविधि आदिका विषयमा व्यवस्था गरिएको छ। (विस्तृत जानकारीका लागि अनुसूचीमा दिइएको बालबालिकासम्बन्धी ऐन, २०४८ हेर्नुहोला।

बालन्याय कार्यविधि नियमावली, २०६३

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी नेपालसरकारले बालन्याय कार्यविधि नियमावली, २०६३ बनाइ कार्यान्वयनमा ल्याएको छ। यस नियमावलीले बालन्यायका सर्न्दभमा परम्परागन फौजदारी न्याय प्रशासनमा केहि सुधारिएका व्यवस्थाहरू गरेको छ जस्तै: बालबालिकाले गरको कुनै कसुरको अनुसन्धानका लागि छुट्टै प्रहरी इकाइ वा प्रहरी कर्मचारी तोक्नु पर्ने (नियम १), तहकिकात र सोधपुछ गर्दा बालमैत्री प्रक्रिया अवलम्बन गर्नुपर्ने (नियम ४, ५, प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायधीशको अतिरिक्त समाजसेवी बाल मनौवैज्ञानिकसहितको बाल इजलास गठन गर्ने (नियम ६), बाल अदालत वा इजलासबाट बालमैत्री वातावरणमा मुद्दाको सुनुवाइ गर्नुपर्ने व्यवस्था गरेका छ। यसका साथै अतिरिक्त प्रमाण बुझ्ने, साक्षी बुझ्ने, उमेर निर्धारण गर्ने आदि जस्ता विभिन्न व्यवस्थाहरू बालन्याय कार्यविधि नियमावली, २०६३ मा समेटिएको छ।

बालन्याय कार्यविधि नियमावली, २०६३ को नियम २२ अर्न्तगत नेपालमा बालन्याय समन्वय समितिको गठन भएको छ जसले बालबालिकासम्बन्धी न्यायको सुनिश्चितता गर्न नीति बनाउने काम गर्दछ। बालन्याय समन्वय समितिको सचिवालय केन्द्रीय बाल कल्याण समितिमा रहेको छ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९

बाल न्याय प्रणालीलाई सुदृढ गर्नु बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको प्रमुख उद्देश्यमध्ये एक हो। यसका लागि विभिन्न नीतिहरूको व्यवस्था गरिएको छ। ती मध्ये केही नीतिहरूलाई निम्नानुसार देखाउन सकिन्छ:

- १८ वर्ष उमेरसम्मकालाई बालबालिका मानी अपराधिक दायित्व निर्धारण गर्ने
- कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई बालमनोविज्ञद्वारा परामर्शको सेवा उपलब्ध गराउने,
- सामान्य प्रकृतिको कानुनी विवादमा परेका बालबालिकालाई दिशान्तर गर्न सक्ने व्यवस्था,
- गम्भीर प्रकृतिका आरोप लागेका बालबालिकालाई मात्र औपचारिक न्यायिक प्रक्रियामा ल्याइने र न्यायिक प्रक्रियालाई बालमैत्री बनाउने,

- साक्षी बालबालिकाको सुरक्षाको प्रबन्ध गरिने बालबालिकाको मुद्दाको सुनुवाइ छुट्टै बन्द इजलासमा गरिने,
- औपचारिक कानुनी प्रक्रियामा बालबालिकाको विचारलाई महत्व दिइने,
- न्यायिक प्रक्रियामा संलग्न हुन आउने बालबालिकाको परिचयात्मक विवरण गोप्य राख्ने व्यवस्था गर्ने।

बाल सुधारगृह

बाल सुधारगृह भन्नाले कुनै कानुनी सजाय पाएका बालबालिकालाई सुधारका लागि राखिने घर हो। नेपालमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२ को उपदफा १ अनुसार बालबालिकाका लागि बाल सुधारगृहको स्थापना गरिने छ भनिएको छ। यद्यपि बालसुधार गृह नभएमा अन्य व्यक्ति वा निकायद्वारा सञ्चालन गरेको बालकल्याण गृह, अनाथालय वा केन्द्रलाई सरकारले त्यस्तो व्यक्ति वा निकायको स्वीकृति लिई अस्थायीरूपमा बाल सुधारगृहको रूपमा उपयोग गर्न सक्नेछ। यस्तो अवस्थामा बालबालिकालाई बालकल्याण गृह, अनाथालय वा कुनै बालकेन्द्रमा राख्नु परेमा उनीहरूका बुवा, आमा वा परिवारको सदस्यको मञ्जुरीले बालसुधार गृहमा राखिनुपर्छ र पालनपोषणको निमित्त भएको खर्च निजको बुवा, आमा वा परिवारको सदस्यले व्यहोर्नु पर्छ।

बाल सुधारगृहमा देहायबमोजिमका बालबालिकालाई राखिन्छ:

(क) कुनै कसुरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुनबमोजिम थुनामा बस्नुपर्ने बालक,

(ख) प्रचलित कानुनबमोजिम कैदको सजाय पाएकोमा सोबमोजिम कैदमा जानुपर्ने बालक,

(ग) लागूऔषधको कुलतमा लागेको बालक,

(घ) बुवा, आमा वा घर परिवारबाट भागी हिँड्ने गरेको बालक,

(ङ) अनैतिक वा अवाञ्छनीय क्रियाकलापमा संलग्न व्यक्तिहरूसँग बस, उठ गर्ने वा त्यस्ता व्यक्तिहरूको क्रियाकलापमा सरिक हुने वा तिनीहरूको आम्दानीमा आश्रित रहने बालक,

(च) नेपाल सरकारले तोकेको वर्गीकरणका बालकहरू।

हालसम्म भक्तपुरमा २०५८/५९ देखि र पोखरामा २०६९ देखि बाल सुधारगृह सञ्चालनमा आएको छ। विराटनगरमा बालसुधार गृहको निर्माण कार्य अन्तिम अवस्थामा पुगेको छ।

अन्तत: हरेक राज्यलाई बालबालिकाले गरेका बालबिज्याइँलाई सुधार्ने जिम्मेवारी हुन्छ। यदि बालबालिका गलत बाटोमा लागेमा बालबालिकालाई विशेष ध्यान पुऱ्याउनु पर्छ। उनीहरूको उचित हेरचाह, माया र व्यवहारमा बालअधिकारमैत्री हुनुपर्छ। बालबिज्याँई गर्ने बालबालिकालाई स्वत: ठूला मानिसभन्दा पृथक्रूपमा हेरिनुपर्छ किनकि प्राकृतिकरूपमा नै बालबालिका कोमल मनोभावका हुन्छन र उनीहरूलाई आफ्नो गल्ती पहिल्याउने र सच्याँउने वातावरण बनाउनु राज्यको कर्तव्य हो। यसका लागि बाल बिज्याँईलाई र बालन्यायलाई फौजदारी न्यायप्रणालीबाट पृथक् राखिनु पर्छ किनकी

कुनै पनि बालबालिकामा अपराध गर्ने पूर्व सुनियोजित मानसिकता हुँदैन, कुनै पनि बालबालिकालाई उनीहरूका कानुनविपरीतका गतिविधिका लागि अपराधिक दायित्व तथा सजायको भागीदार बनाइनुको साटो सुधारको बाटो पहिल्याइदिनुपर्छ जसले गर्दा भविष्यमा उनीहरू सक्षम नागरिक बन्न सकून् र अपराधमुक्त समाजको निर्माण हुन सकोस्।

नेपाली बालबालिकाको स्थिति, २०६९

विषय	प्रतिशतमा	हजारमा	सङ्ख्यामा
बालबचावटअर्न्तगत			
किशोर अवस्थामा (१५ देखि १९ वर्षमा) गर्भधारण हुने	१७	-	-
स्वास्थ्य सुविधा भएको ठाउँमा जन्मह्ने बालबालिका	३५	-	-
गर्भ अवस्थामा गर्भमा भएको बच्चाको मृत्यु	-	३७	-
२० वर्ष भन्दा कम उमेर भएका आमाको गर्भ अवस्थामा गर्भमा भएका बच्चाको मृत्यु	-	४८	-
शिशु मृत्यु दर (जन्म देखि एक वर्षसम्म)	-	४६	-
५ वर्ष मुनिको मृत्युदर	-	५४	-
बाल संरक्षणअर्न्तगत			
५ देखि १७ वर्षको उमेरका बालबालिकाको सङ्ख्या	-	-	७७,७०,०००
काम नगरी विद्यालय जाने बालबालिका	५४	-	४१,९४,७५५
विद्यालय नगई बालश्रमिकको रूपमा काम गर्ने बालबालिका	५.६	-	४,३३,०६५
कुल कामदार बालबालिका (विद्यालय जाने नजाने दुवै)	४०.४	-	३१,४२,५०१
विद्यालय जान पाएका कामदार बालबालिका	७९	-	२४,८१,८४३
विद्यालय जान नपाएका कामदार बालबालिका	२१	-	६,६०,८६८
बालबालिका विरुद्ध परिलक्षित अपराध तथा दुर्व्यवहार (१८ वर्ष मुनिका)	-	-	-
मानब बेचबिखन	-	-	६५
बालविवाह	-	-	१२
जबरजस्ती करणी/उद्योग	-	-	३४८
सामाजिक विभेदबाट पीडित	-	-	८५
कानुनी विवादमा परेका बालबालिका	-	-	७९
बाल सुधार गृहमा रहेका बालबालिका	-	-	१३६
५-१४ वर्षका एचआईभी सङ्क्रमित	-	-	१२६५
विस्फोटक पर्दाथबाट मृत्यु हुने	-	-	-
धर्मपुत्र, धर्मपुत्रीका रूपमा विदेश गएका बालबालिका (२००९-२०१२)	-	-	३४८
अपाङ्गता भएका बालबालिका			
उमेर १-५ वर्ष	१	-	-
उमेर ६-१५ वर्ष	२	-	-
सडकमा आश्रित बालबालिका	-	-	३५७०
सडक दुर्घटनामा मृत्यु हुने बालबालिका	-	-	२५१
बाल विकासअर्न्तगत	-	-	-
प्राथमिक तहमा अध्ययनरत (कक्षा १-५)	-	-	४७,८२,८८५
निम्न माध्यमिक तहमा अध्ययनरत (कक्षा ६-८)	-	-	१८,१२,६८०
आधारभुत तहमा अध्ययनरत (कक्षा १-८)	-	-	६५,९५,५६५
माध्यमिक तहमा अध्ययनरत (कक्षा ९-१०)	-	-	८,४८,५६९
उच्च माध्यमिक तहमा अध्ययनरत (कक्षा ११-१२)	-	-	३,५३,३३८
बाल सहभागिताअर्न्तगत	-	-	-
बालक्लबको सङ्ख्या	-	-	१३,३३१
जिल्ला बालकल्याण समितिमा आबद्ध बालक्लब (४२ वटा जिल्लामा)	-	-	७४८१
बालक्लबमा आबद्ध बालबालिका (५२ जिल्लामा)	-	-	२,७७,५८०
जिल्ला बाल कल्याण समितिमा आबद्ध बालबालिका	-	-	३५
जिल्ला बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति	-	-	४३
गाउँ तथा नगर बाल संरक्षण तथा सम्बर्द्धन उपसमिति	-	-	१००४
विद्यालय व्यवस्थापन समिति	-	-	३१९

स्रोत: नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

१२ एकाइ

बालअधिकार प्रवर्धनमा स्थानीय निकायको भूमिका



बालअधिकारका बारेमा धेरै कुराहरू गरिरहँदा बालबालिकाका बालअधिकारहरू हनन भएमा, उनीहरू सर्वप्रथम कहाँ जाने ? कसलाई भन्ने ? भन्ने बारेमा पनि जानकार हुन आवश्यक छ। स्थानीयस्तरमा उनीहरूका सवालहरूमा सुनुवाइ हुने ठाउँ भनेको राज्यका स्थानीय निकायहरू हुन्। बालअधिकार प्रवर्धनमा स्थानीय निकायको भूमिका महत्वपूर्ण रहेको हुन्छ। स्थानीय निकाय भन्नाले जिल्ला विकास समिती, नगरपालिका, गाउँ विकास समिति भन्ने बुझ्नु पर्छ। बालअधिकार महासन्धिको धारा ३ मा "सार्वजानिक वा सामाजिक कल्याणकारी सङ्घसंस्थाहरू, अदालतहरू, प्रशासनिक अधिकारीहरू विधायक निकायहरू जोसुकैबाट गरिने बालबालिकासँग सम्बन्धित सबै कार्यहरूमा बालबालिकाको सर्वोत्तम हित नै प्राथमिक विचारको कुरा हुनेछ र यसका लागि सबै पक्षराष्ट्रहरूले व्यवस्थापकीय र प्रशासनिक उपायहरू अवलम्बन गर्नेछन्" भनी उल्लेख गरिएको छ। यसकारण पनि बालबालिकाको सर्वोत्तम हितलाई स्थानीय निकायले विशेष महत्वका साथ लिनुपर्छ।

बालअधिकारको संरक्षणका लागि राष्ट्रियस्तरमा विभिन्न नीति, नियम तथा कार्ययोजनाहरू तयार भएपछि ती नीति नियमहरूको कार्यान्वयनका लागि स्थानीयस्तरमा रहेका निकायहरू जिम्मेवार रहेका हुन्छन्। यी स्थानीय निकायहरू स्थानीय स्वायत्त शासन ऐन, २०५५ द्वारा निर्देशित भएका हुन्छन्।

सो स्थानीय स्वायत्त शासन ऐन ले गाविस र नगरपालिकालाई आफ्नो क्षेत्रमा बालबालिकाको शिक्षा, स्वास्थ्य र खेलकुदसम्बन्धी व्यवस्था गर्न, देश विकासका लागि आवश्यक मानव संसाधनको विकास गर्न, महिला, बालबालिकालगायत समाजका विपन्न वर्गका हक अधिकार तथा हितको संरक्षणका लागि कार्य गर्न पूर्ण अख्तियारी र जिम्मेवारी दिएको छ। त्यसैगरी बालबालिकाका हकहितका लागि काम गर्न आफ्नो क्षेत्रमा आएका विकासका साझेदार संस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू आदिको स्वीकृत दिने, त्यसमा समन्वय गर्ने तथा उनीहरूसँग स्थानीय निकायका तर्फबाट सहकार्य गर्ने जिम्मेवारी पनि ऐनले गाविस तथा नगरपालिकालाई सुम्पेको छ। यसप्रकार गाविस तथा नगरपालिका बालबालिकाका लागि काम गर्ने निकायहरू हुन् र यिनीहरूले जिल्लातहमा जिल्ला विकास समिति र जिल्ला सरकारी कार्यालयहरूको समन्वयमा काम गर्छन्।

बालअधिकारलाई (बालबचावट, बालविकास, बालसंरक्षण र बालसहभागिता) मूलप्रवाहिकरण गर्नका लागि तथा बालअधिकारलाई स्थानीयस्तरदेखि नै स्थापित गराउनमा स्थानीय निकायको भूमिका उल्लेखनीय रहेको हुन्छ। बालबालिका रहेको ठाउँका गाविस वा नगरापालिकाहरू भनेका उनीहरूका हकअधिकारका पक्षमा काम गर्ने स्थानीयस्तरमा रहेका सबैभन्दा नजिकका सरकारी निकायहरू हुन्। बालबालिकाका हक अधिकारहरू हनन वा उल्लङ्घन भएमा स्थानीयस्तरबाट नै जिल्ला विकास समिति (जिविस), गाउँ विकास समिति (गाविस) तथा नगरपालिकाहरूमार्फत यसको सम्बोधन गर्न सकिन्छ। बालबालिकाका अधिकारको उल्लङ्घन भएमा, उनीहरूको दुर्व्यवहार भएमा वा उनीहरूलाई हक अधिकारबाट बञ्चित गराएमा उनीहरूलाई संरक्षण गर्न यी निकायहरूले उपयुक्त नीतिहरूको निर्माण तथा विभिन्न संयन्त्रहरू बनाएर लागु गर्न सक्छन्।

स्थानीय निकायहरू र तिनीहरूका कार्यहरू

१. गाविस तथा नगरपालिकाले बालबालिकाका पक्षमा गर्ने कार्यहरू

- योजना तर्जुमा गर्दा बालबालिकाका विषयलाई तथा बालिबालकालाई प्रत्यक्ष लाभ हुने विषयलाई महत्व दिने।
- आवधिक योजना तर्जुमा गर्दा बालबालिकाका लागि आयमूलक र सीपमूलक विकास कार्यहरू गर्ने।
- आफ्नो क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्ने।
- आफ्नो क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने।
- आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिका छात्राछात्रहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने।
- मातृशिशु, विस्तारित खोप आदि कार्यक्रमको कार्यान्वयन तथा तर्जुमा गराउने।
- नगरपालिकाले टुहुरा अनाथ तथा असहायहरूका लागि अनाथालयको व्यवस्था गर्ने।
- नगरपालिकाले आफ्नो क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग बालबालिकाको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था गर्ने।

- नगरपालिका क्षेत्रभित्र स्तरयुक्त विद्यालय शिक्षा उपलव्ध गराउन आवश्यक व्यवस्था गर्ने।
- बालअधिकार प्रवर्द्धन तथा संरक्षणका लागि प्रत्येक गाविस तथा नगरपालिकामा बालअधिकार तथा बालसंरक्षण समिति गठन गर्ने।
- बालबालिकासम्बन्धी राष्ट्रिय निति, २०६९ अनुसार गाविस, नगरपालिका तथा जिल्ला विकास समितिको आ-आफ्नो स्थानीय स्रोत तथा सरकारी अनुदानबाट वार्षिक कम्तीमा १० प्रतिशत बजेट वा रकम बालबालिकाका हितका लागि परिचालन गर्नुपर्ने।
- हरेक बालबालिकाको सर्वोत्तम हितका लागि बालबालिकाको बाँच्न पाउने अधिकार, शिक्षाको अधिकार, विकासको अधिकार, सहभागिताको अधिकारलाई सुनिश्चित गर्नका लागि स्थानीय निकायहरूले स्थानीय तहमा विभिन्न सवालहरूको उठान गरी बालबालिकाका समस्याहरूको समाधानलाई प्राथमिकता दिनुपर्ने।
- आफ्नो क्षेत्रभित्रका बालबालिकासम्बन्धी तथ्याङ्कको अभिलेखीकरण राख्ने।
- हिंसा, दूर्व्यवहार, अपहेलना आदिबाट पीडित बालबालिकाका लागि उनीहरूका परिवारलाई कानुनी उपचारमा सहयोग गर्नुका साथै उनीहरूको पहुँच बढाउन सहयोग गर्ने।

बालसहभागिताको आवश्यकता

बालअधिकार प्रवर्धनमा बालसहभागिता अत्यन्त आवश्यक रहन्छ। बालसहभागिताले बालबालिकामा आत्मविश्वास बढाउनुका साथै उनीहरूको चौतर्फी विकासमा बाल्यकालदेखिनै मद्दत गर्छ। यसबाट बालबालिकामा उत्तरदायित्वको भावनाको पनि विकास हुन्छ। बालसहभागिताद्वारा बालिबालिकाले निम्न कुराहरू गर्न सक्छन्:

- बालबालिकाले आफ्ना विचारहरू, धारणाहरू राखेर स्थानीय निकाय र तहमा हुने निर्णयहरूमा महन्वपूर्ण प्रभाव पार्न सक्छन्।
- आफ्ना हकहितका बारेमा स्थानीय निकायले के-के गरेमा राम्रो हुन्छ भनेर जान्न र विचार राख्नसक्छन्।
- आफ्ना विषयमा सरोकार राख्ने विषयहरू शिक्षा, स्वास्थ्य, विभिन्न सेवाहरू उपभोग गर्नका लागि आवाज उठाउन सक्छन्।
- बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, शोषणविरुद्ध आवाज उठाई बाल संरक्षणको माग गर्न सक्छन्।
- समुदायस्तरका क्रियाकलापहरूमा सहभागिता जनाउन सक्छन्।

गाविस तथा नगरपालिकाहरूले बालबालिकासँग सम्बन्धित विषयहरूमा नीतिहरू तथा योजना प्रक्रियामा बालसहभागितालाई सुनिश्चित गरी विभिन्न कार्यहरू गर्नसक्छन्। यसका लागि गाविस तथा नगरपालिकाले आफ्ना आवद्यिक योजनाहरू बनाउँदा विभिन्न प्रस्तावनाहरू माग गर्नुपर्छ। यस्तो बेलामा बालक्लबहरू, तिनीहरूका सञ्जालहरू भएर वा अन्य सरोकारवाला संस्थासँगको साझेदारीमा

आयोजना प्रस्तावनाहरू वडा समितिमार्फत प्रस्तुत गर्न सक्छन्। जसले गर्दा स्थानीयस्तरबाट नै बालसहभागिता बृद्धि हुन्छ जसले गर्दा बालअधिकार सुनिश्चित गर्न पनि सहयोग पुग्छ।

बालकल्याण समिति

बालबालिकासम्बन्धी ऐन २०४८ मा व्यवस्था गरिएअनुसार बालबालिकाको हक हितको संरक्षण र प्रवर्धन गर्ने निकायका रूपमा केन्द्रीय बाल कल्याण समिति रहेको छ भने जिल्लास्तरमा ७५ वटै जिल्लाहरूमा जिल्ला बाल कल्याण समितिहरू रहेका छन्। बाल कल्याण समितिका काम, कर्तव्य र अधिकारहरू बालबालिकासम्बन्धी ऐन २०४८ तथा यसको नियमावली २०५१ बाट निर्देशित भएका छन्। यस समितिले नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धि र यसका दुई आलेखहरू, तथा क्षेत्रीय र राष्ट्रियस्तरमा पारित गरिएका विभिन्न नीति तथा दस्ताबेजहरूलाई आधार मानेर आफ्नो कार्य गर्दछ। यो समिति महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको समन्वयमा रहेर कार्य गर्ने एक स्वायत्त समिति हो।

केन्द्रीयस्तरमा केन्द्रीय बालकल्याण समितिले कार्यहरूद्वारा बालअधिकारको संरक्षण गर्दछ। जस्तै:राष्ट्रिय निति र योजना तर्जुमा गर्ने; स्वीकृत राष्ट्रिय नीति र योजनाअनुरूप वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने; आवश्यक आर्थिक श्रोत परिचालन गर्न निति र कार्यक्रम तर्जुमा गर्ने; जिल्ला बाल कल्याण समिति (जिबाकस) तथा व्यवस्थापन समितिलाई मार्गदर्शन गर्ने; जिबाकसको कार्यक्रम समिक्षा र मुल्याङ्कनगर्ने; बालबालिकासम्बन्धी विभिन्न तथ्याङ्क सङ्कलन गर्ने तथा अभिलेख राख्ने र राख्न लगाउने; बालअधिकारसम्बन्धी कानुनहरूको प्रचार-प्रसार गर्ने, बालअधिकारको संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ गैर सरकारी संस्थाहरूलाई कानुनी दायरामा रही सहयोग गर्न प्रोत्साहन गर्ने आदि।

त्यसैगरी जिल्ला स्तरमा जिल्ला बाल कल्याण समिति मितिले विभिन्न कार्यहरूद्वारा बालअधिकारको संरक्षण गर्दछ। जस्तै: बालअधिकारका लागि जिल्लास्तरीय दीर्घकालीन नीति र योजना तर्जुमा गरी केन्द्रीय बाल कल्याण समितिमा पठाउने; स्वीकृत नीति र योजनाअनुरूप वार्षिक कार्यक्रम र बजेट बनाई कार्य सञ्चालन गर्ने, गराउने; वार्षिक कार्यक्रम सञ्चालन गर्नको निमित्त आवश्यक स्थानीय स्रोतको खोजी गर्ने र प्राप्त स्रोतको परिचालन गर्ने; बालबालिकासम्बन्धी तथ्याङ्कक संकलन गरि अभिलेख राख्ने र त्यसको एक प्रति केन्द्रीय बालकल्याण समितिमा पठाउने; कुप्रथा हटाउन सहयोग गर्ने आदि।

केन्द्रीय बालकल्याण समितिले सम्बन्धित जिल्ला बालकल्याण समिति तथा जिल्ला/गाँउ/नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति, स्थानीय निकाय, साझेदार संस्था/निकाय र समुदायसँग सहकार्य गर्दै २२ जिल्लाका २१ वटा गाविस तथा एक नगरपालिकालाई विभिन्न चरण गरी योजनाबद्धरूपमा तथा भएका सूचकहरूका आधारमा बालमैत्री गाउँ विकास समिति तथा नगरपालिका बनाउने अभियान अगाडि बढाएको छ। यसका अतिरिक्त बालमैत्री स्थानीय शासन रणनीतिअनुरूप ३३ जिल्लाका (जुम्ला, दाङ, उदयपुर, डडेलधुरा, सप्तरी, पाँचथर, नवलपरासी, पर्सा, डोल्पा, अछाम, मुगु, रुकुम, बाजुरा, हुम्ला,

जाजरकोट, कालीकोट, बझाङ, कपिलवस्तु, काभ्रे, कास्की, तनहुँ, सुनसरी, चितवन, मोरङ, ललितपुर, काठमाडौँ, झापा, दोलखा, कञ्चनपुर, भक्तपुर, लमजुङ, दाग्लुङ, रूपन्देही) १५ नगरपालिका (पोखरा, व्यास, इनरुवा, भरतपुर, रत्ननगर, तुलसीपुर, घोराही, त्रियुगा, अमरगढी, राजविराज, विराटनगर, ललितपुर, भिमदत्त, नेपालगञ्ज, गुलरीया) र ३ सय गाविसमा बालमैत्री स्थानीय शासन कार्यान्वयनमा ल्याइएको छ। (स्रोत: नेपाली बालबालिकाको स्थिति २०६९)

जिल्ला बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति र गाउँ/नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति गठन गरिएका सम्पूर्ण जिल्ला तथा गाउँ/नगरहरूमा कम्तीमा एकजना बालक र एक जना बालिकाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ। बाल क्लबहरूलाई व्यवस्थित गर्न केन्द्रीय बाल कल्याण समितिले बालसहभागिता निर्देशिका २०६२ जारी गरेको छ भने जिल्ला बाल कल्याण समितिहरूले बाल क्लबहरूलाई आबद्धता दिने गरेका छन्।

१३ एकाइ

अधिकार र कर्तव्य

अघिल्ला सबैजसो एकाईहरूमा बालअधिकारका सम्बन्धमा छलफल भयो। बालअधिकार के हो ? बालअधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि सम्बन्धित सरोकारवालाहरूले के गर्नुपर्छ ? बालअधिकारका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा के-कस्ता संयन्त्रहरूको व्यवस्था गरिएको छ ? लगायतका विषयहरूमा स्पष्ट भइसकेपछि बालबालिकाले आफूले पनि आफ्नो अधिकार सुनिश्चित गर्नका लागि कस्ता के-कस्ता दायित्वहरू पूरा गर्नुपर्दछ भन्ने बारेमा स्पष्ट हुनु जरूरी छ। हाम्रो देशमा आफ्नो अधिकारको माग मात्रै राख्ने र अधिकार प्राप्तिपछि आफूले निर्वाह गर्नुपर्ने कर्तव्यको परिपालना गर्ने सङ्ख्या ज्यादै कम छ। आफूलाई कसैले केही भन्न नहुने र जे गरे पनि आफ्नो अधिकार सुरक्षित रहेको भन्ने सोचेर कसैको अनुरोध, भनाइ, नियम, कानुन आदिलाई पालना नगर्ने हो भने बालबालिकाका विरुद्धमा लिइएका कुनै पनि नैतिक तथा कानुनी कदमहरूलाई बालअधिकार विरुद्धका रूपमा लिनु हुँदैन।

कतिपय अधिकारसँग जोडिएको विषयवस्तु नैतिकताका आधारमा पनि परिपालन गरिनु पर्दछ। एउटा उदाहरणका रूपमा कुनै पनि बालबालिकाको प्रगति र उन्नतिका लागि उसका आमा बुवा शिक्षक शिक्षिकाले पढ्न वा अन्य राम्रो कार्यका लागि प्रेरित गर्ने उद्देश्यले सामान्य गाली गरेमा

बालअधिकारको उल्लङ्घनसँग यसलाई जोड्नु हुँदैन। आफ्नो अधिकार प्राप्तिपछि त्यस देशका लागि हामीले के गर्नुपर्दछ भन्ने बारेमा पनि सानै उमेरदेखि सोच्नु जरूरी हुन्छ।

अधिकारका र कर्तव्यका दृष्टिले हेर्ने हो भने विश्वमा चार किसिमका नागरिकहरू देखिन्छन्:

(**क**) **अधिकारको मात्रै माग गर्ने**: कतिपय नागरिकहरू आफ्नो अधिकार मागको लागि जस्तोसुकै कार्य पनि गर्ने र आफूले राखेको अधिकारको मागले अरूको अधिकारलाई कतिको असर पऱ्यो भन्ने बारेमा ध्यान नदिने हुन्छन्। आफ्नो अधिकार प्राप्त भएपछि ती नागरिकको आफ्नो सम्बन्धित राष्ट्रले राखेका न्यूनतम मापदण्डहरू पनि पूरा गर्दैनन्। उदाहरणको रूपमा आफ्नो जनताको अधिकार सुनिश्चित गर्नका लागि कतिपय राज्यले जनताको आयमा कर लिनेलगायत अन्य व्यवस्था गरेको हुन्छ तर सम्बन्धित राज्यको यस्तो मापदण्डलाई धेरै नागरिकहरू आफ्नो अधिकारको उल्लङ्घनसँग जोडेर हेर्दछन् भने न्यूनतमरूपमा पनि राज्यप्रति आफ्नो दायित्व सम्झँदैनन्।

(**ख**) **कर्तव्यको मात्रै पालना गर्ने**: कतिपय नागरिकहरूलाई आफ्नो अधिकारबारे सोच्ने फुर्सद पनि उनीहरूलाई हुँदैन। उनीहरू केवल आफ्नो देशप्रतिको कर्तव्य के हो भन्ने कुरामा मात्रै तल्लिन हुन्छन्। तर संसारका धेरैजसो देशहरूलाई हेर्ने हो भने यसप्रकारका नागरिकहरू कमै मात्र पाइन्छन्। बालबालिकाले यस्तो खालको चिन्तनबाट पनि माथि उठ्नु जरूरी छ। कतिपय अवस्थामा कर्तव्यप्रतिको समर्पणले मात्रै आफ्नो अधिकारको संरक्षण नगर्न सक्दछ।

(**ग**) **अधिकार र कर्तव्यको दुवैको पालना गर्ने**: कतिपय नागरिकहरू उचित समयमा आफ्नो अधिकारको माग गर्ने र अधिकार प्राप्ति सँगसँगै आफ्नो कर्तव्य केहो भन्ने बारेमा पनि सोच्ने हुन्छन्। उनीहरू आफ्नो अधिकार प्राप्तिसँगै आफ्नो देशप्रतिको आफ्नो कर्तव्य केहो अर्थात आफ्नो अधिकार प्राप्तिपछि अरूको अधिकारमा के कस्तो असर पर्छ या पर्दैन भन्ने बारेमा हरदम सचेत रहन्छन्।

(**घ**) **अधिकार र कर्तव्य दुवैलाई वास्ता नगर्ने**: संसारका कतिपय ठाउँहरूमा यस्ता मानिसहरू पनि छन् जो सम्बन्धित देशले आफ्नो अधिकार सुनिश्चित गर्नका लागि के-कस्ता संयन्त्रहरूको निर्माण गरेको छ तथा आफ्ना अधिकारहरू के-के हुन्? भन्ने बारेमा उनीहरूलाई केही थाहा पनि हुँदैन वा कतिपय थाहा पाएर पनि वास्ता गर्दैनन् भने आफ्नो देशप्रतिको कर्तव्य के हो? भन्ने बारेमा पनि उनीहरूलाई केही थाहा हुँदैन। त्यस्ता नागरिकहरू आफ्नै दुनियाँमा रमाइरहेका हुन्छन्।

उपरोक्त चार किसिमका नागरिकहरूमध्ये हरेक बालबालिकाले आफू तेस्रो अर्थात अधिकार र कर्तव्य दुवैको परिपालन गर्ने खालको नागरिक हुने अठोट लिनुपर्दछ। आफ्नो उद्देश्यको बारेमा हरेक बालबालिका सचेत हुनै पर्दछ। यसका लागि आफूले अधिकारप्राप्तिका लागि आवाज उठाउनुका साथै आफ्नो कर्तव्य के हो भन्ने बारे पनि सोच्नु जरूरी हुन्छ। हरेक व्यक्तिले आफू अधिकारको माग सँगसँगै र कर्तव्यको पनि परिपालना गर्ने र आफ्नो अधिकारको माग राख्दा अरूको अधिकारमा असर पर्ने वा

नपर्ने बारेमा हरदम सचेत रहने खालको व्यक्तित्वको विकास गर्नु जरूरी हुन्छ।

अधिकार र कर्तव्य एक अर्काका परिपूरक हुन् अर्थात एउटाको अनुपस्थितिमा अर्कोको औचित्य समाप्त हुन्छ। जसरी एउटा गाडीका सबै पाङ्ग्रामध्ये कुनै एउटाले काम नगरेमा त्यो गाडी सञ्चालनमा आउन सक्दैन, त्यसैगरी कुनै पनि देशको विकास र उन्नतिका लागि कसैले पनि अधिकार र कर्तव्यलाई अलग्याएर हेर्न मिल्दैन अर्थात अधिकार र कर्तव्यलाई छुट्टाएर त्यो देशको विकास सम्भव हुन सक्दैन। यसका लागि हरेक व्यक्तिले आफ्नो बाल्यकालदेखि नै अधिकार र कर्तव्यको सिलसिलामा सचेत हुनु जरूरी छ।

बालबालिकाले आफूले के-कस्ता कर्तव्यहरूको पालना गर्नुपर्दछ भन्ने बारेमा स्पष्ट हुनका लागि उनीहरूले आफ्नो अधिकारको सुनिश्चितताका लागि गर्नुपर्ने केही कर्तव्यहरूलाई बुँदागतरूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ:

१. आफ्नो समस्याको बारेमा खुलस्त आफ्ना परिवारको मान्छे, शिक्षक तथा अन्य व्यक्तिहरूसँग छलफल गर्नुपर्दछ।
२. आफ्ना बुवाआमाले आफ्नो भलाइका लागि अह्राएका कामहरू गर्नुपर्दछ।
२. विद्यालयले लागु गरेका नियमहरूलाई पालना गर्नुका साथै शिक्षकहरूले दिएको गृहकार्य लगायतका कामहरू उचित समयमा गर्नुपर्दछ।
३. आफूभन्दा सानालाई माया, ठूलालाई आदर गर्ने बानीको विकास गर्नुपर्दछ।
४. आफ्नो माग राख्दा अरूलाई असर पर्ने/नपर्ने बारेमा सानैदेखि सचेत हुनुपर्दछ। अरूलाई असर पर्ने गरी आफ्नो अधिकारको माग राख्नुहुदैन।
५. आफूलाई अत्यावश्यक कागजातहरू जस्तो जन्मदर्ता, नागरिकताको प्रमाण पत्र आदि परिवारका सदस्यले उचित समयमा बनाइदिएको नदिएको बारे सचेत हुनुपर्दछ। यदि त्यस्ता आवश्यकीय कागजातहरू नभएमा घरपरिवारका सदस्यहरूलाई तिनीहरूको महत्वबारे स्पष्ट पारी ती कागजातहरू तयार गर्न अनुरोध गर्नुपर्दछ।
६. आफू घरबाहिर जाँदा आफ्नो परिवारलाई जानकारी गराउनुपर्दछ र घरपरिवारका सदस्यको अनुमतिमा मात्रै बाहिर जानुपर्दछ।
७. आफ्नो अध्ययनका अतिरिक्त आफूले सक्ने साधारण कामहरूमा परिवारका सदस्यहरूलाई सघाउनुपर्दछ।
८. आफ्नो गोपनीयताको साथै अन्य साथी, घरपरिवारका सदस्य तथा अन्य मानिसहरूको गोपनीयतालाई पनि बाहिर ल्याउनु हुँदैन।

अत: अधिकार र कर्तव्य एकै रथका दुई पाटा हुन्। जसरी रथको कुनै एउटा पाङ्ग्रो बिग्रिएमा त्यो रथले आफ्नो गति लिन सक्दैन त्यसरी अधिकारको खोजीसँगै कर्तव्यको परिपालना गर्न सकिएन भने त्यसको कुनै अर्थ रहन्न। मानव संस्कृतिको निर्माण बाल्यकालदेखि नै हुने भएकाले हरेक मानिसले आफ्नो बाल्यकालदेखि नै अधिकार र कर्तव्य दुवैको महत्व बुझ्नु जरूरी छ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९

(नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति २०६९।१।४)

१. पृष्ठभूमि

बालबालिका राष्ट्रको कर्णधार हुन्। आजका बालबालिका नै मुलुकको भविष्यका नीति निर्माता हुन्छन्। उचित शिक्षा, पालनपोषण र अवसर दिई बालबालिकालाई आज जति योग्य बनाउन सकिन्छ, भविष्यमा त्यति नै देशले उचित नेतृत्व पाउने सम्भावना हुन्छ। वास्तवमा बालबालिका भनेका अर्काको सहारामा बाँच्नु पर्ने अपरिपक्व व्यक्ति हुन्। उनीहरू आफ्नो हित अहितका बारेमा सोच्न सक्दैनन्। यसको नाजायज फाइदा लिई बालबालिका प्रति धेरै प्रकारका दुर्व्यवहारहरू हुन सक्दछन्। उनीहरूलाई अर्काको पालनपोषण र स्याहार सम्भारको आवश्यकता पर्दछ। बालबालिकाको पालनपोषण, स्याहार, विकास र संरक्षणको प्राथमिक दायित्व बुवा आमा र संरक्षकको हो। साथै, बालबालिकालाई जन्मनु अघि र जन्मेपछि उचित स्याहार, पालनपोषण, शिक्षा दिक्षा दिँदै तथा हक अधिकारको संरक्षण गरी योग्य नागरिक बनाउनु सम्बन्धित सबैको दायित्व हो।

संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि १९८९ लाई सेप्टेम्बर १४, १९९० मा अनुमोदन गरेर नेपालले बालबालिकाको विकास, बालअधिकारको संरक्षण र बाल सहभागिताजस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धता प्रकट गरेको छ। यसैगरी नेपालले बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण विरुद्धका सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००० लाई २००६ मा अनमोदन गरेर बालबालिकालाई सो कार्यमा नलगाउने र सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग तथा संलग्नताका विरुद्धमा व्यवस्था भएका बालअधिकारसम्बन्धी महासन्धिका स्वेच्छिक प्रोटोकल २००० लाई २००७ मा अनुमोदन गरेर सशस्त्र द्वन्द्वमा बालबालिकालाई संलग्न नगराउने दायित्व लिएको छ। यस अतिरिक्त नेपालले निष्कृष्ट प्रकारका बालश्रम उन्मूलनसम्बन्धी आइ.एल.ओ. महासन्धि १९९९ लगायतका सन्धिलाई समेत अनुमोदन गरिसकेको छ।

नेपालको अन्तरिम संविधान, २०६३ मा बालकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको छ। त्यस्तै नि:शुल्क शिक्षा पाउने र प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने व्यवस्था गरिएको छ। प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त हुने र प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुने व्यवस्था पनि संविधानमा गरिएको छ।

संविधानअनुसार कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइँदैन। नेपालमा बालबालिकाको हक हितको

संरक्षणको निमित्त बालबालिकासम्बन्धी ऐन, २०४८ र बालबालिकासम्बन्धी नियमावली, २०५१ बनी कार्यान्वयनमा आएका छन्। त्यस्तै बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ बनेका छन्। २०६३ सालमा बाल न्यायको क्षेत्रमा छुट्टै बाल न्याय (कार्यविधि) नियमावली, २०६३ कार्यान्वयनमा आएको छ। एकातिर ती ऐन नियमावलीहरूमा नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता अनुकूलका सम्पूर्ण प्रावधानहरू रहन सकेका छैनन् भने अर्कोतिर बालबालिकासम्बन्धी प्रष्ट नीतिबिना बनेका ती ऐन र नियमावलीको कार्यान्वयन पनि सन्तोषजनक हुन सकेको छैन।

यसरी बालबालिको हक अधिकारको सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिबद्धता व्यक्त गरेको, नेपालको अन्तरिम संविधान, २०६३ मा बालबालिकाको हक सम्बन्धमा संवैधानिक व्यवस्था भएको र बालबालिकाको सम्बन्धमा कानुनहरू बनी कार्यान्वयनमा रहेको भए तापनि हालसम्म नेपालमा छुट्टै बालबालिकासम्बन्धी नीति भने बनेको पाइँदैन। यस पृष्ठभूमिमा नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता पूरा गर्न र बालबालिकाको क्षेत्रमा देखिएका समस्या समाधान गर्न नेपालमा सर्वप्रथम यो बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ जारी गरिएको छ। यस नीतिले बालबालिकाको सर्वोत्तम हितको लागि बालबालिकासम्बन्धी ऐन, नियममा सुधार गर्ने, विभिन्न निकायको बालबालिकासम्बन्धी कार्यक्रममा एकरूपता आउने, ऐन नियमको प्रभावकारी कार्यान्वयन हुने र बालबालिकाको हक हितसँग सम्बन्धित संस्थाको सुदृढीकरण हुने अपेक्षा गरिएको छ।

२. विगतको प्रयास

बालबालिकाको हक हितको संरक्षण, बालबालिकाको विकास र संरक्षणका लागि माथि उल्लेख भएबमोजिम विभिन्न ऐन नियमहरू बनाई कार्यान्वयन गरिएका छन्। आवधिक योजनामा बालबालिकासम्बन्धी नीति तथा कार्यक्रमलाई स्थान दिई बालअधिकारको विषयलाई कल्याणकारी अवधारणाबाट अधिकारमुखी अवधारणामा रूपान्तरण गरिएको छ। नेपाल सरकारले बालअधिकारका मुख्य विषयहरू बाल बचाउ, संरक्षण र विकाससम्बन्धी विषयमा केन्द्रित भई बालबालिका र विकासको लागि १० वर्ष राष्ट्रिय कार्य योजना तयार गरी लागु गरेको छ। बाल गहमा रहने बालबालिकाको हक हितको संरक्षण गर्न बाल गृह सञ्चालनसम्बन्धी न्यूनतम मापदण्ड बनाई लागु गरिएको छ। महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालयमा रूपान्तर गरी बालबालिकासम्बन्धी विषयहरू पनि हेर्ने गरी जिम्मेवारी प्रदान गरिएको छ। बालअधिकार र बाल संरक्षणको सवालमा केन्दमा केन्द्रीय बाल कल्याण समितिले र पचहत्तरै जिल्लामा जिल्ला बाल कल्याण समितिले केन्द्रविन्दुका रूपमा कार्य गरिरहेका छन्। बाल न्याय समन्वय समितिले बाल न्यायको क्षेत्रमा कार्य गरिरहेको छ। प्रत्येक जिल्लामा जिल्ला बाल संरक्षण समिति र गाउँस्तरीय बाल संरक्षण समिति जस्ता संस्थागत व्यवस्था गरिएका छन्।

बालअधिकार र विकासको विषय केवल महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँग मात्र सम्बन्धित नभई स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, श्रम मन्त्रालय, स्थानीय विकास मन्त्रालयजस्ता निकायसँग पनि सम्बन्धित विषय हा। ती मन्त्रालयहरूबाट पनि यस विषयमा थुंप्रै प्रयासहरू भएका

छन्। बालश्रम निर्मूलनसम्बन्धी राष्ट्रिय गुरु योजना र सबैको लागि शिक्षासम्बन्धी राष्ट्रिय कार्य योजना २०६०-२०७५ यसका उदाहरण हुन्। सरकारले बालबालिकालाई औपचारिक र अनौपचारिक शिक्षा निःशुल्क तथा कम शुल्कमा प्रदान गर्दै आएको छ। गरिब, अपाङ्ग, दलित, सहिदका छोराछोरी र छात्राको शिक्षामा पहुँच बढाउन छात्रवृत्तिलगायत छात्रावास, दिवा खाना, खाने तेल, विद्यालय पोशाक, निःशुल्क पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरू प्रदान गरिएको छ। गाउँस्तरसम्म स्वास्थ्य संस्थाहरूबाट निःशुल्क र कम शुल्कमा पोषण, भिटामिन ए, आधारभूत र अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्दै आइएको छ। खोप कार्यक्रम अभियानकै रूपमा सञ्चालन गरिँदै आइएको छ। जन्म दर्ता र बालअधिकारका बारेमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

३. वर्तमान स्थिति

बालबालिकाको हक हितको संरक्षण र विकासको लागि विगतमा सञ्चालन गरिएका विभिन्न प्रयासहरूका बाबजुद बालबालिकाको स्थितिमा आशातीत सुधार हुन नसकेको यथार्थ हामी सामु विद्यमान छ। बालबालिकाको जन्म दर्ता न्यून रहेको छ भने शिशु मृत्युदर आशानुरूप रूपमा घटाउन सकिएको छैन। एक दशक लामो सशस्त्र द्वन्द्वको प्रभाव स्वरूप अपाङ्ग हुने, घाइते हुने र मानसिक पीडा वा मनोवैज्ञानिक असर परेका बालबालिका प्रसस्त छन्। द्वन्दको कारणबाट ५ हजार जति बालबालिका अनाथ हुन पुगेका छन्। ६ देखि १० वर्षका बालबालिकाको प्राथमिक विद्यालयमा भर्नाको दरमा बढिरहेको भए तापनि यिनमा छात्राको भर्नादर तुलनात्मकरूपमा निकै कम छ। कतिपय गरिब र सीमान्तकृत समूहका बालबालिका शिक्षा पाउने अधिकारबाट वञ्चित छन्।

बालबालिकाको विकास र कल्याणको लागि परिवार नै एक मात्र उपयुक्त प्राकतिक वातावरण हो। तर ठूलो सङ्ख्याका बालबालिका विभिन्न कारणवश परिवारमा बसी हुर्कने अवसरबाट वञ्चित भइरहेका छन्। गरिब र पारिवारिक विखण्डनको कारण कतिपय बालबालिकाहरू सडकमा छन् र श्रम शोषणको शिकार भएका छन्। लाखौँ बालबालिकाले सरुवा रोग र निको नहुने रोगबाट ग्रसित भई ज्यान गुमाउनु परेकोछ। समाजमा विद्यमान कुरीति र कुसंस्कारको कारण कतिपय बालबालिकाको सानै उमेरमा बाल विवाह भएको छ। बाल सहभागिताको नाउँमा बालबालिकालाई अनावश्यक रूपमा सभा, सम्मेलन तथा सेमिनारमा प्रयोग गर्ने प्रचलन बढिरहेको छ। यस बीचमा नेपालमा एक दशकसम्मको सशस्त्र द्वन्द्व अन्त्य भई शान्तिप्रक्रिया र संविधान निर्माण प्रक्रिया तार्किक निष्कर्षमा पुग्न लागेको छ। अब राज्यको ध्यान समाजमा सदियौँदेखि पछाडि परेका वर्गलगायत बालबालिकाको उत्थान र विकासमा केन्द्रित हुनु पर्ने आवश्यकता छ। यस सन्दर्भमा बालबालिकाको विकास र संरक्षणको लागि छुट्टै नीति बनाई देशको लागि सक्षम, प्रतिस्पर्धी र अनुशासित नागरिक तयार गर्नुपर्ने समय आएको छ।

४. मुख्य समस्या र चुनौती

बालबालिकासम्बन्धी विषयले राष्ट्रिय प्राथमिकता नपाउनु, बालबालिकासम्बन्धी क्षेत्रमा कार्यरत संस्थाको संस्थागत क्षमता कमजोर हुनु, बालबालिकासम्बन्धी कार्यमा समन्वयको अभाव हुनु र उपलब्ध स्रोत र साधनको पर्याप्त र उचित व्यवस्थापन गर्न नसक्नु बालबालिकाको विकास र संरक्षणका क्षेत्रमा

देखिएको मुख्य समस्याहरू हुन्। देशमा विद्यमान गरिबीले पनि बालबालिकाको हक अधिकारको संरक्षण र उपयोगमा समस्या थपेको छ। देशको भौगोलिक अवस्थाले बालबालिकासम्बन्धी चेतना अभिबृद्धि गर्ने कार्यमा समस्या उत्पन्न गरेको छ।

सीमित स्रोत र साधनको अत्याधिक उपयोग गरी बालबालिकाको हक अधिकारको संरक्षण गर्नु, बालबालिकाको विकास गर्नु र बाल सहभागिता अभिबृद्धि गर्नु आजको चुनौती हो। विद्यमान बालबालिकासंग सम्बन्धित ऐन नियमहरूको प्रभावकारी कार्यान्वयन गर्न र बालबालिकालाई विभेद गर्ने र बालबालिकाको विकासमा अवरोध सिर्जना गर्ने मौजुदा ऐन, नियम, कुरीति र परम्परालाई समयानुकूल संशोधन, खारेज र सुधार गर्नु आजको अपरिहार्य आवश्यकता भएको छ। केन्द्रदेखि समुदायसम्म बालअधिकार र बाल विकासप्रति संवेदनशिल बनाई सबैमा उत्तरदायित्व र स्वामित्वको बोध गराउनु पनि उत्तिकै आवश्यकता छ। बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाको संस्थागत क्षमता बृद्धि गर्नु पनि एक चुनौतीको रूपमा रहेको छ।

५. नीतिको आवश्यकता

मुलुकमा ठूलो राजनीतिक परिवर्तन आएको छ। राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भएको छ। संविधानसभाको ऐतिहासिक निर्वाचन सम्पन्न भई पहिलो पटक नेपाली जनता आफैले आफ्नो लागि संविधान लेख्ने कार्य भइरहेको छ। विभिन्न राजनीतिक पार्टीबीच भएको सहमतिअनुरूप शान्तिप्रक्रिया तार्किक निष्कर्षमा पुग्न लागेको छ। मुलुकमा विकसित भएका यी राजनीतिक परिवर्तनसँगै बालबालिका प्रतिको दृष्टिकोणमा पनि आमूल परिवर्तन आएको छ। हिजो बालबालिकाको कल्याणमा जोड दिइँदै आएकोमा आज बालबालिकाको अधिकारमा जोड दिन थालिएको छ। शैक्षिक क्षेत्रमा बालबालिकाप्रतिको नियन्त्रण र शारीरिक सजाय दिने जस्ता सोचाई र भावनामा ठूलो परिवर्तन आएको छ। ती तमाम सोच, विकास र परिवर्तनसँगै अन्तर्राष्ट्रिय जगतमा विकास भएका बालबालिकासम्बन्धी नवीनतम आयामलाई समेटी नेपालले बालबालिकासम्बन्धी विभिन्न सन्धिलाई अनुमोदन गरी व्यक्त गरेको प्रतिबद्धताअनुरूप एउटा यथार्थपरक र व्यवहारिक बालबालिकासम्बन्धी राष्ट्रिय नीति तयार गरी लागु गर्नु आज अपरिहार्य आवश्यकता भएको छ।

६. नीतिको दीघकालीन लक्ष्य

सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाले बालअधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रूपमा व्यक्तित्व विकास गर्न सक्ने वातावरणको सिर्जना गर्ने।

७. नीतिका प्रमुख उद्देश्य

७.१ सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने,

७.२ बालबालिका जन्मनु अघि र जन्मेपछि आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,

७.३ आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल सहभागिता अभिवद्धि गर्ने,

७.४ बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने,

७.५ बाल न्याय प्रणालीलाई सुदृढ गर्ने।

८. नीति

उद्देश्य ७.१ सँग सम्बन्धित नीति *(७.१ सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा, शोषण, यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने)*

८.१ बालबालिकाको पहिचानको अधिकारलाई सुनिश्चित गर्ने एक उपायको रूपमा जन्म दर्तालाई लिइनेछ। नेपालको सरहदभित्र जन्मेका वा वेवारिसे अवस्थामा फेला परेका कुनै पनि लिङ्गका बालबालिकालाई अनिवार्यरूपमा तुरुन्त जन्म दर्ता गर्ने व्यवस्था मिलाइनेछ। जन्म दर्ता प्रक्रियालाई सरल बनाइनेछ। जन्म दर्ता गर्ने कानुनी प्रावधान, प्रक्रिया तथा जन्म दर्ताको महत्वको बारे स्थानीय निकाय र अन्य सरोकारवाला व्यक्ति वा संस्थाको चेतना जागरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय भर्ना लगायतका अन्य कार्यमा अनिवार्य जन्मदर्ता प्रमाणपत्र आवश्यक पर्ने व्यवस्था गरी जन्मदर्ता प्रमाणपत्रको प्रयोगको दायरा बढाइनेछ।

८.२ कुनै पनि सशस्त्र द्वन्द्वमा हुन सक्ने बालबालिकाको प्रयोगलाई कानुनद्धारा निषेधित र दण्डनीय बनाइनेछ। विशेष गरी विद्यालय परिसरमा सशस्त्र द्वन्द्वलगायतका राजनीतिक क्रियाकलाप निषेध गरिनेछ। द्वन्द्वप्रभावित बालबालिकाको उद्दार, उपचार, मनोसामाजिक विमर्श, सामाजिक तथा पारिवारिक पुनर्स्थापनालगायतका आवश्यक व्यवस्था गरिनेछ र तिनीहरूलाई लक्षित गरी राहत कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यको लागि केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिलाई क्रियाशील गरिनेछ। बालबालिकामा सशस्त्र द्वन्द्वका प्रभावलाई न्यून गर्न समुदायदेखि राष्ट्रियस्तरसम्म चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

८.३ बालबालिकाको यौन शोषण र यौन दुर्व्यवहारलाई गम्भीर अपराधको रूपमा लिइनेछ। इन्टरनेट, इमेल, मोबाइलजस्ता विद्युतीय सेवा प्रदायकले बाल यौनदुर्व्यवहार नहुने गरी मात्र सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ।

८.४ आफ्नो बालबालिका वा आफ्नो संरक्षणमा रहे बसेका बालबालिकालाई कुनै किसिमको अपहेलना गर्न नपाउने कानुनी व्यवस्था गरिनेछ।

८.५ जोखिममा परेका र सीमान्तकृत बालबालिकाको लागि तत्काल उद्धार र राहत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ। जोखिममा परेका बालबालिकाको तुरुन्त उद्धार, राहत र पुनर्स्थापनाका लागि कोषको व्यवस्था गरी परिचालन गरिनेछ।

८.६ बालबालिकाउपर हुने सबै प्रकारका शारिरिक र मानसिक दुर्व्यवहारलाई अपराध मानिनेछ। परिवार, शिक्षण संस्था र बालगृहले बालबालिकालाई शारीरिक र मानसिक दुर्व्यवहार गर्न नपाइने व्यवस्था गरिनेछ।

८.७ कुनै पनि प्रयोजनका लागि बालबालिकाको बेचबिखन र ओसारपसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अवलम्बन गरिनेछ।

८.८ बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूति, तिनीहरूको परिवार तथा समुदायमा पुनर्स्थापनाको व्यवस्था गरिनेछ।

८.९ बाल विवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरूको सहकार्यमा समुदायस्तरका सङ्घसस्थाहरूलाई परिचालन गरिनेछ। बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारबाही गर्ने व्यवस्था गरिनेछ र बाल विवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मवारी दिइनेछ।

८.१० बालबालिकालाई श्रमिकका रूपमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ। बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइनेछ। यस कार्यका लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति तथा स्थानीय निकायहरूलाई परिचालन गरिनेछ। उद्धार गरिएका बालश्रमिकको पारिवारिक तथा संस्थागत पुन:र्स्थापनाको लागि आवश्यक कदम चालिनेछ।

८.११ स्वास्थ्य सेवामा एचआईभी र एड्स सङ्क्रमित बालबालिकाको पहुँचलाई सहज बनाइनेछ। एचआईभी र एड्सबाट रोकथाम, सुरक्षा उपायहरू, रक्त परीक्षणलगायत एचआईभी र एड्स शिक्षा सम्बन्धमा व्यापक चेतना अभिवद्धि गर्ने व्यवस्था गरिनेछ। एचआईभी र एड्सबाट सङ्क्रमित तथा प्रभावित बालबालिकाको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ। एचआईभी र एड्सबाट सङ्क्रमित तथा प्रभावित बालबालिकाका निमित्त स्वास्थ्य उपचार, पोषणलगायतका आधारभूत सेवा, पारिवारिक, सामुदायिक तथा संस्थागत पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। एचआईभी र एड्स सङ्क्रमित बालबालिकाको पहिचान खुल्ने विवरणलाई गोप्य राख्ने व्यवस्था मिलाइनेछ। आमाबाट शिशुमा एचआईभी/एड्स सङ्क्रमण नियन्त्रणसम्बन्धी कार्यक्रम विस्तार गरिनेछ।

८.१२ शरणार्थी तथा कुनै पनि कारणले आन्तरिक रूपमा विस्थापित भएका बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ। शरणार्थी तथा आन्तरिकरूपमा विस्थापित बालबालिकाका लागि आधारभूत सेवा सुविधामा पहुँचको सुनिश्चितताको व्यवस्था गरिनेछ।

८.१३ अपाङ्गता भएका बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाइनेछ। अपाङ्गता हुन सक्ने कारण, रोकथामका उपाय र आवश्यक हेरचाहका बारेमा चेतना जागरणका कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता भएका बालबालिकाको नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ र शिक्षा स्वास्थ्यजस्ता आधारभूत सेवामा सहज पहुँचको व्यवस्था सुनिश्चित गरिनेछ। अपाङ्गताको प्रकृतिअनुसार आवश्यक सहयोगी सामान, उपकरण तथा पुस्तक नि:शुल्करूपमा वा कर छूटमा

आयात गर्ने व्यवस्था गरिनेछ। सार्वजनिकस्थल तथा भवनहरूमा, सूचना सञ्चारमा, अतिरिक्त कार्यकलापमा अपाङ्गता भएका बालबालिकाको सरल र सहज पहुँच बढाउन आवश्यक पर्ने भौतिक सुविधा र संयन्त्रका विकास गरिनेछ। गम्भीर अवस्थाका अपाङ्गता भएका बालबालिकाको लागि आवासको व्यवस्था गरिनेछ। अपाङ्गतालाई सशक्तिकण गरी पुनर्स्थापना गर्न पुनर्स्थापना केन्द्रको व्यवस्था गरिनेछ। हाल सञ्चालनमा रहेका विशेष शिक्षा कार्यक्रमलाई सुधार गर्दै समावेशी शिक्षा सञ्चालन गरिनेछ। तर भौगोलिक विषमता र खास आवश्यकतालाई विचार गरी आवश्यक भएमा विशेष शिक्षा पनि सञ्चालन गर्न सकिने व्यवस्था गरिनेछ। मानसिक सन्तुलन गुमाइसकेका र परिवारले पालनपोषण तथा हेरचाह गर्न नसकेका बालबालिकालाई विशेष सहयोग र हेरचाहको व्यवस्था गरिनेछ।

८.१४ बुवा वा आमा दुवै नभई हेरचाह गर्ने कोही नभएका र बुवाआमामध्ये एक भए पनि पालनपोषण गर्न सक्षम नभएका वा परित्यक्त वा वेवारिसे बालबालिकाको पहिचान गरी दुरुस्त अभिलेख राख्ने व्यवस्था गरिनेछ। बालबालिकाको आफ्नै आमा, बुवा वा नातेदारबाट हेरचाह गर्ने कार्य प्रवर्धन गर्न पारिवारिक सहयोग वृत्ति (स्पोन्सरसिप), फोष्टर केयर, व्यवसायिक तालिम, जिविकोपार्जन, पालनपोषण भत्ताजस्ता क्रियाकलाप सञ्चालन गरिनेछ।

८.१५ बालगृहमार्फत गरिने संस्थागत स्याहारलाई अन्तिम विकल्पको रूपमा मात्र प्रवर्धन गरिनेछ र मौजुदा बालगृह सञ्चालनको न्यूनतम मापदण्डलाई समयानुकूल सुधार गरी प्रभावकारीरूपमा कार्यान्वयन गरिनेछ।

८.१६ स्थानीय निकाय र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूमार्फत परित्यक्त र वेवारिसे बालबालिकाको बुवाआमा वा परिवारको खोजी गरिनेछ। बुवाआमा वा परिवार भेटिएमा परिवारमा नै राखी हेरचाह गर्ने उपाय अवलम्बन गरिनेछ।

८.१७ सडक बालबालिकाको अभिलेख दुरुस्त गरिने व्यवस्था मिलाइनेछ। सडकमा आएका बालबालिकालाई उद्दार गरी ट्रान्जिट सेन्टरमा राख्ने एवम् परिवारमा पुनर्एकीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि पारिवारिक सहयोग मनोसामाजिक परामर्शलगायतका कार्यक्रम सञ्चालन गरिनेछ। सडक बालबालिकाको उद्धार, पुनर्स्थापना (स्वास्थ्य सेवा, मनोविमर्श, कुलत छुटकारा), सामाजिकीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यका लागि जिल्ला बाल कल्याण समिति, नगरपालिकालगायतका निकायहरूलाई जिम्मेवार बनाइनेछ र आवश्यकतानुसार यसका लागि सञ्जालको निर्माण गरी समन्वयात्मकरूपमा कार्यक्रम सञ्चालन गरिनेछ।

८.१८ छाउपडी, देउकी, झूमा, कमलरी, वादीजस्ता परम्परा, संस्कृति, जात, धर्मका आधारमा बालबालिकालाई हानी पुऱ्याउने सबै किसिमका प्रचलनहरूलाई कानुन बनाई निषेध र दण्डनीय गर्ने व्यवस्था गरिनेछ। परम्परागत हानिकारक अभ्यासहरू विरुद्ध प्रचार-प्रसार गरिनेछ। परम्परागत हानीकारक अभ्यासमा संलग्न गराइएका बालबालिकालाई उद्दार गरी, पारिवारिक पुनर्स्थापनाको व्यवस्था गरिनेछ।

८.१९ पारिवारिक वातावरणबाट स्थायी वा अस्थायीरूपमा वञ्चित भएका बालबालिका वा त्यहाँ तिनीहरूको सर्वोत्तम हित हुन नसक्ने बालबालिकालाई वैकल्पिक हेरचाहको अन्तिम विकल्पको

रूपमा मात्र बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिइन व्यवस्था गरिनेछ। बुवा वा आमा दुवै नभई हेरचाह गर्ने कोही नभएका र आफ्नै परिवार र नातेदारमा पालनपोषण हुन नसक्ने बालबालिकालाई देशभित्र नै धर्मसन्तान भई पालनपोषण गर्नका निमित्त प्रोत्साहन गरिनेछ। आफ्नो छोरा वा छोरी हुनेले पनि अर्को बालबालिकालाई पनि पालनपोषण गर्न सक्ने आर्थिक हैसियत भएमा अदालतको अनुमतिले धर्मपुत्र धर्मपुत्री राख्न सक्ने कानुनी व्यवस्था गरिनेछ। हाल धर्मपुत्र धर्मपुत्रीको लिखत सम्पत्ति हस्तान्तरणसरह मालपोत कार्यालयबाट रजिष्ट्रेशन हुने गरेकोमा धर्मपुत्र धर्मपुत्री राख्ने विषय नाता सम्बन्ध कायम गर्ने विषयसँग सम्बन्धित भएकाले यसमा सुधार गरी अदालतले धर्मपुत्र वा धर्मपुत्री राख्ने आदेश दिई त्यस्तो लिखत प्रमाणीकरण गर्नुपर्ने व्यवस्था गरिनेछ। स्वदेशमा धर्मपुत्र दिने लिनेसम्बन्धी कानुनको पुनरावलोकन गरिनेछ।

८.२० कुनै बालबालिकालाई नेपालमा पालनपोषण गर्न वा धर्मपुत्र लिने परिवारमा राख्न नसकिने भएमा र नेपालमा निजलाई उचित हेरचाह गर्न नसकिने भएमा एउटा विकल्पको रूपमा बालबालिकालाई विदेशमा धर्मपुत्र र धर्मपुत्रीको रूपमा दिन सकिने व्यवस्था गरिनेछ। विदेशमा धर्मपुत्र र धर्मपुत्री दिँदा नेपालसरहकै सुरक्षा र स्तर भएको देशमा मात्र दिने व्यवस्था गरिनेछ। अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री दिँदा वा लिँदा अनुचित आर्थिक फाइदा लिन नपाउने पर्याप्त व्यवस्था गरिनेछ। अन्तरदेशीय धर्मपुत्र र धर्मपुत्री दिँदा बालबालिकाको वृहत्तर हित, निजको मानवअधिकारको संक्षरण र त्यस्तो बालबालिका अपहरण, बेचबिखन वा बालबालिकाको अन्य कुनै किसिमले दुरूपयोग हुने वा नहुनेतर्फ विचार गर्नुपर्ने व्यवस्था गरिनेछ। अन्तरदेशीय धर्मपुत्र धर्मपुत्रीसम्बन्धी कानुनलाई यस सम्बन्धमा विकास भएका अन्तर्राष्ट्रिय कानुन र अभ्यास अनुकूल हुने गरी पुनरावलोकन गरिनेछ।

८.२१ हराएका वा अलपत्र अवस्थामा भेटिएका बालबालिकालाई उद्दार गर्ने, अस्थायी केन्द्रमा राखी बुवाआमा वा परिवार खोज्ने, परिवारमा पुर्नएकीकरण र पुर्नस्थापना गर्नका लागि बालबालिका खोजतलास समन्वय केन्द्रलाई थप प्रभावकारी बनाइनेछ। अति गरिब परिवारमा जन्मेका तिम्ल्याहा-चम्ल्याहा जस्ता बालबालिकाका निमित्त १८ वर्ष सम्मका लागि शिक्षा, जीवनोपयोगी तालिम, स्वास्थ्यजस्ता आधारभूत सेवा निःशुल्क व्यवस्था गरिनेछ। सार्वजनिकस्थलमा वा सवारी साधनबाट बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउने सुरक्षित मापदण्डहरू निर्धारण गरी कायान्वयन गरिनेछ।

८.२२ लागुऔषध र अन्य दुर्व्यसनमा लागेका बालबालिकाको पुर्नस्थापनाका लागि निजी क्षेत्रसँग समेत गरी समन्वय, उपचारात्मक, मनोविमर्शात्मक तथा अन्य सहयोग कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८.२३ सेवा प्रदायक, बालबालिका र जिम्मेवार निकायहरूसमेत सबैमा बालअधिकार संरक्षण सम्बन्धमा संवेदनशीलता र जवाफदेहिताको विकास गरिनेछ। बालअधिकारका विषयवस्तु, बालबालिकासम्बन्धी नीति र कार्यक्रमलाई राष्ट्रिय विकास लक्ष्य र प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ।

८.२४ अपाङ्ग, अनाथ, सडक बालबालिका, सुविधाबाट वञ्चित, द्वन्द्व प्रभावित/आन्तरिकरूपमा विस्थापित र शरणार्थी बालबालिका, बेचबिखन-ओसारपसार, यौन तथा आर्थिक शोषण (बालश्रम) मा परेका, जेलमा रहेका, अल्पसङ्ख्यक, दलित र गरीव बालबालिका समेतको अधिकार संरक्षण गर्नका लागि कानुनमा आवश्यक सुधार गर्ने, सेवा प्रवाहमा न्यूनतम मापदण्ड निर्धारण गर्ने र सेवामा उनीहरूको पहुँच सुनिश्चित गर्ने कार्यकम सञ्चालन गरिनेछ। ती बालबालिकाका लागि मनोसामाजिक परामर्श, शिक्षा, सीपलगायत पुनर्स्थापनाका लागि एकीकृत एवम् लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८.२५ बालबालिकालाई घरमा, विद्यालयमा, कुनै संस्थामा काम गर्ने ठाउँमा वा समुदायमा सबै प्रकारका दूर्व्यवहार, वञ्चितीकरण, शोषण, हिंसा र भेदभाव तथा शारीरिक सजाय एवम सबै प्रकारका यातनाहरूबाट सुरक्षित गर्न आवश्यक कानुन बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

८.२६ निकृष्टलगायत सबै प्रकारका बालश्रमको अन्त्य र नियन्त्रणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८.२७ संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्प लाइन/हटलाइनजस्ता सेवाको प्रवर्धन गरिनेछ। नि:शुल्क बाल हेल्पलाईन फोन न. १०९८ लाई सबै जिल्लामा विस्तार गरिनुका साथै यसलाई सार्क क्षेत्रका राष्ट्रहरूको साझा नि:शुल्क बाल हेल्पलाइनमा परिणत गर्ने समेत प्रयास गरिनेछ।

८.२८ विशेषरूपमा स्वास्थ्य, शिक्षा र पुनर्स्थापनका क्षेत्रहरूमा शारीरिक दुर्बलता र विशेष कठिन परिस्थितिमा रहेका तथा आकस्मिकता (प्राकतिक प्रकोप)मा परेका बालबालिकालाई समेत समावेश गरी क्रमश: सामाजिक सुरक्षा योजनालाई लागु गर्दै लगिनेछ।

८.२९ बालबालिकाको निम्ति क्रियाशील सरकारी तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी सघसंस्थाहरूलाई अनिवार्यरूपमा बाल संरक्षण योजना बनाई सो अनुसार काम गर्न लगाइनेछ र सोको अनुगमन गरिनेछ।

८.३० दुर्व्यवहार, हिंसा, बञ्चितीकरण, शोषण, अपहेलनालगायत सबै प्रकारका हानीबाट बालबालिकालाई जोगाउन विद्यमान कानुनमा आवश्यक सुधार गरिनेछ।

८.३१ बाल संरक्षणका सवालहरूलाई आवधिक योजनामा प्राथमिकताकासाथ समावेश गरिनेछ। सम्बद्ध मन्त्रालय र स्थानीय निकायको वार्षिक कार्यक्रम र बजेट विनियोजनमा बालसंरक्षण लक्षित कार्यलाई प्राथमिकता दिइनेछ। बाल संरक्षणको सवाललाई प्रभावकारीरूपमा सम्बोधन गर्न अर्धन्यायिक, न्यायिकलगायत सम्बन्धित सरकारी निकायलाई स्पष्ट जिम्मेवारीको व्यवस्था गरिनेछ।

८.३२ वेवारिसेरूपमा फेला परेका बालबालिका, तीनका आमा–बुवा, वा अभिभावक वा संरक्षणकर्ताको जिम्मा नलागुञ्जेल राज्यको संरक्षणमा रहने व्यवस्था गरिनेछ।

उद्देश्य ७.२ सँग सम्बन्धित नीति *(७.२ बालबालिका जन्मनु अघि र जन्मे पछि आवश्यक स्याहार र सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने)*

८.३३ आमाको गर्भदेखि बालबालिकाको उमेरसम्मको बालस्वास्थ्यको सबै अवस्थाहरूमा बालबालिकालाई नि:शुल्क स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ। बाल स्वास्थ्य सेवा प्रभावकारीरूपमा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ। बालबालिकाको पोषण स्थिति सुधारसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। स्वास्थ्य सेवामा अपाङ्गता भएका बालबालिका र विशेष हेरचाह आवश्यक पर्ने बालबालिकाहरूको पहुँच बढाइनेछ।

८.३४ प्रत्येक बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क रूपमा पाउने र आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने व्यवस्था गरिनेछ। प्राथमिक शिक्षा अनिवार्य गर्न शिक्षा ऐनमा आवश्यक संशोधन गरिनेछ। विद्यालयमा बाल-मैत्री शिक्षण-सिकाई वातावरणको विकास र विस्तार गरिनेछ।

८.३५ बालबालिकालाई प्रारम्भिक शिक्षा दिने प्रारम्भिक बाल विकास केन्द्रहरू स्थापना गर्ने कार्यमा जोड दिइनेछ र प्रत्येक सामुदायिक विद्यालयमा बाल विकास कक्षाको व्यवस्था गरिनेछ। प्रारम्भिक बाल विकासलाई जीवनचक्र प्रणालीमार्फत शिक्षासँग आवद्ध गर्दै सुदृढ र विस्तार गरिनेछ।

८.३६ विशेष गरेर जोखिम परिस्थिति र सुविधा विहीन समुदायका बालबालिकाका लागि उचित बाल स्याहार तथा शिक्षाको विस्तार र स्तरोन्नति गरिनेछ। अर्थपूर्ण र जीवनोपयोगी सीप केन्द्रित शिक्षाको विस्तार र प्रवर्धन गरिनेछ।

८.३७ बालअधिकारमुखी दृष्टिकोणबाट विद्यमान विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक, तालिम सामग्रीहरू, दण्ड/हिंसारहित शिक्षण पद्धतिहरू, शान्ति शिक्षा, अभिभावक समाज र विद्यालय व्यवस्थापन समितिमा पुनरावलोकन र परिमार्जन गरिनेछ।

उद्देश्य ७.३ सँग सम्बन्धित नीति *(७.३ आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिन बाल सहभागिता अभिबृद्धि गर्ने)*

८.३८ आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई सरकारी, गैरसरकारी एवम् समुदायमा आधारित निकाय वा संस्थाहरूबाट कार्यान्वयन गरिने बालबालिकासँग सम्बन्धित कार्यहरूको योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन र मूल्याङ्कनलगायत उनीहरूलाई असर पार्ने विषयमा गरिने निर्णयमा सहभागी हुने व्यवस्था गरिनेछ र त्यसरी निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई निजको उमेर र परिपक्वताअनुसार उचित स्थान दिइनेछ।

८.३९ बाल सहभागितालाई मूलप्रवाहीकरण गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

८.४० जिल्ला तथा समुदायमा गठन गरिने बालबालिकासम्बन्धी कुनै पनि समिति वा समूहमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ। बालबालिकासम्बन्धी नीति, ऐन तथा नियमहरूमा बालबालिकालाई आफ्नो सरोकारको कुनै पनि विषयमा स-सूचित भइ विनाभेदभाव परिवारदेखि राष्ट्रियतहसम्म अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गरिनेछ।

८.४१ बालबालिकासँग सम्बन्धित कुनै पनि न्यायिक वा प्रशासनिक काम कारबाहीमा निजलाई प्रत्यक्षरूपमा, प्रतिनिधिमार्फत वा कुनै उपयुक्त निकायद्वारा सुनुवाई गर्ने मौका प्रदान गरिनेछ।

८.४२ स्थानीयस्तरका सरकारी, निजी, सामुदायिक विद्यालय, छात्रावास, बाल कल्याणगृह, बालगृह, बाल सुधारगृह समेतमा बाल सहभागिता प्रवर्धन गर्न बालबालिकाको सङ्गठित समूहको स्थापना र परिचालन गर्न प्राथमिकता दिइनेछ।

८.४३ बाल क्लब तथा बाल संस्था दर्ता गर्ने प्रक्रिया सरल गरिनेछ। विद्यालय, समुदाय, बालगृहलगायत बालबालिका सामूहिक र संस्थागतरूपमा रहने क्षेत्रहरूमा बालक्लब स्थापना गरी केन्द्र, क्षेत्र, जिल्ला, गाउँ विकास समिति तथा नगरपालिकास्तरमा बालक्लब सञ्जालहरू विस्तार गरिनेछ। बाल क्लब तथा बाल संस्था सञ्चालनका लागि आवश्यक आचारसंहिता वा निर्देशिका जारी गर्ने व्यवस्था हुनेछ।

८.४४ बालबालिकाद्वारा अभिव्यक्त विचार, जानकारी तथा सूचनाको प्रवाहले उनीहरूलाई हुनसक्ने जोखिमबाट जोगाउन गोपनीयता सुनिश्चित गरिनेछ।

८.४५ राज्यको तर्फबाट संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिमा आवधिकरूपमा पठाइने प्रतिवेदनमा बालबालिकाका विचारलाई स्पष्टरूपमा समावेश गर्ने नियमित विधि तथा प्रक्रिया निर्धारण गरी कार्यान्वयन गरिनेछ।

उद्देश्य ७.४ सँग सम्बन्धित नीति *(७.४ बालबालिका प्रतिको विभेद अन्त्य गर्ने)*

८.४६ परिवारमा छोरा र छोरी, अपाङ्गता भएका र नभएका, साना उमेरका र ठूला उमेरका, आफ्नो, सौतेलो वा धर्म सन्तानबीच हेरचाह र पालनपोषणमा भेदभाव गर्न नपाइने व्यवस्था गरिनेछ।

८.४७ सेवा प्रदायकले जातजाति, लिङ्ग, धर्म, वर्ण, भाषा, भेषभूषा, सम्पन्न वा विपन्न, अपाङ्गता भएका नभएका, साना उमेरका र ठूलो उमेरका, भौगोलिक क्षेत्रजस्ता आधारमा भेदभाव गर्न नपाउने व्यवस्था गरिनेछ।

८.४८ गर्भमा नै बालबालिकाको लिङ्ग पहिचान गर्ने, लिङ्गका आधारमा भेदभाव गर्ने र गर्भपतन गर्ने प्रचलनलाई अन्त्य गरिनेछ।

उद्देश्य ७.५ सँग सम्बन्धित नीति *(७.५ बाल न्याय प्रणालीलाई सुदृढ गर्ने)*

८.४९ मौजुदा नेपाल कानुनमा १६ वर्षभन्दा मुनिकोलाई बालबालिका मान्ने व्यवस्था रहेकोमा अन्तर्राष्ट्रिय अभ्यास समेतलाई दृष्टिगत गरी १८ वर्ष उमेरसम्मको व्यक्तिलाई बालबालिका मानी तद्अनुसार अपराधिक दायित्वको पनि निर्धारण गरिनेछ।

८.५० कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई अनुसन्धानको लागि नियन्त्रणमा नलिई नहुने देखेमा मात्र बल प्रयोग नगरी नियन्त्रणमा लिन सक्ने व्यवस्था गरिनेछ। त्यसरी नियन्त्रणमा लिएमा सोको जानकारी निजका परिवारका सदस्य, संरक्षण र नजिकको नातेदारलाई दिनुपर्ने व्यवस्था गरिनेछ। त्यसरी नियन्त्रणमा लिइएको बालबालिकालाई बाल मनोविज्ञको सेवा उपलब्ध गराई आवश्यक परामर्श सेवा उपलब्ध गराइनेछ।

८.५१ कसुरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएको बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनको लागि छुट्टै निगरानी कक्षको स्थापना गरिनेछ। कसुरजन्य कार्यको अनुसन्धान तथा

अभियोजन गर्न आवश्यकतानुसार छुट्टै एकाई गठन गरिनेछ। सो कार्यमा संलग्न हुने प्रहरी कर्मचारी र सरकारी वकीललाई तालिमको व्यवस्था गरिनेछ।

८.५२ बाल न्याय प्रणालीमा सुधार गरी कानुनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्न सक्ने व्यवस्था गरिनेछ। बालबालिकाले कसुरजन्य कार्य गरेको स्वीकार गरेमा र पीडित पक्षको पुनस्थापना हुने भएमा सामान्य प्रकृतिको कसुरजन्य कार्यको आरोप लागेको बालकबालिकालाई कसुरको गम्भिरता विचार गरी औपचारिक न्यायिक प्रक्रियामा नल्याई पीडितसँग मेलमिलाप गराउने, बालबालिकालाई परामर्श गर्ने, समुदायमा पठाउने, संरक्षण अधिकारीको सुपरीवेक्षणमा छाडने, बुवाआमाको जिम्मा लगाउने जस्ता दिशान्तरका प्रक्रियालाई प्राथमिकता दिइनेछ। बालबालिकालाई दिशान्तर गर्दा पीडितलाई क्षतिपूर्ति वा हानी नोक्सानी भराउने व्यवस्था गरिनेछ।

८.५३ गम्भीर प्रकृतिको आरोप लागेका बालबालिकालाई मात्र औपचारिक न्यायिक प्रकियामा ल्याइनेछ। औपचारिक कानुनी प्रक्रियाका हरेक तहलाई बालमैत्री बनाइनेछ। बुवाआमा, परिवारका अन्य सदस्यको रोहवरमा मात्र कानुनी प्रक्रिया अगाडि बढाइनेछ।

८.५४ अपराधीलाई केवल सजाय गर्ने कार्यमा जोड दिनुको साटो पीडित र पीडकलाई केन्द्रमा राखी पीडकले अपराधको दायित्व स्वीकार गरेको खण्डमा पीडितलाई क्षतिपूर्ति दिने गरी पुन:स्थापकीय न्यायको अवधारणाअनुरूप बाल न्याय सम्पादन गर्ने आवश्यक व्यवस्था गरिनेछ।

८.५५ साक्षी बालबालिकाको सुरक्षित आवतजावतको उचित प्रबन्ध गरिनेछ। साक्षीको सुरक्षासम्बन्धी छुट्टै कानुन बनाइनेछ। बालबालिकाको मुद्दाको सुनुवाइ सामान्यत: बन्द इजलासमा गरिनेछ।

८.५६ औपचारिक कानुनी प्रक्रियामा बालबालिकाको विचारलाई महत्व दिइनेछ।

८.५७ कानुनको विवादमा परेका बालबालिकाले उमेरजन्य स्वभावका कारण प्रकृति र परिणाम नै नबुझिकन विज्याँईजन्य कार्य गर्ने र अर्काको अह्राई सिकाइमा लागेर वा लहलहैमा लागेर त्यस्तो कार्य गर्ने भएकोले सो कार्यवापत बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण सार्वजनिक गरिएमा बालबालिका जीवनभर दागी हुनुपर्ने, सामाजिकरूपमा लाञ्छित हुनु पर्ने र अन्जानमा हुन गएको सानो गल्तीले गर्दा निजको बाँकी जीवनभर कष्ट वा सङ्कट उत्पन्न हुनसक्ने स्थिति पैदा हुनसक्ने कुरालाई विचार गरी न्यायिक प्रकियामा संलग्न हुन आउने बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने व्यवस्था गरिनेछ। बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने सम्बन्धमा छुट्टै कानुन बनाइनेछ।

९. रणनीति

उद्देश्य ७.१ सँग सम्बन्धित रणनीति *(७.१ सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा, शोषण, यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने)*

९.१ बालबालिकाको संरक्षणको सबै भन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातवरण श्रृजना गर्नु भएकोले बालबालिकाको पालनपोषण, हेरचाह गर्न र शिक्षा दिक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग प्रदान गर्ने मापदण्ड र संयन्त्र तयार गरी

कार्यान्वयन गरिनेछ। त्यस्ता बालबालिकालाई जीवनापयोगी शिक्षा दिइनेछ र अभिभावकलाई परामर्श गरिनेछ।

९.२ बालश्रमले बालबालिकाको दीर्घकालीन शारीरिक र मानसिक सामाजिक विकासमा असर गर्ने भएकोले यसको निवारणको लागि कुनै उद्योग वा कल कारखानामा बालबालिकालाई बाल श्रमिकको रूपमा काममा लगाए नलगाएको बारेमा जाँचबुझ गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ। कुनै रोजगारदाताले बाल श्रमिकलाइ काममा लगाएको पाइएमा बालबालिकाको तत्काल उद्धार गरी रोजगारदातालाई कारबाही गरिनेछ। त्यसरी उद्धार गरिएको बालबालिकाको पुनर्स्थापनाको लागि एकीकृत राहत सुविधा उपलब्ध गराइनेछ।

९.३ बालसंरक्षणका सबै सवालहरूमा चेतना अभिबृद्धि गरिनेछ। सरकारी निकाय, सामाजिक सङ्घसंस्था, विद्यालय, बाल समूह तथा सञ्चार माध्यमबाट बाल यौन शोषण र शारीरिक र मानसिक दुर्व्यवहार विरुद्ध व्यापक चेतना जागरण कायक्रम सञ्चालन गरिनेछ। स्थानीयस्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन गरिनेछ। गाउँस्तरसम्म बालसंरक्षणको विषयमा चेतना अभिबृद्धि गर्न सञ्चारलगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिनेछ।

९.४ बाल संरक्षणको लागि स्रोत जुटाउन कर्पोरेट सेक्टरको सामाजिक उत्तरदायित्वको विषयमा चेतना अभिबृद्धि गरिनेछ। यस कार्यमा रकम खर्च गर्ने र बालश्रम निवारण गर्ने उद्योगलाई नेपाल सरकाले पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

९.५ विद्यालयस्तरमा बालअधिकार लगायत यौन शिक्षा तथा यौन शोषण र यौन दुर्व्यवहार बारेमा पाठ् पुस्तकमा नै समावेश गरी शिक्षा दिइनेछ। विद्यालयमा बालबालिकालाइ शारीरिक र मानसिक यातना दिने शिक्षकलाई विभागीय कारबाही हुने व्यवस्था गरिनेछ।

९.६ विद्यालय र बालबालिका सक्रिय रहने अन्य क्षेत्रलाई शान्तिक्षेत्र घोषणा गरिनेछ।

९.७ नेपाल सरकार, स्थानीय निकाय र विकासका साझेदारबाट हुने कार्यक्रममा बाल संरक्षणका विषयलाई समावेश गर्न प्रोत्साहन गरिनेछ। बुवा वा आमा वा दुवै जेलमा परी हेरचाह गर्ने अरु कोही नभई संगै आश्रितका रूपमा बसेका बालबालिकालाई संस्थागत हेरचाहको व्यवस्था गरिनेछ।

९.८ अति कठिन अवस्थामा रहेका बालबालिकालाई सहयोग र संरक्षण गर्नका लागि केन्द्रदेखि स्थानीयस्तरसम्म आकस्मिक कोषको व्यवस्था गरिनेछ।

९.९ विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक संस्थालगायत बालबालिकासँग प्रत्यक्ष सम्बन्ध हुने सबै संस्थाले आफ्नो परिसर एंव कार्यस्थलमा बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउन बाल संरक्षणसम्बन्धी आचारसंहिता बनाई कार्यान्वयन गरिनेछ। त्यस्ता आचारसंहिताको प्रसार-प्रचार गरिनेछ। नेपाल सरकार, स्थानीय निकाय र विकासका साझेदारबाट हुने कार्यक्रममा बालसंरक्षणका विषयलाई समावेश गर्न प्रोत्साहन गरिनेछ

९.१० बालबालिकाको बेचबिखन र ओसारपसार विरुद्ध संयुक्त कार्य गर्नको लागि अन्तर्राष्ट्रियस्तर र सार्क स्तरमा सञ्जालको व्यवस्था गर्न पहल गरिनेछ।

९.११ बाल संरक्षण तथा बालबालिकासम्बन्धी नीति र कार्यक्रमलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूको नियमित विकास प्रयासमा आन्तरिकीकरण गरिनेछ।

९.१२ बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न बालबालिकासँग कार्य गर्ने सरकारी, विकासका साझेदार, नागरिक समाज एवम् बाल समूह तथा उक्त संस्थाहरूको सञ्जाल र कार्यदल केन्द्रदेखि स्थानीयस्तरसम्म विकास गरी परिचालन गरिनेछ।

९.१३ नेपालले अनुमोदन गरेको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिको मर्मअनुसार अपाङ्गतासम्बन्धी कानुनलाई पुनरावलोकन गरी अपाङ्गता भएका बालबालिकाको अधिकारलाई स्थापित गरिनेछ।

९.१४ सन् १९९३ मा सम्पन्न भएको Hague Convention on Protection of Children and Co-operation in Respect of Intercountry Adoption मा नेपालले हस्ताक्षर गरिसकेकोले सोअनुरूप आवश्यक कानुनी र संस्थागत व्यवस्था गरी उक्त सन्धिलाई अनुमोदन गर्ने सम्बन्धमा गृहकार्य गरिनेछ।

९.१५ बालबालिकाको संरक्षणको सबैभन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातावरण श्रृजना गर्नु भएकाले बालबालिकाको पालनपोषण, हेरचाह गर्न र शिक्षा दिक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग प्रदान गर्ने मापदण्ड र संयन्त्र तयार गरी कार्यान्वयन गरिनेछ। त्यस्ता बालबालिकालाई जीवनोपयोगी शिक्षा दिइनेछ र अभिभावकलाई काउन्सिल गरिनेछ। समुदाय, परिवार, शैक्षिक सस्था तथा बालबालिका रहने स्थानहरूमा बालबालिका विरुद्ध हुन सक्ने घरेलु हिंसा, विभेद, शोषण र हेलचक्र्याँइका साथै बालअधिकारको हनन हुन नदिन प्यारालिगल समिति जस्ता संयन्त्रहरूलाई प्रभावकारीरूपमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

९.१६ बालश्रमले बालबालिकाको दीर्घकालीन शारीरिक र मानसिक सामाजिक विकासमा असर गर्ने भएकोले यसको निवारणको लागि कुनै उद्योग वा कल कारखानामा बालबालिकालाई बाल श्रमिकको रूपमा काममा लगाए नलगाएको बारेमा जाँचबुझ गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइन्छ। समाजमा रहेका प्रतिष्ठित व्यक्तिहरूलगायत सवैबाट बालबालिकालाई घरेलु मजदुरमा प्रयोग हुने व्यवस्थालाई निरुत्साहित गरिनेछ। कुनै रोजगारदाताले बाल श्रमिकलाई काममा लगाएको पाइएमा बालबालिकाको तत्काल उद्धार गरी रोजगारदातालाई कारबाही गरिनेछ। त्यसरी उद्धार गरिएको बालबालिकाको पुर्नस्थापनाको लागि एकीकृत राहत सुविधा उपलब्ध गराइनेछ

९.१७ बाल गृह र बाल सुधार गृहमा बाल दुर्व्यवहार र शोषण हुन नदिन सोको व्यवस्थापक र कर्मचारीलाई तालिम दिइनेछ। बाल गृह र बाल सुधार गृहमा बाल परिषद् वा बाल समाज खेलकूद टोली वा अन्य समूहको स्थापना गर्न प्रोत्साहन गरिनेछ। यिनीहरूको नियमित अनुगमन गरिनेछ।

९.१८ भुकम्प बाढीजस्ता प्राकतिक प्रकोप र त्यसका असरबाट बचाउन बालबालिकालाई आवश्यक बासस्थानको व्यवस्था गरिनेछ।

९.१९ केन्द्रीय बाल कल्याण समितिमा बाल संरक्षण व्यवस्थापन सूचना प्रणाली (CPMIS) विकास गरी बाल दुर्व्यवहारको घटनाको अभिलेख राखिनेछ। प्रहरीलगायत विभिन्न निकायसँग नेटवर्क गरी यौनजन्य दुर्व्यवहार, शारीरिक दण्ड, बेचबिखन, घरेलु कामदार विरुद्धको हिंसाजस्ता घटनाको पनि यसमा अभिलेख राखिने छ। यस अभिलेखलाई नेपालले संयुक्त राष्ट्रसङ्घमा दिनुपर्ने आवधिक प्रतिवेदन तयार गर्दा उपयोग गर्ने व्यवस्था गरिनेछ। यस सूचना प्रणालीलाई बालबालिकासम्बन्धी नीति निर्माण गर्दा, जन चेतना अभिबृद्धि गर्दा र बालबालिकालाई पुनर्स्थापना जस्ता कार्यक्रम गर्दा प्रयोग गरिनेछ। यसका सूचनाहरू वार्षिकरूपमा प्रकाशन गरी सार्वजनिक गरिनेछ।

उद्देश्य ७.२ सँग सम्बन्धित रणनीति

९.२०गाविस, नगरपालिका र जिल्ला विकास समितिको आफ्नो स्रोत तथा सरकारी अनुदानबाट वार्षिक कम्तीमा १० प्रतिशत बजेट वा रकम बालबालिकाको हकहितका लागि परिचालन गर्नुपर्ने व्यवस्था गरिनेछ।

९.२१ हिमाली र पहाडी जिल्लामा विशेष स्वास्थ्य सेवा कार्यकम सञ्चालन गरी ती क्षेत्रमा शिशु मृत्युदर र बाल मृत्युदर घटाइनेछ।

९.२२ भिटामीन ए तथा विद्यालय पौष्टिक आहार कार्यकम, बाल स्वास्थ्यको लागि आवश्यक औषधी तथा उपकरण, विद्यालय स्वास्थ्य कार्यक्रम, गाउँगाउँमा स्वास्थ्य शिविर, अपाङ्गता भएका बालबालिका, सडक बालबालिका तथा असहाय बालबालिकालाई नि:शुल्क स्वास्थ्य सेवाको कार्यक्रम विस्तार गरिनेछ। बालस्वास्थ्य तथा सरसफाइका विभिन्न विषयवस्तुबारे व्यापक जनचेतना जागरण कार्य निरन्तररूपमा गरिनेछ।

९.२३ विद्यालयमा विद्यार्थी भर्ना गर्ने समयमा विद्यार्थी भर्नासम्बन्धी विशेष अभियान सञ्चालन गरिनेछ।

९.२४ विद्यालय बाहिरका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ। शिक्षासम्बन्धी ऐन र नियमावलीअनुरूपका व्यवस्थाहरूको विद्यालयहरूबाट पालना गराउन अनुगमन प्रक्रियालाई प्रभावकारी बनाईनेछ।

९.२५ बीचैमा विद्यालय छोड्ने र विद्यालय शिक्षाबाट वञ्चित बालबालिकालाई प्राथमिकता दिँदै, व्यवसायिक, प्राविधिक तथा वैकल्पिक विद्यालय शिक्षाको विकास र विस्तार गरिनेछ। साथै, पढाई पूरा नगरी विद्यालय छोड्ने दर घटाउन अभिभावकलाई सजग गराइनेछ।

९.२६ राजनीतिक दलहरूको घोषणामा बालअधिकारसम्बन्धी विषयवस्तु सम्बोधन गर्न पहल गरिनेछ।

९.२७ गरीव, सीमान्तकृत, जोखिमपूर्ण, बञ्चित अवस्था र अप्ठ्यारो परिस्थितिका बालबालिकाको हितलाई विशेष प्राथमिकता दिइनेछ। तिनीहरूको तुरुन्त राहत तथा पुनर्स्थापनाका लागि केन्द्र, जिल्ला र गाँउस्तरसम्म आकस्मिक कोषको व्यवस्था गरिनेछ

९.२८ सामाजिक सुरक्षामा बालबालिकाको पहुँच बढाइनेछ।

९.२९ बालमैत्री शासन प्रणाली विकासका लागि स्थानीय निकायहरूलाई बालबालिकासम्बन्धी कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने र आवश्यक निर्देशिका तयार गरी वितरण गरिनेछ।

९.३० बालमैत्री घर, समाज, समुदाय, गाउँ र शहरको लागि पैरवी गरिनेछ।

उद्देश्य ७.३ सँग सम्बन्धित रणनीति *(७.३ आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिन बाल सहभागिता अभिवद्धि गर्ने)*

९.३१ बालबालिकाको सहभागिताका नाउँमा उनीहरूको समय र श्रमको शोषण नहोस् भन्ने उद्देश्यले उचित र अर्थपूर्ण बाल सहभागिताबारे निर्देशिका तयार गरी समुदायमा पुग्ने गरी प्रचार-प्रसार गरिनेछ।

९.३२ विभिन्न शिक्षण-प्रशिक्षण संस्था (विद्यालय, विश्वविद्यालय, राष्ट्रिय न्यायिक प्रतिष्ठान, प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, प्रहरी प्रशिक्षण प्रतिष्ठान तथा सैनिक प्रशिक्षण प्रतिष्ठान, शिक्षक तालिम केन्द्र आदि)का पाठ्यक्रम तथा तालिम पाठ्यक्रममा बालअधिकार तथा बाल सहभागिता विषयलाई समावेश गरिनेछ।

९.३३ राज्यका नीति, कानुन एवम् सबै तहका न्यायिक, प्रशासनिक तथा सार्वजनिक सेवा प्रदायक निकायका कार्यविधि र निर्देशिकामा बालसहभागिताका आधारभूत मापदण्ड अनुसार परिमार्जन गर्नुका साथै आवश्यकता अनुसार नयां नीति, कानुन र संरचनाहरूको निर्माण गरिनेछ।

९.३४ बालसहभागिता प्रवर्द्धन गर्न राज्यका न्यायिक, प्रशासनिक एवम् सार्वजनिक सेवा प्रदायकलगायत सबै क्षेत्र र तहका निकाय तथा पेशागत/व्यवसायिक समूहहरूको संस्थागत क्षमता सुदृढीकरण गर्ने र दातृनिकाय, सामाजिक सङ्घसंस्था, सञ्चार माध्यम एवम् निजी क्षेत्रसँग कार्यमूलक समन्वय र सहकार्य गरिनेछ।

९.३५ बालबालिकासम्बन्धी लक्षित कार्यक्रमहरू सीमान्तीकृत स्थान र समूहमा सिधै प्रभाव पर्ने गरी र उनीहरूको प्रत्यक्ष संलग्नता र अपनत्व अभिबृद्धि हुने गरी सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

९.३६ बालबालिका बारे छलफल गर्न र चेतना अभिवृद्धि गर्न समय समयमा "बाल संसद" र यस्तै अन्य फोरमको विकास गरी नेतृत्व विकासको अवसर प्रदान गरिनेछ र बाल सहभागिता अभिबृद्धि गरिनेछ।

उद्देश्य ७.४ सँग सम्बन्धित रणनीति *(७.४ बालबालिका प्रतिको विभेद अन्त्य गर्ने)*

९.३७ वञ्चितीकरणमा परेका बालबालिकाको लागि तत्काल राहत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ।

९.३८ विभेदबाट बालबालिकालाई जोगाउन विद्यमान कानुनमा आवश्यक सुधार गरिनेछ।

उद्देश्य ७.५ सँग सम्बन्धित रणनीति *(७.५ बाल न्याय प्रणालीलाई सुदृढ गर्ने)*

९.३९ बालसम्पादनमा संलग्न न्यायाधीश, सामाजिक कार्यकर्ता र बाल मनोविज्ञ वा बाल विशेषज्ञलाई बाल न्यायका बारेमा समयानुकूल तालिम र प्रशिक्षणको व्यवस्था गरिनेछ।

९.४० कुनै कसुरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानुन बमोजिम मद्दाको कारबाही र किनारा गर्ने व्यवस्था गरिनेछ।

९.४१ कानुनको विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना नभएसम्म राख्ने प्रयोजनको लागि क्रमश: प्रत्येक जिल्लामा बाल सुधार गृहको स्थापना गरिनेछ।

९.४२ बालबालिकाको फौजदारी दायित्व नहुने न्यूनतम उमेरको हदमा समयानुकूल सुधार गरिनेछ।

९.४३ बालबालिकासम्बन्धी कसुर हुन नदिन र कसुर भई हालेमा पनि कसुरदारलाई कानुनको दायरामा ल्याउने उद्देश्यले बालबालिकासम्बन्धी ऐन, नियमको बारेमा व्यापक प्रसार-प्रचार गरिनेछ।

१०. संस्थागत व्यवस्था र क्षमता विकास

बाल न्यायसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न काठमाडौँ जिल्लामा तत्काल बाल अदालत गठन गरी क्रमश: अन्य जिल्लामा बाल अदालत स्थापना गरिनेछ। छुट्टै बाल अदालत स्थापना नभएका जिल्लामा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको बालमैत्री बाल इजलासको व्यवस्था गरिँदै लगिनेछ।

बालबालिकाको जन्म दर्ता गर्न स्थानीय पञ्जिकाधिकारी र केन्द्रीय पञ्जिकाधिकारी कार्यालयको सक्रियता बृद्धि गरिनेछ। जन्म दर्ता गर्न र परिवारविहीन, परित्यक्त र वेवारिसे बालबालिकाको अभिलेख राख्ने कार्य समेतका लागि स्थानीय निकायको संस्थागत क्षमता विकास गरिनेछ।

सडक बालबालिकाको उद्धार, पुर्नस्थापना र सामाजिकीकरणका लागि जिल्ला बाल कल्याण समिति र नगरपालिकाको क्षमता वद्धि गरिनेछ। केन्द्रीय बाल कल्याण समितिलाई राष्ट्रिय तहमा बालअधिकारको विषयमा प्रभावकारी सुपरीवेक्षण र समन्वय गर्ने र स्थानीय तहका बालअधिकार संरक्षणसम्बन्धी क्रियाकलापको समन्वय गर्ने निकायका रूपमा सदृढ गरिनेछ। केन्द्रीय बाल कल्याण समितिमा आवश्यक सङ्ख्यामा कानुनविद्, सामाजिक कार्यकर्ता, समाजशास्त्री, मनोविज्ञानवेत्ता, सञ्चार विशेषज्ञका व्यवस्था गरिनेछ। यो नीतिको कार्यान्वयनको सवालमा सहयोग गर्न केन्द्रीय बाल कल्याण समितिमा बालअधिकार विज्ञहरूको एउटा समूह गठन गरिनेछ। बाल न्यायसँग सम्बद्ध प्रहरी र सरकारी वकील कार्यालयलाई साधन सम्पन्न बनाई क्षमता विकास गरिनेछ।

केन्द्र र जिल्लास्तरमा सरकारी र विकासका सहकर्मीहरूबीच बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको प्रभावकारी कार्यान्वयन, समन्वय, सहकार्य तथा पैरवी गर्न सम्बन्धित विषयमा कार्य गर्ने सरकारी निकाय तथा विकासका सहकर्मीहरू र बाल क्लव वा बालबालिकाको सङ्घसंस्थाका प्रतिनिधिहरूको संयुक्त सञ्जाल विकास गरिनेछ।

बालअधिकारमुखी दृष्टिकोणबाट योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि संस्थागत र प्रशासनिक संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गरिनेछ।

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय निकाय, स्थानीय सङ्घसंस्था विकासका सहकर्मी र नागरिक समाजसँग आवश्यक सहकार्य गरिनेछ।

जिल्ला बाल कल्याण समितिलाई मानवीय र भौतिकरूपले साधन सम्पन्न बनाई क्षमता अभिबृद्धि गरिनेछ।

बालबालिकासँग सम्बन्धित कार्य गर्ने निकायहरूको नामलाई अधिकारमुखी दृष्टिकोणबाट पुनरावलोकन गरी परिवर्तन गरिनेछ।

गाउँ र नगरपालिकासम्म बालअधिकार संरक्षण समिति गठन गरिनेछ।

बालबालिकाको सवालसँग प्रत्यक्ष वा परोक्ष सरोकार रहने सबै सरकारी निकायहरू, मन्त्रालयहरू, विभागहरू, जिल्ला स्थित कार्यालयहरू, जिल्ला विकास समिति, गाउँ विकास समिति, नगरपालिकालगायत गैरसरकारी संस्था, उपभोक्ता समूहहरू र विकासका साझेदारहरूलाई बालअधिकारको दृष्टिकोणबाट संवेदनशील बनाई ती निकाय वा संस्थाको संस्थागत संरचनालाई सक्षम र जिम्मेवारी बनाइनेछ।

बाल न्याय समन्वय समितिलाई बाल न्यायसम्बन्धी नीतिको सिफारिस गर्ने र विभिन्न निकायबीच समन्वय गर्ने निकायको रूपमा विकास गरिनेछ।

११. नीतिको कार्यान्वयन

शिक्षा, स्वास्थ्य, महिला, बालबालिका तथा समाज कल्याण, श्रम तथा यातायात व्यवस्था, स्थानीय विकास जस्ता मन्त्रालयहरूको कार्यक्रममा बालबालिकासम्बन्धी कार्यक्रम थप्न र विस्तार गर्न जोड दिइनेछ। यी मन्त्रालय वा अन्तर्गतका निकायहरूबाट सञ्चालन गरिने र संयुक्त राष्ट्रसङ्घीय निकायहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय एवम् स्थानीय गैरसरकारी संस्थाबाट सञ्चालन गरिने कार्यक्रमबीच समन्वय गरी समय, श्रम र लागत घटाउने र लाभान्वित बालबालिका र समुदाय बढाउने व्यवस्था गरिनेछ। बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकाय वा संस्थाहरूबीच कार्यगत क्षमता अभिबृद्धि गर्नको लागि सञ्जाल विकास गरिनेछ।

सरकारी निकायहरू, मन्त्रालयहरू, विभागहरू, जिल्ला स्थित कार्यालयहरू, जिल्ला विकास समितिहरू, गाउँ विकास समितिहरू, नगरपालिकाहरूका साथै उपभोक्ता समूहहरू र विकासका साझेदारहरूबीच कार्यक्रमको प्रकृतिअनुसार सहकार्य तथा समन्वयात्मक कार्यशैली अवलम्बन गरिनेछ। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बाल कल्याण समितिबाट केन्द्रीयस्तरमा मन्त्रालय, विभाग र विकासका साझेदारहरू (स्वदेशी र विदेशी)सँग कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि सहकार्य गरिनेछ। जिल्लास्तरमा यी सवालहरूमा जिल्ला बाल कल्याण समिति र महिला तथा बालबालिका कार्यालयले नेतृत्वदायी र सहजकर्ता दुवैको भूमिका निर्वाह गर्नेछ। गाउँ विकास समिति तथा नगरपालिकास्तरमा उक्त निकायबाट बालअधिकारको नीतिको कार्यान्वयन गरिनेछ। यस अतिरिक्त केन्द्रीय, जिल्ला र स्थानीयस्तरमा आवश्यकताअनुसार बालबालिकासम्बन्धी विषयवस्तुमा थप ध्यान दिनको लागि समितिहरूको गठन गरी कार्यक्रममा समन्वय गरिनेछ र कार्यान्वयनमा जोड दिइनेछ।

१२. अनुगमन र मूल्याङ्कन

वार्षिक र आवधिक योजना तथा कार्यकमको अनुगमन र मूल्याङ्कन गर्ने कार्य राष्ट्रिय योजना आयोगको सचिवालयको केन्द्रीय अनुगमन महाशाखाले र आफ्नै वार्षिक तथा आवधिक योजना र कार्यकमहरूको अनुगमन विषयगत मन्त्रालयहरूको योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाले गर्नेछ। महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने विषयमा सो मन्त्रालयले बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रमहरूको समन्वय, सहजीकरण, अनुगमन र मूल्याङ्कन गर्नेछ। त्यसै गरी बालबालिकासँग सम्बन्धित विषयहरूमा समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य केन्द्रीय बाल कल्याण समितिले गर्नेछ। जिल्लामा जिल्ला बाल कल्याण समिति र गाउँ तथा नगरस्तरमा गाउँ विकास समिति र नगरपालिकामा एउटा संयुक्त समूह बनाई बालबालिकासम्बन्धी नीतिको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरिनेछ। यी निकायहरूको अनुगमन र मूल्याङ्कन गर्ने क्षमता क्रमश: अभिबृद्धि गरिनेछ।

१३. कानुनी व्यवस्थामा सुधार

यस नीतिमा उल्लिखित प्रावधानहरूलाई शिक्षा ऐन र नियमावली, बालबालिकासम्बन्धी ऐन र नियमावली र कुनै विषयमा छुट्टै कानुन बनाई कानुनीस्वरूप प्रदान गरी कार्यान्वयन गरिनेछ।

१४. नीतिको पुनरावलोकन तथा सुधार

प्रत्येक पाँच वर्षमा नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको स्वतन्त्ररूपमा मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ।

बालन्याय कार्यविधि नियमावली, २०६३

नेपाल राजपत्रमा प्रकाशित मिति २०६३।५।२०

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरूको नाम "बालन्याय (कार्यविधि) नियमावली, २०६३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०४८ सम्झनुपर्छ।

(ख) "बाल अदालत" भन्नाले ऐनको दफा ५५ को उपदफा (१) बमोजिम गठन भएको बाल अदालत सम्झनुपर्छ।

(ग) "बाल इजलास" भन्नाले ऐनको दफा ५५ को उपदफा (३) बमोजिम गठित इजलास सम्झनुपर्छ।

(घ) "अनुसन्धान तथा तहकिकात गर्ने अधिकारी" भन्नाले नियम ३ बमोजिम कसुरको अनुसन्धान तथा तहकिकात गर्ने अधिकार प्राप्त अधिकारी सम्झनुपर्छ।

(ङ) "अभियोगपत्र" भन्नाले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम तयार गरेको अभियोगपत्र सम्झनुपर्छ।

(च) "संस्था" भन्नाले प्रचलित कानुनबमोजिम दर्ता भएका संस्था सम्झनुपर्छ।

(छ) "सेवा प्रदान गर्ने व्यक्ति वा संस्था" भन्नाले नियम २१ बमोजिम सूचीकृत व्यक्ति वा संस्था सम्झनुपर्छ।

३. **छुट्टै एकाइ वा प्रहरी कर्मचारी तोक्नुपर्नेः** बालकले गरेको कसुरको अनुसन्धान तथा तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा प्रचलित कानुनबमोजिम योग्यता पुगेका प्रहरी कर्मचारी रहेको छुट्टै एकाइ रहनेछ। त्यस्ता एकाइ नभएसम्म प्रहरी प्रधान कार्यालयले कुनै प्रहरी कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्नेछ।

४. **तहकिकातसम्बन्धी व्यवस्था :** बालकले गरेको कसुरको प्रचलित कानुनबमोजिम अनुसन्धान तथा तहकिकात गर्दा नियम ३ बमोजिमको प्रहरी एकाइ वा कर्मचारीले प्रचलितकानुनमा लेखिएको व्यवस्थाका अतिरिक्त देहायबमोजिमको व्यवस्था अवलम्बन गर्नु पर्नेछः

(क) प्रहरी कर्मचारीले प्रहरीको पोसाक नलगाई सादा पोशाक लगाउनुपर्ने,

(ख) बालकलाई पक्राउ गर्नु पर्दा आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउनुपर्ने, बालकलाई पक्राउ गर्नु परेको कारण खुलाउनुपर्ने,

(ग) पक्रिएको बालकलाई निजको संवैधानिक तथा कानुनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउने,

(घ) सम्भव भएसम्म बालकको बुवाआमा भए दुवैलाई वा कम्तीमा एकजनालाई र बुवाआमा नभए निजको संरक्षकलाई बालकले गरेको कसुरका सम्बन्धमा सूचना दिनुपर्ने,

(ङ) नजिकैका सरकारी अस्पतालमा वा चिकित्सकबाट तुरुन्त बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने,

(च) सरजमीन गर्दा बालकको बुवाआमा भएसम्म दुवैजना वा कम्तीमा एकजना र बुवाआमा नभए निजको संरक्षकलाई रोहबरमा राख्नुपर्ने,

(छ) सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा अनसूचीबमोजिमको ढाँचामा सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने।

५. सोधपुछः

(१) अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बालकसँग सोधपुछ गर्दा बालकले निजलाई सोधिएका कुराको उत्तर व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढङ्गमा सोध्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम सोधपुछ गर्दा बालकका बुवा, आमा, संरक्षक, कानुनव्यवसायी वा त्यस्ता बालक बालकल्याणगृह वा अनाथालयमा बसेका भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिनेछ।

(३) अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले उपनियम (१) बमोजिम सोधपुछ गर्दा सम्बन्धित कसुर, बालकको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराका सम्बन्धमा सोधपुछ गर्न सक्नेछ।

(४) बालकलाई एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्न हुँदैन।

६. बाल इजलासको गठन विधिः

(१) प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीशका अतिरिक्त समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई समावेश गरी बाल इजलास गठन गरिनेछ।

(२) एक भन्दा बढि जिल्ला न्यायाधीश भएका अदालतमा बाल इजलासका लागि प्रधान न्यायाधीशले तोकेको जिल्ला न्यायाधीशले बाल इजलासको न्यायाधीशका रूपमा काम गर्नेछ।

७. जानकारी दिनुपर्नेः

(१) बालक विरुद्ध अभियोगपत्र दायर भएपछि बाल अदालत वा बाल इजलासले त्यस्ता अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको एक एक प्रति बालकको बुवा, आमा वा संरक्षकलाई तुरुन्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना दिँदा बालकको बुवा, आमा वा संरक्षक नभेटिएमा वा निजले

त्यस्ता सूचना बुझ्न नमानेमा त्यस्ता सूचना बालकको कानुनव्यवसायीलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बालकको बुवा, आमा वा संरक्षक आफै बाल अदालत वा बाल इजलास समक्ष उपस्थित भई त्यस्तो सूचना बुझ्न सक्नेछन्।

८. समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकको योग्यता: बाल अदालत वा इजलासमा रहने समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकका रूपमा सहभागी हुने व्यक्तिको योग्यता देहायबमोजिम हुनेछ:

(क) बालअधिकार वा बालकल्याण वा बालमनोविज्ञानका सम्बन्धमा तालिम प्राप्त,

(ख) फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ग) कम्तीमा प्रमाणपत्रतह वा सो सरह उत्तीर्ण गरेको।

९. समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकको छनौट:

(१) प्रत्येक बाल इजलासमा रहने समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिक छनौट गर्ने प्रयोजनको लागि जिल्ला अदालतले तीस दिनको सार्वजनिक सूचना प्रकाशन गरी नियम ८ बमोजिम योग्यता पुगेका व्यक्तिहरूबाट दरखास्त आह्वान गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम परेका दरखास्तमध्ये जिल्ला अदालतले आवश्यक छानविन गरी उपयुक्त देखिएका व्यक्तिको सूची तयार गरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको सूचीबाट उपयुक्त देखिएका व्यक्तिको नाम ऐनको दफा ५५ को उपदफा (५) बमोजिम परामर्शका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सर्वोच्च अदालतमा पठाउनु पर्नेछ।

(४) सर्वोच्च अदालतबाट प्राप्त हुन आएका समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकको सूचीबमोजिम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रत्येक जिल्ला अदालतको लागि छुट्टाछुट्टै समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकको नाम तोक्न सक्नेछ।

(५) बाल इजलासमा उपस्थित हुने समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई नेपाल सरकारले तोकेबमोजिमको सुविधा उपलब्ध हुनेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले प्रचलित कानुनबमोजिम मुद्दा हेर्न नहुने भएमा वा हेर्न इन्कार गरेमा सो को जानकारी प्राप्त भएपछि सम्बन्धित जिल्ला न्यायाधीशले उपनियम (३) बमोजिमको सूचीमा समावेश भएका व्यक्तिहरू मध्येबाट तोकेको समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले मुद्दाको कारबाही र किनारा गर्दा भाग लिनेछ।

१०. समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई हटाउन सक्ने:

(१) नियम ९ बमोजिम तोकिएको सूचीमा उल्लेखित समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकले खराब आचरण गरेमा वा कार्यक्षमताका अभावले काम गर्न नसकेमा वा निजले

अधिकारको दुरूपयोग गरेमा वा बाल अदालत वा बाल इजलासमा बस्न सूचित गर्दा लगातार तीन पटकसम्म उपस्थित नभएमा निजको नाम सम्बन्धित जिल्ला अदालतले सूचीबाट हटाउन सक्नेछ।

(२) नियम ९ बमोजिम सूचीमा रहेको कुनै समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकले आफ्नो नाम हटाउन जिल्ला अदालतसमक्ष निवेदन दिएमा जिल्ला अदालतले निजको नाम सूचीबाट हटाई सोको जानकारी सर्वोच्च अदालत र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई दिनुपर्नेछ।

(३) उपनियम (१) बमोजिम सूचीबाट नाम हटाउनु पूर्व सम्बन्धित जिल्ला अदालतले निजलाई सुनुवाईका मौका दिनुपर्नेछ।

११. अधिकारक्षेत्रको प्रयोगः

(१) बाल अदालत वा बाल इजलासमा सुनुवाई गर्दा न्यायाधीश, समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकले सामूहिकरूपमा गर्नेछन्।

तर, बाल इजलासमा समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिक सबै वा कोही उपस्थित नभएमा पनि न्यायाधीशले सम्पादन गरेको काम कारबाही अमान्य हुने छैन।

(२) समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकले आफ्नो लिखित राय न्यायाधीशसमक्ष पेश गर्नेछन्।

(३) उपनियम (२) बमोजिम राय प्राप्त भएपछि न्यायाधीशले मुद्दाको फैसला गर्नेछ।

१२. मुद्दाको सुनुवाईः

(१) बाल अदालत वा बाल इजलासमा बालमैत्री वातावरणमा सुनुवाई गर्नुपर्नेछ।

(२) बाल अदालत वा बाल इजलासले बालकले बुझ्ने एवम् बालकको उमेर र निजको शारीरिक तथा मानसिक विकास सुहाउँदो भाषा प्रयोग गर्नुपर्नेछ।

(३) बाल अदालत वा बाल इजालसले सुनुवाई गर्दा आरोपित बालकलाई कसुरको प्रकृति र प्राप्त साक्षी प्रमाणका सम्बन्धमा जानकारी दिनुपर्नेछ।

(४) बालकलाई सोधपुछ गर्दा बाल अदालत वा जिल्ला अदालतको छुट्टै कोठामा क्यामेरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएका कुरा इजलासको पर्दामा (स्क्रिन) देखिने व्यवस्था गर्न सकिनेछ।

(५) उपनियम (४) बमोजिम सोधपुछ गर्ने बाल मनोविज्ञानवेत्ता वा बालकसँग सहजरूपमा सञ्चार वा सम्वाद गर्न सक्ने व्यक्ति बाल अदालत वा बाल इजलासले तोक्न सक्नेछ।

(६) उपनियम (४) बमोजिम सोधपुछ गर्दा बालकसँगै निजको बुवा, आमा, संरक्षक वा कानुनव्यवसायी बस्न सक्नेछन्।

१३. प्रमाण बुझ्नेः

(१) बालक विरुद्ध अभियोगपत्र दायर गर्दा सामाजिक अध्ययन प्रतिवेदन संलग्न गरेको नदेखिएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रतिवेदन तयार गरी पेश गर्न सेवा प्रदान गर्ने व्यक्ति वा

संस्था वा बालकको हकहित संरक्षण गर्न प्रचलित कानुनबमोजिम गठित अन्य सङ्घसंस्थालाई आदेश दिन सक्नेछ।

(२) बालक विरुद्ध लगाइएको अभियोग खण्डन गर्न प्रमाण आफूसँग भएमा त्यस्तो प्रमाण बुझि पाउनको लागि बाल अदालत वा बाल इजलाससमक्ष जोसुकैले निवेदन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रमाण पेश गर्ने अनुमति दिन सक्नेछ।

१४. साक्षी बुझ्नेः

(१) बालकले आफ्नोतर्फबाट आफै साक्षी उपस्थित गराउन चाहेमा बाल अदालत वा बाल इजलासले त्यस्ता साक्षी झिकाउन अनुमति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम झिकाइएको साक्षीले सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ मा उल्लेख भएबमोजिमको सुविधा पाउने छन्।

१५. उमेर निर्धारणः बालकको उमेरसम्बन्धी विवाद भएमा बाल अदालत वा बाल इजलासले निम्न कागजातको आधारमा बालकको उमेर निर्धारण गर्नु पर्नेछः

(क) अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,

(ख) खण्ड (क) बमोजिमको प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्म मिति,

(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर।

१६.फैसलाः

बाल अदालत वा बाल इजलासले मुद्दा दायर भएको एकसय बीस दिनभित्र फैसला गरिसक्नु पर्नेछ।

१७. फैसलामा खुलाउनु पर्ने व्यहोराः

नियम १६ बमोजिमको फैसलामा प्रचलित कानुनमा भएका कुराका अतिरिक्त देहायका कुरा उल्लेख गर्नु पर्नेछः

(क) अभियोगपत्रको संक्षिप्त व्यहोरा,

(ख) पेश भएको र बुझेको प्रमाण,

(ग) बाल अदालत वा बाल इजलासमा सहभागी समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकको रायको सङ्क्षिप्त व्यहोरा,

(घ) कानुनव्यवसायीको जिकिर,

(ङ) सान्दर्भिक नजीर,

(च) कसुर प्रमाणित भए वा नभएकोमा सोको आधार,

(छ) निर्णय गर्दा लिइएको आधार र कारणहरू,

(ज) बालकलाई सुधार गर्ने सम्बन्धमा अवलम्बन गर्नुपर्ने उपाय,
(झ) क्षतिपूर्ति वा जरिवाना तिर्नु बुझाउनुपर्ने भए सोसम्बन्धी व्यहोरा।

१८. फैसला कार्यान्वयनसम्बन्धी व्यवस्थाः

यस नियमावलीबमोजिम भएका फैसलाको कार्यान्वयन प्रचलित कानुनबमोजिम हुनेछ।

१९. निःशुल्क प्रतिलिपि दिनुपर्नेः

बाल अदालत वा बाल इजलासले फैसलाको प्रतिलिपि सम्बन्धित बालकलाई निःशुल्क उपलब्ध गराई दिनु पर्नेछ।

२०. सहयोग लिन सक्नेः

अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले कसुरको अनुसन्धान तथा हकिकातका क्रममा तथा बाल अदालत वा बाल इजलासले मुद्दाको कारबाही र किनाराको क्रममा स्थानीय निकाय, प्रहरी, स्थानीय प्रशासन, सामाजिक तथा गैरसरकारी सङ्घ संस्थासमेतको सहयोग लिन सक्नेछ। त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२१. सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको सूचीः

(१) कुनै कसुरको अभियोग लागेको बालकका सम्बन्धमा सामाजिक अध्ययन गर्ने, मनोविमर्श सेवा, कानुनी सहायता तथा बाल सुधारसम्बन्धी सेवाहरू निजलाई आवश्यक पर्ने अन्य सहयोग उपलब्ध गराउन चाहने व्यक्ति वा संस्थाको सूची छुट्टाछुट्टैरूपमा जिल्ला बालकल्याण समितिले तयार गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचीमा संलग्न हुन चाहने देहायबमोजिमको योग्यता भएको नेपाली नागरिकले जिल्ला बाल कल्याण समितिमा निवेदन दिन सक्नेछन्:
(क) बालअधिकार वा बाल कल्याणको क्षेत्रमा पाँच वर्षको अनुभव प्राप्त भएको,
(ख) फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,
(ग) सम्बन्धित जिल्लामा कम्तीमा दुई वर्षदेखि बसोबास गरिआएको।

(३) उपनियम (१) बमोजिमको सूचीमा संलग्न हुन इच्छुक संस्थाले आफ्नो संस्थाको दर्ता प्रमाणपत्र, विधान, सदस्यको नामावली, उपलब्ध गराउने सेवा बाल कल्याण समितिले तोकेको अन्य कागजात संलग्न गर्नुपर्नेछ।

(४) उपनियम (२) र (३) बमोजिमको निवेदनउपर जाँचबुझ गर्दा कुन व्यक्ति वा संस्थाले त्यस्तो सेवा प्रदान गर्न सक्छ भन्ने कुरा जिल्ला बालकल्याण समितिलाई लागेमा त्यस्तो व्यक्ति वा संस्थालाई सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको सूचीमा सूचीकृत गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम सूचीकृत भएका व्यक्ति वा संस्थाले खराब आचरण गरेमा वा निजले प्रदान गरेको सेवाको गुणस्तर जिल्ला बाल कल्याण समितिले तोकेको मापदण्डबमोजिम नभएमा सो समितिले त्यस्तो सूचीबाट निजको नाम हटाउन सक्नेछ।

(६) उपनियम (५) बमोजिम सूचीबाट नाम हटाउँदा सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सुनुवाइको मौका दिनु पर्नेछ।

(७) उपनियम (१) बमोजिमको सूची जिल्ला बाल कल्याण समितिले बाल अदालत वा जिल्ला अदालतलाई उपलब्ध गराउनुपर्नेछ।

२२. बाल न्याय समन्वय समितिः

(१) बाल न्यायसँग सम्बन्धित विभिन्न निकायका बीच समन्वय गर्ने देहायबमोजिमको बाल न्याय समन्वय समिति रहनेछः

(क)	प्रधानन्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश	अध्यक्ष
(ख)	नायव महान्यायधिवक्ता, महान्यायधिवक्ताको कार्यालय	सदस्य
(ग)	सचिव, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय वा निजले तोकको राजपत्राङ्कित प्रथम श्रणीको प्रतिनिधि	सदस्य
(घ)	सचिव, गृह मन्त्रालय वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि	सदस्य
(ङ)	सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीका प्रतिनिधि	सदस्य
(च)	प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय	सदस्य
(छ)	कार्यकारी निर्देशक, केन्द्रीय बालकल्याण समिति	सदस्य
(ज)	बालबालिकाको क्षेत्रमा कार्यरत संस्थामध्येबाट केन्द्रीय बाल कल्याण समितिल मनोनयन गरेको संस्थाको प्रतिनिधि एकजना	सदस्य
(झ)	रजिष्ट्रार सर्वोच्च अदालत	सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(३) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(४) उपनियम (१) बमोजिमको समितिले आवश्यकताअनुसार बाल न्यायसँग सम्बन्धित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) बाल न्याय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) बाल न्याय प्रणाली सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानुनी तथा नीतिगत व्यवस्थाको लागि नेपाल सरकारलाई आवश्यक सुझाव, परामर्श दिने,

(ख) नेपालमा बाल अधिकार र बाल न्याय प्रणालीका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट भइरहेका कार्यक्रमहरूबीच समन्वय गर्ने गराउने,

(ग) बाल न्याय सम्पादनलाई छिटो छरितो प्रभावकारीरूपमा सञ्चालन गर्नको लागि बाल न्याय सम्पादनमा संलग्न हुने निकायमा कार्यरत सरकारी तथा गैरसरकारी व्यक्ति

तथा संस्थाहरूलाई बाल न्यायका सन्दर्भमा विकसित नवीन दृष्टिकोण र कार्यक्रमबारे जानकारी गराउन क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने,

(घ) बालअधिकार र बाल न्यायको विषय नेपालका विद्यालय, विश्वविद्यालय तथा अन्य शैक्षिक संस्थाका पाठ्यक्रममा समावेश गर्ने नेपाल सरकारलाई अनुरोध गर्ने,

(ङ) बाल न्याय सम्पादनमा संलग्न हुने निकायबाट सम्पादन भएका सेवा र कार्यहरूको स्तरसम्बन्धी रेखदेख तथा व्यवस्थापनसम्बन्धी कामकारबाही गर्ने गराउने

(६) समितिका काम कारबाही सुचारु रूपले सञ्चालन गर्न नेपाल सरकारले न्याय सेवा आयोगको सिफारिसमा नेपाल न्याय सेवाका अधिकृतस्तरका कर्मचारीलाई समितिको सचिवालयको काम काज गर्न तोक्न सक्नेछ। यसरी तोकिएका कर्मचारीले बाल न्याय प्रशासनसम्बन्धी काम गर्नेछ र निजको अन्य काम, कर्तव्य, अधिकार तथा सुविधा समितिले तोकेबमोजिम हुनेछ।

२३. सचिवालयः

बाल न्याय समन्वय समितिको सचिवालय केन्द्रीय बाल कल्याण समितिमा रहनेछ।

२४. दोभाषे राख्न सकिनेः

जिल्ला अदालत तथा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बालकसँग सोधपुछ गर्दा आवश्यक परेमा दोभाषेको सुविधा उपलब्ध गराई सोधपुछ गर्न सक्नेछ।

२५. निर्देशन दिन सक्नेः

यस नियमावलीमा उल्लेखित कामकारबाही सुचारुरूपले सञ्चालन गर्न सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिले आफ्नो मातहतको कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछन्।

२६. अन्य कुरा प्रचलित कानुनबमोजिम हुनेः

यस नियमावलीमा लेखिएकोमा यसबमोजिम र अन्य कुरामा प्रचलित कानुनबमोजिम हुनेछ।

२७. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।

बालबालिकासम्बन्धी ऐन, २०४८

बालबालिकाको हक हितको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

नेपाल राजपत्रमा प्रकाशित तथा लालमोहर सदर मिति २०४९ जेठ ७ गते
ऐन प्रारम्भ भएको मिति २०५० वैशाख १ गते।

प्रस्तावना

बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न समयानुकुल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौँ वर्षमा संसदले यो ऐन बनाएको छ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम "बालबालिकासम्बन्धी ऐन, २०४८" रहेको छ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "बालक" भन्नाले सोह्र वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ।

(ख) "संरक्षक" भन्नाले बालकको संरक्षण गर्नको निमित्त दफा २२ बमोजिम नियुक्त भएको संरक्षक सम्झनुपर्छ।

(ग) "बाल कल्याण समिति" भन्नाले बालकहरूको संरक्षण तथा कल्याणको लागि दफा ३२ बमोजिम गठन गरिएको केन्द्रीय बाल कल्याण समिति तथा जिल्ला बाल कल्याण समिति सम्झनु पर्छ।

(घ) "बाल कल्याण अधिकारी" भन्नाले दफा ३३ बमोजिम श्री ५ को सरकारद्वारा नियुक्त भएको बाल कल्याण अधिकारी सम्झनुपर्छ र सो शब्दले निजको काम गर्न तोकिएको अन्य कुनै व्यक्ति वा कर्मचारीलाई समेत जनाउँछ।

(ङ) "बेवारिसे बालक" भन्नाले त्यस्तो बालक सम्झनुपर्छ:

(१) जसको हेरचाह गर्नको निमित्त बुवाआमा वा परिवारको अन्य कुनै सदस्य छैन।

(२) जसको बुवा आमा वा परिवारका सदस्य भए पनि तिनीहरूबाट तिरस्कृत भएको छ।

(३) जसको जीविकोपार्जनको कुनै स्रोत छैन।

(च) "बाल कल्याण गृह" भन्नाले बेवारिस बालकको पालनपोषणको निमित्त श्री ५ को सरकारले दफा ३४ बमोजिम स्थापना गरेको बाल कल्याण गृह सम्झनुपर्छ।

(छ) "बाल कल्याण गृह प्रमुख" भन्नाले बाल कल्याण गृहको प्रमुखको हैसियतले काम गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले निजको अनुपस्थितिमा निजको काम गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ज) "बाल सुधार गृह" भन्नाले दफा ४२ बमोजिम श्री ५ को सरकारले स्थापना गरेको वा सो प्रयोजनको निमित्त उपयोगमा ल्याएको सुधारगृह सम्झनुपर्दछ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

परिच्छेद–२

बालकहरूको हक अधिकार

३. बालकको नाम राख्ने र जन्म मिति कायम गर्ने:

(१) प्रत्येक बालक जन्मेपछि निजको बुवा भए बुवाले, बुवा नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलनअनुसार बालकको नाम राखिदिनुपर्छ। बालकको बुवा, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले नाम राखिदिनुपर्छ।

(२) कुनै बालकको जन्म मिति पत्ता लाग्न नसकेकोमा त्यस्तो बालकलाई पाल्ने व्यक्ति वा संस्थाले दर्तावाल चिकित्सकको राय लिई निजको जन्ममिति कायम गरिदिनु पर्छ। अन्यथा प्रमाणित नभएसम्म सोही मितिलाई बालकको जन्म मिति मानिने छ।

४. पालनपोषण, शिक्षा, स्वास्थ्योपचारको अधिकार:

(१) बुवा, आमाले आफ्नो परिवारको आर्थिक अवस्थाअनुसार प्रत्येक बालकको पालनपोषण गर्नुको अतिरिक्त निजको शिक्षा, स्वास्थ्योपचार, खेलकुद तथा मनोरञ्जन सुविधाहरूको व्यवस्था पनि गर्नुपर्छ।

(२) बुवा, आमा वा संरक्षकले आफ्ना बालकलाई रोगबाट बचाउन दिनुपर्ने खोपहरू दिलाउनुपर्छ। यस कार्यमा स्थानीय निकायहरू र श्री ५ को सरकारका सम्बद्ध निकायहरूले सहयोग गर्नुपर्छ।

(३) गर्भिणी र सुत्केरी अवस्थाका आमाहरूको उचित स्वास्थ्य स्याहारको व्यवस्था गर्नमा नेपाल सरकारले सहयोग गर्नुपर्छ।

(४) बुवा आमाको लागि प्रतिरोधात्मक र प्रतिकारात्मक स्वास्थ्य स्याहार, परिवार नियोजनसम्बन्धी सर-सल्लाह शिक्षा र सेवाहरूको व्यवस्था मिलाउन श्री ५ को सरकारले सहयोग गर्नुपर्छ।

५. पालनपोषण आदिमा छोरा वा छोरी तथा छोरा छोरा वा छोरी छोरीमा भेदभाव गर्न नहुने:

बालकको पालनपोषण शिक्षा तथा स्वास्थ्योपचारमा छोरा वा छोरीको आधारमा मात्र वा छोरा छोरा वा छोरी छोरीको बीच कुनै भेदभाव गर्नुहुँदैन।

६. बैवाहिक सम्बन्ध हुनु अघि वा पछि जन्मेका बालक वा धर्मपुत्र वा आफूले जन्माएको बालकको बीच भेदभाव गर्न नहुने:

(१) कुनै स्त्री पुरुषको बीचमा वैवाहिक सम्बन्ध कायम हुनु अघि वा बैवाहिक सम्बन्ध कायम भइसकेपछि जन्मेका बालकहरूको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन।

(२) आफूले जन्माएको बालक तथा आफूले राखेको धर्मपुत्र वा धर्मपुत्रीको बीच कुनै किसिमको भेदभाव गर्नु हुँदैन।

७. **क्रुर वा यातनापूर्ण व्यवहार गर्न नहुने:**

बालकप्रति क्रुर वा यातनापूर्ण व्यवहार गर्नु हुँदैन। तर बुवा, आमा, परिवारका सदस्य संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काएको वा सामान्य पिटाई गरेकोमा यस दफाको उल्लङ्घन गरेको मानिनेछैन।

८. **भेटघाटको सुविधा दिनुपर्ने:**

(१) बैवाहिक सम्बन्ध विच्छेद भई वा अरु कुनै कारणबाट बुवा र आमा भिन्न बसेको अवस्थामा बुवासँग बसेको बालकलाई आमासँग र आमासँग बसेको बालकलाई बुवासँग समय समयमा भेटघाट गर्न वा केही समयको निमित्त साथ बस्न दिनु पर्नेछ तर त्यसरी बुवा वा आमासँग भेटघाट गर्न वा बस्न दिँदा बालकको हितको प्रतिकूल हुने कुनै मनासिव कारण भएमा त्यस्तो भेटघाटको वा साथ बस्ने सुविधा दिनबाट अदालतले रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बुवा आमासँग भेटघाट गर्ने पटक वा साथ बस्ने अवधिको सम्बन्धमा बुवा र आमाको बीच मतैक्य हुन नसकेमा अदालतले तोकेको पटक वा अवधिको निमित्त भेट गर्न वा साथ बस्न दिनु पर्नेछ।

९. **धर्मपुत्र र धर्मपुत्रीले आफ्नो बुवा आमासाग भेटघाट, पत्राचार गर्न पाउने:**

कानुनको रीत पुऱ्याई कसैको छोरा वा छोरीलाई धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले त्यस्तो धर्मपुत्र वा धर्मपुत्रीले चाहेमा तिनीहरूलाई जन्म दिने बुवाआमासँग नियमितरूपमा भेट गर्न वा पत्राचार गर्न दिनुपर्छ।

१०. **आमा र आमाको बुवाको नाम उल्लेख गर्न पाउने:**

कुनै औपचारिक काम कारबाही वा लिखतमा कानुनबमोजिम बुवा र बाजेको नाम खुलाउनुपर्ने अवस्थामा बुवाको पत्ता नलागेसम्म बालकले आमा र आमाको बुवाको नाम उल्लेख गर्न सक्नेछ। बुवा र आमा दुवै पत्ता नलागेको बालकको हकमा निजलाई पाल्ने व्यक्ति वा संस्थाले बुवा आमा पत्ता नलागेको भनी लेखिदिएमा त्यस्तो बालकले बुवा, आमा वा बाजेको नाम उल्लेख नगरे पनि हुन्छ।

११. **बालक र अपराधिक दायित्व:**

(१) कानुनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन।

(२) बालकको उमेर दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई

कानुनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई बुझाई र कैद हुने गरेकोमा कसुर हेरी छ महिनासम्म कैद हुन्छ।

(३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानुनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ।

(४) बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरेसरह कानुनबमोजिम पूरा सजाय हुन्छ।

१२. अयोग्यता वा पटक कायम नहुने:

(१) कुनै अपराध गरेको कारणबाट कानुनबमोजिम कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति अयोग्य हुने रहेछ भने पनि बाल्यावस्थामा गरेको त्यस्तो अपराधबाट त्यस्तो किसिमको अयोग्यता निजको हकमा सिर्जना भएको मानिनेछैन।

(२) सजाय गर्ने प्रयोजनको निमित्त पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराधको गणना गरिनेछैन।

(३) बालकले एउटै अपराध एकपटकभन्दा बढी गरेको भए पनि पटकको आधारमा निजलाई थप सजाय गरिनेछैन।

१३. माग्ने काममा लगाउनु वा मुड्न नहुने:

(१) धार्मिक वा सांस्कृतिक रीतिस्थितिको पालन गर्दा बाहेक कुनै पनि बालकलाई भिक्षा माग्ने काममा लगाउनु हुँदैन।

(२) सन्यासी, भिक्षु र फकीर बनाउने उद्देश्यले कुनै पनि बालकलाई मुड्नु हुँदैन र मुडेको भए पनि त्यसलाई कानुनी मान्यता प्राप्त हुने छैन।

(३) यो ऐन प्रारम्भ हुनु अघि सन्यासी, भिक्षु वा फकीर बनाइएको बालकले चाहेमा त्यस्तो भेष त्यागेर पारिवारिक जीवन ग्रहण गर्न सक्नेछ।

१४. देवी देवताको नाउमा बालकलाई चढाउनु नहुने:

(१) कसैले आफ्नो वा अरु कसैको बालकलाई किनी वा कुनै प्रलोभन दिई वा अरु कुनै किसिमको करकाप वा अनुचित प्रभावमा पारी आफ्नो कुनै भाकल वा अन्य कुनै धार्मिक अभिप्राय पूरा गर्ने उद्देश्यले कुनै देवी देवताको नाउँमा चढाउनु वा समर्पण गर्नु हुँदैन।

(२) कसैले पनि आफ्नो बालकलाई उपदफा (१) को प्रयोजनको लागि कुनै रकम लिई कसैलाई बिक्री गरी दिन वा अरु कुनै प्रकारले हस्तान्तरण गरी दिन हुँदैन।

(३) कुनै पनि देवस्थलका पण्डा, पुजारी, धामी वा मुखियाले उपदफा (१) बमोजिमको काम गर्न कसैलाई पनि प्रोत्साहन दिनु हँदैन र कसैले कुनै बालकलाई कुनै देवी देवताको मन्दिरमा चढाउन वा समर्पण गर्न ल्याएमा सोबमोजिमको धार्मिक विधि विधान आफैले सम्पन्न गर्न वा अरुलाई पनि सो गर्ने अनुमति दिनु हुँदैन।

(४) यो ऐन प्रारम्भ भएपछि उपदफा (१), (२), र (३) को बर्खिलाप कुनै काम भए गरेको रहेछ भने सो काम नभए सरह मानी बालकका बुवा आमा वा ती नभएमा निजको परिवारका सदस्यले नै त्यस्तो बालकलाई आफू साथ राखी परिवारका अन्य सदस्य सरह पालन पोषण, शिक्षा तथा स्वास्थ्योपचारको व्यवस्था गर्नुपर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाको बखत सोह्र वर्ष उमेर नपुगेको उपदफा (१) र (२) मा लेखिएको बालकलाई निजको बुवा, आमामध्ये जो जीवित छन् तिनले त्यस्तो बालकको पालनपोषण गर्नुपर्नेछ।

१५. कठोर सजाय दिन नहुनेः

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेवापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न हुँदैन।

१६. बालकलाई अनैतिक पेशामा संलग्न गराउन नहुनेः

(१) कसैले पनि बालकलाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न हुँदैन।

(२) बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले निजको फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्न वा प्रदर्शन गर्नु हुँदैन।

(३) कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्नु हुँदैन।

(४) बालकलाई मादकपदार्थ लागऔषध वा यस्तै अन्य नशालु पदार्थको बिक्री वितरण वा ओसारपसार गर्ने काममा लगाउनु हुँदैन।

१७. .....(बालश्रम (निषेध र नियमित गर्ने ऐन, २०५६ द्वारा खारेज)

१८. .....(बालश्रम (निषेध र नियमित गर्ने ऐन, २०५६ द्वारा खारेज)

१९. कानुनव्यवसायी नभएमा बालकको मुद्दाको कारबाही किनारा नहुनेः

(१) कुनै बालकको विरुद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानुनव्यवसायी नभएमा अदालतले मुद्दाको कारबाही वा किनारा गर्ने छैन।

(२) उपदफा (१) मा उल्लेखित अवस्थामा सम्बन्धित अदालतले नै श्री ५ को सरकारको तर्फबाट नियुक्त भएको वैतनिक कानुनव्यवसायी वा अन्य कुनै इच्छुक कानुनव्यवसायीको सेवा उपलब्ध गराइदिनुपर्छ।

२०. हकको प्रचलनः

(१) यस परिच्छेदमा उल्लेख भएको हकको प्रचलनको लागि बालकको तर्फबाट जोसुकैले पनि बालक रहे बसेको इलाकाको जिल्ला अदालतमा निवेदन दिनसक्नेछ। यस्तो निवेदन पर्न आएमा सम्बन्धित अदालतले जाँचबुझ गरी मनासिव आज्ञा आदेश वा पुर्जी जारी गरी हकको प्रचलन गराई दिन सक्नेछ। तर दफा ८ को उपदफा (१)को प्रतिबन्धात्मक वाक्यांशबमोजिम बालकको भेटघाट वा बसाईमा रोक लगाउने कुरामा सम्बन्धित बालकको बुवा वा आमाको निवेदनको आधारमा मात्र त्यस्तो कारबाही चलाउन र आदेश दिन सक्नेछ।

(२) कसैले यस परिच्छेदद्वारा प्रदत्त अधिकारमा आघात पुऱ्याएबाट कसैलाई कुनै क्षति पुग्न गएको रहेछ भने अदालतले उपदफा ९ र १० बमोजिम आज्ञा, आदेश वा पुर्जी जारी गर्दा मनासिव माफिकको क्षतिपूर्ति भराउने निर्णय पनि गर्न सक्नेछ।

परिच्छेद-३

बालकको संरक्षण र संरक्षकको व्यवस्था

२१. **एकाघरका कोही नहुने बालकको हेरचाह र निजको सम्पत्तिको जिम्माः**

(१) कुनै बालकको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको कुराको जानकारी बाल कल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीलाई प्राप्त हुन आएमा निजले त्यस्तो बालकको पालनपोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनुपर्छ। त्यस्तो व्यवस्था मिलाउँदा सकभर बालकलाई निजको नजिकको नातेदारको जिम्मा लगाइदिनु पर्छ। त्यस्तो नातेदार कोही नभएमा सो बालकको पालनपोषणको निमित्त निजलाई कुनै इच्छुक व्यक्ति वा संस्थाको जिम्मा दिन सकिनेछ। बालकको पालनपोषणको जिम्मा लिने कुनै नातेदार, व्यक्ति वा संस्था नभएमा त्यस्तो बालकलाई नजिकको बाल कल्याण गृहमा बुझाई दिनुपर्छ।

(२) उपदफा (१) मा उल्लेखित बालकको कुनै सम्पत्ति भएमा बाल कल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीले त्यसको फाँटवारी तयार गरी त्यसमा कम्तिमा दुई जना स्थानीय व्यक्तिलाई साक्षी राखी त्यसको एकप्रति आफ्नो कार्यालयमा राखेर अर्को प्रति बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति वा संस्थालाई बुझाउनुपर्छ।

(३) उपदफा (२) बमोजिम तयार पारिएका फाँटवारी र सो बमोजिमको सम्पत्ति बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति, संस्था वा बाल कल्याण गृहलाई कागज गराई जिम्मा लगाई दिनुपर्छ। बालकको सम्पत्ति जिम्मा नलगाउन्जेलसम्म त्यसको रेखदेख तथा संरक्षण गर्ने जिम्मेवारी बाल कल्याण अधिकारी रहेकोमा निजको र निज नभएमा प्रमुख जिल्ला अधिकारीको हुनेछ।

(४) उपदफा (३) बमोजिम बुझी लिएको सम्पत्तिको आयस्ताबाट बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति, संस्था वा बाल कल्याण गृहले सम्बन्धित बालकको पालनपोषण, शिक्षा तथा स्वास्थ्योपचारको निमित्त खर्च गर्न सक्नेछ। त्यस्तो सम्पत्तिको सम्बन्धमा यस ऐनअन्तर्गत संरक्षकलाई भएका अधिकार र निजले पालन गर्नुपर्ने सर्त बालकको सम्पत्ति जिम्मा लिने व्यक्ति, संस्था वा बाल कल्याण गृहको हुनेछ।

२२. **संरक्षकको नियुक्तिः**

(१) बुवा, आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा भए पनि शारीरिक वा मानसिक अशक्तताको कारणले बालकको पालनपोषण तथा रेखदेख गर्न नसक्न भएमा त्यस्तो बालकलाई कुनै संरक्षकको जिम्मा लगाउनको निमित्त जोसुकैले पनि बाल कल्याण अधिकारी समक्ष निवेदन दिन सक्नेछ। यस्तो निवेदन पर्न आएमा बाल कल्याण अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो बालकको निमित्त यस दफाको अन्य कुराको अधीनमा रही संरक्षक नियुक्ति गरिदिनु पर्दछ।

(२) उपदफा (१) बमोजिम संरक्षक नियुक्त गर्दा सकभर नजिकको हकवालालाई प्राथमिकता दिनुपर्छ। तर नजिकको हकवालासित पारिवारिक द्वेष, झै झगडा वा अरु कुनै कारणले गर्दा त्यस्तो हकवालाको सट्टा टाढाको हकवाला वा अन्य व्यक्तिलाई संरक्षक नियुक्त गर्नुपर्ने भएमा

त्यसको कारण जनाई बाल कल्याण अधिकारीले उपयुक्त ठहऱ्याएको अन्य कुनै हकवाला वा व्यक्तिलाई संरक्षक नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै व्यक्तिलाई संरक्षक नियुक्त गर्नु अघि निजको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै व्यक्ति संरक्षक नियुक्त हुन वा कायम रहन सक्ने छैन:

(क) मानसिक रोगले पीडित भएको,

(ख) पच्चीस वर्षको उमेर पूरा नगरेको,

(ग) दफा २८ बमोजिम संरक्षकबाट हटाइएको,

(घ) नैतिक पतन देखिने कुनै कसुरमा अदालतबाट दोषी ठहरी सजाय पाएको वा

(ङ) साहूको दामासाहीमा परेको।

(५) बालकको संरक्षक बन्न कसैले मन्जुर नगरेमा वा संरक्षक हुन सक्ने उपयुक्त व्यक्ति फेला नपरेमा त्यस्तो बालकलाई बाल कल्याण अधिकारीले कुनै बाल कल्याण गृहमा पठाई दिने व्यवस्था गर्नुपर्छ।

(६) बालकलाई उपदफा (२) बमोजिम संरक्षकको जिम्मा लगाउँदा वा उपदफा (५) बमोजिम बाल कल्याण गृहको जिम्मा लगाउँदा निजको कुनै सम्पत्ति भएमा सो समेत जिम्मा लगाइदिनुपर्छ। त्यसरी सम्पत्ति जिम्मा लगाउँदा त्यस्को फाँटवारी तयार गरी एक प्रति आफ्नो कार्यालयमा राखी अर्को प्रति सम्पत्ति बुझ्ने संरक्षक वा बाल कल्याण गृह प्रमुखलाई बुझाई दिनुपर्छ।

(७) उपदफा (६) बमोजिम बुझी लिएको सम्पत्तिको आयस्तालाई संरक्षक वा बाल कल्याण गृह प्रमुखले सम्बन्धित बालकको पालनपोषण, शिक्षा तथा स्वास्थ्योपचारको निमित्त हिसाब राखी खर्च गर्न सक्नेछ।

२३. बालकको हित तथा सम्पत्तिको संरक्षण गर्नुपर्ने:

(१) बालकको हितको संरक्षण गर्नु संरक्षकको मुख्य कर्तव्य हुनेछ।

(२) संरक्षकले अरु कुराको अतिरिक्त देहायको कुरामा विशेष ध्यान दिनु पर्छ:

(क) बालकको शारीरिक एवं मानसिक विकासलाई अभिबृद्धि गर्ने किसिमबाट निजको पालनपोषण गर्ने,

(ख) बालकको बौद्धिक विकासमा सघाउ पुऱ्याउने किसिमको शिक्षाको प्रबन्ध गर्ने,

(ग) बालकलाई खराब लत वा सङ्गतमा पर्न नदिने,

(घ) बालकको सम्पत्तिको अद्यावधिक लगत राख्ने र त्यसको संरक्षण गर्ने।

(३) कुनै बालकको सम्पत्ति वा आयस्ता अरुले खाएको भए त्यसलाई उपर गर्न र रोक्का रहेको सम्पत्ति फुकुवा गराउन संरक्षकले आवश्यक कारबाही चलाउनु पर्छ। सो प्रयोजनको लागि संरक्षकले बालकको तर्फबाट अड्डा अदालतमा निवेदन, उजुरी वा फिरादपत्र दिन वा अन्य आवश्यक कानुनी कारबाही चलाउन सक्नेछ।

२४. संरक्षकले गर्न हुने कामहरूः

संरक्षकले बालकको पालनपोषण, शिक्षा र स्वास्थ्योपचारको लागि आवश्यक परेको खर्च व्यहोर्नको लागि बालकको कुनै अचल सम्पत्ति कसैलाई कमाउन वा बहालमा दिन सक्नेछ।

२५. संरक्षकले गर्न नहुने कामः

संरक्षकले देहायको कुनै काम गर्नु हुँदैनः

(क) बालकलाई निजको शारीरिक क्षमताले भ्याउने भन्दा बढी परिश्रम पर्ने काममा लगाउन,

(ख) बालकलाई निजको धार्मिक वा साँस्कृतिक रीतिस्थितिमा आघात पुग्न जाने कुनै काममा लगाउन वा त्यस्तो काममा निजको सम्पत्ति उपयोग गर्न वा

(ग) पछि आफूले लिने मनसायले बालकको सम्पत्ति अरु कसैलाई बिक्री गर्न।

२६. संरक्षकले प्रतिवेदन पेश गर्नुपर्नेः

(१) संरक्षकले बालकको पालनपोषण, स्वास्थ्य र शिक्षाको निमित्त आफ्नो तर्फबाट गरेको खर्च र बालकको सम्पत्तिबाट भएको आय र त्यसबाट निजको पालनपोषणको निमित्त गरिएको खर्चको विवरण समेत खुलाई सम्बन्धित बाल कल्याण अधिकारी समक्ष प्रत्येक वर्ष वैशाख मसान्तभित्र प्रतिवेदन पेश गर्नुपर्छ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदनमा उल्लेखित व्यहोरा वा तथ्याङ्कको विश्वसनीयता जाँच्न बाल कल्याण अधिकारीले सम्बन्धित बालक वा निजको सम्पत्ति रहेको ठाउँको निरीक्षण गर्न गराउन सक्नेछ। त्यस प्रयोजनको निमित्त बाल कल्याण अधिकारीले सम्बन्धित बालकलाई आफूसमक्ष उपस्थित गराएर आवश्यक सोधपुछ गर्न पनि सक्नेछ। त्यसरी बालकलाई आफूकसमक्ष उपस्थित गराउन बाल कल्याण अधिकारीले आदेश दिएमा निजलाई उपस्थित गराउनु संरक्षकको कर्तव्य हुनेछ।

२७. अनुमति लिएर संरक्षकले अवकाश लिन सक्नेछः

(१) यस ऐनबमोजिम नियुक्त भएको संरक्षकले आफ्नो कर्तव्य पूरा गर्न असमर्थ भई अवकाश लिन चाहेमा त्यसको कारण उल्लेख गरी कम्तिमा एक महिना अघि बाल कल्याण अधिकारी समक्ष निवेदन दिनुपर्नेछ। संरक्षकले त्यसरी निवेदन दिँदा आफूले जिम्मा लिएको बालकको सम्पत्ति र निवेदन दिएको मिति सम्मको खर्चको फाँटवारी पनि पेश गर्नुपर्छ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको व्यहोरा मुनासिव देखिए बाल कल्याण अधिकारीले संरक्षकको जिम्मा रहेको सम्पत्ति कुनै कार्यालय वा व्यक्तिलाई बुझाउन लगाई निजलाई अवकाश लिन अनुमति दिनेछ।

२८. संरक्षकलाई हटाउन सकिनेः

संरक्षकले दफा २३, २४ वा २५ को विपरीत कुनै काम गरेको वा दफा २६ बमोजिम प्रतिवेदन दिँदा झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा बाल कल्याण अधिकारीले त्यस्तो संरक्षकलाई हटाउन सक्नेछ।

२९. अर्को संरक्षक नियुक्त गरिनेः

(१) कुनै संरक्षकको मृत्यु भएमा वा दफा २२ को उपदफा (४) को कुनै अवस्था परी संरक्षक कायम रहन नसक्ने भएमा वा दफा २७ बमोजिम अवकाश लिएमा वा दफा २८ बमोजिम

हटाइएमा त्यस्तो संरक्षकको सट्टा बाल कल्याण अधिकारीले दफा २२ को अधीनमा रही अर्को संरक्षक नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम संरक्षकबाट हटेको वा संरक्षक कायम नरहेकोमा त्यस्तो संरक्षकले बालकको कुनै सम्पत्ति बुझी लिएको भए त्यस्तो सम्पत्ति र सोसम्बन्धी कागजात समेत बाल कल्याण अधिकारीले तोकेको कार्यालय वा व्यक्तिलाई बुझाउनु पर्नेछ।

३०. पर्याप्त आयस्ता नहुने बालकको पालनपोषणः

(१) पर्याप्त आयस्ता वा सम्पत्ति नभएको वा भएर पनि त्यस्तो सम्पत्तिलाई अरु कसैले गैरकानुनी तरिकाबाट दवाई छिपाई उपभोग गरेबाट कुनै बालकको पालनपोषण उचित ढङ्गबाट हुन नसक्ने भएमा संरक्षकले सरकारी सहायताको निमित्त प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ र सो व्यहोरा मुनासिव देखिए प्रमुख जिल्ला अधिकारीले आवश्यक सरकारी सहायता उपलब्ध गराईदिनु पर्छ। त्यस्तो सहायता उपलब्ध हुन नसक्ने अवस्थामा बालकलाई नजिकको बाल कल्याण गृहमा राख्ने व्यवस्था मिलाई दिनुपर्छ।

(२) उपदफा (१) बमोजिम कुनै बालकलाई बाल कल्याण गृहको जिम्मा लगाइएमा त्यसरी जिम्मा लगाइएको मितिदेखि बालकप्रति संरक्षकको दायित्व समाप्त भएको मानिनेछ।

३१. संरक्षकले पारिश्रमिक पाउनेः

(१) बाल कल्याण अधिकारीले बालकको सम्पत्ति र आयस्ताको विचार गरी संरक्षकको पारिश्रमिक तोकिदिनेछ।

(२) दफा २३ को उपदफा (३) बमोजिम बालकको सम्पत्ति र आयस्ताउपर गर्न लागेको मुनासिव माफिकको खर्च र त्यसरी उपर गरेको सम्पत्तिको पञ्चकिर्ते मोलको वा आयस्ताको पाँच प्रतिशतमा जुन बढी हुन्छ त्यति रकम संरक्षकले पारिश्रमिकस्वरूप लिन सक्नेछ।

(३) बालकको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारको निमित्त संरक्षकले आफ्नो तर्फबाट कुनै खर्च गरेको भए सो खर्चसमेत बालकको आयस्ताबाट असुल गर्न सक्नेछ।

परिच्छेद–४

कल्याणकारी व्यवस्था

३२. केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको गठनः

(१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सकहरू, बाल मनोवैज्ञानिक र शिक्षकहरूमध्येबाट समेत सदस्य रहने गरी बढीमा एक्काईस जना सदस्यहरू भएको एक केन्द्रीय बाल कल्याण समिति गठन गर्नेछ। केन्द्रीय बाल कल्याण समितिमा रहने अध्यक्ष र सदस्यहरूको नाम सोही सूचनामा तोकिएबमोजिम हुनेछ। श्री ५ को सरकारको नीति र निर्देशनको अधीनमा रही सो समितिले काम गर्नेछ।

(२) प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रत्येक जिल्लामा एक जिल्ला बाल कल्याण समिति गठन गरिनेछ। जिल्ला बाल कल्याण समितिमा अन्य व्यक्तिको अतिरिक्त खास गरिकन देहायका व्यक्तिहरूमध्येबाट प्रमुख जिल्ला अधिकारीले तोकेको व्यक्तिहरू रहनेछन्:–

(क) सामाजिक सेवामा कार्यरत व्यक्तिहरू

(ख) बालकको हक हितसम्बन्धी कार्यमा संलग्न सामाजिक कार्यकर्ता

(ग) महिला सामाजिक कार्यकर्ता

(घ) चिकित्सकहरू

(ङ) बाल मनोवैज्ञानिकहरू

(च) शिक्षकहरू।

(३) केन्द्रीय बाल कल्याण समिति तथा जिल्ला बाल कल्याण समितिका पदाधिकारीहरूको कार्यकाल चार वर्षको हुनेछ र निजहरू पुन: नियुक्तिको लागि ग्राह्य हुनेछन्।

(४) जिल्ला बाल कल्याण समितिको अध्यक्ष जिल्ला बाल कल्याण समितिका सदस्यहरूले आफू मध्येबाट तोकेको व्यक्ति हुनेछ र यसरी अध्यक्ष नतोकिएसम्म प्रमुख जिल्ला अधिकारी नै सो समितिको अध्यक्ष भई काम गर्नेछ।

(५) प्रत्येक जिल्ला बाल कल्याण समितिले जिल्लास्तरमा सञ्चालित बाल कल्याणकारी क्रियाकलापको सम्बन्धमा वैशाख मसान्तसम्ममा केन्द्रीय बाल कल्याण समितिसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ। जिल्ला बाल कल्याण समितिहरूबाट प्राप्त वार्षिक प्रतिवेदनको आधारमा केन्द्रीय बाल कल्याण समितिले बालकसम्बन्धी राष्ट्रव्यापी प्रतिवेदन तयार गरी प्रत्येक वर्ष आषाढ मसान्तसम्ममा श्री ५ को सरकार समक्ष पेश गर्नेछ।

(६) यस ऐनमा लेखिएदेखि बाहेक केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

३३. बाल कल्याण अधिकारीको नियुक्ति:

(१) श्री ५ को सरकारले आवश्यक सङ्ख्यामा बाल कल्याण अधिकारीको नियुक्ति गर्नेछ। बाल कल्याण अधिकारीको नियुक्ति नहुन्जेलसम्म यस ऐन बमोजिम निजलाई प्राप्त अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले अन्य कुनै व्यक्ति वा कर्मचारीलाई तोक्न सक्नेछ।

(२) उपदफा (१) अन्तर्गत नियुक्त भएको वा तोकिएको बाल कल्याण अधिकारीले जिल्ला बाल कल्याण समितिको सामान्य नियन्त्रण तथा निर्देशनको अधीनमा रही काम गर्नुपर्नेछ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक बाल कल्याण अधिकारीको अन्य काम, कर्तव्य, अधिकार तथा सेवाको सर्त तोकिएबमोजिम हुनेछ।

३४. बाल कल्याण गृहको स्थापना र सञ्चालन:

(१) श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा बाल कल्याण गृहको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण गृहको स्थापना नभएसम्म अरु कुनै व्यक्ति वा संस्थाद्वारा सञ्चालित बाल कल्याण गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रलाई बालक राख्ने प्रयोजनको निमित्त श्री ५ को सरकारले उपयोग गर्न सक्नेछ। तर यस उपदफामा लेखिएको कुनै कुराले

पनि त्यस्तो बाल कल्याण गृह, अनाथालय वा केन्द्रको सञ्चालनमा हस्तक्षेप गर्ने अधिकार श्री ५ को सरकारलाई दिएको मानिने छैन।

३५. बेवारिस बालकलाई बाल कल्याण गृहमा राखिनेः

(१) बाल कल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैले कुनै बेवारिस बालक फेला पारेमा वा अरु कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालकको सम्बन्धमा यथासम्भव तीनपुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्ह सहितको विवरण र औँठाको छापसमेत आफ्नो कार्यालयमा राखी त्यस्तो बालकलाई नजिकको बाल कल्याण गृहमा बुझाउनु पर्छ।

(२) बस्ने ठाउँको अभाव भएमा बाहेक उपदफा (१) बमोजिम बुझाउन ल्याएको बेवारिस बालकलाई सम्बन्धित बाल कल्याण गृह प्रमुखले बुझेर लिनुपर्छ।

(३) उपदफा (२) बमोजिमको कारण बाल कल्याण गृह प्रमुखले बेवारिस बालकलाई बुझी नलिएमा निजलाई अर्को कुनै बाल कल्याण गृहमा बुझाउन सकिनेछ।

(४) बाल कल्याण गृहमा बस्ने बेवारिस बालकहरूलाई लिङ्गको आधारमा छुट्टाछुट्टै ठाउँमा राख्नु पर्छ।

(५) बेवारिस बालकको बुवा, आमा, नातेदार वा संरक्षकको पत्ता लगाउने प्रयोजनको निमित्त बाल कल्याण अधिकारी, प्रहरी कार्यालय वा सम्बन्धित बाल कल्याण गृह प्रमुखले त्यस्तो बालकको हुलिया तथा फोटो सहितको सूचना कुनै पत्रपत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यमबाट प्रसारण गराउन सक्नेछन्।

३६. बाल कल्याण गृहमा राखिने अवधिः

(१) बेवारिस बालकलाई साधारणतया सोह्र वर्षको उमेर पूरा नगरुन्जेलसम्म बाल कल्याण गृहमा राखिनेछ। तर त्यस्तो उमेर पुगेको कुनै बालकलाई बाल कल्याण गृहबाट विदा दिँदा निजलाई जीविकोपार्जनको समस्याको सामना गर्नुपर्ने स्थिति देखिएमा बढीमा अठार वर्षको उमेर पूरा नगरूञ्जेलसम्म बाल कल्याण गृहमा राख्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, अपाङ्ग, वा सुस्त मनस्थिति भएका बेवारिस बालकको हकमा तिनीहरूलाई राख्नको निमित्त व्यवस्था गरिएका बाल कल्याण गृहमा नपठाईएसम्म त्यस्ता व्यक्तिको हकमा बाल कल्याण गृहमा बस्ने उमेरको बन्देज लागु हुने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बेवारिस बालकको बुवा, आमा वा संरक्षकले बेवारिस बालकलाई साथ लैजान चाहेमा बाल कल्याण गृह प्रमुखले जहिलेसुकै पनि लान दिनुपर्छ र त्यस्तोमा बालकलाई बुझी लिएको कागज गराई लिनुपर्छ।

३७. व्यवसायिक तालिम दिन वा काममा लगाउन सहयोग गरिनेः

(१) बाल कल्याण गृहमा बस्ने बेवारिसे बालकहरूको रुचि वा ज्ञानको आधारमा निजहरूलाई व्यवसायिक तालिम वा पठन पाठनमा संलग्न गराइनेछ।

(२) कुनै किसिमको ज्ञान वा सीप हासिल गरिसकेको बेवारिस बालकलाई उसको ज्ञान वा सीपसित मिल्दो कुनै व्यवसायिक काममा संलग्न गराउन श्री ५ को सरकारले सहयोग गर्नेछ।

३८. खर्च बुझाउने सर्तमा बालकलाई बाल कल्याण गृहमा राख्न सकिने:

(१) बारम्बार घरबाट भागेर हिँडिरहने स्वभावको बालकलाई निजको बुवा, आमा वा नातेदारले निजको पालनपोषणमा लाग्ने सम्पूर्ण खर्च व्यहोर्न मन्जुर गरेमा सम्बन्धित बाल कल्याण गृह प्रमुखले त्यस्तो खर्च व्यहोर्ने मन्जुरीको लिखत गराई सो बालकलाई बाल कल्याण गृहमा राख्न अनुमति दिनसक्नेछ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण गृहमा राखिएको बालकले निर्धारित अवधि व्यतीत गरेपछि बाल कल्याण गृह प्रमुखले निजलाई निजका बुवा, आमा वा नातेदारलाई जिम्मा लगाई दिनुपर्छ। त्यसरी जिम्मा लगाउँदा निजको पालनपोषणको सम्बन्धमा भएका खर्चको फाँटवारी सहित त्यस्तो बालकको पालनपोषण वापत बुझिलिएको रकममा केही बाँकी रहे सो पनि फिर्ता बुझाइदिनुपर्छ।

(३) बाल कल्याण गृह प्रमुखले उपदफा (१) बमोजिम राखिएको कुनै बालक बाल कल्याण गृहबाट भागेमा वा निजको मृत्यु भएमा त्यसको सूचना निजको बुवा, आमा वा नातेदारलाई तुरुन्त दिनुपर्छ र भागी गएकोमा निजलाई पत्ता लगाउन यथासम्भव प्रयत्न गर्नुपर्छ।

(४) बाल कल्याण गृह प्रमुखले उपदफा (२) बमोजिम बालकलाई निजको बुवा, आमा वा नातेदारको जिम्मा लगाउँदा निजको कुनै अचल सम्पत्ति बुझेको भए सो र सोसम्बन्धी कागजात पनि फिर्ता दिनुपर्छ।

(५) उपदफा (३) बमोजिम बालक भागी गएकोमा फेला नपरेमा वा बालकको मृत्यु भएकोमा निजको कुनै पनि मालसामान वा अचल सम्पत्ति भए निजको बुवा, आमा वा नातेदारलाई बुझाई दिनुपर्छ र त्यस्तो बालकको सम्बन्धमा भएको कुनै खर्च लिन बाँकी भए सो पनि निजको बुवा, आमा वा नातेदारबाट असुलउपर गर्नुपर्छ।

३९. अनुशासन पालन गराउन सामान्य सजाय गर्न सक्ने:

(१) कुनै बेवारिस बालकले बाल कल्याण गृहमा बस्दा पालन गर्नुपर्ने सर्तको पालन नगरेमा वा अनुशासन भङ्ग हुने कुनै काम गरेमा बाल कल्याण गृह प्रमुखले त्यस्तो बालकलाई देहायको कुनै सजाय गर्न सक्नेछ:

(क) बाल कल्याण गृहमा उपलब्ध सहुलियत वा सुविधाबाट एक पटकमा बढीमा तीन दिनसम्म बञ्चित गर्ने वा

(ख) बाल कल्याण गृहको कुनै चिज वस्तुलाई जानी जानी तोडफोड वा हानी नोक्सानी पुऱ्याएमा त्यसरी भएको क्षतिवापत पूरै वा आंशिक रकम असुलउपर गर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बालकलाई कुटपिट गर्ने वा एकान्त ठाउँमा थुन्ने, अन्न पानी बन्द गर्ने अधिकार सो उपदफाले बाल कल्याण गृह प्रमुखलाई प्रदान गरेको मानिने छैन।

(३) बाल कल्याण गृह प्रमुखले उपदफा (१) को खण्ड (ख) बमोजिम बेवारिस बालकबाट क्षतिवापत रकम असुल गर्ने प्रयोजनको निमित्त सम्बन्धित बालकको आयस्ता वा बाल कल्याण

गृहमा काम गरेवापत कुनै पारिश्रमिक पाउने भए त्यस रकमले भ्याएसम्म असुलउपर गरी बाँकी रकम मिनाहा गरी लगत काटी दिनुपर्छ।

४०. बालकलाई जिम्मा लगाई खर्च भराउन सक्ने:

(१) कुनै बालकको बुवा, आमा वा परिवारका सदस्यले निजलाई बेवारिस बालक वा अनाथ भनी झुठ्ठा विवरण दिएर कुनै बाल कल्याण गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रमा भर्ना गराएको कुरा पत्ता लागेमा त्यस्तो बालकलाई निजको बुवा, आमा वा परिवारका सदस्य जो भेटिन्छ उसैलाई जिम्मा लगाई दिनुपर्छ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा सम्बन्धित बालकको पालन पोषणको निमित्त भएको सम्पूर्ण खर्चसमेत त्यस्तो बालकको बुवा, आमा वा परिवारका सदस्यमध्ये जसले ढाटेर निजलाई भर्ना गराएको हो उसैबाट सम्बन्धित बाल कल्याण गृह, अनाथालय वा केन्द्रले सरकारी बिगो सरह भरिभराउ गरी असुल उपर गर्नुपर्छ। तर, त्यस्तो खर्चउपर गर्नको निमित्त बालकको बुवा, आमा वा परिवारका सदस्यको कुनै आयस्ता वा सम्पत्ति नभएमा सम्बन्धित बाल कल्याण गृह, अनाथालय वा केन्द्रले बालकको पालनपोषणमा भएको त्यस्तो खर्च भराउने छैन।

४१. बाल कल्याण गृह प्रमुखले अभिलेख राख्ने र प्रतिवेदन गर्नुपर्ने:

(१) बाल कल्याण गृह प्रमुखले बाल कल्याण गृहमा बस्ने सबै बेवारिस बालकहरूको व्यक्तिगत विवरण तयार गरिराख्नु पर्छ। त्यस्तो विवरणमा कुनै बालकलाई दफा ३९ को उपदफा (१) बमोजिम कुनै सजाय दिइएको भए सो समेत उल्लेख गर्नुपर्छ।

(२) उपदफा (१) बमोजिम राख्नुपर्ने व्यक्तिगत विवरणको ढाँचा तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको विवरण गोप्य गरी राख्नुपर्छ र सो विवरण बाल कल्याण समिति वा बाल कल्याण अधिकारी वा त्यस्तो समिति वा अधिकारीबाट अनुमति प्राप्त व्यक्ति वा कार्यालयबाहेक अरुलाई देखाउनु वा दिनु हुँदैन।

तर, मुद्दा मामिलाको सिलसिलामा अदालतले माग गरेको विवरणको सम्बन्धमा यो बन्देज लागु हुने छैन।

(४) बाल कल्याण गृह प्रमुखले अघिल्लो वर्षभरि आफ्नो बाल कल्याण गृहले गरेको सम्पूर्ण क्रियाकलाप देखिने गरी तोकिएको ढाँचामा प्रतिवेदन सम्बन्धित बाल कल्याण समितिमा र बाल कल्याण अधिकारी समक्ष प्रत्येक वर्ष वैशाख मसान्तभित्र पठाउनुपर्छ।

४२. बाल सुधार गृहको स्थापना र सञ्चालन:

(१) श्री ५ को सरकारले आवश्यकतानुसार बाल सुधार गृहको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको बाल सुधार गृहमा देहायका बालकहरू राखिनेछ:

(क) कुनै कसुरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुनबमोजिम थुनामा बस्नुपर्ने बालक,

(ख) प्रचलित कानुनबमोजिम कैदको सजाय पाएकोमा सोबमोजिम कैदमा जानुपर्ने बालक,

(ग) लागूऔषधिको कुलतमा लागेको बालक,

(घ) बुवा, आमा वा घर परिवारबाट भागी हिड्ने गरेको बालक,

(ङ) अनैतिक वा अवाञ्छनीय क्रियाकलापमा संलग्न व्यक्तिहरूसँग बस, उठ गर्ने वा त्यस्ता व्यक्तिहरूको क्रियाकलापमा सरिक हुने वा तिनीहरूको आम्दानीमा आश्रित रहने बालक,

(च) श्री ५ को सरकारले तोकेको वर्गीकरणका बालकहरू।

(३) उपदफा (१) बमोजिम बाल सुधार गृह स्थापना नभएको अवस्थामा अन्य व्यक्ति वा निकायद्वारा सञ्चालन गरेको बाल कल्याण गृह, अनाथालय वा केन्द्रलाई श्री ५ को सरकारले त्यस्तो व्यक्ति वा निकायको स्वीकृति लिई अस्थायीरूपमा बाल सुधार गृहको रूपमा उपयोग गर्न सक्नेछ।

(४) उपदफा (२) को खण्ड (घ) मा उल्लेखित बालकलाई निजको बुवा, आमा वा परिवारको सदस्यको मन्जुरीले बाल सुधार गृहमा राखिएको भए निजको पालनपोषणको निमित्त भएको खर्च निजको बुवा, आमा वा परिवारको सदस्यले व्यहोर्नु पर्नेछ।

(५) बाल सुधार गृहको सञ्चालन र त्यहाँ बस्ने बालकहरूलाई प्रदान गरिने सुविधा, तालिम, शिक्षा र बालकहरूले पालन गर्नु पर्ने सर्त तोकिए बमोजिम हुनेछ।

४३. अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको स्थापना र सञ्चालनः

(१) बुवा, आमा नभएको अनाथ, अपाङ्ग वा सुस्त मनस्थितिका बालकहरूको पालनपोषण तथा बासस्थानको निमित्त आवश्यकताअनुसार श्री ५ को सरकारले अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनाथालय वा सुस्त मनस्थिति केन्द्रमा बस्ने बालकहरूको निमित्त आवश्यक शिक्षाको व्यवस्था श्री ५ को सरकारले गर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले अरु कुनै व्यक्ति वा संस्थाले सञ्चालन गरको अनाथालय वा सुस्त मनस्थिति केन्द्रलाई त्यसको सञ्चालक सित सम्झौता गरी यस ऐनको प्रयोजनको निमित्त त्यस्ता केन्द्र वा अनाथालयलाई उपयोग गर्न सक्नेछ।

४४. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय आदिको निरीक्षणः

(१) केन्द्रीय बाल कल्याण समितिले नेपाल अधिराज्यभित्र स्थापना भएको सबै र जिल्ला बाल कल्याण समिति वा बाल कल्याण अधिकारीले आफ्नो क्षेत्रभित्रको बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रहरूको जहिलेसुकै पनि निरीक्षण गर्न वा गराउन सक्नेछ।

(२) बाल कल्याण अधिकारीले आफ्नो क्षेत्रभित्रको बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रहरूको वर्षमा कम्तिमा दुईपटक निरीक्षण गरी त्यसको प्रतिवेदन जिल्ला बाल कल्याण समितिमा पठाउनु पर्छ। त्यसरी निरीक्षण गर्दा अन्य कुराको अतिरिक्त यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा प्रचलित कानुनविपरीत कुनै काम कारबाही भएको देखेमा सो समेत जिल्ला बाल कल्याण समितिमा पठाउने निरीक्षण प्रतिवेदनमा खुलाउनु पर्नेछ।

(३) बाल कल्याण समिति वा बाल कल्याण अधिकारीले कुनै बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा यस्तै अन्य केन्द्रहरूमा कुनै अनियमितता भएको देखिएमा त्यसलाई हटाउन वा

त्यहाँ उपलब्ध गराइने सेवामा सुधार गर्नको निमित्त आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी निर्देशन दिएकोमा त्यसको पालन गर्नु त्यस्तो बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रको प्रमुखको कर्तव्य हुनेछ।

४५. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय आदिसम्बन्धी व्यवस्थाः

यस ऐनबमोजिम स्थापित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय आदिको सञ्चालन गर्ने व्यक्ति निजले प्रयोग गर्न पाउने अधिकार, निजको सेवाको सर्त तथा त्यस्तो बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रमा बस्ने बालकले पालन गर्नुपर्ने कुराहरू र तिनीहरूलाई प्रदान गरिने शिक्षा तथा तालिम तोकिएबमोजिम हुनेछ।

परिच्छेद-५

४६. .....

४७. .....

४८. .....

बालश्रम (निषेध र नियमित गर्ने ऐन, २०५६ द्वारा परिच्छेद-५ खारेज

परिच्छेद-६

विविध

४९. बालकसम्बन्धी मुद्दामा खास व्यक्ति मात्र उपस्थित हुन पाउनेः

(१) यो ऐन वा प्रचलित कानुनबमोजिम बालकसम्बन्धी कुनै मुद्दाको कारबाही चल्दा कानुनव्यवसायी, बालकको बुवा, आमा नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्तदेखि अनुमति दिएमा बालकको हक हित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाका प्रतिनिधि इजलासमा उपस्थित हुनसक्नेछ।

(२) उपदफा (१) बमोजिमको मुद्दा तथा सोसँग सम्बन्धित घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमतिबेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइनेछैन। यस्तो प्रतिबन्ध सम्वाददाता तथा सम्वाद फोटो प्रतिनिधिको हकमा समेत लागु हुनेछ।

५०. मुद्दाको तहकिकात तथा सजायको स्थगनः

(१) प्रचलित कानुनबमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नुपर्ने कुनै कसुरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति र थुनामा बस्नुपर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने सर्तमा निजको बुवा, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ।

(२) कसुरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको पटक, आदिको विचार गर्दा कारागारमा राख्नु उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने

गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतीत गर्नुपर्ने गरी तोक्न सक्नेछ। यसरी स्थगित गरिएकोमा सोही बालकले त्यसको एक वर्ष भित्र त्यही वा अन्य कुनै कसुर गरेवापत दोषी ठहरी कैदको सजाय पाएमा सो समेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ।

५१. बालकको तर्फबाट मुद्दा गर्न पाउने:

(१) बालकको हक पुग्ने जुनसुकै कुरामा नालीस, उजुर वा प्रतिरक्षा गर्नु पर्दा निजको बुवा, आमा वा संरक्षकले नालीस, उजूर गर्न वा प्रतिरक्षा गर्न सक्नेछन्। बुवा, आमा वा संरक्षक नभएको बालकको सम्वन्धमा निजको हकवालालाई सो अधिकार प्राप्त हुनेछ।

(२) यस ऐनबमोजिम सजाय हुने कसुरसम्बन्धी मुद्दा जुनसुकै व्यक्ति वा श्री ५ को सरकारको उजुर ीबाट चल्न सक्नेछ।

५२. बालकसम्बन्धी तथ्याङ्क र त्यसको प्रयोगमा बन्देज:

(१) प्रहरी कार्यालयले कुनै कसुरको अभियोगमा पक्राउ परको बालकको नाम, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, निजले गरेको कसुर तथा त्यस सम्बन्धमा कुनै कारबाही चलाईएको भए सोसम्बन्धी विवरण खुलाई गोप्यरूपमा तथ्याङ्क राख्नुपर्छ र त्यस्तो तथ्याङ्कको उतार ६/६ महिनामा प्रहरी प्रधान कार्यालयमा पठाउनुपर्छ।

(२) उपदफा (१) बमोजिम राखिएको तथ्याङ्क कुनै अध्ययन वा शोध कार्यको निमित्त प्रकाशित गर्नु परेमा बालकको नाम, थर वा ठेगाना उल्लेख नगरी उमेर वा लिङ्गको आधारमासम्म प्रकाशित गर्न सकिनेछ।

५३. दण्ड सजाय:

(१) कसैले दफा १३, १७, वा १८ को बर्खिलाप कुनै काम गरेमा वा सो काम गर्न दुरुत्साहन दिएमा वा सो कुराको उद्योग गरेमा निजलाई तीनहजार रुपियाँ सम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(२) कसैले दफा १४ को बर्खिलाप कुनै काम गरेमा वा सो गर्ने दुरुत्साहन दिएमा वा मतियार भएमा वा उद्योग गरेमा निजलाई दश हजार रुपियाँसम्म जरिवाना वा पाँच वषसम्म कैद वा दुवै सजाय हुनेछ। कसैले कुनै रकम लिई बालकलाई बिक्री गरेको प्रमाणित भएमा त्यसरी बिक्री गर्ने व्यक्तिबाट सो रकम समेत जफत गरिनेछ र सो रकमउपर हुन नसकेमा त्यसवापत बढीमा थप दुई वर्षसम्म कैद हुनेछ।

(३) कसैले दफा ७ वा १५ विपरीत कुनै काम गरेमा निजलाई पाँच हजार रुपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। क्रुर र यातनापूर्ण व्यवहार गरेकोमा मनासिव क्षतिपूर्ति भराई दिन सक्नेछ।

(४) कसैले दफा १६ को उपदफा (१) (२) वा (३) को बर्खिलाप हुने कुनै काम गरेमा वा सो काम गर्न दुरुत्साहन दिएमा वा सो काम गर्न उद्योग गरेमा निजलाई दश हजार रुपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र बालकलाई अनैतिक पेशामा लगाउने

उद्देश्यले खिचेको फोटो र प्रकाशन गर्ने उद्देश्यले मुद्रण गरिएको सबै प्रकाशनहरू अदालतको आदेशबाट जफत हुन सक्नेछ।

(५) दफा १६ को उपदफा (४) को बर्खिलाप बालकलाई काममा लगाउने व्यक्तिलाई उपदफा (४) बमोजिम हुने सजायमा थप पाँच वर्ष सम्म कैदको सजाय हुन सक्नेछ।

(६) दफा १६, ... बमोजिम कसैले कुनै बालकलाई निषेधित काममा लगाएको कारण निजको चरित्रमा कुनै आघात पुग्न गएको रहेछ वा निजको स्वास्थ्यमा प्रतिकूल प्रभाव वा शारीरिक अङ्गभङ्ग भएको रहेछ भने उपदफा (१) वा (४) बमोजिम हुने सजायको अतिरिक्त त्यसरी भएको क्षतिको अनुपातमा मुनासिब माफिकको क्षतिपूर्ति रकम समेत मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिबाट बालकलाई भराई दिन सक्नेछ।

(७) संरक्षकले दफा २३, २४ वा २५ मा उल्लिखित कुनै कुराको उल्लङ्घन गरेमा वा पालन नगरेमा निजलाई तीन हजार रुपियाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(८) संरक्षकले दफा २६ को विपरीत प्रतिवेदन वा दफा २९ बमोजिम फिर्ता गर्नु पर्ने सम्पत्ति फिर्ता नगरेमा निजलाई ६ हजार रुपियाँ जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र त्यसरी मासेको सम्पत्तिसमेत उपर गरिनेछ।

(९) बाल कल्याण गृह प्रमुखले दफा ४१ बमोजिम राखिएको व्यक्तिगत विवरण कुनै अनधिकृत व्यक्तिलाई देखाएमा वा दिएमा वा कसैले दफा ४९ को विपरीत मुद्दाको विवरण प्रकाशित गरेमा वा दफा ५२ को विपरीत बालकसम्बन्धी तथ्याङ्कको गोप्यता भङ्ग गरेमा वा त्यसलाई प्रयोगमा ल्याएमा वा प्रकाशित गरेमा तीन हजार रुपियाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ र कसुरसँग सम्बन्धित पत्रपत्रिका तथा पुस्तकसमेत सबै जफत गरिनेछ।

(१०) .....बालश्रम (निषेध र नियमित गर्ने ऐन, २०५६ द्वारा झिकिएको।

५४. हदम्याद:

यो ऐनअन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा सो भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गर्नुपर्छ। तर बदनीयतपूर्वक बालकको सम्पत्ति बेचविखन गरेकोमा जहिलेसुकै पनि र बालकलाई अनैतिक काममा लगाएको सो काम भए गरेको मितिले तीन वर्षसम्म नालिस लाग्न सक्नेछ।

५५. मुद्दा हेर्ने अधिकारी र मुद्दाको सम्बन्धमा अपनाईने कार्यविधि:

(१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार बाल अदालतको गठन गर्नेछ। त्यस्तो अदालतको इलाका तथा सदरमुकाम सोहि सूचनामा तोकिए बमोजिम हुनेछ।

(२) दफा २० को अवस्थामा बाहेक बालक वादी वा प्रतिवादी भएको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार उपदफा (१) बमोजिम गठिन बाल अदालतलाई हुनेछ। तर बालकको

साथै उमेर पुगेका व्यक्ति समेत संलग्न भएको मुद्दाको सम्बन्धमा भने बाल अदालतले कारबाही वा किनारा गर्नेछैन।

(३) उपदफा (१) बमोजिम बाल अदालतको गठन नभएसम्मको लागि उपदफा (२) बमोजिमको मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ र बाल अदालतको गठन भएपछि जिल्ला अदालतमा दायर रहेको मुद्दा बाल अदालतमा सर्नेछ।

(४) उपदफा (३) बमोजिमको जिल्ला अदालतबाट हेरिने मुद्दाको कारबाही र किनारा गर्नको निमित्त प्रत्येक जिल्ला अदालतमा एक एक बाल इजलास रहनेछ।

(५) उपदफा (४) बमोजिमको बाल इजलासको गठन विधि श्री ५ को सरकारले सर्वोच्च अदालतको परामर्श लिई तोक्नेछ र त्यसरी इजलास तोक्दा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई समावेश गर्नसक्नेछ।

(६) बाल अदालत वा जिल्ला अदालतले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ र त्यसरी कार्यविधि नतोकिएसम्म ती अदालतले सङ्क्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यविधि अपनाउने छन्।

५६. पुनरावेदनः

दफा ५५ बमोजिम बाल अदालत वा जिल्ला अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

५७. मुद्दाको कारबाहीमा प्राथमिकता दिनुपर्नेः

यस ऐनअन्तर्गत कुनै बालक वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकता दिई कारबाही र किनारा गर्नुपर्छ।

५८. नियम बनाउने अधिकारः

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

५९. खारेजी र संशोधनः

(१) मुलुकी ऐन, गरिब कङ्गालको महलको १ र २ नम्बर खारेज गरिएको छ।

(२) मुलुकी ऐन गरिब कङ्गालको महलको ६ नम्बरमा रहेको "महल" भन्ने शब्द पछि रहेको "१" भन्ने अङ्क हटाइएको छ।

(३) मुलुकी ऐन दण्ड सजायको महलको १ नम्बरमा रहेका "८ वर्ष मुनिका नाबालक वा" भन्ने शब्दहरू र सोही नम्बरमा रहेका "नाबालकको उमेर ८ वर्ष वा सोभन्दा माथि र १२ वर्षभन्दा कम रहेछ भने निजलाई कानुन बमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई र कैद हुने अपराध गरेकोमा कसुर हेरी दुई महिनासम्म कैद हुन्छ। १२ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा कम उमेरका नाबालकले कुनै अपराध गरे निजलाई कानुनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ। नाबालक "वा" भन्ने वाक्याङ्शहरू झिकिएका छन्।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

प्रमाणीकरण र प्रकाशन मिति २०६४/४/८
व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन न. ५
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः

मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनर्स्थापना गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका-संसद्ले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(१) यस ऐनको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन नेपालभर लागू हुनेछ र नेपालबाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐनबमोजिमको कसुर गर्ने जुनसुकै व्यक्तिको हकमा समेत लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कसुर" भन्नाले दफा ३ बमोजिमको कार्य सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले दफा १३ बमोजिम स्थापित पुनर्स्थापना केन्द्र सम्झनुपर्दछ।

(ग) "पीडित" भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनुपर्छ।

(घ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनुपर्छ।

(ङ) "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

परिच्छेद–२

कसुर र अनुसन्धानसम्बन्धी व्यवस्था

३. मानव बेचबिखन र ओसारपसार गर्न नहुने:

(१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ।

४. मानव बेचबिखन र ओसारपसार गरेको मानिने:

(१) कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछ:

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,

(घ) वेश्यागमन गर्ने।

(२) कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ:

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिइ, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाँउमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने।

५. उजुर गर्ने:

(१) दफा ३ बमोजिमको कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ।

६. बयान प्रमाणित गराउने:

(१) दफा ५ बमोजिमको उजुर पीडित आफैंले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्ता बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ।

(२) प्रहरी कार्यालयले उपदफा (१) बमोजिम बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसँग सम्बन्धित कसुरको मुद्दा

सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भए सोही व्यहोरा र भने बमोजिम नभएमा के कति फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिन पर्नेछ।

(३) उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ।

७. पक्राउ गर्न वा खानतलासी लिन सकिने:

(१) यस ऐनअन्तर्गत कसुर मानिने कुनै कार्य कुनै घर, जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई तरुन्त कारबाही नगरेमा कसुरदार भाग्ने उम्कने वा त्यस्तो कसुरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछ:

(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा त्यस्तो प्रहरी कर्मचारीले सम्भव भएसम्म स्थानीय निकायका प्रतिनिधिसमेत र सम्भव नभए त्यस समयमा उपस्थित व्यक्तिहरूको रोहबरमा गर्नु पर्नेछ र सोको मुचुल्का तयार गरी सोको प्रतिलिपि सम्बन्धित घर, जग्गा वा सवारी साधन धनीलाई दिनु पर्नेछ।

८. थुनामा राखी कारबाही गर्नुपर्ने:

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) बाहेक सो दफाका अन्य कसुरसम्बन्धी मुद्दामा कारबाही गर्दा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नुपर्नेछ।

९. प्रमाणको भारः

प्रचलित कानुनमा जुनसकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ।

१०. छुट्टै कानुनव्यवसायी राख्न पाउनेः

यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको सुनुवाई अदालतमा हुँदा पीडितले छुट्टै कानुनव्यवसायीमार्फत प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानुनव्यवसायी राख्न सक्नेछ।

११. दोभाषे वा अनुवादक राख्न सक्नेः

यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ।

परिच्छेद–३

उद्धार, पुनर्स्थापना तथा पुनर्मिलनसम्बन्धी व्यवस्था

१२. उद्धारसम्बन्धी कार्य :

कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ।

१३. पुनर्स्थापना केन्द्रः

(१) पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकताअनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ।

(२) कुनै संस्थाले तोकिएबमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र नेपाल सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित पुनर्स्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई नेपाल सरकारले तोकिदिएबमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ।

(४) केन्द्रमा रहेको व्यक्तिलाई सामाजिकरूपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्नेछ।

(५) केन्द्रले पीडितलाई आवश्यकताअनुसार औषधी उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ।

(६) केन्द्रमा रहेका पीडितलाई निजको इच्छाविपरीत कसैले कुनै काममा लगाउन हुँदैन।

(७) केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितको लागि सीपमूलक तालिम तथा रोजगारी, पुनर्स्थापना, पारिवारिक पुनर्मिलनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. पुनर्स्थापन कोषः

(१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमको रकम रहनेछन्:

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) दफा १५ बमोजिम भएको जरिबानावापत प्राप्त हुने रकमको आधा रकम।

(३) पुनर्स्थापन कोषको व्यवस्थापन र सञ्चालन तोकिएबमोजिम हुनेछ।

परिच्छेद-४

दण्डसजाय तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

१५. दण्ड सजायः

(१) दफा ३ बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः

(क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपियाँ जरिबाना,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्राअनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपियाँदेखि एक लाख रुपियाँसम्म जरिबाना,

(ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपियाँदेखि पाँच लाख रुपियाँसम्म जरिबाना,

(घ) वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपियाँदेखि पाँच हजार रुपियाँसम्म जरिबाना।

(ङ) किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई,-

(१) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपियाँदेखि एक लाख रुपियाँसम्म जरिबाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपियाँदेखि दुईलाख रुपियाँसम्म जरिबाना,

(२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपियाँदेखि एक लाख रुपियाँसम्म जरिबाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपियाँ जरिबाना।

(च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,

(छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद,

(ज) मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराका हकमा देहायबमोजिम हुनेछ:

(क) किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिइ वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे वापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए वापत छुट्टाछुट्टै सजाय,

(ख) किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचेवापत र त्यस्तो कसुर गरे वापत छुट्टाछुट्टै सजाय,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम छुटाइ लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाइ लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगे वापत छुट्टाछुट्टै सजाय।

(३) दफा ३ बमोजिमको कसुर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसुर गरेवापत हुने सजायको अतिरिक्त सो सजायको पच्चीस प्रतिशत थप सजाय हुनेछ।

(४) कसैले दफा ३ बमोजिमको कसुर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनको हाडनाता करणीको महलबमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त सो सजायको दश प्रतिशत थप सजाय हुनेछ।

(५) कसैले दफा ३ बमोजिमको कसुर पुन: गरेमा प्रत्येक पटक कसुर गरे वापत सो कसुर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुनेछ।

(६) दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ।

१६. सजाय नहुने:

आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा लगेको वा किनेको वा बेचेका वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नुपर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्कन, भाग्न मद्दत माग्दा मद्दत प्राप्त नभएको र उम्कन भाग्न खोज्दा कसैले बाधा विरोध गरेमा वा रोकेमा वा पक्रेमा वा जोरजुलुम गरेमा बल प्रयोग नगरी त्यस्तो बाधा विरोध वा जोरजुलुमबाट वा पक्राउबाट भाग्न उम्कन सकिंदैन भन्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने वा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा निजलाई

कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएका भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन।

१७. क्षतिपूर्तिः

(१) अदालतले कसुरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बुवाआमालाई दिइनेछ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बुवाआमा नभएमा त्यस्तो रकम दफा १४ बमोजिमको पुनर्स्थापन कोषमा जम्मा गर्नु पर्नेछ।

परिच्छेद-५

विविध

१८. सम्पत्ति जफत हुनेः

(१) कसैले यस ऐनअन्तर्गतको कसुरबाट कुनै चल-अचल सम्पत्ति प्राप्त गरेको रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुनेछ।

(२) कसैले यस ऐनअन्तर्गतको कसुर मानिने कार्य गर्न वा गराउनको लागि आफ्नो घर, जग्गा वा सवारी साधन जानी-जानी प्रयोग गरेको वा प्रयोग गर्न दिएको प्रमाणित भएमा त्यस्तो घर, जग्गा वा सवारी साधन जफत हुनेछ।

१९. पुरस्कारः

(१) यस ऐनअन्तर्गत कसुर मानिने कुनै कार्य गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना कसैले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई दफा १५ बमोजिम भएको जरिबानाको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरूप दफा १४ बमोजिमको पुनर्स्थापन कोषबाट प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्ति एक जनाभन्दा बढी भएमा निजहरूलाई त्यस्तो रकम दामासाहीको दरले दिइनेछ।

२०. सुराकीको विवरण गोप्य राख्नुपर्नेः

दफा १९ को उपदफा (१) बमोजिम सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्नेछ।

२१. सजायको माग दाबीमा छुटः

(१) यस ऐनबमोजिमको कसुर गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसुर स्वीकार गरी सो कसुरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा

त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुऱ्याएको र निजले पहिलो पटक कसुर गरेको रहेछ भने त्यस्तो कसुरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा पच्चीस प्रतिशतसम्म सजाय छुट दिन सक्नेछ। तर, निजले गरेको सहयोग अन्य सबुद प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकिललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा यस दफाबमोजिम सजायको माग दाबीमा छुट दिन सकिने छैनः

(क) मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन,

(ख) बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा,

(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेका।

२२. दाबी गर्न सक्नेः

यस ऐन बमोजिमको कसुरमा अदालतमा मुद्दा दर्ता गर्दाका बखत सम्बन्धित सरकारी वकिलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसुर गरेको हो भनी दाबी लिन सक्नेछ।

२३. समिति गठन गर्न सक्नेः

(१) यस ऐनबमोजिमको कसुर नियन्त्रण गर्ने तथा पीडितलाई पुनर्स्थापना गर्नेसम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वयसमेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यकताअनुसार जिल्ला समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२४. बाधा विरोध गर्नेलाई सजाय हुनेः

कसैले यस ऐनअन्तर्गतको कसुरको अनुसन्धान तथा तहकिकातसम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई दश हजार रुपियाँसम्म जरिबाना हुनेछ।

२५. प्रचार प्रसार गर्न नहुनेः

(१) कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिम नाम, तस्वीर, विवरण छाप्ने वा प्रचार-प्रसार गर्ने व्यक्तिलाई दश हजार रुपियाँदेखि पच्चीस हजार रुपियाँसम्म जरिबाना हुनेछ।

२६. सुरक्षाको व्यवस्थाः

दफा ५ बमोजिम उजुर गर्ने ब्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रूपमा गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न

सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहायबमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछः

(क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने,

(ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने,

(ग) केन्द्रमा राख्ने।

२७. बन्द इजलासमा कारबाही हुनेः

(१) यस ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन्।

२८. सरकार वादी हुनेः

यस ऐनअन्तर्गतको मुद्दा सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनसूची-१ मा समावेश भएको मानिनेछ।

२९. नियम बनाउने अधिकारः

यो ऐनका उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

३०. खारेजी र बचाउः

(१) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको ऐन अन्तर्गत भए गरेका काम कारबाहीहरू यसै ऐनबमोजिम भए गरेका मानिनेछन्।

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

नेपाल राजपत्रमा प्रकाशित मिति २०५७।३।७

२०५७ सालका ऐन नं. १

बालश्रम (निषेध र नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना

बालकलाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्न तथा बालकलाई अन्य काममा लगाउँदा उनीहरूको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको उनन्तीसौँ वर्षमा संसद्ले यो ऐन बनाएको छ।

परिच्छेद–१

प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६" रहेको छ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बालक" भन्नाले सोह्र वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनुपर्छ।

(ख) "प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुनबमोजिम स्थापित कुनै कलकारखाना, सङ्गठन, संस्था, फर्म, कम्पनी वा तिनीहरूको समूह सम्झनुपर्छ।

(ग) "व्यवस्थापक" भन्नाले कुनै प्रतिष्ठानको क्रियाकलापमा अन्तिम निर्णय लिने व्यक्ति सम्झनुपर्छ र सो शब्दले अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी प्रतिष्ठानको कुनै भाग वा इकाइको प्रमुख पदमा नियुक्त भएको व्यक्तिसमेतलाई जनाउँछ।

(घ) "दिन" भन्नाले मध्यरातबाट शुरु हुने चौबीस घण्टाको अवधि सम्झनुपर्छ।

(ङ) "सप्ताह" भन्नाले शनिबारको मध्यरात वा श्रम विभागले तोकेको अरु कुनै दिनको मध्यरातदेखि शुरु हुने सात दिनको अवधि सम्झनुपर्छ।

(च) "चिकित्सक" भन्नाले श्रम विभागले तोकिदिएको चिकित्सक सम्झनुपर्छ।

(छ) "योग्यताको प्रमाणपत्र" भन्नाले दफा ७ का उपदफा (४) बमोजिम दिइएको प्रमाणपत्र सम्झनुपर्छ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

परिच्छेद-२

बालकलाई काममा लगाउन निषेध

३. बालकलाई काममा लगाउन नहुने

(१) कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउन हुँदैन।

(२) कसैले बालकलाई अनुसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुँदैन।

४. बालकलाई इच्छा विरुद्ध काममा लगाउन नहुने

कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रूपमा काममा लगाउन हुँदैन।

परिच्छेद-३

बालकलाई काममा लगाउनेसम्बन्धी व्यवस्था

५. सूचना दिनुपर्ने:

(१) यो ऐन प्रारम्भ हुँदाका बखत अनसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गरिरहेका व्यवस्थापकले यो ऐन प्रारम्भ भएको मितिले तीन दिनभित्र श्रम कार्यालयलाई देहायका विवरणहरू खुलाई लिखित सूचना दिनुपर्नेछ:

(क) प्रतिष्ठानको नाम र ठेगाना

(ख) व्यवस्थापकको नाम र ठेगाना

(ग) प्रतिष्ठानद्वारा सञ्चालित व्यवसाय वा कार्यको प्रकृति र

(घ) तोकिएबमोजिमका अन्य विवरणहरू।

(२) यो ऐन प्रारम्भ भएपछि अनुसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गर्ने व्यवस्थापकले त्यस्तो व्यवसाय वा कार्य सञ्चालन गरेको मितिले पन्ध्र दिनभित्र श्रम कार्यालयलाई उपदफा (१) बमोजिम सूचना दिनुपर्नेछ।

६. स्वीकृति लिनुपर्ने

(१) कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेका अन्य कुनै निकाय वा अधिकारी र बालकको बुवा, आमा वा संरक्षकको स्वीकृति लिनु पर्नेछ।

तर, नेपाल सरकारबाट स्वीकृति प्राप्त शिक्षणसंस्था वा बालकको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानुनबमोजिम स्थापित संस्थाद्वारा बालकको बृहतहितको निमित्त

आयोजना गरिने काममा वा सांस्कृतिक कार्यक्रममा लगाउन यस दफाबमोजिम स्वीकृति लिनुपर्ने छैन।

(२) उपदफा (१) बमोजिम बालकलाई काममा लगाउने स्वीकृति दिँदा श्रम कार्यालयले सम्बन्धित प्रतिष्ठानलाई बालकको सीप र योग्यताको विकास गर्ने तथा शिक्षा प्रदान गर्ने उद्देश्यले उपयुक्त सर्तहरू लगाउन सक्नेछ र प्रतिष्ठानले यसको पालना गर्नु पर्नेछ।

७. योग्यताका प्रमाणपत्र लिनुपर्ने

(१) प्रतिष्ठानले बालकलाई श्रमिकको रूपमा काममा लगाउनु अघि त्यस्तो बालकले श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनु पर्नेछ।

(२) प्रतिष्ठानले उपदफा (१) बमोजिम योग्यताका प्रमाणपत्र लिन त्यस्तो बालकले गर्नुपर्ने कामको प्रकृति र उमेरसमेत उल्लेख गरी श्रम कार्यालयमा निवेदन दिन पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि श्रम कार्यालयले चिकित्सकद्वारा त्यस्तो बालकको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम चिकित्सकद्वारा बालकको स्वास्थ्य परीक्षण गराउँदा त्यस्तो बालक काम गर्न योग्य देखिएमा चिकित्सकले तोकिएको ढाँचामा योग्यताको प्रमाणपत्र दिनेछ।

(५) उपदफा (४) बमाजिम दिइएको योग्यताको प्रमाणपत्र एक वर्ष बहाल रहनेछ।

(६) उपदफा (५) बमोजिम दिइएको योग्यताको प्रमाणपत्र सम्बन्धित प्रतिष्ठानले चिकित्सकद्वारा नवीकरण गराउनु पर्नेछ।

(७) योग्यताको प्रमाणपत्र लिँदा र नवीकरण गर्दा लाग्ने दस्तुर सम्बन्धित प्रतिष्ठानले नै व्यहोर्नुपर्नेछ।

(८) यो ऐन प्रारम्भ हुँदाका बखत चौध वर्ष उमेर पूरा भएका बालकलाई काममा लगाएको प्रतिष्ठानले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र योग्यताको प्रमाणपत्र लिई सक्नुपर्नेछ।

८. विवरण दिनुपर्नेः

(१) यो ऐन प्रारम्भ भएपछि बालकलाई काममा लगाउने प्रतिष्ठानले काममा लगाएको मितिले पन्ध दिनभित्र त्यस्तो बालकको फोटोसहित देहायका कुराहरू खुलाइएको विवरण श्रम कार्यालयमा पेश गर्नुपर्नेछः

(क) प्रतिष्ठानको नाम र ठेगाना

(ख) व्यवस्थापकको नाम र ठेगाना

(ग) प्रतिष्ठान सञ्चालन भएको मिति

(घ) प्रतिष्ठानद्वारा सञ्चालित व्यवसाय वा कार्य

(ङ) बालकको नाम, ठेगाना र उमेर

(च) बालकको बुवा, आमा वा संरक्षकको नाम र ठेगाना

(छ) बालकलाई काममा लगाइएको मिति

(ज) बालकले गर्नुपर्ने कामको प्रकृति

(झ) बालकले पाउने पारिश्रमिकको रकम तथा अन्य सुविधाहरू

(ञ) बालकको योग्यताको प्रमाणपत्र र

(ट) तोकिएबमोजिमका अन्य विवरणहरू

(२) यो ऐन प्रारम्भ हुँदाका बखत चौध वर्ष उमेर पूरा गरेको बालकलाई काममा लगाई राखेको प्रतिष्ठानले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र उपदफा (१) बमोजिमको विवरण श्रम कार्यालयमा पेश गर्नुपर्नेछ।

९. काममा लगाउने समयः

(१) बालकलाई बेलुका छ बजेपछि बिहान छ बजेसम्मको अवधिभर काममा लगाउनुहुँदैन।

(२) बालकलाई काममा लगाउदाँ दिनमा छ घण्टा र एक सप्ताहमा छत्तीस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउन हुँदैन।

(३) बालकलाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको बिदा दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहका एक दिनको बिदा काम गरेको अवधि मानिनेछ।

(५) एकै दिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालकलाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउनु हुँदैन।

१०. पारिश्रमिक र सुविधाः

(१) प्रतिष्ठानले श्रमिकको रूपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्नेछ

(२) प्रतिष्ठानमा काम गर्ने बालकले पाउने पारिश्रमिक, भत्ता, बिदा र अन्य सुविधा तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको पारिश्रमिक र सुविधाभन्दा कम पारिश्रमिक र सुविधा दिने गरी व्यवस्थापकले बालकलाई प्रतिष्ठानमा काममा लगाउनु हुँदैन।

११. बालकको स्वास्थ्य र सुरक्षासम्बन्धी व्यवस्था

प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य र सुरक्षाका सम्बन्धमा व्यवस्थापकले अपनाउनुपर्ने व्यवस्था तोकिएबमोजिम हुनेछ।

१२. उमेरसम्बन्धी विवादः

(१) प्रतिष्ठानमा काम गर्ने कुनै बालकको उमेरसम्बन्धी विवाद परेमा त्यस्तो बालकको जन्म दर्ता प्रमाणपत्र उल्लिखित जन्म मितिअनुसारको उमेर नै निजको वास्तविक उमेर मानिनेछ।

(२) कुनै बालकको जन्म दर्ता प्रमाणपत्र नभएमा चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गराई निश्चित गरिएको उमेर नै निजको वास्तविक उमेर मानिनेछ।

१३. दर्ता किताब राख्नुपर्ने

(१) प्रतिष्ठानमा काममा लगाउने बालकको सम्बन्धमा व्यवस्थापकले देहायका कुराहरू खुलाई एउटा दर्ता किताब राख्नु पर्नेछः।

(क) बालकको नाम र ठेगाना

(ख) बुवा, आमा वा संरक्षकको नाम र ठेगाना

(ग) जन्म मिति वा उमेर
(घ) काममा लगाएको मिति
(ङ) कामको प्रकृति
(च) काम गर्नुपर्ने समय
(छ) आराम गर्ने समय,
(ज) पारिश्रमिक तथा अन्य सुविधाहरू र
(झ) तोकिएबमोजिमका अन्य कुराहरू

(२) उपदफा (१) बमोजिमको दर्ता किताब श्रम कार्यालयबाट खटी आएको कर्मचारीले मागेको बखत प्रतिष्ठानले हेर्न दिनुपर्नेछ।

१४. सूचना टाँस्नुपर्ने

व्यवस्थापकले बालकलाई लगाउन नहुने काम, बालकले पाउने पारिश्रमिक, सुविधा तथा साप्ताहिक बिदाको दिन र बालकलाई यस ऐनविपरीत काममा लगाएमा हुने सजायसम्बन्धी कुराहरू प्रतिष्ठानका सूचना पाटीमा अनिवार्यरूपमा टाँस्नु पर्नेछ।

परिच्छेद-४

निरी क्षणसम्बन्धी व्यवस्था

१५. निरीक्षण तथा कारबाहीः

(१) श्रम कार्यालयले समय-समयमा कुनै कर्मचारीलाई बालकलाई काममा लगाउने प्रतिष्ठानको निरीक्षण गर्न खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएका कर्मचारीलाई व्यवस्थापकले जुनसुकै समयमा प्रतिष्ठानमा प्रवेश गर्न र आवश्यक निरीक्षण गर्न दिनु पर्नेछ। यसरी निरीक्षण गर्न खटिएको कर्मचारीले हेर्न र बुझ्न चाहेको कुरा व्यवस्थापकले उपलब्ध गराउनु पर्नेछ।

१६. कामबाट हटाउन

(१) दफा १५ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्दा दफा ३ वा ४ विपरीत बालकलाई कुनै प्रतिष्ठानमा काममा लगाइएको पाइएमा निरीक्षण गर्ने कर्मचारीले यथाशीघ्र त्यस्ता बालकलाई निजको बुवा, आमा वा संरक्षकको जिम्मा लगाउने र बालकलाई कामबाट हटाउन व्यवस्थापकलाई आदेश दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बालकको बुवा, आमा वा संरक्षक नभएमा वा पत्ता नलागेमा त्यस्तो बालकलाई व्यवस्थापकले कुनै बाल कल्याण गृह वा बालकलाई हेरचाह गर्ने कुनै संस्थामा राखिदिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बालकलाई निजको बुवा, आमा वा संरक्षकको जिम्मा लगाउँदा लाग्ने खर्च वा बाल कल्याण गृह वा बालकलाई हेरचाह गर्ने संस्थामा राख्दा त्यस्तो बाल कल्याण गृह वा संस्थाको नियमानुसार लाग्ने खर्च प्रतिष्ठानले व्यहोर्नु पर्नेछ।

१७. निरीक्षण प्रतिवेदन

(१) दफा १५ बमोजिम निरीक्षण गर्ने कर्मचारीले कुनै प्रतिष्ठानमा यस ऐनविपरीत बालकलाई काममा लगाइएको वा काममा लगाइएका बालकको स्वास्थ्य र सुरक्षाका लागि गर्नुपर्ने व्यवस्थालगायत यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्नुपर्ने अन्य सबै व्यवस्थाहरू गरेको छ वा छैन यर्थाथ विवरण खुलाई निरीक्षण समाप्त भएको मितिले पन्ध्र दिनभित्र श्रम कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। यसरी खटिएको कर्मचारीले यस दफाबमोजिमको आदेशअनुरूपको कार्य गरे नगरेका तथा दिइएको प्रतिवेदन यथार्थ भए नभएको सम्बन्धमा श्रम कार्यालयले तोकिएबमोजिम जाँच गर्न सक्नेछ र अन्यथा देखिएमा कानुनबमोजिम कारबाही हुनेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदनअनुसार कुनै प्रतिष्ठानमा यो ऐन र यस ऐनअन्तर्गत बनेका नियमबमोजिम गर्नुपर्ने कुनै व्यवस्था नगरेको पाइएमा श्रम कार्यालयले यथाशीघ्र त्यस्तो व्यवस्था गर्न मनासिब म्याद तोकी व्यवस्थापकलाई आदेश दिनेछ।

(३) उपदफा (२) बमोजिम श्रम कार्यालयले दिएको म्यादिभित्र व्यवस्थापकले आदेशबमोजिमको व्यवस्था मिलाउनु पर्नेछ।

१८. सुविधा रोक्का राख्ने

(१) दफा १७ बमोजिम श्रम कायालयले दिएको आदेशबमोजिम सम्बन्धित प्रतिष्ठानले आवश्यक व्यवस्था नगरेमा श्रम कार्यालयले त्यस्तो प्रतिष्ठानलाई प्रचलित कानुनबमोजिम दिइने सुविधा तोकिएको अवधिसम्मको लागि रोक्का गर्न सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ।

(२) कुनै प्रतिष्ठानको सम्बन्धमा श्रम कार्यालयबाट उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो प्रतिष्ठानले पाउने सुविधा रोक्का गरी त्यसको जानकारी श्रम कार्यालयलाई दिनु पर्नेछ।

परिच्छेद-५

दण्ड सजाय र पुनरावेदनसम्बन्धी व्यवस्था

१९. दण्ड सजाय

(१) कसैले दफा ३ को उपदफा (१) विपरीत काम गरेमा निजलाई तीन महीनासम्म कैद वा दश हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(२) कसैले दफा ३ को उपदफा (२) र दफा ४ विपरीत काम गरेमा निजलाई एक वर्षसम्म कैद वा पचास हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(३) कुनै व्यवस्थापकले दफा ६, ७, ९, १० वा ११ विपरीत कुनै काम गरेमा निजलाई दुई महीनासम्म कैद वा पाँचहजार रुपियाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(४) कुनै व्यवस्थापकले दफा ५, १३ वा १४ विपरीत कुनै काम गरेमा निजलाई एक महिनासम्म कैद वा तीन हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(५) कसैले उपदफा (१), (२), (३) र (४) मा लेखिएदेखि बाहेक यो ऐन र यस ऐनअन्तर्गत बनेको

नियमविपरीत अन्य कुनै काम गरेमा निजलाई पन्ध्र दिनसम्म कैद वा एक हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(६) कसैले उपदफा (१), (२), (३), (४) वा (५) बमोजिम एक पटक सजाय पाइसकेपछि पुन: सोही काम गरेमा निजलाई पटकैपिच्छे सोही उपदफाहरूमा उल्लिखित सजायको दोब्बर सजाय हुनेछ।

२०. उजुरी र हदम्याद

(१) यस ऐनअन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा देहायबमोजिमको व्यक्ति वा संस्थाले सम्बन्धित श्रम कार्यालयमा उजुरी दिन सक्नेछ:।

(क) दफा १५ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्ने कर्मचारी

(ख) सम्बन्धित इलाकाको प्रहरी

(ग) सम्बन्धित बालक वा निजको बुवा, आमा वा संरक्षक

(घ) सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका

(ङ) प्रतिष्ठानस्तरको ट्रेड युनियन, वा

(च) बालकको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानुनबमोजिम स्थापित निकाय वा गैरसरकारी संस्था

(२) यस ऐनअन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा सो कार्य भए गरेको मितिले एक वर्षभित्र उजुरी दिनुपर्नेछ।

२१. सजाय गर्ने अधिकार

(१) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको उल्लङ्घन गर्ने व्यक्तिलाई दफा १९ बमोजिम सजाय गर्ने अधिकार श्रम कार्यालयलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम सजाय गर्दा श्रम कार्यालयले कैदको सजाय गर्नु परेमा श्रम अदालतमा जाहेर गरी सो अदालतबाट निकासा भएबमोजिम गर्नुपर्नेछ।

२२. पुनरावेदन

दफा २१ बमोजिम श्रम कार्यालयले गरेको सजायउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतिस दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ। तर कैदको सजाय तोकिएकोमा सो उपर पुनरावेदन अदालतमा पुनरावेदन गर्नुपर्नेछ।

परिच्छेद–६
विविध

२३. बालश्रम निवारण समिति

(१) नेपाल सरकारले प्रतिष्ठानमा कार्य गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यावसायिक र तालिमको व्यवस्था गर्न, बालकलाई उपयुक्त रोजगारीका व्यवस्था गर्न, बालकलाई काममा लगाउन निरुत्साहित तुल्याउन र बालश्रम निवारण गर्ने सम्बन्धमा आवश्यक राय सुझाव प्राप्त गर्नको लागि बालश्रम निवारण समिति गठन गरिनेछ।

(२) यस्तो समितिमा तोकिएबमोजिम बालश्रमको क्षेत्रमा कार्यरत सरकारी र गैरसरकारी संस्था तथा विशेषज्ञको समुचित प्रतिनिधित्वको व्यवस्था गरिनेछ।

(३) बालश्रम निवारण समितिको गठन विधि, काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिएबमोजिम हुनेछ।

२४. बालश्रम निवारण कोष

(१) नेपाल सरकारले प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यावसायिक र तालिमका व्यवस्था गर्न, बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालकलाई काममा लगाउन निरुत्साहित तुल्याउन र बालश्रम निवारण गर्ने सम्बन्धमा बालश्रम निवारण कोषका नामले एउटा कोष स्थापना गरिनेछ।

(२) बालश्रम निवारण कोषमा देहायबमोजिमको रकम जम्मा गरिनेछः

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूबाट प्राप्त चन्दा, शुल्क, अनुदान तथा सहयोगको रकम

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) बालश्रम निवारण कोषमा जम्मा हुने रकम र कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।

२५. निर्देशन दिन सक्ने

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले व्यवस्थापक, ट्रेड युनियन तथा बाल कल्याण गृह र बालकको हेरचाह गर्ने संस्थालाई बालकको हक र हितको सुरक्षाको लागि आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२६. अनुसूचीमा संशोधन

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनूसचीमा अन्य जोखिमपूर्ण कार्यहरू थप गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनसूचीमा कुनै जोखिमपूर्ण कार्य थप गर्दा नेपाल सरकारले आवश्यक देखेमा बालश्रम निवारण समितिको राय लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएको मितिले तीस दिनपछि अनुसूचीमा संशोधन भएको मानिनेछ।

२७. नियम बनाउन अधिकारः

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२८. खारेजी र संशोधनः

(१) श्रम ऐन, २०४८ को

(क) दफा २ का खण्ड (ज) झिकिएको छ।

(ख) दफा २ का खण्ड (झ) मा रहेका "चौध वर्षको" भन्ने शब्दहरूको सट्टा "सोह्र वर्षको" भन्ने शब्दहरू राखिएका छन्।

(ग) दफा ५ का उपदफा (१) झिकिएको छ।

(घ) दफा ३२ पछि देहायका दफा ३२ (क) र ३२(ख) थपिएका छन्

३२ (क) पर्याप्त निर्देशन वा व्यावसायिक तालिम नदिई नाबालिगलाई काममा लगाउन नहुने:

(१) सम्बन्धित कायक्षेत्रका विषयमा पर्याप्त निर्देशन वा व्यावसायिक तालिम नदिई नाबालिगलाई काममा लगाउन हुँदैन।

(२) नाबालिगलाई काममा लगाउँदा उपदफा (१) बमोजिम सम्बन्धित कायक्षेत्रका विषयमा दिनुपर्ने पर्याप्त निर्देशन वा व्यावसायिक तालिमसम्बन्धी व्यवस्थाहरू तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) विपरीत नाबालिगलाई काममा लगाउने व्यवस्थापकलाई तीन महिनासम्म कैद वा दश हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

३२ (ख) उमेरसम्बन्धी विवाद:

(१) प्रतिष्ठानमा काम गर्ने कुनै नाबालिगको उमेरसम्बन्धी विवाद परेमा त्यस्तो नाबालिगको जन्म दर्ता प्रमाणपत्रमा उल्लिखित जन्म मितिअनुसारको उमेर नै निजको वास्तविक उमेर मानिनेछ।

(२) कुनै नाबालिगको जन्म दर्ता प्रमाणपत्र नभएमा श्रम विभागले तोकेको चिकित्सकद्वारा त्यस्तो नाबालिगको स्वास्थ्य परीक्षण गराई निश्चित गरिएको उमेर नै निजको वास्तविक उमेर मानिनेछ।

(२) बालबालिकासम्बन्धी ऐन, २०४८ को

(क) दफा १७ र १८ खारेज गरिएका छन्।

(ख) परिच्छेद-५ खारेज गरिएको छ।

(ग) दफा ५३ को उपदफा (१) र (६) मा रहेका "१७ वा १८", भन्ने शब्दहरू झिकिएका छन्।

(घ) दफा ५३ का उपदफा (१०) झिकिएको छ।

बालबालिकासम्बन्धी नियमावली, २०५१

(नेपाल राजपुत्रमा प्रकाशित भएका मिति २०५४ माघ २ गते)

बालबालिकासम्बन्धी ऐन, २०४८ का दफा ५८ ले दिएका अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद–१

प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः**

१) यी नियमहरूका नाम "बालबालिकासम्बन्धी नियमावली, २०५१" रहेको छ।

२) या नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्का अर्थ नलागेमा यस नियमावलीमाः

क) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०४८ सम्झनुपर्छ।

ख) "व्यवस्थापन समिति" भन्नाले बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रका सञ्चालनका निमित्त नियम १५ बमोजिम गठित व्यवस्थापन समिति सम्झनुपर्छ।

ग) "प्रशासक" भन्नाले बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रका प्रमुखका रूपमा काम गर्न व्यक्ति सम्झनुपर्छ।

घ) "मन्त्रालय" भन्नाले श्री ५ का सरकार शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय सम्झनुपर्छ।

परिच्छेद–२

केन्द्रीय बाल कल्याण समितिसम्बन्धी व्यवस्था

३. **केन्द्रीय बाल कल्याण समितिका काम, कर्तव्य र अधिकारः**

ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त केन्द्रीय बाल कल्याण समितिका अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) श्री ५ का सरकारबाट गठित बाल कल्याणसम्बन्धी निकायले दिएका मार्गदर्शनका आधारमा समेत बालकहरूका हक हितका संरक्षण तथा शारीरिक र मानसिक विकाससम्बन्धी दीर्घकालीन राष्ट्रिय नीति र योजना तर्जुमा गरी श्री ५ को सरकारसमक्ष पेश गर्न र श्री ५ को सरकारबाट स्वीकृत

नीति र योजना सम्बन्धित मन्त्रालय वा निकायमार्फत कार्यान्वयन गर्न गराउने।

(ख) स्वीकृत राष्ट्रिय नीति र योजनाअनुरूप वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरी कार्यान्वयन गर्न/गराउने।

(ग) बाल हितसम्बन्धी योजना तथा कार्यक्रमका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्न।

(घ) जिल्ला बाल कल्याण समिति तथा व्यवस्थापन समितिहरूलाई मार्गदर्शन गर्ने।

(ङ) जिल्ला बाल कल्याण समितिहरूका वार्षिक कार्यक्रमका प्रगति समीक्षा एवम् मूल्याङ्कन गर्ने।

(च) नेपाल अधिराज्यभित्र सञ्चालित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय र सुस्त मनस्थिति केन्द्र तथा त्यस्तै अन्य गृह वा केन्द्रहरूका क्षमता र सुविधा आदिका तथ्याङ्क सङ्कलन गरी गराई अभिलेख राख्ने।

(छ) आवश्यकताअनुसार जिल्ला बाल कल्याण समितिका सिफारिशसमेत लिई विभिन्न जिल्लामा बाल कल्याण गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्र स्थापना गर्न कुन व्यक्ति वा संस्थालाई प्रोत्साहन र सहयोग प्रदान गर्ने।

(ज) प्रत्येक जिल्लामा कारागारमा रहेका, बेवारिसे अवस्थामा रहेका वा श्रमिकका रूपमा कार्यरत बालक तथा अपाङ्ग र सुस्त मनस्थिति भएका बालकहरूका छुट्टाछुट्टै तथ्याङ्क सङ्कलन गरी प्रत्येक जिल्ला बाल कल्याण समितिमा त्यसको अभिलेख राख्न लगाउने र राष्ट्रिय अभिलेख तयार गरी राख्ने।

(झ) बाल मजदुर र बाल विवाह तथा देवी देवताका नाउँमा बालक चढाउने प्रथाको अन्त्य गर्ने आवश्यक उपायहरू पहिल्याउने र ती उपायहरू अवलम्बन गर्ने तर्फसम्बद्ध सरकारी एवम् गैरसरकारी सङ्घसंस्थाहरूलाई प्रोत्साहन तथा सहयोग गर्ने।

(ञ) प्रचलित कानुनका अधीनमा रही राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता जुटाई बालकहरूका संरक्षण तथा विकासका लागि बाल कल्याणकारी कार्य सञ्चालन गर्ने गराउने र त्यस्ता कार्य सञ्चालन गर्ने गराउने श्री ५ को सरकारको स्वीकृति लिई विदेशी सरकार एवम् अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूलाई प्रोत्साहन तथा सहयोग गर्ने।

(ट) श्री ५ का सरकारद्वारा अनुमोदित बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, बालकका हक हित एवम् अधिकार संरक्षणसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय महासन्धि वा घोषणापत्र तथा बालकका हक हितसम्बन्धी प्रचलित कानुनका प्रावधानहरूको प्रचार-प्रसार गर्न र त्यस्ता कार्यमा संलग्न सामाजिक कार्यकर्ता तथा सङ्घसंस्थाहरूलाई सहयोग गर्ने।

(ठ) बालकको हक हितको संरक्षण तथा शारीरिक र मानसिक विकासका निमित्त आवश्यक देखिएका अन्य काम गर्ने।

४. उप–समिति वा कार्य टोली गठन गर्ने सक्ने:

१) केन्द्रीय बाल कल्याण समितिले आफूले गर्नुपर्ने कुन काम सुचारु रूपले गर्नका निमित्त सम्बन्धित विशेषज्ञ तथा सामाजिक कार्यकर्ताहरू समोवश गरी आवश्यकतानुसार उप-समिति वा कार्यटोली गठन गर्न सक्नेछ।

२) उप-नियम (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीका काम कर्तव्य र अधिकार तथा कार्यविधि केन्द्रीय बाल कल्याण समितिले तोकिदिएबमोजिम हुनेछ।

५. बैठकसम्बन्धी कार्यविधिः

१) केन्द्रीय बाल कल्याण समितिका बैठक आवश्यकतानुसार केन्द्रीय बाल कल्याण समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

२) केन्द्रीय बाल कल्याण समितिको कूल सदस्य सङ्ख्याका पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा केन्द्रीय बाल कल्याण समितिको बैठकका लागि गणपरक सङ्ख्या पुगेको मानिनेछ।

३) केन्द्रीय बाल कल्याण समितिको बैठकको अध्यक्षता केन्द्रीय बाल कल्याण समितिका अध्यक्षले गर्नेछन् र निजका अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४) केन्द्रीय बाल कल्याण समितिको बैठकमा बहुमतका राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

५) केन्द्रीय बाल कल्याण समितिको बैठकसम्बन्धी अन्य कार्यविधि केन्द्रीय बाल कल्याण समिति आफूले निर्धारण गरेबमोजिम हुनेछ।

६. कार्यकारी निर्देशकः

१) केन्द्रीय बाल कल्याण समितिको प्रशासकीय प्रमुखका रूपमा काम गर्न एक कार्यकारी निर्देशक रहनेछ।

२) बालकका हक हितका संरक्षण तथा बाल कल्याणकारी कार्यमा अनुभव प्राप्त व्यक्तिलाई श्री ५ को सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न वा तोक्न सक्नेछ।

३) कार्यकारी निर्देशकका पदावधि पाँच वर्षको हुनेछ र केन्द्रीय बाल कल्याण समितिको सिफारिसमा श्री ५ को सरकारले निजको पदावधि बढीमा तीन वर्षको लागि थप गर्न सक्नेछ।

४) कार्यकारी निर्देशकले केन्द्रीय बाल कल्याण समितिको सचिव भई काम गर्नेछ।

५) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य सर्तहरू श्री ५ को सरकारले तोकिदिएबमोजिम हुनेछ।

७. कार्यकारी निर्देशकका काम, कर्तव्य र अधिकारः

कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बालकको हक हितको संरक्षण तथा शारीरिक र मानसिक विकाससम्बन्धी दीर्घकालीन राष्ट्रिय नीति र योजना तर्जुमा गर्न केन्द्रीय बाल कल्याण समितिलाई सहयोग गर्ने।

(ख) श्री ५ को सरकारबाट स्वीकृत नीति र योजनाअनुरूप वार्षिक कार्यक्रम र बजेट तयार गरी केन्द्रीय बाल कल्याण समितिको बैठकमा पेश गर्ने।

(ग) केन्द्रीय बाल कल्याण समितिको निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने गराउने।

(घ) केन्द्रीय बाल कल्याण समितिको वार्षिक कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने गराउर्ने र प्रगति विवरणहरू केन्द्रीय बाल कल्याण समितिको बैठकमा पेश गर्ने।

(ङ) केन्द्रीय बाल कल्याण समितिको कार्य सञ्चालनको निमित्त आवश्यक स्रोत खोजी गर्ने र प्राप्त स्रोतहरूको परिचालन गर्ने।

(च) केन्द्रीय बाल कल्याण समितिको वित्तीय कारोबारको लेखा ठिकसँग राख्न लगाउने।

(छ) केन्द्रीय बाल कल्याण समितिबाट प्रत्यायोजित एवम् निर्देशित अन्य काम गर्ने गराउने।

८. वार्षिक प्रतिवेदन प्रकाशित गर्न सक्ने:

केन्द्रीय बाल कल्याण समितिले ऐनको दफा ३२ का उपदफा (५) बमोजिम श्री ५ को सरकारसमक्ष पेश गरेको वार्षिक प्रतिवेदन श्री ५ को सरकारको स्वीकृति लिई सार्वजनिकरूपमा प्रकाशित गर्न सक्नेछ।

परिच्छेद- ३

जिल्ला बाल कल्याण समितिसम्बन्धी व्यवस्था

९. जिल्ला बाल कल्याण समितिको काम, कर्तव्य र अधिकार:

ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त जिल्ला बाल कल्याण समितिको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) बालकहरूको हक हितका संरक्षण तथा शारीरिक र मानसिक विकाससम्बन्धी जिल्लास्तरीय दीघकालिन नीति र योजना तर्जुमा गरी केन्द्रीय बाल कल्याण समितिमा पठाउने।

(ख) स्वीकृत नीति र योजनाअनुरूप वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरी बनाई कार्य सञ्चालन गर्ने, गराउने।

(ग) वार्षिक कार्यक्रम सञ्चालन गर्नको निमित्त आवश्यक स्थानीय स्रोतको खोजी गर्ने र प्राप्त स्रोतको परिचालन गर्ने।

(घ) जिल्लामा कारागारमा रहेका, बेवारिस अवस्थामा रहेको वा श्रमिकको रूपमा कार्यरत बालक तथा अपाङ्ग र सुस्त मनस्थिति भएको बालकको तथ्याङ्क सङ्कलन गरी त्यसको अद्यावधिक अभिलेख राख्ने र त्यसको एकप्रति केन्द्रीय बाल कल्याण समितिमा पठाउने।

(ङ) जिल्लामा रहेको बाल मजदुर र बाल विवाह तथा देवीदेवताका नाउँमा चढाइएका बालक भए सोसम्बन्धी तथ्याङ्क सङ्कलन गरी त्यसका अद्यावधिक अभिलेख राख्ने र त्यसको एकप्रति केन्द्रीय बाल कल्याण समितिमा पठाउने।

(च) खण्ड (ङ) मा उल्लिखित कुप्रथा हटाउने जिल्लास्तरमा सामाजिक कार्यकर्ता तथा प्रतिष्ठित व्यक्तिहरूको सम्मेलन गराई सुझाव सङ्कलन गरी त्यस्ता कुप्रथा हटाउने कार्यमा सामाजिक कार्यकर्ता तथा गैरसरकारी सङ्घसंस्थाहरूलाई प्रोत्साहन तथा सहयोग गर्ने।

(छ) जिल्लाभित्र सञ्चालित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्र वा त्यस्त अन्य गृह वा केन्द्र भए त्यसका क्षमता सुविधा आदिको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक अभिलेख राख्ने र त्यसको एकप्रति केन्द्रीय बाल कल्याण समितिमा पठाउने।

(ज) जनसहभागिताबाट वा सरकारी एवम् गैरसरकारी संस्थाहरूको सहभागिता जुटाई जिल्लाका विभिन्न भागमा बालकको हक हितको संरक्षण तथा शारीरिक र मानसिक विकाससम्बन्धी बालकल्याणकारी

कार्य सञ्चालन गर्ने र त्यस्ता कार्य गर्न सामाजिक कार्यकर्ता तथा सरकारी एवम् गैरसरकारी सङ्घसंस्थाहरूलाई सहयोग गर्ने।

(झ) जिल्लाभित्र सञ्चालित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको निरीक्षण गर्ने गराउने व्यवस्थापन समिति, बाल कल्याण गृह प्रमुख तथा प्रशासकलाई आवश्यक निर्देशन एवम् सुझाव दिने।

१०. उप-समिति वा कार्यटोली गठन गर्न सक्ने:

१) जिल्ला बाल कल्याण समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारुरूपले गर्नको निमित्त सम्बन्धित विशेषज्ञ तथा सामाजिक कार्यकर्ताहरूसमेत समावेश गरी आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

२) उप-नियम (१) बमोजिम गठन हुन उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि जिल्ला बाल कल्याण समितिले तोकिदिएबमोजिम हुनेछ।

११. बैठकसम्बन्धी कार्यविधि:

१) जिल्ला बाल कल्याण समितिका बैठक आवश्यकतानुसार जिल्ला बाल कल्याण समितिका अध्यक्षले तोकको मिति, समय र स्थानमा बस्नेछ।

२) जिल्ला बाल कल्याण समितिको कूल सदस्य सङ्ख्याका पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा जिल्ला बाल कल्याण समितिको बैठकको लागि गणपरक सङ्ख्या पुगेको मानिनेछ।

३) जिल्ला बाल कल्याण समितिको बैठकको अध्यक्षता जिल्ला बाल कल्याण समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकका अध्यक्षता गर्नेछ।

४) जिल्ला बाल कल्याण समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

५) जिल्ला बाल कल्याण समितिको बैठकसम्बन्धी अन्य कार्यविधि जिल्ला बाल कल्याण समिति आफूले निधारण गरेबमोजिम हुनेछ।

१२. वार्षिक प्रतिवेदन प्रकाशित गर्न सक्ने:

जिल्ला बाल कल्याण समितिल ऐनको दफा ३२ का उप-दफा (५) बमोजिम केन्द्रीय बाल कल्याण समितिसमक्ष पेश गरेको वार्षिक प्रतिवेदन केन्द्रीय बाल कल्याण समितिको स्वीकृति लिई सार्वजनिकरूपमा प्रकाशित गर्न सक्नेछ।

परिच्छेद-४

बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार

१३. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार:

ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बाल कल्याण अधिकारीको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) बालकहरूको हक हितको संरक्षण तथा बाल कल्याणसम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न जिल्ला बाल कल्याण समितिलाई सहयोग गर्ने।

(ख) जिल्ला बाल कल्याण समितिको निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने गराउने।

(ग) जिल्ला बाल कल्याण समितिका स्वीकृत कार्यक्रमको आन्तरिक मूल्याङ्कन गराउने र त्यसका प्रगति विवरणहरू जिल्ला बाल कल्याण समितिको बैठकमा पेश गर्ने।

(घ) जिल्ला बाल कल्याण समितिको कार्य सञ्चालनको निमित्त आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतहरूको परिचालन गर्ने।

(ङ) जिल्ला बाल कल्याण समितिको वित्तीय कारोबारको लेखा ठीकसँग राख्न लगाउने।

(च) जिल्ला बाल कल्याण समितिको सचिव भई काम गन।

(छ) जिल्ला बाल कल्याण समितिबाट प्रत्यायोजित एवम् निर्देशित अन्य काम गर्ने, गराउने।

१४. बाल कल्याण अधिकारीका सेवाको सर्त तथा सुविधासम्बन्धी व्यवस्थाः

बाल कल्याण अधिकारीको सेवाका सर्त तथा सुविधा मन्त्रालयको स्वीकृति लिई केन्द्रीय बाल कल्याण समितिले तोकिदिएबमोजिम हुनेछ।

परिच्छेद–५

व्यवस्थापन समितिसम्बन्धी व्यवस्था

१५. व्यवस्थापन समितिको गठनः

१) मन्त्रालयले ऐनबमोजिम स्थापित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको सञ्चालन गनका निमित्त उपलब्ध भएसम्म स्थानीय सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सकहरू, बाल मनोवज्ञानिक र शिक्षकहरूमध्येबाट समेत सदस्य रहन गरी बढीमा सातजना सदस्यहरू भएको एक व्यवस्थापन समिति गठन गर्नेछ।

२) व्यवस्थापन समितिमा रहने अध्यक्ष, सदस्य तथा सचिवको नाम तथा निजहरूको पदावधि मन्त्रालयले उक्त समिति गठन गर्दाको अवस्थामा तोकेबमोजिम हुनेछ।

१६. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सम्बन्धित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको दीर्घकालीन नीति र योजना तर्जुमा गरी स्वीकृतिको निमित्त जिल्ला बाल कल्याण समितिमार्फत केन्द्रीय बाल कल्याण समितिमा पठाउने।

(ख) स्वीकृत नीति र योजनाअनुरूप वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने।

(ग) वार्षिक कार्यक्रम सञ्चालन गर्नको निमित्त आवश्यक स्थानीय स्रोतको खोजी गर्न र प्राप्त स्रोतको परिचालन गर्ने।

(घ) बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा रहेका बालकलाई प्रदान गरिने शिक्षा तालिम र बस्ने, सुत्ने, खाने, लगाउनेलगायतको अन्य सुविधा सम्बन्धमा उपयुक्त व्यवस्था गर्ने गराउने।

(ङ) बालकको रूची या ज्ञानको आधारमा तिनीहरूलाई तालिम वा पठनपाठनमा संलग्न गराउने व्यवस्था गर्ने, गराउने।

(च) बालकको शारीरिक विकासको निमित्त खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रमलगायत अन्य अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने गराउने।

(छ) बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको कार्य प्रगतिका समीक्षा एवम् मूल्याङ्कन गर्ने गराउने।

(ज) बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको सञ्चालन सम्बन्धमा मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति वा बाल कल्याण अधिकारीले दिएका सुझाव तथा निर्देशनका पालन गर्ने, गराउने।

१७. बैठकसम्बन्धी कार्यविधिः

व्यवस्थापन समितिका बैठकसम्बन्धी कार्यविधि व्यवस्थापन समिति आफूले निर्धारण गरेबमोजिम हुनेछ।

परिच्छेद–६

बाल कल्याण गृह प्रमुख र प्रशासकसम्बन्धी व्यवस्था

१८. बाल कल्याण गृह प्रमुख र प्रशासकः

१) मन्त्रालयले बाल कल्याण गृहका प्रमुख भई काम गर्न कुनै व्यक्तिलाई बाल कल्याण गृह प्रमुख, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको प्रमुख भई काम गर्न कुनै व्यक्तिलाई प्रशासकको पदमा नियुक्त गर्न वा तोक्न सक्नेछ।

२) उप-नियम (१) बमोजिम नियुक्त वा तोकिएका बाल कल्याण गृह प्रमुख वा प्रशासकको पारिश्रमिक सुविधा तथा सेवाको अन्य सर्तहरू मन्त्रालयका स्वीकृति लिई केन्द्रीय बाल कल्याण समितिले तोकिदिएबमोजिम हुनेछ।

१९. बाल कल्याण गृह प्रमुखको काम, कर्तव्य र अधिकारः

ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बाल कल्याण गृह प्रमुखको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बाल कल्याण गृहको दीर्घकालीन नीति र योजना तर्जुमा गर्न व्यवस्थापन समितिलाई सहयोग गर्ने।

(ख) स्वीकृत नीति र योजनाअनुरूप बाल कल्याण गृहका वार्षिक कार्यक्रम र बजेट तयार गरी व्यवस्थापन समितिको बैठकमा पेश गर्ने।

(ग) व्यवस्थापन समितिको निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने गराउने।

(घ) बाल कल्याण गृहको दैनिक कार्य सञ्चालन गन गराउने र त्यसको सुपरीवक्षेण गर्ने।

(ङ) बाल कल्याण गृहको कार्यक्रमको अनगमन तथा मूल्याङ्कन गन गराउने र प्रगति विवरणहरू व्यवस्थापन समितिको बैठकमा पेश गर्ने।

(च) बाल कल्याण गृहको आर्थिक कारोबार गर्ने र सोको लेखा ठीकसँग राख्ने, राख्न लगाउने।

(छ) व्यवस्थापन समितिबाट प्रत्यायोजित एवम् निर्देशित अन्य काम गर्ने गराउने।

२०. प्रशासकको काम, कर्तव्य र अधिकारः

प्रशासकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको कार्य सञ्चालन गर्दा बाल कल्याण गृहको सञ्चालन सम्बन्धमा ऐनमा उल्लेखित बाल कल्याण गृह प्रमुखको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने।

(ख) बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको दीर्घकालीन नीति र योजना तर्जुमा गर्ने व्यवस्थापन समितिलाई सहयोग गर्ने।

(ग) स्वीकृत नीति र योजनाअनुरूप बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको वार्षिक कार्यक्रम र बजेट तयार गरी व्यवस्थापन समितिको बैठकमा पेश गर्ने।

(घ) व्यवस्थापन समितिको निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने गराउने।

(ङ) बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको दैनिक कार्य सञ्चालन गन गराउने र त्यसका सपरीवर्षण गर्ने।

(च) बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने र प्रगति विवरणहरू व्यवस्थापन समितिको बैठकमा पेश गर्ने।

(छ) बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको आथिक कारोबार गर्ने वा सोको लेखा ठीक दरुस्त राख्न लगाउने।

(ज) व्यवस्थापन समितिबाट प्रत्यायोजित एवम् निर्देशित अन्य काम गर्ने, गराउने।

परिच्छेद–७

बाल कल्याणसम्बन्धी व्यवस्था

२१. शिक्षा, तालिम, सुविधा आदिका व्यवस्थाः

१) बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थित केन्द्रमा बस्न बालकहरूलाई नियमित शिक्षाको अतिरिक्त व्यावसायिक शिक्षा तथा सीपमूलक तालिमसमेत प्रदान गर्न सकिनेछ।

२) बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्न बालकहरूलाई तिनीहरूको शारीरिक अवस्था अनुकूल विभिन्न किसिमका खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम एवम् अन्य अतिरिक्त क्रियाकलापमा समेत संलग्न गराउने सकिनेछ।

३) बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्न बालकहरूलाई नियमित स्वास्थ्य परीक्षण र आवश्यकताअनुसार औषधोपचारका सुविधा प्रदान गर्न सकिनेछ।

४) बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्न बालकहरूलाई जिल्ला बाल कल्याण समितिको सिफारिशमा केन्द्रीय बाल कल्याण समितिले निधारण गरेबमोजिमका खान, लाउन र बस्न सुविधाहरू प्रदान गर्न सकिनेछ।

२२. बालकले पालन गर्नुपर्ने कराहरूः

बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्न बालकहरूले देहायको कुराहरूको पालन गर्नु पर्नेछः

क) बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रलाई आफ्नो भविष्य निर्माण गर्ने थलोको रूपमा मान्नुपर्ने।

ख) आफूलाई प्रदान गरिएको नियमित शिक्षा तथा तालिम हासिल गर्ने।

ग) खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम एवम् अन्य अतिरिक्त क्रियाकलापमा संलग्न हुने।

घ) बालक तथा त्यहाँ कार्यरत सबै कर्मचारीहरूलाई आफ्नो पारिवारिक सदस्य सम्झने सबैसँग मित्रभावको व्यवहार गर्न र एक अर्कालाई सहयोग गर्ने।

ङ) बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा हल्ला, हूल हुज्जत आदि गर्न वा अनुशासनहीन हुनु कुनै किसिमको अवाञ्छित कार्य नगर्न र त्यस्ता कार्य गर्न अरुलाई पनि दुरुत्साहित नगर्ने।

च) आफूलाई दैनिक प्रदान गरिने दूध, चिया, खाजा, भोजन आदि बाहेक अन्य कुनै चिज बाहिरबाट ल्याई नखाने।

छ) धुमपान, लागूपदार्थ र मादकपदार्थको सेवन नगर्ने।

ज) बाल कल्याण गृह प्रमुख वा प्रशासकको अनुमति नलिई आफू रहेका ठाउँबाट बाहिर नजाने।

झ) सादा जीवन उच्च विचारको आदर्श पालन गर्न र स्वावलम्बनको लागि बाल कल्याण गृह प्रमुख वा प्रशासकले दिएको आदर्श तथा निर्देशन पालन गर्ने।

२३. काममा प्राथमिकता दिनुपर्नेः

श्री ५ को सरकार र श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेका सङ्गठित संस्थाहरूले बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बसेको बालकहरूको शिक्षा, तालिम र शारीरिक स्थिति अनुकूलको काममा तिनीहरूलाई प्राथमिकता दिनु पर्नेछ।

२४. बालकहरूको व्यक्तिगत विवरण राख्नुपर्नेः

बाल कल्याण गृह प्रमुखले बाल कल्याण गृहमा बस्न र प्रशासकले बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्न बालकहरूको व्यक्तिगत विवरण अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरी राख्नु पर्नेछ।

२५. वार्षिक प्रतिवेदन पठाउनुपर्नेः

बाल कल्याण गृह प्रमुखले बाल कल्याण गृहको र प्रशासकले बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको वर्षभरीको सम्पूर्ण क्रियाकलाप देखिने गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रत्येक वर्ष वैशाख मसान्तभित्र जिल्ला बाल कल्याण समिति र बाल कल्याण अधिकारीसमक्ष प्रतिवेदन पठाउने पर्नेछ।

२६. बाल कल्याणसम्बन्धी व्यवस्था लागु हुनेः

यस परिच्छेदमा उल्लेखित बाल कल्याणसम्बन्धी व्यवस्थाहरू कुन व्यक्ति वा संस्थाद्वारा सञ्चालित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको हकमा पनि लागु हुनेछ।

परिच्छेद-८

विविध

२७. श्रमिकको रूपमा काम गर्न बालकको विवरण दिनुपर्नेः

ऐनको दफा १७ का उपदफा (३) बमोजिम श्रमिकको रूपमा काममा लगाउन हुने बालकलाई श्रमिकको रूपमा काममा लगाउने व्यक्ति वा संस्थाले त्यसको विवरण अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरी जिल्ला बाल कल्याण समितिसमक्ष पठाउने पर्नेछ। जिल्ला बाल कल्याण समितिल त्यसरी प्राप्त हुन आएको विवरणको एकप्रति सम्बन्धित श्रम कार्यालयमा पठाउने पर्नेछ।

२८. निरीक्षण गर्दा विचार गर्नुपर्ने कुराहरूः

१) ऐनको दफा ४४ बमोजिम बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको निरीक्षण गन व्यक्तिले देहायको कराहरूको समेत जाँचबुझ गर्न पर्नेछः

(क) बालकहरूलाई नियमितरूपले शिक्षा तथा तालिम प्रदान गरिएको छ छैन।

(ख) बालकहरूलाई यस नियमावलीबमोजिमको सुविधा प्रदान गरिएको छ छैन।

(ग) बालकहरूलाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रमलगायत अन्य क्रियाकलापमा संलग्न गराइएको छ छैन।

(घ) बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा कुन अवाञ्छित अनुशासनहीन कार्य भए गरेको छ छैन।

(ङ) व्यवस्थापन पक्ष तथा बालकहरूले ऐन, प्रचलित कानुन वा यस नियमावलीबमोजिम पालन गर्नुपर्ने कुराहरू पालन गरेको छ छैन।

२) उपनियम (१) बमोजिम निरीक्षण गर्ने व्यक्तिले निरीक्षण गर्दा आफूले देखेका कुराहरू समस्या र त्यसका समाधानको कुनै सुझाव भएमा सोसमेत उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी केन्द्रीय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति र सम्बन्धित व्यवस्थापन समितिमा पठाउने पर्नेछ।

२९. बालकको नाम राख्न र जन्म दर्ता गर्नेः

ऐनको दफा ३ बमोजिम बालकका नाम राखिदिनु बुवा, आमा, परिवारको अन्य सदस्य वा कुन व्यक्ति वा संस्थाले प्रचलित कानुनबमोजिम पञ्जिकाधिकारीको कार्यालयमा बालकको जन्म दर्ता गराउने पर्नेछ।

३०. भेटघाटको सुविधाः

१) ऐनका दफा ८ बमोजिम बालकलाई बुवा, आमासँग भेटघाट गर्न दिने पटक वा साथ बस्न दिने अवधिका सम्बन्धर्मा बुवा र आमाका बीच मतक्य हुन नसकेमा वा बुवा वा आमासँग भेटघाट गर्न वा बस्न दिँदा बालकको हितका प्रतिकुल हुने भई त्यस्ता भेटघाट वा साथ बस्नबाट रोक लगाउने चाहने बुवा वा आमाले त्यसको कारण खाली बाल अदालत वा सो अदालत गठन नभएसम्म सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ।

२) उपनियम (१) बमोजिम कुन निवेदन परेमा अदालतले सो सम्बन्धमा जाँचबुझ गरी बालकलाई बुवा आमासँग भेटघाट गर्न दिनुपर्ने पटक वा साथ बस्न दिनुपर्ने अवधि तोकिदिनु वा बुवा वा आमासँग भेटघाट गर्न वा साथ बस्न दिनु नपर्ने वा त्यसका विकल्पस्वरूप अन्य कुनै मनासिब आदेश दिन सक्नेछ।

३) उपनियम (२) बमोजिम अदालतबाट भएका आदेश सम्बन्धित बुवा वा आमाले अनिवायरूपले पालन गर्न पर्नेछ।

३१. कार्यालय र कर्मचारीको व्यवस्थाः

(१) केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिका कार्यालय र कर्मचारीको व्यवस्था मन्त्रालयल गर्नेछ।

(२) उपनियम (१) बमोजिमको कर्मचारीहरूको पारिश्रमिक, सेवाका सर्त तथा सुविधासम्बन्धी व्यवस्था मन्त्रालयका स्वीकृति लिई केन्द्रीय बाल कल्याण समितिले तोकिदिएबमोजिम हुनेछ।

३२. अनुसूचीमा हरफर वा थपघट गन अधिकारः

श्री ५ का सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकताअनुसार अनुसूचीमा हेरफेर वा थपघट गन सक्नेछ।

बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र महासभाद्वारा पारित

मूलपाठ

प्रस्तावना

संयुक्त राष्ट्रसङ्घको वडापत्रमा उद्घोषित सिद्धान्तहरूअनुरूप नैसर्गिक मर्यादा तथा मानव परिवारका सम्पूर्ण सदस्यहरूको समान तथा अखण्डनीय अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशीला हुन् भन्ने तथ्यलाई विचार गर्दै,

संयुक्त राष्ट्रसङ्घको समस्त जनताले वडापत्रमा उल्लेखित मौलिक मानवअधिकारहरू तथा मानवीय मूल्य र मान्यतामा आफ्नो आस्थाको पुन:समर्थन गर्दै व्यापक स्वतन्त्रताको परिवेशमा सामाजिक प्रगति र स्तरीय जीवनको प्रवर्धन गर्ने अठोट गरेको कुरालाई मनन गर्दै,

संयुक्त राष्ट्रसङ्घले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र मानवअधिकारबारे अन्तर्राष्ट्रिय महासन्धिहरूमा उल्लेखित सम्पूर्ण अधिकार र स्वतन्त्रता सबैलाई जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचारको आधारमा बिना कुनै भेदभाव प्रदान गर्न घोषणा र मञ्जुरी गरेको कुरालाई मान्यता दिंदै,

संयुक्त राष्ट्रसङ्घले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको माध्यमबाट बाल्यावस्थालाई विशेष स्याहार र सहयोग प्रदान गर्नुपर्ने कुरालाई घोषणा गरेको स्थितिलाई संस्मरण गर्दै,

परिवारले आफ्नो सम्पूर्ण सदस्यहरूको र खासगरी बालबालिकाको विकास र कल्याणको लागि चाहिने प्राकृतिक वातावरण तथा समाजको आधारभूत इकाइको रूपमा कार्य गर्ने भएकोले यसलाई आवश्यक संरक्षण र सहयोग प्रदान गरी सम्बन्धित समुदायभित्र रही आफ्नो जिम्मेवारी पूर्णरूपले बहन गर्न सक्ने बनाउनुपर्ने आवश्यकतामा विश्वस्त हुँदै,

बालबालिकाले आफ्नो व्यक्तित्वको पूर्ण र सामञ्जस्यपूर्ण विकासको लागि एउटा पारिवारिक वातावरण तथा प्रसन्नता, ममता र समझदारीको वातावरणमा हुर्कन पाउनुपर्छ भन्न कुरालाई मान्यता दिंदै,

बालबालिकालाई समाजमा एउटा व्यक्तिगत जीवन बाँच्न पूर्णरूपले समर्थ बनाइनुपर्ने र संयुक्त राष्ट्रसङ्घको वडापत्रमा घोषित आर्दशहरूअनुरूप र खासगरी शान्ति, सम्मति, सहिष्णुता, समानता र एकताको भावनामा निजको लालनपालन गर्नुपर्ने कुरालाई ध्यानमा राख्दै,

बालबालिकालाई विशेष स्याहार पुऱ्याइनुपर्दछ भन्ने कुरालाई बालबालिकाको अधिकारबारे जेनेभामा १९२४ मा भएको घोषणापत्र, संयुक्त राष्ट्रसङ्घले १९५९ मा पारित गरेको बालबालिकाको अधिकारहरूको घोषणापत्र, विश्वव्यापी मानवअधिकार घोषणापत्रमा मान्यता दिइएको एवम् नागरिक र

राजनीतिक अधिकारबारे अन्तर्राष्ट्रिय महासन्धि (विशेषगरी धारा २३ र २४) मा उल्लेख भएको एवम् आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि (विशेषगरी धारा १०) मा उल्लेख भएको र बालबालिकाका कल्याणमा समर्पित विशिष्ट सङ्गठन तथा अन्तर्राष्ट्रिय संस्थाहरूको ऐनहरू तथा सम्बद्ध लिखतहरूमा समेत उल्लेख भएको तथ्यलाई हृदयङ्गम गर्दै,

सन् १९५९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित बालबालिकाको अधिकारसम्बन्धी घोषणापत्रमा "बालकलाई उसको शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले गर्दा विशेष हेरचाह र स्याहारको आवश्यकता साथै उचित कानुनी संरक्षणको खाँचो जन्मनुअघि र जन्मेपछि पनि पर्छ" भन्ने उल्लेख भएको कुरालाई हृदयङ्गम गर्दै,

बालबालिकाको संरक्षण एवम् कल्याणसम्बन्धी सामाजिक एवम् कानुनी सिद्धान्तहरू, खास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बालबालिकाको हेरचाह र दत्तक लिने प्रक्रियासम्बन्धी घोषणापत्र (सन् १९८६ डिसेम्बर ३ को महासभाको प्रस्ताव नम्बर ४१/८५), बाल न्याय प्रशासन सम्बन्धमा संयुक्त राष्ट्रसङ्घद्वारा निर्धारित न्यूनतमस्तर विधिहरू (बेइजिङ विधि), (सन् १९८५ नोभेम्बर २९ को महासभाको प्रस्ताव नम्बर ४०/३३)र सङ्कटकालीन र सैनिक युद्धमा महिला र बालबालिकाको संरक्षणसम्बन्धी घोषणापत्र (सन १९७४ डिसेम्बर १४ को महासभाको प्रस्ताव नम्बर ३३१८ (२९))लाई संस्मरण गर्दै,

विश्वका सबै देशहरूमा केही बालबालिकाहरू अति कठिन अवस्थामा बाँचेका र यी बालबालिकाहरूलाई विशेष ध्यान दिनुपर्ने आवश्यकता छ भन्ने कुरालाई स्वीकार गर्दै,

बालबालिकाको संरक्षण र सामाञ्जस्यपूर्ण विकासको लागि प्रत्येक राष्ट्रको परम्परा र सांस्कृतिक मूल्यहरूको महत्वलाई उचित ध्यान दिँदै,

प्रत्येक देशमा विशेषत: विकासशील मुलुकहरूमा बालबालिकाका जीवनस्तर उकास्नको लागि अन्तर्राष्ट्रिय सहयोगको महत्वलाई मान्यता दिँदै,

यस महासन्धिका राज्यपक्षहरूले निम्न कुराहरूमा सहमति जनाएका छन्:

अनौपचारिक सारांश

प्रस्तावना

प्रस्तावनाले संयुक्त राष्ट्रसङ्घको आधारभूत सिद्धान्तहरू र केही मानवअधिकार सन्धिहरू तथा घोषणाहरूको केही निश्चित तथा सम्बद्ध प्रावधानहरूलाई स्मरण गर्छ। बालबालिकाहरूको असक्षमताको कारणले उनीहरूलाई विशेष स्याहार र संरक्षणको खाँचो पर्छ भन्ने कुरा पुन:समर्थन गर्छ र प्राथमिक स्याहार तथा परिवारको सुरक्षात्मक उत्तरदायित्व जन्मनु अगाडि र जन्मेपछि बालबालिकालाई आवश्यक पर्ने कानुनी र अन्य सुरक्षा बालबालिकाको समुदायको सांस्कृतिक मूल्यहरू प्रति आदर गर्दै बालअधिकार साकार पार्नमा अन्तर्राष्ट्रिय सहयोगको प्रमुख भूमिकामाथि विशेष जोड दिएको छ।

भाग–१

धारा–१

यस महासन्धिको प्रयोजनको लागि बालकसम्बन्धी कानुनअन्तर्गत वयस्कताको उमेर योभन्दा

कम रहने गरी तोकिएको स्थितिमा बाहेक बालबालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक मानवलाई सम्झनुपर्छ।

अनौपचारिक सारांश

बालकको परिभाषा

कानुनद्वारा वयस्कताको उमेरको अन्यथा व्यवस्था गरेकोमा बाहेक १८ वर्षलाई वयस्कताको उमेर मानिएको छ।

धारा-२

१. यस महासन्धिमा पक्ष रहेका राज्यहरूले यस महासन्धिमा उल्लेखित आफ्नो क्षेत्रभित्रको प्रत्येक बालकको अधिकारको सम्बन्धमा बालकको वा उसको बुवाआमाको वा वैधानिक अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक, वा अन्य विचारहरू राष्ट्रिय, जातीय वा सामाजिक उत्पति, सम्पत्ति, असक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी सम्मान र प्रत्याभूति दिनुपर्नेछ।

२. बालकका बुवाआमाहरू, वैधानिक अभिभावकहरू वा अन्य पारिवारिक सदस्यहरूको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरू वा आस्थाहरूको आधारमा गरिने सबै किसिमका भेदभाव वा सजायबाट बालबालिकाको संरक्षण गर्न यस महासन्धिका राज्यपक्षहरूले सबै उचित कदमहरू चाल्नेछन्।

अनौपचारिक सारांश

भेदभाव गर्न नहुने

विना अपवाद सम्पूर्ण अधिकारहरू सम्पूर्ण बालबालिकाहरूलाई उपलब्ध हुनेछ भन्ने सिद्धान्त र तिनीहरूलाई कुनै पनि किसिमको भेदभावबाट जोगाउनुपर्ने राज्यको कर्तव्य हुनेछ।

राज्यले कुनै पनि अधिकारको हनन गर्नु हुँदैन बरु ती अधिकारहरूको प्रवर्धनको लागि सकारात्मक कार्य गर्नु पर्दछ।

धारा-३

१. सार्वजनिक अथवा निजामती कल्याणकारी, सामाजिक संस्थाहरू, अदालतहरू, प्रशासनिक यन्त्रहरू वा विधायिकाहरू सबैले बालबालिकाहरूसँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिनुपर्नेछ।

२. राज्यपक्षहरूले बालबालिकाको आमा, बुवा, वैधानिक अभिभावक वा कानुनीरूपमा तिनको लागि जिम्मेवार अन्य व्यक्तिहरूको बालबालिकाप्रतिको अधिकार र कर्तव्यलाई ध्यानमा राख्दै, बालबालिकाको हितको लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नेछन् र यस उद्देश्यको निमित्त सबै उचित वैधानिक र प्रशासनिक उपायहरू गर्नेछन्।

३. राज्यपक्षले बालबालिकाको स्याहार र संरक्षणका लागि जिम्मेदार संस्थाहरू तथा सेवा र सुविधासम्बन्धी निकायहरू, सक्षम अधिकारीहरूले निर्धारण गरेका मापदण्डहरू खासगरी सुरक्षा, स्वास्थ्य, आवश्यक कर्मचारीहरूको सङ्ख्या र उपयुक्तताको साथ साथै दक्ष सुपरिवेक्षणका व्यवस्था गर्नेछन्।

अनौपचारिक सारांश

बालबालिकाको उच्चतम हित

बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूको उच्चतम हितलाई मध्यनजर राख्नेछन्।

बुवाआमा वा अन्य जिम्मेवार मानिसहरूले बालबालिकाको हितमा काम गरेनन् भने राज्यले त्यस्ता बालबालिकालाई पर्याप्त स्याहार सम्भारको व्यवस्था गर्नुपर्नेछ।

धारा-४

राज्यपक्षहरूले यस महासन्धिले मान्यता दिएको अधिकारहरूको कार्यान्वयनका लागि सबै उपयुक्त वैधानिक, प्रशासनिक र अन्य उपायहरू अपनाउनेछन्। विशेषगरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको सन्दर्भमा राज्यपक्षहरूले आ-आफ्ना श्रोतहरूले भ्याएसम्म र आवश्यकताअनुसार अन्तर्राष्ट्रिय सहयोगको माध्यमबाट बढी मात्रामा यस्ता कदमहरू चाल्नेछन्।

अनौपचारिक सारांश

अधिकारहरूको कार्यान्वयन

यस महासन्धिमा उल्लेखित अधिकारहरूलाई वास्तविकतामा उतार्नु राज्यको दायित्व हुनेछ।

धारा-५

राज्यपक्षहरूले यस महासन्धिले मान्यता दिएको बालबालिकाहरूको अधिकारको प्रयोगको सिलसिलामा निजहरूको उदयोन्मुख व्यक्तिगत क्षमतासँग मेल खाने किसिमबाट उपयुक्त निर्देशन र मार्गदर्शन प्रदान गर्न बुवा, आमा वा स्थानीय परम्पराले दिएअनुसार परिवार वा समुदायका वैधानिक अभिभावकहरू वा बालबालिकाको निम्ति कानुनीरूपमा जिम्मेदार अन्य व्यक्तिहरूको उत्तरदायित्व, अधिकार तथा कर्तव्यलाई मान्यता दिनेछन्।

अनौपचारिक सारांश

बुवाआमाको मार्गदर्शन र बालबालिकाको उदयोन्मुख क्षमता सम्बन्धमा

बालबालिकाको उदयोन्मुख क्षमताहरूसँग मेल खाने किसिमसँग मार्गदर्शन प्रदान गर्न बुवा आमा र ठूला परिवारको अधिकार र कर्तव्यहरूलाई मान्यता दिने राज्यको दायित्व।

धारा-६

१. राज्यपक्षहरूले प्रत्येक बालबालिकाको बाँच्ने जन्मसिद्ध अधिकार हो भनी मान्यता दिन्छन्।
२. राज्यपक्षहरूले बालबालिकाको दीर्घजीवन र विकासको लागि यथासम्भव बढीभन्दा बढी प्रयास गर्ने अठोट गर्नेछन्।

अनौपचारिक सारांश

दीर्घजीवन र विकास

बाँच्न पाउने जन्मसिद्ध अधिकार र बालबालिकाका दीर्घजीवन र विकासप्रति राज्यको दायित्व।

धारा–७

१. बालबालिकाहरूलाई जन्मनासाथ दर्ता गरिनेछ र जन्मेपछि उसले आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बुवाआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउनेछ।

२. राज्यपक्षहरूले आ-आफ्ना राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय लिखतअन्तर्गतको दायित्वअनुसार माथि उल्लिखित अधिकारहरू विशेषगरी बालबालिका राज्यविहीन हुने भएमा, कार्यान्वयन गर्नेछन्।

अनौपचारिक सारांश

नाम र राष्ट्रियता

जन्मदेखि नाम राख्न पाउने र राष्ट्रियता पाउने अधिकार बालबालिकाको अधिकार।

धारा–८

१. राज्यपक्षहरूले कानुनले मान्यता दिएअनुसारको बालबालिकाको आफ्नो राष्ट्रियता, नाम र पारिवारिक सम्बन्ध लगायतको परिचय यथावत राख्न पाउने अधिकारलाई, बिनागैरकानुनी हस्तक्षेप, मान्यता दिनेछन्।

२. कुनै बालबालिकाको आफ्नो परिचयसम्बन्धी कुनै वा सबै तत्वहरू गैरकानुनीढङ्गले वञ्चित हुन गएमा राज्यपक्षहरूले तिनको ती परिचयात्मक तत्वहरूको शिघ्रातिशिघ्र पुन:स्थापनाको लागि उपयुक्त सहयोग र संरक्षण प्रदान गर्नेछन्।

अनौपचारिक सारांश

परिचयको संरक्षण

बालबालिकाको परिचयका आधारभूत कुराहरू (नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध) को संरक्षण गर्ने र आवश्यकताअनुसार पुन:स्थापना गर्ने राज्यको दायित्व।

धारा–९

१. बालबालिकाको सर्वोत्तम हितका लागि निजलाई बुवाआमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानुन र कार्यविधिअनुरूप सक्षम अधिकारीहरूले, न्यायिक पुनरावलोकनको अधीनमा रही, निर्णय गरेमा बाहेक कुनै पनि बालबालिकालाई बुवाआमाको इच्छा विरुद्ध अलग गरिने छैन भनी राज्यपक्षहरूले निश्चित गर्नेछन्। बालबालिकालाई यसप्रकारले अलग राख्न निर्णय, खास गरेर कुनै बालबालिका आफ्नो आमाबुवाबाट दुर्व्यवहार र उपेक्षित गरिएमा वा आमा बुवा छुट्टिएर बसोवास गरेमा र त्यस्तो अवस्थामा बालबालिकाको वासस्थानको निधो गर्नुपर्ने भएमा, आवश्यक हुनेछ।

२. प्रकरण १ मा उल्लेखित कुनै पनि काम कारबाहीमा सरोकारवालालाई सहभागी हुने र आफ्नो कुरा भन्ने अवसर प्रदान गरिनेछ।

३. बालबालिकाको सर्वोत्तम हितमा विपरीत असर पर्ने स्थितिमा बाहेक आफ्नो बुवा वा आमा वा दुवैबाट अलग गरिएका बालबालिकाले आमा बुवासँग नियमितरूपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष भेटघाट गर्न पाउने बालबालिकाको अधिकारलाई राज्यपक्षहरूले मान्यता दिनेछन्।

४. राज्यपक्षबाट उठाइएका कुनै काम कारबाही जस्तो कि बुवा वा आमा वा दुवै वा बालबालिकाको नजरबन्द, कैद, निर्वासन, देश निकाला वा मृत्युदण्ड (कुनै व्यक्ति राज्यको हिरासतमा रहँदा हुनगएको कुनै प्रकारको मृत्युलगायत)ले गर्दा यस प्रकारको विछोड भएमा त्यस्तो राज्य पक्षले सम्बन्धित आमा बुवा वा बालबालिका वा उपयुक्त देखिएमा परिवारको कुनै सदस्यको अनुरोधमा, बालबालिकाको हितमा विपरीत असर पर्ने अवस्थामा बाहेक, परिवारको त्यस्तो अनुपस्थित सदस्यको अवस्थाको सम्बन्धमा आवश्यक तथ्यगत जानकारी दिने व्यवस्था गर्नेछ। यस प्रकारको अनुरोधको प्रस्तुतिको कारणले गर्दा सम्बन्धित व्यक्तिहरूको विरुद्ध कुनै प्रतिकूल असर पर्ने छैन भन्ने कुरामा पनि राज्यपक्षले निश्चय गर्नु पर्नेछ।

अनौपचारिक सारांश

बुवाआमाबाट विछोड

बालबालिकाको सर्वोत्तम हितहरूविपरीत हुने अवस्थामा बाहेक आफ्नो आमा बुवासँग बसोवास गर्ने अधिकार। आमा वा बुवा वा दुवैबाट छुट्टिएमा सम्पर्क राख्न पाउने अधिकार। राज्यको काम कारबाहीबाट बुवाआमाबाट अलग हुन गएमा राज्यले गर्नुपर्ने कर्तव्य।

धारा-१०

१. धारा ९ को प्रकरण १ अन्तर्गत राज्यपक्षहरूको दायित्वअनुरूप पारिवारिक पुनर्मिलनको उद्देश्यले कुनै बालबालिका वा तिनका बुवाआमाले कुनै राज्यमा प्रवेश गर्ने वा त्यसलाई त्याग्ने उद्देश्यले दिइएका आवेदनहरूमाथि राज्यपक्षहरूले सकारात्मक, मानवीय र छिटो तवरले कार्य गर्नेछन्। राज्यपक्षहरूले आवदकहरू र उनीहरूका परिवारका सदस्यहरूप्रति यस आवेदनले कुनै प्रकारका प्रतिकूल असर पार्ने छैन भन्ने कुरा पनि निश्चय गर्नेछन्।

२. कुनै बालबालिकाको बुवाआमा बेग्लाबेग्लै राज्यहरूमा बसेका रहेछन् भने ती बालबालिकालाई, अति विशेष परिस्थितिमा बाहेक, दुवै बुवाआमासँग नियमितरूपमा व्यक्तिगत सम्बन्ध राख्ने र प्रत्येक भेटघाट गर्ने अधिकार हुनेछ। यसको लागि धारा ९ का प्रकरण १ अन्तर्गत राज्यपक्षहरूमा भएका उत्तरदायित्वअनुरूप राज्यपक्षहरूले बालबालिका र तिनका बुवाआमाहरूले आफ्नोलगायत कुनै पनि देशलाई छाड्न पाउने र आफ्नो देशमा प्रवेश पाउने अधिकारलाई मान्यता दिनेछन्। कुनै पनि देशलाई छाडन पाउन अधिकार कानुनी प्रावधानबाट गरिएको प्रतिबन्धहरूको अधीनमा रही हुनेछ, जुन प्रतिबन्ध राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अर्काको अधिकार तथा स्वतन्त्रताको संरक्षण गर्न आवश्यक भएको हुनु पर्छ र त्यस्ता प्रतिबन्ध यस महासन्धिमा मान्यता दिइएका अन्य अधिकारहरूसँग अनुकूल हुनु पर्नेछ।

अनौपचारिक सारांश

पारिवारिक पुनर्मिलन

पारिवारिक पुनर्मिलन हुन वा बुवाआमा र बालबालिकाको नाता कायम राख्नको निमित्त बालबालिकाले र निजको बुवाआमा कुनैले पनि मुलुक छाड्ने र आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार।

धारा–११

१. राज्यपक्षहरूले बालबालिकाको अवैध स्थानान्तरण र विदेशबाट नफर्काउने स्थितिलाई निरुत्साहित पार्ने उद्देश्यले पाइला चाल्नेछन्।

२. यसको लागि राज्यपक्षहरूले द्विपक्षीय वा बहुपक्षीय सन्धिहरू गर्ने वा भइरहेका सन्धिहरूमा सामेल हुने कुरामा जोड दिनेछन्।

अनौपचारिक सारांश

अवैध स्थानान्तरण र नफर्काउनु

बुवाआमा वा अन्य तेस्रो पक्षले गरेको बालबालिकाहरूको अपहरण वा विदेशमा रोक्ने काम निवारण गर्ने र ती समस्याहरूको समाधान गर्ने राज्यको दायित्व।

धारा–१२

१. आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूसँग सम्बद्ध विषयमा स्वतन्त्ररूपले आफ्नो विचार व्यक्त गर्न पाउने व्यवस्था राज्यपक्षहरूले गर्नुपर्दछ। बालबालिकाले त्यस्तो विचारलाई उसको उमेर र परिपक्वताअनुसार उचित मान्यता दिइनेछ।

२. यस प्रयोजनको लागि बालबालिकालाई असर गर्ने कुनै पनि न्यायिक वा प्रशासनिक काम कारबाहीमा सम्बन्धित राष्ट्रिय कानुनका प्रावधानबमोजिम प्रत्यक्षरूपमा वा प्रतिनिधिद्वारा वा कुनै उपयुक्त निकायद्वारा विशेषत: सुनुवाइ हुने अवसर प्रदान गरिनेछ।

अनौपचारिक सारांश

बालबालिकाको विचार

बालबालिकालाई असर पार्ने कुनै पनि कुरा वा कार्यविधि सम्बन्धमा आफ्नो विचार प्रकट गर्न पाउने र त्यस विचारको उचित मान्यता पाउनुपर्ने अधिकार।

धारा–१३

१. बालबालिकालाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ। सीमानाको बावजुद् यस अधिकारभित्र सबै प्रकारका जानकारीहरू र विचारहरू खोज्न, प्राप्त गर्न, प्रदान गर्न र यसलाई मौखिक, लिखित, मुद्रितरूपमा, कलाको रूपमा वा बालबालिकाको रुचिअनुसार कुनै पनि प्रचार माध्यमद्वारा अभिव्यक्त गर्ने स्वतन्त्रता समावेश हुनेछ।

२. यो अधिकार केही प्रतिबन्धहरूको अधीनमा रही प्रयोग गर्न सकिन्छ, तर ती प्रतिबन्धहरू कानुनद्वारा व्यवस्थित भएको र निम्न कारणले आवश्यक भएको हुनु पर्दछ:

(क) अरुको अधिकारहरू वा प्रतिष्ठाको आदर गर्नको लागि वा

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा जनस्वास्थ्य वा नैतिकताको संरक्षणका लागि।

अनौपचारिक सारांश

अभिव्यक्तिको स्वतन्त्रता

अर्काको अधिकार हनन नहुने गरी जानकारी प्राप्त गर्ने वा दिने र आफ्नो विचार व्यक्त गर्ने बालबालिकाको अधिकार।

धारा–१४

१. राज्यपक्षहरूले बालबालिकाको विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकारलाई मान्यता दिनेछन्।

२. राज्यपक्षहरूले बालबालिकाको विकसित हुँदै गरेको क्षमतासँग मेलखाने किसिमले निजको अधिकार प्रयोगको सिलसिलामा बुवाआमा र उपयुक्त अवस्थामा वैधानिक अभिभावकहरूको निर्देशन दिने अधिकार र कर्तव्यहरूलाई मान्यता दिनेछन्।

३. कानुनद्वारा व्यवस्था गरिएका बन्देजहरूको अधीनमा रही आफ्नो धर्म र आस्थालाई प्रदर्शन गर्न स्वतन्त्रता हुनेछ। तर कानुनका ती बन्देजहरू सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, स्वास्थ्य वा नैतिकता तथा अरुको मौलिक अधिकार र स्वतन्त्रताको संरक्षणको लागि आवश्यक हुनुपर्नेछ।

अनौपचारिक सारांश

विचार, विवेक र धर्मको स्वतन्त्रता

जुन बुवाआमाको उचित निर्देशन र राष्ट्रिय कानुनको अधीनमा रही बालबालिकाको विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार।

धारा–१५

१. राज्यपक्षहरूले बालबालिकाको सङ्गठनसम्बन्धी स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकारलाई मान्यता दिन्छन्।

२. कानुन अनुकूल तथा राष्ट्रिय सुरक्षा वा जनसुरक्षा, सार्वजनिक व्यवस्था, जनस्वास्थ्य एवम् नैतिकताको संरक्षण वा अर्काको अधिकार तथा स्वतन्त्रताको संरक्षणको लागि प्रजातान्त्रिक समाजमा आवश्यक पर्ने बन्देज बाहेक अन्य कुनै पनि बन्देज यी अधिकारहरूको प्रयोगमा लगाइने छैन।

अनौपचारिक सारांश

सङ्गठनसम्बन्धी स्वतन्त्रता

अर्काको अधिकार उल्लङ्घन नहुने गरी अरुहरूसँग भेटघाट गर्न पाउने र सङ्घ संस्थामा भाग लिन वा खोल्न पाउने बालबालिकाहरूको अधिकार।

धारा–१६

१. बालबालिकाको निजीपना, परिवार, घर वा पत्राचारमाथि बलजफ्ती वा गैरकानुनी हस्तक्षेप गरिनेछैन, न त उनीहरूका मर्यादा र इज्जतमाथि नै गैरकानुनी आक्रमण गरिनेछ।

२. यस्तो हस्तक्षेप र आक्रमणको विरुद्ध कानुनी संरक्षण पाउने बालबालिकाको अधिकार हुनेछ।

अनौपचारिक सारांश

निजीपनको संरक्षण

निजीपना परिवार, घर र पत्राचार माथिको हस्तक्षपबाट र गाली बेइज्जतीबाट सुरक्षित हुने अधिकार।

धारा–१७

राज्यपक्षहरूले सार्वजनिक सञ्चार माध्यमहरूले खेलेको महत्वपूर्ण भूमिकाहरूलाई मान्यता दिनेछन्। विशेषत: बालबालिकाको सामाजिक, आध्यात्मिक र नैतिक हितहरूमा शारीरिक एवम् मानसिक स्वास्थ्य सम्बर्द्धनको उद्देश्य राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रोतहरूको विविधताबाट बालबालिकाले जानकारी र सामग्री प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनेछन्। यस प्रयोजनको लागि राज्यपक्षहरूले:

(क) सार्वजनिक प्रचार माध्यमलाई धारा २९ को व्यवस्थाको भावनाअनुरूप तथा बालबालिकाको सामाजिक र सांस्कृतिक हित हुने खालको सूचना र सामग्री प्रचार प्रसार गर्न प्रोत्साहन दिनेछन्।

(ख) सांस्कृतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रोतहरूको विविधताबाट प्राप्त हुने जानकारी र सामग्रीको उत्पादन, आदान प्रदान र वितरणमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन दिनेछन्।

(ग) बालपुस्तकहरूको उत्पादन र वितरणलाई प्रोत्साहन दिनेछन्।

(घ) सार्वजनिक प्रचारप्रसार संस्थाहरूलाई अल्पसङ्ख्यक समुदाय वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन प्रोत्साहन दिनेछन्।

(ङ) धारा १३ र १८ का प्रावधानहरूलाई ध्यानमा राख्दै बालबालिकाको हितलाई आघात पुऱ्याउने खालका जानकारी तथा सामग्रीबाट तिनको संरक्षण गर्नका लागि सही मार्गदर्शनको विकासलाई प्रोत्साहन दिनेछन्।

अनौपचारिक सारांश

उचित जानकारीको प्राप्ति

बालबालिकाहरूलाई नैतिक विकास र ज्ञान तथा मानिसहरूबीचको समझदारी अनुकूलको र बालबालिकाको सांस्कृतिक पृष्ठभूमि प्रतिका आदर दर्शाउने खालका जानकारीहरू बालबालिकासम्म पुरयाउनपर्ने प्रचार माध्यमको भूमिका।

राज्यले यस्तो कार्यलाई प्रोत्साहित गर्नुपर्ने र बालबालिकाहरूलाई हानीप्रद सामग्रीबाट जोगाउनुपर्ने।

धारा–१८

१. राज्यपक्षहरूले बालबालिकाको लालनपालन र विकासको लागि बुवाआमा दुवैको साझा उत्तरदायित्व छ भन्ने सिद्धान्तलाई मान्यता दिलाउन भरमग्दुर प्रयासहरू गर्नेछन्। बालबालिकाको लालनपालन र विकासको निमित्त बुवाआमाहरू वा त्यस्तै अवस्थामा वैधानिक अभिभावकको प्रथम दायित्व हुनेछ। बालबालिकाको सर्वोपरी हितको कुरा उनीहरूको प्रमुख चासोको विषय हुनेछ।

२. यस महासन्धिमा व्यवस्था भएका अधिकारीहरूलाई प्रत्याभूत तथा सम्बर्द्धन गर्ने प्रयोजनको लागि राज्यपक्षहरूले बालबालिकाको पालनपोषणको दायित्व पूरा गर्न सक्षम बनाउन बुवाआमा वा वैधानिक अभिभावकलाई उचित सहयोग प्रदान गर्नेछन् र बालबालिकाको स्याहार सम्बन्धमा संस्था, सुविधा र सेवाको विकास गर्नेछन्।

३. राज्यपक्षहरूले श्रमिक बुवाआमाको बालबालिकाहरूले पाउनुपर्ने बालस्याहार सेवा र सुविधाहरूको उपभोग गर्ने अधिकार छ भन्ने कुराको सबै आवश्यक व्यवस्था मिलाउने छन्।

अनौपचारिक सारांश

बुवाआमाको दायित्वहरू

आफ्ना बालबालिकाको लालन पालनको लागि बुवाआमा दुवैको संयुक्त प्राथमिक दायित्व छ भन्ने सिद्धान्त र यस कार्यमा राज्यले उनीहरूलाई सहयोग गर्नुपर्ने।

धारा–१९

१. राज्यपक्षहरूले बालबालिकाप्रति निजको बुवा, आमा वा वैधानिक अभिभावक वा अन्य व्यक्तिहरूको हेरचाहमा रहेको अवस्थामा त्यस्ता व्यक्तिको तर्फबाट हुन सक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक चोट वा दुर्व्यवहार, हेला वा उपेक्षित व्यवहार वा यौन दुराचारलगायतका शोषणहरूबाट बालबालिकालाई जोगाउन उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउनेछन्।

२. यस प्रकारका संरक्षात्मक कार्यहरूमा उपयुक्त भएसम्म सामाजिक कार्यक्रमहरूको संस्थापनाको लागि प्रभावकारी कार्यविधिहरू समावेश गरी बालबालिका र बालबालिकाको स्याहार गर्नेहरूलाई सहायता पुऱ्याउनुको साथै अन्य प्रकारको निवारक उपायहरू गर्नुपर्ने छ र साथै माथि उल्लेख गरिएका प्रकारका बाल दुर्व्यवहारको घटनाहरू पत्ता लगाउने, खबर गर्ने, सोध्ने एवम् तिनीहरूको जानकारी, अनुसन्धान, उपचार तथा अनुगमनको लागि र आवश्यक भएमा न्यायिक हस्तक्षेपको लागि समेत प्रभावकारी उपाय गरिनु पर्दछ।

अनौपचारिक सारांश

दुर्व्यवहार र उपेक्षाबाट संरक्षण

बुवाआमा वा बालबालिकाको स्याहारको निम्ति उत्तरदायी व्यक्तिहरूद्वारा हुने सबै प्रकारको दुर्व्यवहारबाट जोगाउने तथा यस सम्बन्धमा निवारक र उपचारका उपायहरू अपनाउने राज्यको दायित्व हुने।

धारा–२०

१. कुनै पनि बालबालिका स्थायी वा अस्थायीरूपमा आफ्नो पारिवारिक वातावरणबाट वञ्चित भएमा वा त्यस प्रकारको वातावरणमा रहँदा निजको सर्वोपरी हितको विपरीत हुने भएमा त्यस्ता बालबालिकाले राज्यद्वारा प्रदत्त विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुनेछ।

२. राज्यपक्षहरूले आफ्ना राष्ट्रिय कानुनअनुसार यस्ता बालबालिकाको लागि वैकल्पिक स्याहार प्रदान गर्ने उपाय निश्चित गर्नेछन्।

३. यसप्रकारले गरिने स्याहार कार्यमा अन्य व्यवस्थाहरूका अतिरिक्त बालबालिकाहरूको पालन पद्धति, इस्लामिक कानुनअन्तर्गतको कफाला, दत्तक लिने वा आवश्यकतानुसार बाल स्याहारका उपयुक्त संस्थाहरूमा भर्ना गर्ने जस्ता कार्यहरू समावेश हुनेछन्। यस्ता कुराहरूको समाधान गरिँदा बालबालिकाको जातीय, धामिक, सांस्कृतिक तथा भाषिक पृष्ठभूमिलाई ध्यानमा राखी निजको लालनपालनमा निरन्तरपना कायम रहने तरिकामा ध्यान दिइनु पर्दछ।

अनौपचारिक सारांश

परिवारविहीन बालबालिकाको संरक्षण

पारिवारिक वातावरणबाट वञ्चित बालबालिकालाई विशेष संरक्षण प्रदान गर्ने र उसको सांस्कृतिक पृष्ठभूमिलाई मध्यनजर राख्दै उपयुक्त वैकल्पिक पारिवारिक स्याहार अर्थात संस्थागत स्याहार सेवाको व्यवस्था मिलाउनुपर्ने राज्यको दायित्व।

धारा–२१

दत्तक लिने प्रथालाई मान्यता वा अनुमति दिने राज्यपक्षहरूले तिनीहरूले बालबालिकाको सर्वोपरी हितलाई प्राथमिकता दिनेछन् र तिनीहरूले:

(क) बालबालिकालाई दत्तक लिने विषयमा सक्षम अधिकारीले मात्र स्वीकृति दिइएको हुनुपर्दछ। उपयुक्त कानुन र कार्यविधिअनुसार र सम्पूर्ण सान्दर्भिक र भरपर्दो जानकारीको आधारमा बुवा, आमा, नातेदार र वैधानिक संरक्षकहरूको स्थितिलाई दृष्टिगत गरी त्यस्ता बालबालिकालाई दत्तक लिन दिन हुन्छ भन्ने लागेमा त्यस्तो स्वीकृति दिन हुन्छ। आवश्यक परेमा सम्बन्धित व्यक्तिहरूले दत्तक लिने विषयमा उपलब्ध सरसल्लाहको आधारमा पूर्ण जानकारी लिएर मात्र आफ्नो स्वीकृति दिएको हुनुपर्दछ।

(ख) यदि कुनै बालबालिकालाई पालनपोषण गर्ने वा परिवारमा राख्न सकिने भन्ने सम्भावना नभएमा वा निजको जन्मभूमिमा उचित स्याहार पुऱ्याउन सकिन्न भन्ने लागेमा अन्तरदेशीयरूपमा दत्तक लिने दिने प्रक्रियालाई पनि बाल स्याहारको एउटा वैकल्पिक उपायको रूपमा लिन सकिन्छ भन्न कुरालाई मान्यता दिइनेछ।

(ग) अन्तरदेशीयरूपमा दत्तक लिइएको बालबालिकालाई स्वदेशमा दत्तक लिइएका बालबालिकासरह समान सुरक्षा तथा स्तर प्राप्त छ भन्ने कुराको पूर्वनिश्चित गरिनु पर्दछ।

(घ) अन्तरदेशीयरूपमा दत्तक लिने प्रक्रियाको क्रममा यसमा संलग्न व्यक्तिहरूले अनुचित आर्थिक फाइदा उठाएका छैनन् भन्ने कुरा यकीन गर्नको लागि उपयुक्त कदमहरू चाल्नेछन्।

(ङ) यस धारामा उल्लेखित उद्देश्यहरू उपयुक्तताअनुसार द्विपक्षीय वा बहुपक्षीय व्यवस्था वा सम्झौताद्वारा सम्बर्द्धन गर्नेछन् र यस्तो बन्दोवस्तअनुसार अन्य देशमा गरिएकोबालबालिकाको पालनपोषणको काम सक्षम अधिकारीहरू वा निकायहरूबाट हुनेछ भनि निश्चित गर्ने प्रयास गर्नेछन्।

अनौपचारिक सारांश

दत्तक लिने प्रक्रिया

दत्तक लिने प्रक्रियालाई मान्यता वा अनुमति दिने प्रचलन भएको देशमा दत्तकरूपमा दिइएका बालबालिकाको सम्बन्धमा आवश्यक सबै बचाउ राखिएको र सक्षम अधिकारीहरूले मात्र स्वीकृति दिन पाउने गरी बालबालिकाको हितलाई ध्यानमा राखेर मात्र दिने व्यवस्था।

धारा–२२

१. राज्यपक्षहरूले सम्बन्धित अन्तर्राष्ट्रिय वा राष्ट्रिय कानुन र कार्यविधिहरूअनुसार शरणार्थी हुन खोजिरहेका वा शरणार्थी भइसकेका बालबालिकाले आफ्नो बुवा, आमा वा अन्य कोहीसँग बसे पनि वा

नबसे पनि यस महासन्धिमा र आफूसमेत पक्ष भएको अन्य अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय व्यवहारसम्बन्धी अन्य लिखतहरूमा उल्लेखित अधिकारको उपभोगसम्बन्धी उचित संरक्षण र मानवीय सहयोग प्राप्त गर्न पाउने व्यवस्था गर्नेछन्।

२. यस उद्देश्यको निमित्त राज्यपक्षहरूले बालबालिकाको परिवारसँग पुनर्मिलन गराउनको लागि आवश्यक जानकारी प्राप्त गर्न यस्ता शरणार्थी बालबालिकाको बुवाआमा वा परिवारका अन्य सदस्यहरूलाई पत्ता लगाउने काममा संयुक्त राष्ट्रसङ्घसँग सम्बद्ध अन्य सम्बन्धित अन्तरसरकारी सङ्गठनहरू र यसप्रकारको बाल सरंक्षण तथा सहायता कार्यमा संयुक्त राष्ट्रसङ्घलाई सहयोग गरिरहेका गैरसरकारी सङ्गठनलाई उपयुक्तताअनुसार सहयोग प्रदान गर्नेछन्।

अनौपचारिक सारांश

शरणार्थी बालबालिका

शरणार्थी बालबालिका वा शरणार्थी हुन खोजीरहेका बालबालिकालाई विशेष संरक्षण दिनुपर्ने र त्यसको संरक्षण र सहायता दिने संस्थाहरूलाई सहयोग गर्नुपर्ने राज्यहरूको दायित्व।

धारा–२३

१. कुनै पनि मानसिक वा शारीरिकरूपमा अपाङ्ग बालबालिकालाई निजको मर्यादा कायम गराउने, स्वावलम्बनमा अभिवृद्धि गर्ने र आफ्नो समुदायमा सक्रिय सहभागिता लिन सघाउ पुऱ्याउने वातावरणमा पूर्ण तथा सम्मानपूर्वक जीवनयापन गर्न पाउनु पर्दछ भन्ने कुरा राज्यपक्षहरूले मान्यता दिन्छन्।

२. राज्यपक्षहरूले अपाङ्ग बालबालिकाको विशेष स्याहारको अधिकारलाई मान्यता दिन्छन् र उपलब्ध श्रोतहरूले भ्याएसम्म योग्य बालबालिकालाई र तिनको हेरचाह गर्न जिम्मा लिनेलाई आवश्यक सहायता उपलब्ध गराउन त्यस सम्बन्धमा आवेदन परेमा र त्यस्तो बालकको अवस्था र निजको हेरचाह गर्ने बुवा, आमा वा अन्य व्यक्तिको परिस्थितिअनुसार उपयुक्त भएमा यस्तो सहायता विस्तार गर्न प्रोत्साहन र निश्चित गर्नेछन्।

३. अपाङ्ग बालबालिकाको विशेष आवश्यकतालाई विचार गर्दै बालबालिकाको स्याहार गर्ने बुवाआमा वा अन्य व्यक्तिहरूको आर्थिक श्रोतलाई ध्यानमा राखी सम्भव भएसम्म प्रकरण २ मा उल्लेखित सहयोग निःशुल्क उपलब्ध गराइनेछ र कुनै पनि अपाङ्ग बालबालिकाको सांस्कृतिक तथा आध्यात्मिक अभिबृद्धिलगायत निजले हुन सक्नेसम्म पूर्णरूपमा समाजमा समाहित हुने र निजको व्यक्तिगत विकास हुने तवरबाट, शिक्षा, प्रशिक्षण, स्वास्थ्य स्याहार सेवाहरू, पुनर्स्थापन सेवाहरू र रोजगारीको तयारी र मनोरञ्जनका अवसरहरू प्राप्त गर्ने र त्यसमा वास्तविक पहुँच हुने गरी व्यवस्था गर्ने कुरामा निश्चय गर्नेछन।

४. राज्यपक्षहरूले पुनर्स्थापन, शिक्षा र व्यवसायिक सेवाहरूको तरीकासम्बन्धी सूचनाहरू वितरण गर्ने र प्राप्त गर्ने लगायत अपाङ्ग बालबालिकासम्बन्धी निवारक स्वास्थ्य, स्याहार र औषधी उपचार, मनोवैज्ञानिक र कार्यमूलक उपचारको क्षेत्रमा उचित जानकारीको आदान प्रदान गर्ने कुरालाई अन्तर्राष्ट्रिय सहयोगको भावनाअनुसार अभिवृद्धि गर्नेछन्। यस क्षेत्रमा आफ्नो अनुभवलाई विस्तार गर्न र आफ्नो क्षमता र सीपलाई विकास गर्न राज्यपक्षहरूलाई सक्षम बनाउने उद्देश्यले पनि

त्यस्तो भावनालाई अन्तर्राष्ट्रिय सहयोगको सम्बर्द्धन गर्नेछन्। यस विषयमा विकासोन्मुख देशहरूको आवश्यकताबारे विशेषरूपमा विचार गरिनेछ।

अनौपचारिक सारांश

अपाङ्ग बालबालिकाहरू

समाजमा जतिसक्दो बढी स्वावलम्बन पाउने र पूर्ण र सक्रिय जीवनयापन गर्न योग्य बनाउने उद्देश्यले विशेष स्याहार, शिक्षा र प्रशिक्षण पाउने अपाङ्ग बालबालिकाको अधिकार।

धारा–२४

१. राज्यपक्षहरूले बालबालिकाको उच्चतम स्तरको स्वास्थ्य कायम गर्ने र विरामीको लागि उपचार गर्न पाउने सुविधा र स्वास्थ्यको पुनर्लाभ गर्न पाउने अधिकारलाई मान्यता दिनेछन्। राज्यपक्षहरूले कुनै पनि बालबालिकाले यस्तो स्वास्थ्य स्याहार सेवाहरू पाउने अधिकारबाट वञ्चित हुनु नपरोस् भनी निश्चित गर्न सक्दो प्रयास गर्नेछन्।

२. राज्यपक्षहरूले यो अधिकारको पूर्ण कार्यान्वयन गर्नेछन् र विशेषत: देहायका कदमहरू चाल्नेछन्:

(क) शिशु तथा बाल मृत्यु दर घटाउने,

(ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिँदै सम्पूर्ण बालबालिकालाई दिइने आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहारको व्यवस्था निश्चित गर्ने,

(ग) वातावरणीय प्रदुषणबाट हुने खतरा र जोखिमहरूलाई मध्यनजर राख्दै प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र रही सहजरूपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा प्रर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषणको विरुद्ध लडने,

(घ) आमाहरूको निम्ति गर्भिणी र सुत्केरी अवस्थामा उचित स्वास्थ्य स्याहारको व्यवस्था निश्चित गर्ने।

(ङ) समाजको प्रत्येक क्षेत्रमा, खासगरी बुवाआमा र बालबालिकाहरूलाई बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाई र वातावरणीय पाइखानाको फाइदाहरू र दुर्घटनाको रोकथामबारे जानकारी दिइएको छ, शिक्षा उपलब्ध छ तथा यस काममा सहयोग पुऱ्याइएको छ भन्ने कुरामा निश्चित गर्ने,

(च) निवारक स्वास्थ्य स्याहार, बुवाआमाको लागि सरसल्लाह र परिवार नियोजनसम्बन्धी शिक्षा र सेवाहरूको विकास गर्ने।

३. राज्यपक्षहरूले बालबालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालको परम्परागत उपचारलाई निर्मुल गर्ने उद्देश्यले सम्पूर्ण प्रभावशाली र उपयुक्त कदमहरू चाल्नेछन्।

४. राज्यपक्षहरूले यस धारामा मान्यता दिइएको अधिकारलाई पूर्णरूपमा लागु गर्न अन्तर्राष्ट्रिय सहयोगलाई सम्बर्द्धन र प्रोत्साहन गर्न जिम्मा लिन्छन्। यस सन्दर्भमा विकासोन्मुख देशहरूको आवश्यकता बारेमा विशेषरूपमा विचार गरिनेछ।

अनौपचारिक सारांश

स्वास्थ्य र स्वास्थ्य सेवाहरू

प्राथमिक र निवारक स्वास्थ्य स्याहार, जनस्वास्थ्य शिक्षा र न्यून बाल मुत्युदरलाई विशेष जोड

दिँदै सम्भव भएसम्मको उच्चतम स्तरको स्वास्थ्यसम्बन्धी अधिकार र स्वास्थ्य र औषधोपचारसम्बन्धी सेवा प्राप्त गर्ने अधिकार। हानिकारक परम्परागत शैलीहरूलाई उन्मूलन गर्ने दिशामा काम गर्ने राज्यको दायित्व। यस बालअधिकारलाई निश्चित पार्न अन्तर्राष्ट्रिय सहयोगमा जोड दिइने।

धारा–२५

राज्यपक्षहरूले बालबालिकालाई निजको स्याहार, संरक्षण वा शारीरिक र मानसिक स्वास्थ्यको उपचारको लागि सक्षम निकायबाट पालन व्यवस्थामा राखिएको भए सो सम्बन्धमा आफूउपर भएको व्यवहार तथा आफू राखिएको व्यवस्थासम्बन्धी परिस्थितिहरूको आवधिक समीक्षा गराउने निजको अधिकारलाई मान्यता दिनेछन्।

अनौपचारिक सारांश

पालन स्थानको आवधिक समिक्षा

स्याहार, संरक्षण तथा उपचारको लागि राज्यको तर्फबाट राखिएका बालबालिकालाई त्यस्ता स्थानमा भएको बन्दोवस्तबारे नियमित तवरले मूल्याङ्कन हुनुपर्नेसम्बन्धी अधिकार।

धारा–२६

१. राज्यपक्षहरूले सामाजिक बीमालगायत सामाजिक सुरक्षासम्बन्धी सुविधाबाट लाभ उठाउन पाउने प्रत्येक बालबालिकाको अधिकारलाई मान्यता दिनेछन् र यस अधिकारको पूर्ण प्राप्तितर्फ आ-आफ्ना राष्ट्रिय कानुनबमोजिम आवश्यक सबै कदमहरू चाल्नेछन्।

२. यस्ता सुविधाहरू बालबालिकाको र बालबालिकाको पालनपोषणको लागि उत्तरदायी व्यक्तिहरूको श्रोत र परिस्थितिको साथै सुविधाको लागि बालबालिकाले वा निजको तर्फबाट गरिएको आवेदनसँग सम्बन्धित अन्य कुरालाई समेत ध्यानमा राखेर उपयुक्तताको आधारमा प्रदान गरिनेछ।

अनौपचारिक सारांश

सामाजिक सुरक्षा

बालबालिकालाई सामाजिक सुरक्षासम्बन्धी सुविधा पाउने अधिकार।

धारा–२७

१. राज्यपक्षहरूले कुनै पनि बालबालिकाको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई मान्यता दिनेछन्।

२. बुवाआमाहरू वा बालबालिकाको सम्बन्धमा उत्तरदायी व्यक्तिहरूको आफ्नो सामर्थ्य र आर्थिक क्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि चाहिने रहनसहनका अवस्थाको बन्दोवस्त गर्नु प्राथमिक दायित्व हुनेछ।

३. राज्यपक्षहरूले राष्ट्रिय परिस्थितिअनुरूप आफ्नो स्रोत साधनले भ्याएसम्म यो अधिकारलाई कार्यान्वयन गराउन बुवाआमाहरू वा बालबालिकाको सम्बन्धमा उत्तरदायी व्यक्तिहरूलाई सहयोग गर्न उचित पाईला चाल्नेछन् र आवश्यक परेमा खासगरी गाँस, बास र कपासको सम्बन्धमा भौतिक सहायता प्रदान गर्नेछन तथा यस्ता कार्यक्रम सञ्चालन गर्नेछन्।

४. राज्यपक्षहरूले स्वदेशमा तथा विदेशमा रहेका बुवाआमाहरू वा बालबालिकाको आर्थिक दायित्वबहन गर्ने व्यक्तिहरूबाट बालबालिकाको स्याहार सुसारका लागि चाहिने माना चामल असुलउपर गर्न उचित पाइलाहरू चाल्नेछन। खासगरी, बालबालिकाप्रति आर्थिक दायित्वबहन गर्ने व्यक्ति बालबालिका बस्ने ठाउँभन्दा भिन्दै राज्यमा बसेका रहेछन् भने राज्यपक्षहरूले यस प्रयोजनको लागि अन्तर्राष्ट्रिय सन्धिहरूमा संलग्न हुनेछन् वा त्यस प्रकारको सम्झौता गर्ने तथा अन्य उपयुक्त व्यवस्थाहरू गर्ने प्रक्रियालाई सम्बर्द्धन गर्नेछन्।

अनौपचारिक सारांश

जीवनस्तर

पर्याप्त जीवनस्तरको माध्यमबाट लाभान्वित हुने बालबालिकाको अधिकार। यसलाई पूरा गर्ने बुवाआमाको प्राथमिक दायित्व र आवश्यक भएमा माना चामलको असल उपरद्वारा समेत यस्तो दायित्व पूरा गर्न सकिने नसकिन भनि निरापण गर्ने र पूरा गर्ने समेत राज्यको कर्तव्य।

धारा–२८

१. राज्यपक्षहरूले बालबालिकाको शिक्षाको अधिकारलाई मान्यता दिन्छन् र समान अवसरको आधारमा यस अधिकारको क्रमिक प्राप्तिको लागि विशेष गरी देहायको व्यवस्था गर्नेछन्:

(क) प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई नि:शुल्क उपलब्ध गराउने,

(ख) साधारण र व्यवसायिक शिक्षासहित विविध प्रकारको माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने र पुऱ्याउने तथा नि:शुल्क शिक्षाको शुरुवात गर्ने र आवश्यकता परेमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता उपयुक्त उपायहरू गर्ने,

(ग) क्षमताको आधारमा सबैको निम्ति हरेक उपयुक्त साधनहरूद्वारा उच्च शिक्षा प्राप्त हुन सक्ने गराउने, स्थानमा भएको बन्दोवस्तबारे नियमित तवरले मूल्याङ्कन हुनुपर्नेसम्बन्धी अधिकार।

(घ) सम्पूर्ण बालबालिकाहरूलाई शैक्षिक र व्यवसायिक जानकारी र मार्गदर्शन उपलब्ध गराउने र पुऱ्याउने,

(ङ) विद्यालयमा नियमित हाजिरीलाई प्रोत्साहित गर्ने र पढाई परित्याग गर्नेहरूको सङ्ख्या घटाउन विभिन्न उपायहरू अपनाउने।

वर्तमान महासन्धिको प्रावधानबमोजिम विद्यालयमा अनुशासनसम्बन्धी नियम लागु गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन्।

३. राज्यपक्षहरूले शिक्षाको क्षेत्रमा, खास गरी विश्वबाटै अज्ञानता र निरक्षरतालाई हटाउनको लागि अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्धन तथा प्रोत्साहन दिनेछन्। उक्त सहयोगभित्र वैज्ञानिक तथा प्राविधिक ज्ञान प्राप्त गर्न सहज तुल्याउने तथा आधुनिक शिक्षण तरीकामा योगदान गर्ने कुरा पनि समावेश छन्। यस सम्बन्धमा विकासोन्मुख देशहरूको खाँचोहरूलाई विशेष ध्यान दिइनेछ।

अनौपचारिक सारांश

शिक्षा

शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र कम्तिमा प्राथमिक शिक्षा अनिवार्य र नि:शुल्क गराउन राज्यको दायित्व। विद्यालयमा अनुशासन कायम राख्दा बालबालिकाको मानवीय मर्यादा प्रतिबिम्बत हुनुपर्ने। यस अधिकारलाई सुनश्चित गराउन अन्तर्राष्ट्रिय सहयोगमा जोड दिइने।

धारा-२९

१. राज्यपक्षहरूले बालबालिकाको शिक्षा निम्न विषयमा दिशागत हुनुपर्ने कुरामा सहमति जनाउँछन्:

(क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक क्षमताको पूर्ण प्रखरता विकास गर्ने।

(ख) मानवअधिकार र मौलिक स्वतन्त्रता र संयुक्त राष्ट्रसङ्घको वडापत्रमा उल्लेखित सिद्धान्तहरूका आदर गर्ने भावनालाई विकास गर्ने।

(ग) बालबालिकाको बुवाआमाप्रति, उसको आफ्नै सांस्कृतिक परिचय, भाषा र मूल्यहरूप्रति, बालबालिका जन्मेको देशको राष्ट्रिय मूल्यप्रति, निजको उत्पतिको देशप्रति र बालबालिकाको आफ्नोभन्दा फरक किसिमको सभ्यताप्रतिको आदरको विकास गर्ने।

(घ) सम्पूर्ण जनताहरू, जाति, राष्ट्रिय र धार्मिक समुदाय र आदिवासी मूलका मानिसहरूबीच समझदारी, शान्ति, सहिष्णुता, लिङ्ग समानता र मित्रताको भावनाअनुरूप एउटा स्वतन्त्र समाजमा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकालाई तयार पार्ने।

(ङ) प्राकृतिक वातावरणको सम्मान गर्ने भावनाको विकास गर्ने।

२. शैक्षिक संस्थाहरू स्थापना गर्न र सञ्चालन गर्न व्यक्ति र संस्थानहरूको स्वतन्त्रतालाई बाधा पुग्ने गरी यो धारा वा धारा २८ को कुनै पनि अंशको अर्थ लगाइने छैन। तर त्यस्ता शैक्षिक संस्थाहरूको सञ्चालन तथा स्थापना यस धाराको प्रकरण १ मा व्यवस्था गरिएको सिद्धान्तहरूअन्तर्गत र यस्ता संस्थाहरूमा दिइने शिक्षा राज्यद्वारा तोकिएको न्यूनतमस्तरअनुसार हुनुपर्ने सर्तका अधीनमा रही व्यवस्थित हुनेछ।

अनौपचारिक सारांश

शिक्षाको उद्देश्य

शिक्षा बालबालिकाको व्यक्तित्व र बौद्धिक क्षमताको विकासतर्फ निर्देशित हुनुपर्ने र वयस्कको रूपमा सक्रिय जीवन बिताउन बालबालिकालाई तयार गर्ने तर्फ मौलिक मानव अधिकारप्रति आदर जगाउने र बालबालिकामा आफ्नो र अरुको सांस्कृतिक र राष्ट्रिय मूल्यहरूप्रति आदरको भावनाको सम्बर्द्धन गर्ने तर्फ लक्षित हुनुपर्ने।

धारा-३०

जाति, धर्म वा धार्मिक अल्पसङ्ख्यकहरू वा आदिवासी मूलका मानिसहरू बसोवास गरेको राज्यहरूमा त्यस्तो अल्पसङ्ख्यक वा आदिवासीका बालबालिकालाई आफ्नो समूहको अन्य सदस्यहरूसँग सामुदायिकरूपमा आफ्नो संस्कृति मान्न पाउने, आफ्ना धर्म पालन तथा प्रयोग गर्न पाउने वा आफ्नो भाषा बोल्न पाउने अधिकारबाट वञ्चित गरिने छैन।

अनौपचारिक सारांश

अल्पसङ्ख्यक वा आदिवासी जनताका बालबालिकाहरू

अल्पसङ्ख्यक समुदाय र आदिवासी जनताको बालबालिकाहरूको आफ्नो संस्कृति मान्न पाउने र आफ्नो धर्म र भाषा प्रयोग गर्न पाउने अधिकार।

धारा–३१

१. राज्यपक्षहरूले बालबालिकाको आराम गर्ने र फुर्सद लिन पाउने, उमेर सुहाउँदो खेल र मनोरञ्जनपूर्ण गतिविधिहरूमा संलग्न हुन पाउने र सांस्कृतिक जीवन र कलामा स्वतन्त्ररूपले सहभागी हुन पाउने अधिकारलाई मान्यता दिनेछन्।

२. राज्यपक्षहरूले सांस्कृतिक र कलात्मक जीवनमा पूर्णरूपले भाग लिन पाउने बालबालिकाको अधिकारलाई सम्मान र सम्बर्द्धन गर्नेछन् र सांस्कृतिक, कलात्मक, मनोरन्जनात्मक र फुर्सदसम्बन्धी क्रियाकलापको लागि सुहाउँदो र समान अवसर प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहन दिनेछन्।

अनौपचारिक सारांश

फुर्सद, आराम र सांस्कृतिक कृयाकलापहरू

आराम गर्ने, खेल्ने तथा सांस्कृतिक र कलात्मक गतिविधिहरूमा भाग लिने बालबालिकाको अधिकार।

धारा–३२

१. राज्यपक्षहरूको आर्थिक शोषणबाट र हानिकारक खालको काम गर्नबाट वा बालबालिकाको शिक्षामा दखल पुग्ने वा बालबालिकाको स्वास्थ्य वा तिनीहरूको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई मान्यता दिनेछन्।

२. राज्यपक्षहरूले यो धाराको कार्यान्वयन निश्चित गर्न वैधानिक, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू चाल्नेछन्। यस प्रयोजनको लागि तथा अन्य अन्तर्राष्ट्रिय लिखतका सम्बन्धित प्रावधानहरूलाई ध्यानमा राख्दै, विशेष गरी देहायका व्यवस्थाहरू गर्नेछन्:

(क) रोजगारीमा प्रवेश गर्न उमेरको न्यूनतम हद वा न्यूनतम उमेर तोक्ने व्यवस्था गर्ने,

(ख) काम गर्ने समय र रोजगारीका सर्तहरूसम्बन्धी उपयुक्त नियमहरूको व्यवस्था गर्ने,

(ग) यस धाराको प्रभावकारी कार्यान्वयनको लागि उचित दण्ड र अन्य बन्देजहरूको व्यवस्था गर्ने।

अनौपचारिक सारांश

बाल मजदुर

स्वास्थ्य, शिक्षा वा विकासमा हानी पुग्ने प्रकारको काममा बालबालिकाहरूलाई लगाउनबाट संरक्षण गर्न तथा रोजगारीको लागि न्यूनतम उमेरको हद तोक्ने र रोजगारीको सर्तहरू लागु गराउने राज्यको दायित्व।

धारा–३३

राज्यपक्षहरूले सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरूमा उल्लेख भएअनुसार लागूऔषध तथा मनोसंदीपक पदार्थहरूको गैरकानुनी प्रयोगबाट बालबालिकाहरूलाई जोगाउन र त्यस प्रकारको वस्तुको अवैध उत्पादन र बिक्री वितरणमा बालबालिकाको उपयोगलाई रोकथाम गर्न वैधानिक, प्रशासकीय, सामाजिक र शैक्षिकलगायतका सबै उचित उपायहरू गर्नेछन्।

अनौपचारिक सारांश

लागूपदार्थको दुरूपयोग

लागूपदार्थ र मनोसंदीपक पदार्थको प्रयोगबाट संरक्षण पाउने र यसको उत्पादन एवम् वितरणमा संलग्न गराउने कामबाट जोगिने बालबालिकाको अधिकार।

धारा–३४

राज्यपक्षहरूले बालबालिकाहरूलाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्ने काम गर्नेछन। यस प्रयोजनको निम्ति राज्यक्षहरूले निम्न कुराहरूलाई रोक्न सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन्:

(क) कुनै प्रकारको गैरकानुनी यौन कार्यहरूमा बालबालिकालाई संलग्न गराउने, प्रलोभन वा दबाब दिने,

(ग) अश्लील चित्रणको काममा वा पत्रपत्रिकाहरूमा बालबालिकाहरूलाई शोषणयुक्त प्रयोग गर्ने।

अनौपचारिक सारांश

यौन शोषण

बेश्यावृत्ति वा अश्लील चित्रणमा संलग्नतालगायतको यौन शोषण र दुर्व्यवहारबाट संरक्षण पाउने बालबालिकाको अधिकार।

धारा–३५

राज्यपक्षहरूले कुनै पनि उद्देश्यको लागि वा कुनै पनि रूपमा बालबालिकाहरूको अपहरण बेचबिखन वा सौदावाजीलाई रोकथाम गर्न सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन्।

अनौपचारिक सारांश

बेचबिखन, सौदावाजी र अपहरण

बालबालिकाको बेचबिखन, सौदावाजी र अपहरणलाई रोकथाम गर्न हरेक प्रयास गर्नु राज्यको दायित्व।

धारा–३६

राज्यपक्षहरूले बाल कल्याणको कुनै पनि कुराको विपरीत हुने सबै किसिमका शोषणका विरुद्ध बालबालिकाको संरक्षण गर्नेछन्।

अनौपचारिक सारांश

अन्य किसिमको शोषण

धारा ३२, ३३, ३४ र ३५ मा समाविष्ट नभएका अन्य सबै प्रकारका शोषणहरूबाट सुरक्षित हुने बालबालिकाको अधिकार।

धारा–३७

राज्यपक्षहरूले निश्चित गर्ने छ कि:

(क) कुनै पनि बालबालिकालाई यातना वा अन्य कुनै क्रुरता, अमानवीय वा होच्याउने खालको व्यवहार वा सजाँय दिइने छैन। १८ वर्षभन्दा कम उमेरका व्यक्तिद्वारा गरिएका अपराधहरूको लागि मृत्युदण्डका सजाय वा रिहाई पाउने नसकिने गरी आजीवन कारावासको सजाय दिइने छैन।

(ख) कुनै पनि बालबालिकालाई गैरकानुनी वा अनुचित तवरले तिनको स्वतन्त्रताबाट वञ्चित गरिने छैन। बालबालिकाको गिरफ्तारी, थुना वा कारावास कानुनअनुकूल तवरबाट हुनेछ र सम्भव भएसम्म छोटो, उपयुक्त समयको लागि र अन्तिम उपायकोरूपमा मात्र अपनाइने छ।

(ग) स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई मानवीयता र मानवको अन्तरनिहित मर्यादाअनुरूप तथा निजहरूको उमेरअनुसारको व्यक्तिको आवश्यकतालाई ध्यानमा राखी सो सुहाउँदो सम्मान गरिनेछ। खास गरेर स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई निजको सर्वोपरी हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयस्क व्यक्तिहरूबाट छुट्टै राखिनेछ। बालबालिकालाई खास अवस्थामा बाहेक पत्राचार र भेटघाटको माध्यमबाट आफ्ना परिवारसँग सम्पर्क राख्ने अधिकार प्राप्त हुनेछ।

(घ) स्वतन्त्रताबाट वञ्चित प्रत्येक बालबालिकालाई कानुनी वा अन्य उपयुक्त सहयोग पाउने अधिकार साथै कुनै अदालत वा अन्य सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारीसमक्ष आफ्नो स्वतन्त्रता वञ्चित गर्ने प्रक्रियाको वैधता बारेमा उजुरी दिने अधिकार र त्यस्तो उजुरीमा तदारुख निर्णय पाउने अधिकार हुनेछ।

अनौपचारिक सारांश

यातना र स्वतन्त्रताको अपहरण

यातना, क्रर व्यवहार वा सजाय, मृत्युदण्ड, आजीवन कारावास र गैरकानुनी गिरफ्तारी अथवा स्वतन्त्रताको अपहरणमा प्रतिबन्ध।

उपयुक्त व्यवहारको सिद्धान्तहरू, वयस्क बन्दीहरूबाट अलग राखिनुपर्ने परिवारसँगको सम्पर्क र कानुनी तथा अन्य सहयोगको प्राप्ति।

धारा–३८

१. सशस्त्र सङ्घर्षको सम्बन्धमा राज्यहरूलाई लागु हुने अन्तर्राष्ट्रिय मानवीय कानुनको बालबालिकासँग सम्बन्धित व्यवस्थाको आदर गर्ने र गराउने अभिभारा राज्यपक्षहरूले लिन्छन्।

२. राज्यपक्षहरूले १५ वर्ष नपुगेका बालबालिकालाई लडाइँमा प्रत्यक्ष भाग लिन नलगाउन व्यवस्था गर्न हरसम्भव उपायहरू चाल्नेछन्।

३. राज्यपक्षहरूले १५ वर्ष नपुगेका कुनै पनि व्यक्तिलाई आफ्नो सशस्त्र सेनामा भर्ना गर्नबाट रोक

लगाउनेछन। राज्यपक्षहरूले १५ वर्ष पुगेका तर १८ वर्ष नपुगेका मानिसहरूमध्येबाट भर्ना गर्दा जेठोलाई प्राथमिकता दिन प्रयत्न गर्नेछन्।

४. राज्यपक्षहरूले अन्तर्राष्ट्रिय मानवीय कानुन मृताविक सशस्त्र लडाइँबाट असैनिक मानिसहरूलाई जोगाउने आफ्नो दायित्वअनुसार सशस्त्र लडाइँबाट प्रभावित बालबालिकाको संरक्षण र स्याहार गर्ने सबै उपयुक्त कदमहरू चाल्नेछन्।

अनौपचारिक सारांश

सशस्त्र सङ्घर्ष

बालबालिकाको सन्दर्भमा लागु हुने मानवीय कानुनको आदर गर्ने र आदर गर्न लगाउने राज्यहरूको दायित्व। १५ वर्ष मुनिका कुनै पनि बालबालिकालाई सशस्त्र लडाइँमा प्रत्यक्ष भाग लिन नलगाउने वा सशस्त्र सेनामा भर्ती नगराउने र सशस्त्र सङ्घर्षबाट प्रभावित बालबालिकाले सुरक्षा र स्याहार पाउने।

धारा–३९

राज्यपक्षहरूले कुनै पनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा कुनै पनि प्रकारको क्रुर, अमानवीय र होच्याउने किसिमको व्यवहार वा सजाय वा सशस्त्र लडाइँको शिकार बनेका कुनै पनि बालबालिकाको शारीरिक वा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापनलाई सम्बर्द्धन गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन्। यसप्रकारको पुनर्लाभ तथा पुनर्स्थापन त्यस्तो बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र मर्यादालाई सघाउ पुऱ्याउने वातावरणमा हुनेछ।

अनौपचारिक सारांश

पुनर्स्थापनासम्बन्धी स्याहार

सशस्त्र सङ्घर्ष, यातना, हेला, दुर्व्यवहार र शोषणका शिकार बनेको बालबालिकालाई आफ्नो पुनर्लाभ र सामाजिक पुनर्स्थापनाका लागि उपयुक्त उपचार दिलाउने राज्यको दायित्व।

धारा–४०

१. राज्यपक्षहरूले आरोपित, अभियुक्त वा फौजदारी कानुनको उल्लङ्घन गरेको भनी मानिएका बालबालिकालाई निजको मर्यादा र महत्वको भावनालाई सम्बर्द्धन गर्ने किसिमबाट तिनीहरूको मनमा अरुहरूको मानवअधिकार र मौलिक स्वतन्त्रताहरू प्रतिको आदर जागृत हुने एवम् तिनीहरूको उमेर एवम् पुनर्स्थापन तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको सम्बर्द्धन हुने वाञ्छनीयतालाई ध्यानमा राखी व्यहार गर्नु पर्नेछ।

२. यसको लागि एवम् अन्तर्राष्ट्रिय लिखतहरूमा भएका प्रासङ्गिक प्रावधानहरूलाई मध्यनजर राख्दै, राज्यपक्षहरूले विशेषत: देहायका कुरा मिलाउने छन्:

(क) कुनै पनि बालबालिकालाई त्यस्ता कार्यहरू गरेवापत वा नगरेको कारणबाट त्यस्तो कार्य हुन गएको समयमा ती कार्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा निषेध गरिएको रहेनछ भने निजलाई त्यस्तो फौजदारी कानुन सम्बन्धमा आरोप लगाउने वा अभियुक्त बनाउन वा उल्लङ्घन गरेको मानिने छैन।

(ख) फौजदारी कानुनको उल्लङ्घन गरेको आरोप लागेको वा अभियुक्त बनाइएको कुनै पनि बालबालिकाले कम्तिमा निम्न कुराको प्रत्याभूति पाउनेछन्:

(१) कानुनद्वारा दोषी सावित नहुञ्जेल निर्दोष अनुमान गरिने,

(२) निजको विरुद्ध लगाइएका अभियोगको सम्बन्धमा तुरुन्त र प्रत्यक्षरूपमा निजलाई र उचित भएमा निजका बुवाआमा वा

(३) कानुनी वा अन्य उचित सहायता दिने व्यक्तिको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाहरूबाट कानुनबमोजिम यथेष्ट सुनवाइपश्चात् सो कुराको निष्कर्ष हुने तथा यस्तो सुनवाइ बालबालिकाको उच्चतम् हितको विपरीत नहुने भएमा निजको उमेर र अवस्थाको समेत विचार गरी निजको बुवाआमा वा वैधानिक अभिभावकको उपस्थिति हुनुपर्ने,

(४) बयान गर्न कर नलगाइने, सावित हुन कर नलगाइने, विपरीतमा बक्ने साक्षीहरूको जिरह गर्ने वा गर्न लगाउने र आफ्नो पक्षका साक्षीहरूलाई विपक्षीसरहको समान स्थितिमा सम्मिलित गराउने र वयान गराउने अवसर दिने,

(५) फौजदारी कानुनको उल्लङ्घन गरेको भन्ने ठहरिएमा सो कुराको फैसला र त्यसको परिणामस्वरूप तोकिएको कुनै पनि कार्यको सम्बन्धमा कानुनबमोजिमको उच्च, सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट पुनरावलोकन हुने,

(६) प्रयोग गरिएको भाषा सो बालबालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने भाष रूपान्तर गर्ने व्यक्तिको नि:शुल्क सहयोग पाउने,

(७) कारबाहीको सम्पूर्ण अवस्थामा निजको निजीपनाको पूर्ण आदर हुने।

३. राज्यपक्षहरूले फौजदारी कानुन उल्लङ्घन गरेको भनी दोष लगाइएका, अभियुक्त बनाइएका वा उल्लङ्घन गरेको मानिएका बालबालिकाहरूका लागि उपयुक्त हुने खालका कानुनहरू, कार्यविधिहरू, अधिकारीहरू र निकायहरूको स्थापनालाई प्रवर्धन गर्ने कार्य गर्नेछन् र विशेषत: निम्न कुराहरूको व्यवस्था गर्नेछन्:

(क) न्यूनतम उमेरको हद तोक्ने, यसभन्दा मुनिका बालबालिकाहरू फौजदारी कानुन उल्लङ्घन गर्न सक्ने क्षमता नभएका भनी अनुमान गरिने छन्।

(ख) उचित र मनासिव भएको खण्डमा यस्ता बालबालिकाहरूका सम्बन्धमा न्यायिक कारबाही नगरी अन्य उपायहरू अवलम्बन गरिनेछ। तर ती उपायहरू मानवअधिकार र कानुनी संरक्षणको अनुकूल हुनुपर्नेछ।

४. बालबालिकाहरूको हितको अनुकूल हुने गरी निजहरूको परिस्थिति र अपराधमा समानुपातिक हुनेगरी निजहरूसँग व्यवहार गर्न विभिन्न प्रकारका उपायहरू जस्तै: स्याहार, मार्गदर्शन र निरीक्षणसम्बन्धी आदेशहरू, सरसल्लाह सेवा, दण्ड, निलम्बन, पालनपोषण, शिक्षा तथा व्यवस्था, व्यावसायिक तालिम कार्यक्रमहरू तथा संस्थागत पालन पोषणका अन्य विकल्पहरू अपनाइने छन्।

अनौपचारिक सारांश

बालबालिकासम्बन्धी न्यायप्रशासन

आरोपित वा अपराधी मानिएको बालबालिकाहरूको सम्बन्धमा मानवअधिकारको आदर विशेषत:

निजहरूको प्रतिकारको तयारी र प्रस्तुतीलगायतका कानुनी कारबाहीको सम्पूर्ण पक्षहरूबाट फाइदा लिन पाउने अधिकार। उचित र सम्भव भएसम्म न्यायिक कारबाही र संस्थागत प्रतिस्थापन सकभर हुन नदिनु राज्यको दायित्व।

धारा-४१

यस महासन्धिका कुनै पनि कुराले बालअधिकारलाई साकार तुल्याउन बढी उपयोगी हुने कुनै पनि निम्नलिखित व्यवस्थालाई असर पार्ने छैन:

(क) त्यस्तो राज्य पक्षको कानुनमा विद्यमान छ भने वा

(ख) त्यस्तो राज्यको निम्ति लागु हुने अन्तर्राष्ट्रिय कानुनमा विद्यमान छ भने।

अनौपचारिक सारांश

विद्यामान मापदण्डको आदर

यदि राष्ट्रिय कानुन वा अन्य व्यवहारिक अन्तर्राष्ट्रिय लिखितहरूका प्रावधानहरू महासन्धिमा व्यवस्थित गरिएको भन्दा झन उच्चस्तरका छन् भने ती उच्चस्तरलाई नै व्यवहारमा लागु गरिने।

भाग-२

धारा-४२

राज्यपक्षहरूले उपयुक्त र सक्रिय माध्यमद्वारा महासन्धिको सिद्धान्तहरू र प्रावधानहरूलाई बालबालिका र वयस्कमा विस्तृतरूपले प्रचार गर्ने अभिभारा लिएका छन्।

धारा-४३

१. वर्तमान महासन्धिद्वारा लिइएको दायित्वहरू हासिल गर्न राज्यपक्षहरूले गरेको प्रगतिको मूल्याङ्कन गर्ने उद्देश्यको लागि बालअधिकार समितिको स्थापना गरिनेछ र त्यसले यसपछि उल्लेखित कार्यहरू गर्नेछ।

२. यो समितिमा यस महासन्धिहरूद्वारा समेटिएको क्षेत्रको उच्च नैतिकता भएका र ख्यातिप्राप्त क्षमतावान् १० जना विशेषज्ञहरू रहनेछन्। समितिका सदस्यहरू राज्यपक्षहरूले आफ्ना नागरिकहरूमध्येबाट निर्वाचित गर्नेछन्। ती सदस्यहरूले आ-आफ्नो व्यक्तिगतरूपमा कार्य गर्नेछन्। समितिका सदस्यहरूको छनौट भौगोलिक विभाजन र प्रमुख कानुन समानुपातिक पद्धतिको आधारमा हुनेछ।

३. राज्यपक्षद्वारा मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतदान गरी समितिका सदस्यहरूको निर्वाचन गरिनेछ। प्रत्येक राज्यपक्षले आफ्नो नागरिकहरूमध्येबाट एक व्यक्ति मनोनित गर्न सक्नेछ।

४. समितिको प्रारम्भिक निर्वाचन यो महासन्धि लागु भएको मितिले ६ महिनाभित्र र त्यसपछि हरेक दोस्रो वर्षमा हुनेछ। हरेक निर्वाचन हुने मितिको करिब चार महिना अगावै संयुक्त राष्ट्रसङ्घका महासचिवले दुई महिनाभित्रमा आ-आफ्नोमनोनयन पत्र दाखिला गर्न राज्यपक्षहरूलाई एउटा पत्र सम्बोधित गर्नेछन्। महासचिवले तत्पश्चात् मनोनित गर्ने राज्यको नाम उल्लेख गरी सम्पूर्ण मनोनित सदस्यहरूको वर्णानुक्रमअनुसार नामावली तयार पार्नेछन् र यो नामावली प्रस्तुत महासन्धिका सहभागी राज्यपक्षहरूसमक्ष प्रस्तुत गर्नेछन्।

५. निर्वाचनको कार्य महासचिवद्वारा संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा आयोजित राज्यपक्षहरूका बैठकमा हुनेछ। यस्तो बैठकको लागि दुईतिहाई राज्यपक्षहरूको उपस्थितिलाई गणपुरक सङ्ख्या पुगेको मानिनेछ। समितिको लागि निर्वाचित व्यक्तिहरू तिनै हुनेछन्। बैठकमा उपस्थित भई मतदान गर्ने राज्यपक्षहरूको प्रतिनिधिहरूको सबैभन्दा बढी मत पाउने तथा स्पष्ट बहुमत प्राप्त गर्ने व्यक्तिहरू समितिको सदस्यमा निर्वाचित भएको मानिनेछ।

६. समितिका सदस्यहरू चार वर्षको लागि निर्वाचित हुनेछन। पुन: मनोनित भएको खण्डमा उनीहरू अर्को निर्वाचनको लागि योग्य हुनेछन्। पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरूमध्येका पाँच जनाको अवधि २ वर्षमा सकिनेछ। पहिलो निर्वाचन भएको लगत्तै पछि यी पाँचजना सदस्यको नाम बैठकको अध्यक्षले गोला प्रथाबाट छुट्याउनेछ।

७. समितिको कुनै सदस्यको मृत्यु भई वा उसले राजिनामा दिएमा वा कुनै अन्य कारणले गर्दा समितिमा काम गर्न सक्षम नभएको भनी घोषणा गरेमा सम्बन्धित राज्यपक्षले बाँकी अवधिको लागि आफ्ना नागरिकहरूमध्येबाट एक जना विशेषज्ञलाई बाँकी अवधिको लागि काम गर्न निमित्त, समितिको स्वीकृतिको अधीनमा रही मनोनित गर्नेछ।

८. समितिले आफ्नो कार्यविधि नियमहरू आफै व्यवस्थित गर्नेछ।

९. समितिले दुई वर्षको अवधिको लागि आफ्ना अधिकृतहरूको निर्वाचन गर्नेछ।

१०.समितिका बैठकहरू सामान्यतया संयुक्त राष्ट्रसङ्घका प्रधान कायालयहरूमा वा समितिले नै निर्धारण गरेबमोजिम अन्य कुनै पायक पर्ने स्थानमा हुनेछन्। समितिको बैठक सामान्यतया: वर्षेनी हुनेछ। समितिको बैठकको अवधि महासभाको स्वीकृति लिई यो महासन्धिमा पक्षहरूको बैठकबाट निश्चित गरिनेछ र आवश्यकताअनुसार सोबारे पुनर्विचार गरिनेछ।

११.यस महासन्धिअन्तर्गतको उक्त समितिको काम कुराको प्रभावशाली कार्यान्वयनको लागि संयुक्त राष्ट्रसङ्घका महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउनेछन्।

१२. महासभाको स्वीकृतिबाट यस महासन्धिअन्तर्गत गठित समितिका सदस्यहरूले सभाद्वारा निर्णित सर्त र अवस्थाहरूअनुसार संयुक्त राष्ट्रसङ्घको श्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन।

धारा-४४

१. राज्यपक्षहरूले संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत महासन्धिमा व्यवस्थित अधिकार सम्बन्धमा आफूले अपनाएको उपायहरूको प्रतिवेदनहरू समितिमा प्रस्तुत गर्ने अभिभारा लिन्छन् र सो प्रतिवदनमा महासन्धिमा उल्लेख भएका अधिकारहरूको उपभोगमा भएको प्रगति देहायबमोजिम प्रस्तुत हुनेछ:

(क) सम्बन्धित राज्यपक्षको सम्बन्धमा महासन्धि लागु भएको दुई वर्षभित्र,

(ख) त्यसपछि हरेक पाँच वर्षमा।

२. यो धाराअन्तर्गत दिइएका प्रतिवेदनहरूमा यस महासन्धिअन्तर्गतका दायित्वहरूको परिपूर्तिको मात्रालाई प्रतिकुल प्रभाव पार्ने कारक र कठिनाइहरूलाई इङ्गित गरिनेछ। साथै यी प्रतिवेदनहरूमा सम्बन्धित राज्यमा भएको महासन्धिको कार्यान्वयनसम्बन्धी विस्तृत जानकारी प्रदान गर्ने खालका पर्याप्त विवरण उल्लेख गरिएको हुनुपर्नेछ।

३. कुनै राज्यपक्षले समितिलाई एउटा विस्तृत प्रारम्भिक प्रतिवेदन बुझाई सकेपछि प्रकरण १(ख) अनुसार

दिइने तत्पश्चात्को प्रतिवेदनमा अघिबाटै दिइसकेको आधारभूत विवरण दोहोऱ्याई राख्नु पर्नेछैन।

४. समितिले महासन्धिको कार्यान्वयनसँग सम्बन्धित अरु बढी जानकारीको लागि राज्यपक्षहरूलाई अनुरोध गर्न सक्नेछ।

५. आफ्ना क्रियाकलापहरू बारेको प्रतिवेदनहरू समितिले आर्थिक तथा सामाजिक परिषदमार्फत दुई वर्षमा संयुक्त राष्ट्रसङ्घको महासभामा पेश गर्नेछ।

६. राज्यपक्षहरूले आफ्नो प्रतिवेदनका कुराहरू आफ्नो देशको सर्वसाधारण जनतालाई व्यापकरूपमा उपलब्ध गराउनेछन्।

धारा-४५

महासन्धिको प्रभावकारी कार्यान्वयनलाई अघि बढाउनको लागि तथा महासन्धिले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई उत्साहित गर्न:

(क) विशेषज्ञ संस्थाहरू, युनिसेफ र संयुक्त राष्ट्रसङ्घका अन्य अङ्गहरूलाई उनीहरूको अधिकारक्षेत्रभित्र पर्ने वर्तमान महासन्धिका प्रावधानहरूका कार्यान्वयन सम्बन्धमा विचार विमर्श गरिँदा प्रतिनिधित्व गर्ने अधिकार हुनेछ। आ-आफ्नो सम्बन्धित अधिकार क्षेत्रहरूभित्र पर्ने महासन्धिको कार्यन्वयन विषयमा समितिले उचित ठानेमा यस कामको लागि ती विशेषज्ञ संस्थाहरू, युनिसेफ र अन्य सक्षम संस्थाहरूलाई विशेषज्ञ परामर्श प्रदान गर्न निम्त्याउन सक्नेछ। समितिले विशेषज्ञ संस्थाहरू युनिसेफ तथा अन्य सक्षम संस्थाहरूलाई उनीहरूको कार्यक्षेत्रभित्र पर्ने विषयहरूमा भएको महासन्धिको कार्यान्यनसम्बन्धी प्रतिवेदन पेश गर्नका लागि निम्त्याउन सक्नेछ।

(ख) राज्यपक्षहरूबाट प्राप्त कुनै पनि प्रतिवेदनहरूमा प्राविधिक सहयोग र सल्लाहको लागि अनुरोध भएको वा त्यस्तो सल्लाहको खाँचो दर्शाइएको रहेछ र समितिलाई उचित लागेको खण्डमा समितिले सो प्रतिवेदन र त्यस्तो अनुरोध तथा सङ्केतहरूको सम्बन्धमा समितिको आफ्नो विचार र सुझावहरू भएमा सो सहित विशेषज्ञ संस्थाहरू, युनिसेफ र अन्य समक्ष संस्थाहरूलाई पठाउनेछ।

(ग) समितिले बालअधिकारसँग सम्बन्धित खास विषयहरूमा आफ्नो तर्फबाट अध्ययन गर्न महासचिवलाई आग्रह गर्ने गरी महासभालाई सिफारिस गर्न सक्नेछ।

(घ) यस महासन्धिको धारा ४४ र ४५ अनुरूप प्राप्त हुन आएको जानकारीको आधारमा समितिले सुझावहरू र सामान्य सिफारिसहरू गर्न सक्नेछ। यस प्रकारका सुझावहरू र सामान्य सिफारिसहरू सम्बन्धित कुनै पनि राज्यपक्षहरूलाई पठाइनेछ र तिनीहरूबाट कुनै टिप्पणी आएको भए सोसहित महासभामा प्रतिवेदन पठाइनेछ।

भाग-३

धारा-४६

यस महासन्धि सम्पूर्ण राज्यहरूबाट हस्ताक्षर हुनको लागि खुल्ला हुनेछ।

धारा-४७

यस महासन्धिमा अनुमोदनको प्रक्रिया अपनाउनु पर्नेछ। अनुमोदनका लिखतहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गर्नुपर्नेछ।

धारा-४८

यस महासन्धि कुनै पनि राज्यबाट संलग्न हुनका लागि खुला रहनेछ। संलग्नताको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गर्नुपर्नेछ।

धारा-४९

१. अनुमोदन वा संलग्नताको बिसौँ लिखत संयुक्त राष्ट्रसङ्घका महासचिव कहाँ दाखिला भएको मितिले तीसौँ दिनमा यो महासन्धि लागु हुनेछ।

२. अनुमोदन वा संलग्नताको बीसौँ लिखतको दाखिलापश्चात् यस महासन्धिलाई अनुमोदन गर्ने वा यसमा संलग्नता दर्शाउने हरेक राज्यको हकमा सो राज्यद्वारा अनुमोदन वा संलग्नताको लिखत दाखिलाको मितिले तिसौँ दिनमा महासन्धि लागु हुनेछ।

धारा-५०

१. यो महासन्धिमा कुनै पनि राज्यपक्षले संशोधनको प्रस्ताव राख्न र यसलाई संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दर्ता गराउन सक्नेछ। संशोधन प्राप्त भएपछि महासचिवले राज्यपक्षहरू सो विषयमा सम्मेलन गराउने पक्षमा र प्रस्तावहरूमा मतदान गर्ने पक्षमा छन् कि छैनन् भन्ने कुराको सङ्केत गर्ने अनुरोध गर्दै प्रस्तावित संशोधनहरू राज्यपक्षहरूलाई पठाउने छन्। यस प्रकारले जानकारी गराइएको मितिले ४ महिनाभित्र कम्तिमा एक तिहाई राज्यपक्षहरूले यस्तो सम्मेलनको चाहना गरेको खण्डमा महासचिवले संयुक्त राष्ट्रसङ्घको तत्वाधानमा सम्मेलनको आयोजना गर्नेछन्। उपस्थित राज्यपक्षहरूमध्ये बहुमतले पारित गरेको कुनै पनि संशोधन संयुक्त राष्ट्रसङ्घका स्वीकृतिको लागि महासभामा प्रस्तुत गरिनेछ।

२. यो धाराको प्रकरण १ बमोजिम पारित संशोधन संयुक्त राष्ट्रसङ्घको महासभाबाट पारित भई राज्यपक्षहरूले दुई तिहाई बहुमतबाट पनि स्वीकृत भएपछि मात्र लागु हुनेछ।

३. कुनै संशोधन लागू हुँदा जुन राज्यपक्षहरूले त्यसलाई स्वीकार गरेका छन्। ती राज्यपक्षहरूले सो संशोधनलाई मान्नैपर्ने हुन्छ र अन्य राज्यपक्षहरूले यस महासन्धिका प्रावधानहरू र आफूले स्वीकार गरेका अघिल्ला संशोधनहरू मान्नु पर्नेछ।

धारा-५१

१. अनुमोदन वा संलग्नताको समयमा राज्यद्वारा संरक्षण गरिएको सर्तहरू संयुक्त राष्ट्रसङ्घको महासचिवले प्राप्त गर्नेछन् र सम्पूर्ण राज्यहरूलाई सोको जानकारी पठाउने छन्।

२. यस महासन्धिको उद्देश्य र प्रयोजनसँग मेल नखाने त्यस्ता सुरक्षित सर्तहरूलाई अनुमति प्रदान गरिने छैन।

३. संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सूचना दिई त्यस्ता सुरक्षित सर्तहरू फिर्ता लिन सकिनेछ। महासचिवले उक्त कुराको जानकारी सम्पूर्ण राज्यहरू कहाँ पठाउनेछन् र यस प्रकारको सूचना महासचिवलाई प्राप्त भएको मितिदेखि लागु हुनेछ।

धारा-५२

संयुक्त राष्ट्रसङ्घका महासचिवको नाममा लिखित सूचना दिएर कुनै पनि राज्यपक्षले यो

महासन्धिलाई परित्याग गर्न सक्नेछ। महासचिवलाई सूचना प्राप्त भएको मितिले एक वर्षपश्चात् परित्याग कार्य प्रभावकारी हुनेछ।

धारा-५३

संयुक्त राष्ट्रसङ्घका महासचिव यस महासन्धिको जिम्मावाले रहनेछन्।

धारा-५४

यस महासन्धिको मूलप्रति जसका अरबी, चिनिया, अङ्ग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस भाषाका मूल पाठहरू समानरूपमा आधिकारीक मानिने छन्, ती प्रतिहरू संयुक्त राष्ट्रसङ्घका महासचिवको जिम्मामा राखिनेछन्। यस कुराको साक्षीको रूपमा सम्बन्धित सरकारबाट पूर्ण अख्तियार प्रदान गरिएको अधिकार सम्पन्न राज्य प्रतिनिधिहरूले वर्तमान महासन्धिमा हस्ताक्षर गरेका छन्।

अनौपचारिक सारांश

कार्यन्वयन तथा लागू हुने

धाराहरू ४२-५४ का प्रावधानहरूले मुख्यतया निम्न कुराहरू स्पष्ट पार्दछन्:

१. यस महासन्धिमा भएका अधिकारहरूबारे वयस्क तथा बालबालिका दुवै थरीलाई व्यापकरूपमा थाहा दिनुपर्ने राज्यको दायित्व।

२. दश जना विशेषज्ञहरू भएको बालअधिकारसँग सम्बन्धित एउटा समिति खडा हुने, त्यसले महासन्धिका राज्यपक्षहरूले गरेको अनुमोदनको २ वर्षपछि र त्यसपछि हरेक ५ वर्षमा बुझाउने प्रतिवेदन विचार गर्ने। २० राष्ट्रहरूले यसमा अनुमोदन गर्नासाथ उक्त समिति खडा हुने र महासन्धि लागू हुने।

३. राज्यपक्षहरूले आफ्ना प्रतिवेदनहरू जनसाधारणमा व्यापकरूपमा उपलब्ध गराउने।

४. समितिले बालअधिकारसम्बन्धी कुनै खास प्रश्नमा विशेष अध्ययनको लागि प्रस्ताव राख्न सक्छ र यसले गरेको मूल्याङ्कनसम्बन्धी राज्यपक्षका साथै संयुक्त राष्ट्रसङ्घको महासभालाई जानकारी दिने।

५. महासन्धिको प्रभावशाली कार्यान्वयन र अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन गर्नको निम्ति संरासंका विशिष्ट संस्थाहरू जस्तै आइएलओ, डब्ल्युएचओ तथा युनेस्को र युनिसेफ उक्त समितिको सभामा उपस्थित हुन सक्नेछन्। संयुक्त राष्ट्रसङ्घ र संयुक्त राष्ट्रसङ्घका अंगहरू जस्तै युएनएचसीआरसित परामर्श हैसियतमा रहेका गैरसरकारी संस्थाहरूलगायतका योग्य मानिएका अन्य कुनै पनि इकाइसँग मिलेर तिनीहरूले समितिलाई चाहिने उपयुक्त जानकारी दिन सक्छन् र महासन्धिकै पूर्ण कार्यान्वयनमा सरसल्लाहको लागि यी संस्थाहरूलाई अनुरोध गर्न सकिनेछ।

शब्दार्थ

अत्यावश्यकीय: नभई नहुने

अनुमोदन: अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर गरी सम्बन्धित देशको मन्त्रिपरिषद्का बहुमत सदस्यले सो हस्ताक्षरलाई समर्थन गर्ने निर्णय गरी ती सन्धि सम्झौतालाई समर्थन गरेको अवस्था

अनौपचारिक शिक्षा: निश्चित उद्देश्यमा आधारित रहे तापनि प्रमाणपत्रको व्यवस्था नगरी जुनसुकै उमेर समूहका मानिसलाई जुनसुकै स्थानमा दिइने शिक्षा

अपरिहार्य: त्याग गर्न नसकिने, छाड्न नहुने, कामका निम्ति अत्यावश्यक, कुनै कामकुराका निम्ति नभई नहुने स्थिति

इजलाश: मुद्दामामिलाको काम गर्ने न्यायिक निकाय, अदालत, न्यायालय

ऐच्छिक प्रलेख: कुनै पनि महासन्धि वा प्रतिज्ञापत्रको सहायक दस्ताबेजको रूपमा जारी गरिएको अन्तर्राष्ट्रिय कानुनी दस्ताबेज। सम्बन्धित महासन्धिलाई अनुमोदन गरेपछि मात्र यसलाई अनुमोदन गर्न पाइन्छ।

औपचारिक शिक्षा: कुनै पनि पूर्वनिर्धारित पाठ्यक्रममा आधारित भएर कुनै निश्चित ठाउँ, समय र स्थानमा निश्चित उद्देश्य हासिल गर्नका लागि दिइने शिक्षा। कुनै पनि विद्यार्थीलाई यो शिक्षा सम्पन्न गरेपछि वा कुनै वा परीक्षा सकिएपछि प्रमाण पत्र दिई कक्षा उतीर्ण गराइन्छ।

कसुर: प्रचलित कानुनले निषेध गरेको काम गरेमा सजायभागी बन्नुपर्ने कार्य

कार्यान्वयन: लिखित वा मौखिकरूपमा कुनै पनि कानुनले लागु गरेको कुरा व्यवहारमा उतार्ने काम

कुमाले: माटाका भाँडाकुँडा बनाउने एक जाति

घोषणा पत्र: कुनै पनि विषयमा निश्चित सभाद्वारा जारी गरिएको अन्तर्राष्ट्रिय कानुनी दस्ताबेज जसलाई हस्ताक्षर गरे पनि राष्ट्रिय कानुनमा त्यहाँ समावेश गरिएका विषयवस्तुलाई समावेश गर्नैपर्छ भन्ने बाध्यकारी व्यवस्था हुँदैन।

छाँया प्रतिवेदन: संयुक्त राष्ट्रसङ्घीय समितिमा गैरसरकारी क्षेत्रबाट पठाइने सम्झौतासम्बन्धी प्रतिवेदन

तहकिकात: कानुनी कारबाहीमा प्रमाण जुटाउने काम

दस्ताबेज: कुनै राजनीतिक पार्टी वा सामाजिक सङ्घसंस्था आदिको आफ्नो कार्य-सञ्चालन र उद्देश्यहरू प्रस्ट उल्लेख गरी पारित भएको प्रतिवेदन

नैसर्गिक: जन्मसिद्ध, प्राकृतिक

परिमार्जन: लेखरचनामा रहेका दोष, त्रुटी आदिलाई हटाएर राम्रो बनाउने काम

परिपक्वः	राम्ररी विकसित भइसकेको, अनुभवी
पारितः	कुनै सभामा पेस गरेर विधिपूर्वक स्वीकृत भएको। नियमअनुसार पास भएको
प्रत्याभूतिः	अनुभूति, कुनै पनि कुरा छ भनेर मनले स्वीकार गरेको अवस्था
प्रतिज्ञापत्र/महासन्धिः	अन्तर्राष्ट्रियस्तरमा धेरै देशहरूका बीचमा कुनै निश्चित विषयमा भएको लिखित सन्धि वा सम्झौता
प्रावधानः	कानुनमा कुनैपनि विषय लागु गर्नुपर्ने गरी समावेश गरिएको व्यवस्था
प्रस्तावनाः	कुनै पुस्तक, ग्रन्थ वा कानुनको भूमिका
पक्षराष्ट्रः	कुनै पनि अन्तर्राष्ट्रिय सन्धि/माहासन्धिलाई अनुमोदन गरी समर्थन गरेको राष्ट्र
पैरवीः	मुद्दामामिला आदिमा कुनै एक पक्षको समर्थनमा तर्क प्रस्तुत गर्ने काम
बडापत्रः	कुनै अत्यन्त उच्च व्यक्ति वा सङ्गठनद्वारा दिइएको विशेष महत्वपूर्ण आज्ञा
भीटो पावरः	कुनै पनि काम गर्नका लागि अरू सदस्यहरूको समर्थनबिना पनि कार्य गर्न सक्ने विशेष अधिकार
मनोसामाजिक विमर्शः	कुनै सामाजिक समस्या भएको व्यक्तिलाई मनोवैज्ञानिक तरिकाले समस्याको समाधान गर्नका लागि दिइने सल्लाह
महासभाः	संयक्त राष्ट्रसङ्घका अधिकांश सदस्यहरूले भाग लिने विशेष खालको अधिवेशन, ठूलो सभा
मस्यौदाः	कुनै पनि निवेदन वा दस्ताबेज लख, ग्रन्थको प्रारम्भिक खाका ड्राफ्ट
मानवअधिकार रक्षकः	मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि काम गर्ने व्यक्ति
लालमोहरः	कुनै पनि नियम, ऐन, कानुनस्वीकृत गरी छाप लगाउने काम
विधायकः	कानुनको निर्माण गर्ने सदस्य वा प्रतिनिधि
साधारणसभाः	कुनै सङ्घसंस्था आदिका साधारण सदस्यहरू सम्मिलित भएको सभा, साधारण सदस्यको सभा
सन्धिः	दुई देशहरूको बीचमा कुनै पनि विषयमा भएको लिखित सम्झौता
स्वयम् सेवकः	आफ्नै इच्छाले कुनै सेवा कार्यमा लाग्ने व्यक्ति
स्वायत्तः	आफ्नो अधिनमा रहेको, आफ्नो अधिकारभित्र
हरणः	अर्काको धनमाल जबरजस्ती लिने काम, खोस्ने काम
हस्ताक्षरः	कुनै पनि सन्धि वा सम्झौतामा सम्बन्धित देशले मन्त्रिपरिषद्को स्वीकृतबिना नै समर्थन गरेको सामान्य अवस्था

नोटः माथि उल्लेखित शब्दार्थहरू यो पुस्तकमा उल्लेख गरिएका शब्दहरूले भन्न खोजेको अर्थ लाग्ने विषयसँग मात्र सम्बन्धित छन् ।

सन्दर्भ सामग्री

१. World Youth Report 2005, Page 138
२. World Youth Reprot 2003, Chapter-7, Juvenile Delinquency
३. Juvenile Justice System and Human Rights by Yubaraj Sangroula /www.ksl.edu.np
४. Yuba Raj Sangroula, Juvenile Justice System in Nepal, Kathmandu School of Law publication 2003, Acknowledgement remarks.
५. http://www.un.org/en/
६. http://en.wikipedia.org/wiki/List_of_specialized_agencies_of_the_United_Nations
७. The developmental psychology of Jean Piaget.The university series in psychology.
८. Science of education and the psychology of the child. Trans. D. Coltman. Piaget, Jean. Oxford, England: Orion.
९. Violence against Children in Nepal, Series3, UNICEF
१०. केन्द्रीय बाल कल्याण समिति तथा वर्ल्ड भिजनको प्रकाशन स्थानीय निकाय एवम् समुदायस्तरमा बालसहभागिता प्रवर्धन तथा बाल संरक्षणका लागि सहयोगी पुस्तिका
११. बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६
१२. बालश्रम (निषेध र नियमित) गर्ने नियमावली, २०६२
१३. बाल न्याय कार्यविधि नियमावली २०६३
१४. स्थानीय स्वायत्त शासन ऐन, २०५५
१५. नेपालको अन्तरिम संविधान, २०६३
१६. बालअधिकार महासन्धि १९८९
१७. बालबालिकासम्बन्धी ऐन, २०४८
१८. बालबालिकासम्बन्धी नीति, २०६९
१९. दुर्व्यवहारबाट बचौं र बचाऔं (CWIN-Nepal)

इन्सेक पुस्तक नं. १६१/२०६९

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार, पत्र मञ्जुषाः २७२६, काठमाडौँ
फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१
इमेलः insec@insec.org.np
वेभसाइटः www.insec.org.np, www.inseconline.org